# पहिलो परिच्छेदः शोध-परिचय

## १.१. शोधशीर्षक

यस शोधपत्रको शीर्षक '**नेपाली साहित्यमा कपिलवस्तु जिल्लाको योगदान'** रहेको छ ।

## १.२. शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र मानविकी सङ्कायअन्तर्गत स्नातकोत्तर तहको दशौं पत्रको प्रयोजनार्थ तयार गरिएको हो ।

## १.३. विषयपरिचय

नेपाली साहित्यको समग्र विकासमा स्थानीय/क्षेत्रीय स्तरबाट थुप्रै कार्यहरू भएका छन् । यी कार्यहरूले नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । यस कार्यबाट कपिलवस्तु जिल्ला पनि अछुतो रहेको छैन । कपिलवस्तु जिल्लामा पनि राष्ट्रिय स्तरमा ख्याति प्राप्त भइसकेका साहित्यकार भवानी भिक्षु , लाटो साथी (विष्णुराज आत्रेय) जस्ता साहित्यकारहरूले जन्म लिएका छन् । यिनीहरूको साहित्यिक योगदानले नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याएको छ । यसका अतिरिक्त कपिलवस्तु जिल्लाबाट विभिन्न कृतिहरू प्रकाशन गरेर नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउँदै आएका तर राष्ट्रिय स्तरमा ख्यातिप्राप्त भइनसकेका साहित्यकारहरू हरिराज शर्मा (हराश), निर्मल बि.क., नित्यानन्द पाण्डे, नारायणप्रसाद पौडेल, फणिन्द्रनारायण सिग्देल, भक्तिराम पन्थी, तेजकुमार बौद्धाचार्य, ऋषिराम कँडेलजस्ता नवोदित साहित्यकारहरू स्थानीय तहमा प्रख्यात रहेका छन् । यस शोधकार्यले राष्ट्रिय तहमा प्रख्यात हुन नसकेका यी नवोदित साहित्यकारलाई राष्ट्रिय स्तरमा उकास्ने काममा सहयोग पुऱ्याउने छ ।

कपिलवस्तु जिल्लामा नेपाली साहित्यको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले स्थापना भएका सङ्घसंस्थाहरू कपिलवस्तु साहित्यिक समाज, कर्मचारी मिलनकेन्द्र कपिलवस्तु लगायत कपिलवस्तु जिल्लामा अवस्थित विद्यालय तथा महाविद्यालयका

साहित्यिक गतिविधिहरू हालसम्म ओझेलमा परिरहेका छन् । यस शोधकार्यमा यिनीहरूको साहित्यिक योगदान र यिनको महत्त्वका बारेमा प्रकाश पारिएको छ ।

## १.४. समस्याकथन

नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको कपिलवस्तुको साहित्यिक योगदानका बारेमा हालसम्म गहन अध्ययन अनुसन्धान हुन सकेको छैन । यिनै कार्यहरूको अध्ययन र अनुसन्धान गर्ने कार्य नै यसको मूल समस्या हो । कपिलवस्तु जिल्लामा भएका साहित्यिक गतिविधि र नेपाली साहित्यको विकासमा कपिलवस्तुको योगदान विषयमा देखापर्ने मूल समस्याहरूलाई बुँदागत रूपमा निम्नानुसार देखाउन सकिन्छ:

क) नेपाली साहित्यको विकासमा कपिलवस्तुको ऐतिहासिक पृष्ठभूमि के-कस्तो रहेको छ ?

ख) नेपाली साहित्यको विकासमा कपिलवस्तुको योगदान के-कस्तो रहेको छ ?

ग) के-कस्ता साहित्यकारबाट कपिलवस्तुमा साहित्यिक कार्यहरू भएका छन् र तिनीहरूको स्थान कस्तो रहेको छ ?

घ) नेपाली साहित्यका कुन-कुन विधामा कपिलवस्तुले के-कस्तो योगदान पुऱ्याएको छ ?

## १.५. शोधकार्यका उद्देश्य

यस शोधविषयका समस्याहरूलाई दृष्टिगत गर्दै यसका उद्देश्यहरूलाई बुँदागत रूपमा निम्नानुसार देखाउन सकिन्छ :

क) नेपाली साहित्यको विकासमा कपिलवस्तुको ऐतिहासिक पृष्ठभूमिलाई देखाउने ।

ख) नेपाली साहित्यको विकासमा कपिलवस्तुको योगदानका बारेमा प्रकाश पार्ने ।

ग) नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका कपिलवस्तुका साहित्यिक प्रतिभाको सामान्य परिचय दिनुका अतिरिक्त तिनीहरूको स्थान निरूपण गर्ने ।

घ) नेपाली साहित्यको विधागत विकासमा कपिलवस्तुले गर्दै आएको योगदानबारे उल्लेख गर्ने ।

## १.६. पूर्वकार्यको समीक्षा

"नेपाली साहित्यको विकासमा कपिलवस्तुको योगदान" विषयलाई लिएर पूर्ण रूपमा कुनै पनि स्रष्टा तथा द्रष्टाहरूले कलम चलाएको पाइँदैन । नेपाली साहित्यको विकासमा उल्लेखनीय सहयोग पुऱ्याउँदै आएका र राष्ट्रिय स्तरमा समेत ख्यातिप्राप्त साहित्यकारका विषयमा मात्र थुप्रै स्रष्टा तथा द्रष्टाहरूले कलम चलाएका छन् । यस कार्यले कपिलवस्तु जिल्लाबाट साहित्यिक योगदान दिँदैं आएका अन्य साहित्यिक प्रतिभा सङ्घसंस्थाहरू विद्यालय तथा महाविद्यालयहरू ओझेलमा परेका छन् । हालसम्म भएका केही अध्ययनहरू निम्नानुसार छन्:

"समर्पित भक्ति' नामक लेखमा लेखक कमलमणि दिक्षितले भवानी भिक्षुसँग रहेको आफ्नो घनिष्ठता र उनको आनीबानीको सम्बन्धमा चर्चा त गरेका छन् । तर उनको साहित्यिक योगदान र मूल्यबारे कुनै कुराको उल्लेख गरेका छैनन् ।[१]

"उन्नयन' भिक्षु विशेषाङ्कमा समालोचक राजेन्द्र सुवेदीले भवानी भिक्षुद्वारा लिखित "नयाँ इतिहासको प्रारम्भ' कथालाई शाश्वत यथार्थतामा आधारित रहेको बताएका छन् । यो कथा वर्तमान समयमा पनि त्यतिकै ताजा रहेको कुरा उल्लेख गर्नाका अतिरिक्त यस कथाले २००७ सालको आसपासको अवधीमा मानव चेतनामा सान्दर्भिक भएर जन्मेका घटनालाई सजीव रूपमा प्रतिपादन गरेको उल्लेख गरेका छन् ।[२]

खड्गमान मल्लले भवानी भिक्षुको सामान्य परिचय र उनको कवितायात्रा र उनका कवितात्मक प्रवृत्तिका बारेमा विस्तृत जानकारी दिएका छन् ।[३]

---

[१] **कमलमणि दीक्षित, 'समर्पित भक्ति', उन्नयन** (अंक १०:२०४९ साउन, भदौ, असौज) पृष्ठ २२ ।

[२] **राजेन्द्र सुवेदी, 'शाश्वत यथार्थताको कथा भिक्षुको नयाँ इतिहासको प्रारम्भ', उन्नयन** ,पूर्ववत् ,पृष्ठ ३०-३२ ।

[३] **खड्गमान मल्ल, 'भवानी भिक्षुको कविता यात्रा', उन्नयन,** पूर्ववत , पृष्ठ १३१-१३७ ।

रमेश भट्टराईले उन्नयन विशेषाङ्कमा भवानी भिक्षुको परिचय र उनको आगत उपन्यासका बारेमा विविध आयामबाट विश्लेषण गरेका छन् । यसले अवश्य पनि भवानी भिक्षुको उपन्यास विधामा रहेको योगदानका बारेमा पनि प्रष्ट पारेको छ ।[४]

वासुदेव त्रिपाठीले भवानी भिक्षुको कथायात्राको विस्तृत रूपमा उल्लेख गर्दै भिक्षुको परिचय, उनका कथागत प्रवृत्तिहरू, उनका कथामा पाइने मनोवैज्ञानिक पक्ष र उनका कथामा पाइने नारीपात्रहरूको बारेमा पनि विस्तृत चर्चा छ ।[५]

उत्तम कुँवरले भवानी भिक्षुको परिचयका अतिरिक्त नेपाली नपढी भारत बाहिर जान नपाउनु वा अहिले सम्म कुनै तक्माद्वारा विभूषित हुन नसक्नु एउटा आश्चर्यको कुरा हो भन्ने कुरा 'उन्नयन' मा उल्लेख गरेका छन् । व्यक्तिगत जीवन जे जस्तो होस् नेपाली साहित्यको विकासको लागि उहाँबाट प्राप्त भएको विशिष्ट देन साहित्यको इतिहासमा सदा महत्त्वपूर्ण सावित भइरहने कुराको उल्लेख पनि उक्त पुस्तकमा भएको छ ।[६]

यस पुस्तकमा लेखक महादेव अवस्थीले भवानी भिक्षुका विशेषता र उनको कथागत योगदानका अतिरिक्त उनबाट प्रकाशन भएका कथासङ्ग्रहको उल्लेख गरेका छन् । त्यसैगरी यस पुस्तकमा कथाकार भवानी भिक्षुका कथामा पाइने परिवेश पात्रका बीचमा पाइने द्वन्द्व र नारीपात्रको बारेमा पनि उल्लेख गरिएको छ ।[७]

ऋषिराज बराल र कृष्णप्रसाद घिमिरेले नेपाली कथा भाग -३ मा कथाकार भवानी भिक्षुको कथा नयाँ इतिहासको प्रारम्भको विवेचना गर्दै नवयौवना प्रभामा स्वतन्त्रताको लागि परेको छाप र त्यसमा लाग्दा विधवा भएर भोग्नुपरेका दुःखदायी जीवनको व्यथामा आधारित नयाँ इतिहासको प्रारम्भ कथा हो भनेका छन् ।[८]

---

[४] रमेश भट्टराई "उपन्यासकार भवानी भिक्षु र उनको आगत उपन्यास" **उन्नयन**, पूर्ववत, पृष्ठ १५१-१६५ ।

[५] वासुदेव त्रिपाठी, "भवानी भिक्षुको समष्टि कथायात्रा एक रेखांकन", **उन्नयन**, पृष्ठ ३४६-४५३ ।

[६] उत्तम कुँवर ,**स्रष्टा र साहित्य**, चौ.सं. ,काठमाडौंः साझा प्रकाशन २०५० ।

[७] महादेव अवस्थी, **नेपाली कथा भाग-२** (सम्पा.), काठमाडौंः साझा प्रकाशन, २०५५ ।

[८] डा. ऋषिराम बराल र कृष्ण प्रसाद घिमिरे, **नेपाली कथा भाग-३** (सम्पा.) दो.सं., काठमाण्डौंः साझा प्रकाशन २०५७ ।

दयाराम श्रेष्ठले नेपाली कथा भाग ४ मा पनि भवानी भिक्षुको सामान्य परिचय दिई उनका कथागत प्रवृत्ति औल्याइएको छ । श्रेष्ठले भिक्षुका बारेमा सङ्क्षिप्त रूपमा विश्लेषणात्मक अध्ययन प्रस्तुत गरेका छन् ।[९]

नारायणप्रसाद पौडेलले नेपाली साहित्यको विकासमा कपिलवस्तुको संस्थागत योगदानको चर्चा गर्ने क्रममा विभिन्न सङ्घसंस्थाहरूको बारेमा सामान्य चर्चा र कपिलवस्तुका प्रमुख साहित्यकारहरूको नाम उल्लेख गरेका छन् ।[१०]

यसप्रकार कपिलवस्तुको साहित्यको बारेमा फुटकर रूपमा सामान्य अध्ययन भए पनि सम्पूर्ण साहित्यिक सन्दर्भलाई समेटेर व्यापक अनुसन्धान नगरिएकाले यो शोधपत्र विभिन्न सामग्री तथा अनुसन्धानबाट तयार गरिएको छ ।

## १.७. शोधकार्यको औचित्य

कपिलवस्तुबाट नेपाली साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका साहित्यिक व्यक्तित्वहरू, जो हालसम्म ओझेलमा परेका छन् तिनका साहित्यिक योगदानको उल्लेख गर्दै तिनलाई प्रकाशमा ल्याउने कार्य नै यस शोधकार्यको औचित्य रहेको छ । यसले कपिलवस्तुको साहित्यिक योगदानसम्बन्धी कुराहरू अध्ययन अनुसन्धान गर्न चाहने पछिल्ला पिंढीहरूलाई ठूलो सहयोग पुऱ्याउनेछ ।

## १.८. शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा नेपाली साहित्यमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका कपिलवस्तुका प्रतिनिधि व्यक्तिहरूको विस्तृत जानकारी गराइको छ भने फुटकर रचनाहरू प्रकाशन गरेर भर्खर-भर्खर मात्र नेपाली साहित्यमा प्रवेश गर्न थालेका साहित्यकारहरूको नामोल्लेख मात्र गरिएको छ ।

## १.९. शोधविधि

---

[९] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग-४** (सम्पा.) काठमाडौंः साझा प्रकाशन २०५७

[१०] नारायण प्रसाद पौडेल, **नेपाली साहित्यको विकासमा कपिलवस्तको संस्थागत योगदान**, दैनिक लुम्बिनी, (वर्ष १२, अंक १६९:२०५९ आषाढ), पृष्ठ २ ।

गरिने शोधकार्यको सामग्री सङ्कलनमा क्षेत्रीय तथा पुस्तकालय दुवै विधिको प्रयोग गरिएको छ ।कृति तथा सामग्रीको विश्लेषण विधागत सिद्धान्तका आधारमा गरिएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छः

| | |
|---|---|
| पहिलो परिच्छेद | शोधपत्रको परिचय |
| दोस्रो परिच्छेद | कपिलवस्तु जिल्लाको परिचय |
| तेस्रो परिच्छेद | कपिलवस्तु जिल्लाका सङ्घसंस्थाका योगदान |
| चौथो परिच्छेद | कपिलवस्तु जिल्लाको साहित्यिक विकास |
| पाँचौं परिच्छेद | कपिलवस्तु जिल्लाका साहित्यकारहरूको परिचय र अध्ययन |
| छैटौं परिच्छेद | उपसंहार (निष्कर्ष तथा मूल्याङ्कन) |
| परिशिष्ट भाग | सन्दर्भ सामग्रीसूची |

# दोस्रो परिच्छेद

# कपिलवस्तु जिल्लाको परिचय

## २.१. पृष्ठभूमि

साङ्ख्य दर्शनका प्रणेता कपिलमुनिको तपोवन[१] तथा सत्य र अहिंसा धर्मका प्रवर्तक महात्मा गौतम बुद्धका पिता शाक्यवंशीय राजा शुद्धोधनको राजधानीका[२] रूपमा परिचित कपिलवस्तु लुम्बिनी अञ्चलअन्तर्गत पर्ने तराईका तीन जिल्ला मध्ये एक हो । यो जिल्लालाई पहिले रवजहनी नामले चिनिन्थ्यो ।[३] रवजहनी जिल्ला विभिन्न इलाकामा विभाजित थियो । यी विभाजित इलाकालाई् तप्पा भनिन्थ्यो । रवजहनी जिल्लाअन्तर्गत कडवार, गौरा, छोटकी छाप, ढोलिया, तिलकहना, धनौरा, बडकी छाप, बिजुवा, भण्डार, रवजहनी, सिक्री, सिहोखोर र शिवराज गरी जम्मा १३ तप्पाहरू रहेका थिए । यी तप्पाहरूमा पनि शिवराज र रवजहनी मुख्य मानिन्थे । यिनै दुई तप्पाको नामबाट यो जिल्ला परिचित थियो ।[४] मुख्य बडाहाकिम तौलिहवामा रहने हुँदा त्यसबेला यो जिल्लालाई तौलिहवा पनि भनिन्थ्यो । नेपाल अधिराज्यलाई प्रशासनिक दृष्टिकोणले वि.सं. २०१९ मा १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरेपछि रवजहनी जिल्ला लुम्बिनी अञ्चलअन्तर्गतको कपिलवस्तु जिल्लाका नाउँबाट प्रख्यात भएको हो र यो लुम्बिनी अञ्चलको दक्षिण पश्चिम भागमा अवस्थित छ ।

## २.२. नामकरण

---

[१] नारायणप्रसाद पौडेल, "कपिलवस्तुबारे सङ्क्षिप्त टिप्पणी," **शान्ति–दूत** (वर्ष ३, अङ्क १, कर्मचारी मिलन केन्द्र, कपिलवस्तुः २०५७), पृष्ठ ५ ।

[२] बज्रानन्द बज्राचार्य, **कपिलवस्तुको रूपरेखा**, (कपिलवस्तु जिल्ला पञ्चायत, कपिलवस्तुः २०२९), पृष्ठ १६ ।

[३] भवेश्वर पंगेनी, **पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन २००७**, (शोभादेवी भोलानाथ ट्रष्ट, कपिलवस्तु : २०३३),पृष्ठ ३३७

[४] नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, **मेचीदेखि महाकाली भाग ३**, (काठमाण्डौं नेपाल सरकार, २०३१), पृष्ठ ९९९ ।

यस जिल्लाको नाम साङ्ख्य दर्शनका प्रणेता कपिलमुनिको नाउँसँग सम्बन्धित रहेको छ । प्राचीन कालमा कपिल नाउँ गरेका ऋषि भागीरथी नदी (वर्तमान बाणगङ्गा) को किनारामा कुटी बनाई बसेका थिए । चारैतिर घना जङ्गलले घेरिएको यस क्षेत्रमा तत्कालीन समयमा कुनै बस्ती थिएन । कौशल राज्यका सूर्यवंशी राजा सूजात पहिली रानी तर्फका चार भाइ छोरा,पाँच बहिनी छोरीहरू देशनिकाला भएपछि केही अनुयायीका साथ कपिलमुनिको आश्रममा आइपुगेका र उनकै आदेशअनुसार कपिलमुनिकै नाउँबाट 'कपिलवस्तु' नामक सहर बसालेको कुरा इतिहासविद्हरू बताउँछन् । यही ऐतिहासिक महत्त्वका कारण पछि आएर यो जिल्लाको नाउँ कपिलवस्तु राखिएको हो ।[छ]

## २.३ ऐतिहासिक पृष्ठभूमि

नेपाल अधिराज्यका ७५ जिल्लाहरूमध्ये कपिलवस्तुको ऐतिहासिक पृष्ठभूमि निकै महत्त्वपूर्ण रहेको छ । साङ्ख्य दर्शनका प्रणेता कपिलमुनिको तपोवन, शान्तिका अग्रदूत भगवान् गौतम बुद्धका पिता शाक्यवंशीय राजा शुद्धोदनको राजधानी, कनकमुनि बुद्ध तथा क्रकुच्छन्द बुद्धको जन्मस्थल कपिलवस्तु जिल्ला भएबाट पनि यस जिल्लाको ऐतिहासिक पृष्ठभूमि महत्त्वपूर्ण रहेको प्रष्ट हुन्छ । ई.पू. को पाँचौ शताब्दीमा भारत भ्रमण गर्न आएका चिनियाँ बौद्ध तीर्थयात्रीहरू तथा हुएनसाङ दुवैले भगवान् गौतम बुद्धको पैतृक नगर कपिलवस्तुलाई मानेका थिए ।[ट] त्यसैगरी भारत सरकारको तर्फबाट पठाइनु भएका पुरातत्वविद् पी.सी. मुखर्जीले सन् १८९९ मा नेपालको तराई क्षेत्रको अध्ययन भ्रमणमा प्रमाणित रूपमा तिलौराकोटलाई शुद्धोदनको राजधानी कपिलवस्तु, अरौराकोटलाई मुनि बुद्धको जन्मस्थल, सग्रहवालाई विरुढकले शाक्यहरूको नाश गरेको ठाउँ तथा गोटीहवालाई क्रकुच्छन्द बुद्धको जन्मस्थल हो भन्ने धारणा व्यक्त गरेका थिए ।[ठ]

तिलौराकोट कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि करिब एक माइल उत्तरतर्फ नदीको किनार तथा साङ्ख्य दर्शनका प्रणेता कपिलमुनिको तपोवनको निकटवर्ती स्थलमा रहेको छ । त्यहाँ एक देवीको मन्दिर आज पनि देख्न पाइन्छ र त्यस मन्दिरमा

---

[५] **ऐजन**, पृष्ठ १–२ ।

[६] **डा. तुलसीराम वैद्य र बाबुकृष्ण रिजाल, "के तिलौराकोटलाई मात्र हामी प्राचीन कपिलवस्तु मान्न सक्दछौं ?", कपिलवस्तु** (त्रैमासिक), (वर्ष ४–५ अंक ४–१, पूर्णाङ्क १३–१४ कपिलवस्तु जिल्ला पञ्चायत २०३२–३३), पृष्ठ ६–८ ।

[७] **ऐजन**, पृष्ठ ७ ।

पाइने शीलामूर्तिहरू पनि मायादेवीका लक्षण युक्त छन् र आज पनि नगर/ग्रामवासीहरू समय-समयमा कोटकी देवीको नामबाट पूजाअर्चना गर्दछन् ।[८] उक्त देवी मन्दिरको समीप पूर्व-उत्तर तर्फ ठूलो कमलपत्र शोभित राम्रो गहिरो पुष्करिणी तलाऊ छ, त्यो भन्दा उत्तरतिर तात्कालिक इँटले निर्मित गोलाकार एक ठूलो र अर्को केही सानो गरी दुई स्तूपहरू रहेका छन् । यी स्तूपहरूलाई शुद्धोधन र मायादेवीको समाधिस्थलको रूपमा हेर्न सकिन्छ । शाक्यहरूको बसोबास रहेको कपिलवस्तु क्षेत्रमा विभिन्न शासकहरूले राज्य गर्दै जाँदा ई.पू. छैटौं शताब्दीमा शुद्धोधन नामक प्रतापी राजा थिए । यसको पूर्वी सिमाना रोहिणी नदी र उत्तरपट्टि पहाड पर्दथ्यो । उत्तरपट्टि असंस्कृत पर्वतीय मङ्गोलियन जातिका मानिसहरू बसोबास गर्दथे ।[९] राज्यतन्त्रलाई बलियो बनाउन सैनिक सङ्गठन व्यवस्थित थियो ।

शाक्यवंशीय राजा शुद्धोधनको राज्यभिषेक भएको चौध वर्षपछि ई.पू. २५५ मा सम्राट् अशोकले कनकमुनि बुद्धको जन्मभूमि कपिलवस्तुको निग्लिहवा र यसका वरपर तीर्थ यात्रा गरी अशोक स्तम्भको निर्माण गरेका थिए ।[१०] अशोक स्तम्भ र चिनियाँ यात्रीहरूको बयानका आधारमा गौतम बुद्धको जन्मस्थल रूपन्देही स्थित लुम्बिनी तथा उनको दरबार कपिलवस्तु जिल्ला तिलौराकोटमा थियो भन्ने पुष्टि हुन्छ । भगवान् गौतम बुद्ध २९ वर्षको उमेरमा यही राजदरबारबाट पत्नी यशोधरा र सानो छोरा राहुल आदिलाई त्यागी सुख र शान्ति मार्गको खोजमा निस्के र बुद्धत्व प्राप्त भएपछि पुनः एकपटक आफ्नो दरबारमा फर्केका थिए ।[११] जितारी मल्लका भतिजा रिपु मल्लले कपिलवस्तु जिल्लास्थित निग्लिहवामा रहेको अशोक स्तम्भमा कुँदिएको पङ्क्ति “ओं, मणिपद्मे हुँ, रीपुमल्लस्य चींरजयतु-१२३४” ले यो भू-भाग कर्णाली प्रदेशका मल्ल राजाहरूको अधिनमा पर्न गएको सङ्केत हुन्छ ।[१२]

कपिलवस्तु जिल्लामा ई.पू. नवौं-आठौं शताब्दीदेखिका विभिन्न पुरातात्विक तथा अवशेषहरू छरिएर छोपिएर रहेको अवस्थामा भएपनि उत्खनन् तथा अनुसन्धान हुन सकेको छैनन् । अहिले घना बस्तीको रूपमा रहेको तौलिहवा बजारको आनन्दबागमा रहेका पर्खाल र स्मारकहरू अवश्य पनि प्राचीन सभ्यताका सबुत प्रमाण हुन् । यहाँ कनिङघम, कार्लाइल,

---

[८] पुण्यप्रसाद अर्ज्याल, “कपिलवस्तु-तिलौराकोट एक परिचय,” पूर्ववत्, पृष्ठ १६ ।

[९] गितु गिरी, **लुम्बिनीको सांस्कृतिक झलक**, (सिद्धार्थनगर-१३, रूपन्देही), पृ. १० ।

[१०] नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत्, ।

[११] ऐजन, पृष्ठ १०११ ।

[१२] ऐजन, पृ. १०११ ।

डेभिड्स, डा. कुहरर, भिन्सेन्ट स्मिथ, डा. भोष्ट, पूर्णचन्द्र मुखर्जी आदि विद्वान्हरूले सन् १९९५ देखि २००१ सम्म विस्तृत अध्ययन गरी तिलौराकोट नैं प्राचीन कपिलवस्तु हो भन्ने धारणा व्यक्त गरेका छन् ।[ज्ञघ]

समग्रमा नेपालका प्राचीन नगरहरूमध्ये एक मानिएको कपिलवस्तुलाई साङ्ख्य दर्शनका प्रणेता कपिलमुनिको तपोवनका रूपमा चिनिन्छ । सत्य र अहिंसा धर्मका माथि उठेको छ । बुद्ध धर्मप्रति आस्था राख्ने जुनसुकै व्यक्तिको प्रमुख तीर्थस्थल बन्न पुगेको तिलौराकोटलाई काखमा च्यापेर बसेको कपिलवस्तु जिल्ला पुरातात्विक अन्वेषणका लागि महत्त्वपूर्ण रहेको कारण यस जिल्लाको ऐतिहासिक पृष्ठभूमि महत्त्वपूर्ण रहेको छ ।

## २.४. भौगोलिक र प्राकृतिक परिचय

### २.४.१ साँध-सीमा

शाक्यवंशीय राजा शुद्धोधनको राजधानीको रूपमा परिचित नेपालको प्राचीन नगरमध्येको एक जिल्ला कपिलवस्तु उत्तरमा अर्घाखाँची जिल्लामा पर्ने चुरे डाँडाको काखदेखि दक्षिणमा नेपाल भारत अन्तर्राष्ट्रिय सीमानासम्म फैलिएको छ । यस जिल्लाको पूर्वमा रूपन्देही जिल्ला, पश्चिममा दाङ, उत्तरमा अर्घाखाँची र दक्षिणमा भारत पर्दछ । यो जिल्लाको पूर्व-पश्चिम लम्बाई करिब ४८ किलोमिटर र उत्तर- दक्षिण चौडाइ ३२ कि.मि. छ । जिल्लाको पूर्वमा कोठी नदी र पश्चिममा अर्रा नदीले साँध लगाएका छन् ।[ज्ञढ]

### २.४.२. भू-बनोट

मध्य तराई प्रदेशमा अवस्थित कपिलवस्तु जिल्लाको अधिकांश भाग पाँगो माटोले बनेको समथर भूमिले ओगटेको छ । यस जिल्लालाई भौगोलिक बनावटका दृष्टिले २ भागमा बाँड्न सकिन्छ । उत्तरको भावर प्रदेश र दक्षिणको समथर भूमि ।[ज्ञछ] जिल्लाको उत्तरी भाग अर्थात् चुरेडाँडाको केही अंश पनि परेको मान्नु पर्दछ । यसको उचाइ ३,८३४ फिट छ ।[ज्ञट] यस श्रेणीभन्दा तल जिल्लाको पूर्वदेखि पश्चिमी सिमानासम्म करिब १२.८ किलोमिटरको

---

[१३] **ऐजन,**

[१४] **नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत्, पृष्ठ १००१ ।**

[१५] **ऐजन, पृष्ठ १००१ ।**

[१६] **बज्रानन्द बज्राचार्य, पूर्ववत्, पृष्ठ ४ ।**

चौडाइभित्रको भावर प्रदेश छ । यो खासगरी बालुवा, कङ्कड र ढुङ्गाहरूले बनेको छ । भू-उपयोगको दृष्टिबाट पानीको सतहभन्दा अलि माथि परेको हुँदा कृषिको लागि त्यति लाभदायक नभए पनि वनजङ्गलको लागि यो ठाउँ ज्यादै सुहाँउदो छ ।[१७] समुन्द्र सतहदेखि ३३० फिटसम्म उचाइ भएको क्षेत्र दक्षिणको समथर भूमिअन्तर्गत पर्दछ । यस भागमा पटमैदान खेतहरू रहेका छन ।[१८] जिल्लाको पूर्व सिमानादेखि पश्चिम सिमानासम्म फैलिएको यो भाग नरम पाँगो माटोले ढाकिएको छ । उत्तरको भावर प्रदेशमा जमिनमुनि सुकेर गएका नदीनालाहरू यस भागमा आउँदा देखापर्ने हुँदा यो क्षेत्र कृषिको लागि ज्यादै उपयोगी देखिएको छ । जिल्लाको बीचबाट पूर्व-पश्चिम लामो भएर चारकोसे झाडीको जङ्गल फैलिएको छ । यो भाग ज्यादै उब्जाउ भएका कारण बस्ती पनि बाक्लै रहेको छ । जिल्ला सदरमुकाम तौलिहवा पनि यही भागमा रहेको छ । यसरी विभिन्न भू-भाग मिलेर बनेको यस जिल्लाको कूल क्षेत्रफल १७३८ वर्ग कि.मी. छ ।[१९]

### २.४.३. हावापानी

यस जिल्लाको भूमि समुद्र सतहभन्दा ७०० फिटदेखि १००० फिटसम्मको उचाइमा रहेकाले सर्वत्र गृष्म जलवायु रहेको छ ।[२०] यस जिल्लामा गर्मीमा ज्यादै गर्मी र जाडोमा न्यानो किसिमको हावापानी पाइन्छ । जिल्लाको उत्तर भागमा अवस्थित भावर प्रदेशमा दक्षिणको समथर भूमिमा भन्दा गर्मी कम हुने भए तापनि स्वास्थ्यको दृष्टिकोणले त्यति ठीक मानिँदैन । यस जिल्लामा बैशाख ज्येष्ठ महिनामा पश्चिमा हावा बढी बहने हुँदा गर्मी बढी मात्रामा हुने भए तापनि बर्षा सुरु भएपछि तापक्रममा पनि बिस्तारै कमी हुँदै आउँछ । कपिलवस्तु जिल्लामा सामान्यत अधिकतम तापक्रम ४३° सेन्टिग्रेड र न्यूनतम तापक्रम १७.९° सेन्टिग्रेड सम्म पुगेको पाइन्छ ।[२१] जेठको पहिलो हप्तादेखि भाद्रको अन्तसम्म नै अक्सर यहाँ पानी पर्दछ । यस जिल्लाको सरदर वर्षात् ६०” इञ्च मानिन्छ ।[२२]

---

[१७] **ऐजन,** पृष्ठ ४ ।

[१८] **कर्मचारी मिलन केन्द्र, कपिलवस्तु,** पूर्ववत् पृष्ठ १ ।

[१९] **बज्रानन्द बज्राचार्य,** पूर्ववत्, पृष्ठ १० ।

[२०] **ऐजन ।**

[२१] **नेपाल सरकार, सञ्चार मन्त्रालय सूचना विभाग,** पूर्ववत्, पृष्ठ १००४ ।

[२२] **बज्रानन्द बज्राचार्य,** पूर्ववत्, पृष्ठ १० ।

### २.४.४. वन तथा खनिज सम्पदा

कपिलवस्तु जिल्लाको कूल ५,०२,७३३ एकड जमिनमध्ये २,३२,८२२ एकड जमिनमा जङ्गल रहेको छ ।[२३] यस जिल्लाको पूर्वी सीमादेखि पश्चिम सीमासम्म बीच भागबाट चारकोसे झाडी गएको छ । त्यसैगरी जिल्लाको उत्तरी भेगतिर पहाडको फेदीमा प्रशस्त जङ्गल रहेको छ । यहाँका घना जङ्गलमा साल, सिसौ, खयर, टिक, महुवा, कर्मा, अशोक आदि विभिन्न जातमा रूखहरू पाइन्छन् । यसका अतिरिक्त तुलसी, वामरी, निमजस्ता जडिबुटीहरू तथा आँप, कागती, मेवा, केरा, कटहर आदि जातका फलफूलहरू पनि यहाँका वन पैदावरअन्तर्गत पर्दछन् ।[२४] हालसम्म यस जिल्लामा कुनै पनि खनिज सम्पदा पत्ता लागेको थाहा पाइएको छैन ।[२५]

### २.४.५ नदीनाला

कपिलवस्तु जिल्लाको सबभन्दा ठूलो र पवित्र मानिएको नदी वाणगङ्गा (भागीरथी) हो । भगवान् रामचन्द्रले वाण हानी उत्पन्न भएको हुँदा यस नदीको नाम वाणगङ्गा रहन गएको हो भन्ने किंम्वदन्ती छ । यस नदीका अतिरिक्त जमुहार, मर्थी, बेर्थी, कोठी, कञ्चनिया, बेल, सुरही, अगिया, गुर्डवा, कोइली नदीहरू रहेका छन् । भू-बनोटका कारणले यस जिल्लाका नदीनालाहरू उत्तरी भेगमा पर्ने महाभारत र चुरे शृङ्खलाबाट दक्षिणतर्फको समतल भूमि हुँदै बग्ने गर्छन् । यस जिल्लाको प्रमुख नदी बाणगङ्गामा नेपाल सरकारले १,५०,००,०००।- को लागतमा पक्की बाँध बाधी सिंचाइ व्यवस्था मिलाएको छ ।[२६]

## २.५ स्थानीय निकायको विभाजन

कपिलवस्तु जिल्ला स्थानीय निकायको रूपमा १ नगरपालिका र ७७ गा.वि.स. हरूमा विभाजन भएको छ । यस जिल्लालाई नेपाल अधिराज्यको संविधान २०४७ ले चारवटा संसदीय निर्वाचन क्षेत्रमा विभाजन गरेको थियो ।[२७] २०६३ को अन्तरिम संविधानले

---

[२३] नेपाल सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत्, पृष्ठ १००५ ।

[२४] बज्रानन्द बज्राचार्य, पूर्ववत्, पृष्ठ ३ ।

[२५] कर्मचारी मिलन केन्द्र कपिलवस्तु, **कपिलवस्तु जिल्ला सङ्क्षिप्त परिचय**, (वर्ष ५, अङ्क ३, कपिलवस्तु:२०५९), पृष्ठ १ ।

[२६] बज्रानन्द बज्राचार्य, पूर्ववत्, पृष्ठ ९ ।

[२७] नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत्, पृष्ठ १००२ ।

५ निर्वाचन क्षेत्र बाँडेको छ । कपिलवस्तु जिल्लामा १५ इलाकाहरू रहेका छन् ।[२८] प्रत्येक गा.वि.स. नौ-नौ वार्डमा विभाजित छ ।

## २.६. जनसङ्ख्या

प्रत्येक वर्ष गुल्मी, अर्घाखाँची, प्यूठान, स्याङ्जा र अन्य पहाडी जिल्लाबाट बसाईँसराइँ गरी आउने मानिसहरूको चापका कारण यस जिल्लाको जनसङ्ख्या तीव्र गतिमा वृद्धि भैरहेको छ ।[२९] वि.सं. २०५८ मा लिइएको जनगणनाअनुसार कपिलवस्तु जिल्लाको कुल जनसङ्ख्या ४,८१,९७६ रहेको छ । कुल जनसङ्ख्यामा २,४७,८७५ पुरूष र २,३४,१०१ महिलाहरूको सङ्ख्या रहेको देखिन्छ । यस जिल्लाको कुल परिवार सङ्ख्या ७२,९३२ र औसत परिवार आकार ६.६१ प्रतिशत रहेको छ भने वार्षिक जनसङ्ख्या वृद्धि दर २.०८ प्रतिशत रहेको देखिन्छ ।[३०]

## २.७ जाति, भाषा र धर्म

यस जिल्लाका प्राचीन बासिन्दा वा जाति शाक्यहरू नै हुन् । हिजो आज प्राचीन शाक्य जातिको एउटै परिवार पनि यस जिल्लामा छ भन्ने थाहा छैन ।[३१] वर्तमान समयमा आएर यस जिल्लामा मुख्यतया ब्राह्मण, क्षेत्री, वैश्य, मुस्लिम जातिहरू रहेका छन् ।[३२] यसमा पनि यस जिल्लामा बढी सङ्ख्यामा थारू, बनिया, यादव, मुसलमान र बाहुनहरूको बसोबास रहेको छ । साथै केवट, तेली, धोवी, अहिरको पनि यस जिल्लामा बसोबास रहेको छ । यी तराई मूलका बासिन्दाका अतिरिक्त जिल्लाको उत्तरी भागमा पहाडबाट बसाइँ सरेर आएका बाहुन, मगर, गुरुङ, नेवार, क्षेत्री, थकाली, दमाई, कामी, सार्की आदि मानिसहरूको बसोबास रहेको छ ।[३३] शाक्य पछिको दोस्रो पुरानो जाति थारू हो र यो जिल्लाको कुल जनसङ्ख्याको ४० प्रतिशत रहेको छ ।[३४]

---

[२८] **कर्मचारी मिलन केन्द्र, कपिलवस्तु**, पूर्ववत्, पृष्ठ १ ।

[२९] **ऐजन**

[३०] **बज्रानन्द बज्राचार्य**, पूर्ववत्, पृष्ठ १३ ।

[३१] **कर्मचारी मिलनकेन्द्र,कपिलवस्तु**, पूर्ववत् पृष्ठ १ ।

[३२] **बज्रानन्द बज्राचार्य**, पूर्ववत्, पृष्ठ ४६ ।

[३३] **नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग**, पूर्ववत्, पृष्ठ १०२४ ।

[३४] **जि.वि.स. को कार्यालय, "कपिलवस्तु जिल्लाः एक चिनारी" जिल्ला विकास समाचार**, (ब.१,अं.१,क.व.:२०५६), पृष्ठ ४

यस जिल्लामा विविध जातिहरूको बसोबास भएको हुनाले यहाँ बोलिने भाषामा पनि विविधता पाइन्छ । यस जिल्लामा बसोबास गर्ने मानिसहरूले अवधी, भोजपुरी, नेपाली, नेवारी आदि भाषा बोल्ने गर्छछन् ।[घछ] तर पनि सरकारी कामकाजको भाषा भने नेपाली नै रहेको छ ।

यस जिल्लामा विभिन्न धर्मावलम्बीहरूको बसोबास रहेको भए तापनि प्रमुख धर्म सम्प्रदायअन्तर्गत हिन्दू, बौद्ध र मुस्लिम पर्दछन् ।[घट]

## २.८ सामाजिक जनजीवन

यस जिल्लामा जाति, भाषा र धर्मगत विविधताको प्रभाव सामाजिक जीवनमा परेको पाइन्छ । यो जिल्ला भारतको सीमावर्ती जिल्ला भएको हुँदा भारतीय संस्कृतिले समेत ठूलो प्रभाव पारेको छ । यसैगरी यहाँको जन-जीवनमा पश्चिमाञ्चल क्षेत्रीय रीतिरिवाजले समेत प्रभाव पारेको देखिन्छ । यद्यपि यहाँका विभिन्न थरिका मानिसहरूमा भेषभूषा, भाषा, रहनसहन एवं व्यवहारमा एकरूपता र सामाजिक मेलमिलाप हुँदाहुँदै पनि विभिन्न प्रकारका संस्कृति र रीतिरिवाजहरू रहेको पाइन्छ ।[घठ] यहाँ बसोबास गर्ने हिन्दू, बौद्ध तथा मुस्लिम आदि धर्मावलम्बीहरूले आ-आफ्नो धार्मिक मान्यता, संस्कृति र रीतिस्थिति बमोजिम चाडपर्व मनाउँछन् । यस जिल्लामा बसोबास गर्ने थारू जातिहरूको जन्मदा, विवाह गर्दा र मर्दा आफ्नै किसिमको संस्कार रहेको छ । लोग्ने मान्छेहरू भोटो, कुर्ता र धोती लाउँछन् भने आइमाईहरू कालो र ठाउँठाउँमा रातो भएको अङ्गी, चोलो, ब्लाउज र लेहेगा लगाउँछन् । यिनीहरूको मुख्य चाड बड्की आइतबार मानिन्छ भने दशै, तिहारजस्ता चाडबाडहरू पनि रमाइलो गरी मनाउँछन् र यिनीहरूको मुख्य पेसा कृषि नै हो ।[घड]

---

[३५] **नेपाल सरकार सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत्, पृष्ठ १०२४ ।**

[३६] **कर्मचारी मिलन केन्द्र, कपिलवस्तु, पूर्ववत्, पृष्ठ १ ।**

[३७] **ऐजन ।**

[३८] **बज्रानन्द बज्राचार्य, पूर्ववत्, पृष्ठ ५८ ।**

यस जिल्लाको सर्वप्रथम अर्थात् प्रागैतिहासिक संस्कृति भनेको बौद्ध संस्कृति नै हो । गौतम बुद्ध र उनीभन्दा पहिलेका ऋकुच्छन्द र कनकमुनि बुद्धको समयदेखि चलि आएका बौद्ध परम्परा र संस्कृतिका अवशेषहरू यस जिल्लामा देख्न पाइन्छ ।[३९]

यहाँको अर्को प्रमुख समुदाय भनेको हिन्दू समुदाय हो । शाक्यहरूको संहार भइसकेपछि भारतभूमिबाट हिन्दू धर्मावलम्बी अनेक जातिहरू बिस्तार-बिस्तार जग्गाको र बसोबासको खोजीमा यहाँ आई बसेका हुन् । यी धर्मावलम्बीहरूको आफ्नै धर्म संस्कृति रीति-रिवाज रहेको छ । यिनीहरूले आफ्नो सनातनदेखि चलि आएअनुसार बाह्मण पुरोहितद्वारा विधिवत् न्वारन, व्रतबन्ध, विवाह आदि गराउँछन् ।[४०] यस जिल्लाका हिन्दूहरू, शिवभक्तितिर प्रवृत्त छन् । यी धर्मावलम्बीहरूको आ-आफ्नै जातीय पेसा भए तापनि खेतीको समयमा खेतीपातीको काम गर्दछन् र यिनीहरूको सबभन्दा ठूलो चाड दसैं हो भने श्री कृष्णाष्टमी, महाशिवरात्री, तीज, तिहारजस्ता चाडबाड पनि धुमधामसँग मनाउँछन् ।

मुसलमान यस जिल्लाको अर्को एक जाति हो । यिनीहरू पनि हिन्दूहरू जस्तै खेती र बसोबासका लागि समय-समयमा आइ बसेका थिए । साधारण हैसियतका मुसलमानहरूको रहनसहन, व्यवहार आदि हिन्दूहरूसितै मिल्दाजुल्दा भए तापनि चुच्चे टोपी कुर्ता, लुङ्गी लगाउने र जुङ्गा खौरी दारी पाल्ने चलन इत्यादिबाट यिनीहरूको संस्कृति स्पष्ट छुटिन्छ ।[४१]

यहाँका धनी मुसलमानहरूमा आइमाईहरूको पर्दा प्रथा कायमै रहेको छ । यी आइमाईहरू अरू पुरूष जातिको अगाडि देखा नपर्ने र कुनै कारणवश बाहिर निक्लनु परेमा कालो वा अरू रङ्गको बुर्का शिरदेखि पैतालासम्म लगाई निक्लने गर्दछन् । यिनीहरू आफ्नो जातीय चाडपर्व ईद, मौहर्रम परम्परागत विधिअनुसार नै मनाउँछन् ।[४२] यी जातिमा एकै आमाबाबुको कोखबाट जन्मेका सन्तानबाहेक अरू जो कोहीसँग पनि विवाह गर्न सकिने प्रचलन छ ।[४३]

---

[३९] **नेपाल सरकार, संचार मन्त्रालय ,सूचना विभाग, पूर्ववत्, पृष्ठ १०२५ ।**

[४०] **बज्रानन्द बज्राचार्य, पूर्ववत् पृष्ठ ५९ ।**

[४१] **ऐजन, पृष्ठ ६६ ।**

[४२] **बज्रानन्द्र बज्राचार्य, पूर्ववत्, पृष्ठ ६७ ।**

[४३] **नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत्, पृष्ठ १०२८ ।**

यसरी कपिलवस्तु जिल्ला विभिन्न थरिका जात-जातिहरूको बसोबास भएको सङ्गम स्थलको रूपमा चिनिन्छ । विविध जन-जातिका विविध सांस्कृतिक रीतिरिवाज र परम्परा हुँदाहुँदै पनि यस जिल्लामा भिन्नभिन्न धर्मावलम्बीहरूका बीचमा राम्रो सम्बन्ध रहेको छ ।

## २.९ स्वास्थ्योपचार

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा अवस्थित पी. वीर अस्पताल नै यहाँको सबभन्दा पुरानो अस्पताल हो ।[४४] यस जिल्लामा एलोपेथिक अस्पतालदेखि लिएर सरकारी तथा गैर सरकारी आयुर्वेदीय औषधालय, होमियोपेथिक क्लिनिक र अरू व्यक्तिगत औषधालयहरू पनि रहेका छन् । हाल यस जिल्लामा पी. वीर अस्पताल (जिल्ला अस्पताल) र शिवराज अस्पताल गरी दुई अस्पतालहरू, दुई स्वास्थ्य केन्द्र, सात स्वास्थ्य चौकी, सतसठ्ठी उपस्वास्थ्य चौकी, एक आयुर्वेद स्वास्थ्य केन्द्र र एक आयुर्वेद स्वास्थ्य चौकीहरूले स्वास्थ्योपचार गरी सेवा पुऱ्याउँदै आइरहेका छन् ।[४५] यस जिल्लामा अधिकांश मात्रामा पेटका रोगीहरू देखिन्छन् । अतिसार, अपच, वायु, उपरतल्ली, आउँ, शूल आदि रोगहरूबाट यहाँका मानिस ग्रसित छन् । यसका अतिरिक्त गर्मी महिनामा गाउँ-गाउँमा हैजा रोग पनि फैलिने गर्दछ ।[४६] २०१९-२० सालपछि औलो रोग उन्मूलन हुँदै गएपछि त्यसपछि मात्र यस जिल्लामा पहाडी जिल्लाबाट बसाइँ सर्नेहरूको सङ्ख्या तीव्र रूपमा बढेको हो । हाल यस जिल्लामा नेपाल सरकारको नीतिअनुसार उपचारात्मक र प्रतीकारात्मक उपायको अवलम्बन हुँदै आएको छ ।

## २.१० यातायात

भारतको सीमानासँग जोडिएको तराईको समथर भू-भाग हुँदाहुँदै पनि यातायातको क्षेत्रमा यो जिल्ला पछाडि नै परेको छ ।[४७] यस जिल्लाको सदरमुकाम तौलिहवादेखि चार दिशातिर जाने चार मूल सडकहरू रहेका छन् ।[४८] जिल्ला सदरमुकाम तौलिहवादेखि दक्षिणतर्फ गएको तौलिहवा खुनुवा सडक, तौलिहवा बजारदेखि पूर्व गएको तौलिहवा-चार

---

[४४] **ऐजन, पृष्ठ १०४४ ।**

[४५] **कर्मचारी मिलनकेन्द्र, कपिलवस्तु, पूर्ववत्, पृष्ठ १ ।**

[४६] **बज्रानन्द बज्राचार्य, पूर्ववत्, पृष्ठ ७८ ।**

[४७] **नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत्, पृष्ठ १०३९ ।**

[४८] **बज्रानन्द बज्राचार्य, पूर्ववत् ,पृष्ठ ७९ ।**

नंम्बर (जीतपुर) सडक, तौलिहवा बजारदेखि उत्तरतिर गएको तौलिहवा-पत्थरकोट सडक र तौलिहवादेखि पश्चिमतर्फ गएको तौलिहवाबाट कृष्णनगर सडक नै यहाँका मूल सडकहरू हुन् । यसैगरी पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म गएको महेन्द्र राजमार्गको बुटवल-नेपालगञ्ज खण्ड पनि यही जिल्ला भित्रबाट गएको छ ।[ढढ] यी मूल सडकका अतिरिक्त यस जिल्लाका गाउँगाउँमा जाने कच्ची सडकहरू जतातत‍ै फैलिएका छन् । तर सबै सडकहरू कच्ची भएको र मरम्मत नभएका कारण हिउँदमा पनि कठिनसँग मात्र सवारी साधन चल्ने गर्दछन् । हाल यस जिल्लामा जिल्ला सदरमुकाम तौलिहवा तथा जिल्लाका प्रमुख सहरहरू कृष्णनगर, गोरूसिंगे तथा चार नंम्बर (जीतपुर) बाट देशभित्रका स्थानहरू- काठमाडौं, बुटवल, भैरहवा, पोखरा, पत्थरकोट, दाङ (घोराही) सम्म दिवा तथा रात्रि बस सेवा उपलब्ध छ ।[छण] यहाँका प्रमुख सवारी साधनअन्तर्गत रिक्सा, ट्याक्सी, ट्याम्पो, बस, जिप, कार पर्दछन् भने ढुवानीका निम्ति ट्रक, ट्याक्टर तथा बैलगाडीको प्रयोग गरिन्छ ।

यस जिल्लामा हालसम्म पनि विमान सेवा उपलब्ध छैन । विमानबाट कतै आवतजावत गर्नु परेमा भैरहवा विमानस्थलमा पुग्नुपर्दछ ।[छञ]

## २.११. प्रमुख तीर्थस्थल तथा मठ-मन्दिरहरू

साङ्ख्यदर्शनका प्रणेता कपिलमुनिले बसोबास गरेको तथा भगवान् गौतम बुद्धको २९ वर्ष जीवनयापन गरेको यो जिल्ला देशको एक अति महत्त्वपूर्ण तीर्थस्थल बन्न पुगेको छ । यस जिल्लाभित्र रहेका विभिन्न मठ-मन्दिरहरू तथा ऐतिहासिक स्थल एवं प्राचीन भवन, स्तूप, कोट तथा स्तम्भका भग्नावशेषहरूले यो जिल्लाको महत्त्वलाई निकै माथि पुऱ्याएका छन् । यस जिल्लामा रहेका प्रमुख तीर्थस्थल तथा मठमन्दिरहरूको सङ्क्षिप्त चिनारी दिने काम यहाँ गरिएको छ :

### २.११.१ तिलौराकोट

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि करिव एक माइल उत्तरतर्फ नदीको किनार तथा तपोवनको निकटवर्ती स्थलमा रहेको तिलौराकोट यस जिल्लाको मात्र नभएर

[४९] **नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग ,पूर्ववत्, पृष्ठ १०३९ ।**

[५०] **कर्मचारी मिलनकेन्द्र, कपिलवस्तु, पूर्ववत्, पृष्ठ १ ।**

[५१] **बज्रानन्द बज्राचार्य, पूर्ववत्, पृष्ठ ८२ ।**

बौद्ध धर्मावलम्वीहरूको लागि एक महत्त्वपूर्ण तीर्थस्थल बन्न पुगेको छ । यस स्थलमा एक देवीको मन्दिर पनि  रहेको छ र मन्दिरस्थित शीलामूर्तिहरू मायादेवीको लक्षणयुक्त छन् । आजभोलि पनि नगरवासी तथा ग्रामवासीजन यस मन्दिरमा कोटकी देवीको नामबाट पूजा-अर्चना गर्दछन् ।[छद] यही मन्दिरको समीप पूर्व उत्तरतर्फ ठूलो कमलपत्र शोभित राम्रो पुष्करिणी तलाउ रहेको छ । त्यो भन्दा उत्तरतर्फ रहेका तात्कालिक ईँटले निर्मित गोलाकार एक ठूलो र अर्को केही सानो गरी जम्मा दुई स्तूपहरू रहेका छन् । यी स्तूपहरू रहेको ठाउँलाई राजा शुद्धोधनको र रानी मायादेवीको समाधिस्थलको रूपमा हेर्न सकिन्छ ।[छघ]

कपिलवस्तु जिल्लामा अवस्थित तिलौराकोट नै शान्तिका अग्रदूत भगवान् गौतम बुद्धले २९ वर्ष सम्म जीवनयापन गरेको ठाउँ हो । यसै स्थलमा भगवान् गौतम बुद्ध हुर्के, बढे, यौवन प्राप्त गरे । यसै स्थानमा विवाह गरी छोरा राहुलका पिता बनेका सिद्धार्थ गौतमलाई बुद्धत्व प्राप्ति गर्नका निमित्त जन्म, मृत्यु, जरा, व्याधि यी सांसारिक लक्षण देखा परे । यिनै लक्षणबाट विरक्त हुन पुगी सांसारिक जीवन त्याग गरी बुद्धत्व प्राप्त गर्न हिँडेको र बुद्धत्व प्राप्तिपछि पुनः एकपटक यस स्थानमा आएको कारणबाट पनि यस स्थानको महत्त्व माथि पुगेको छ । अतः कपिलवस्तुको तिलौराकोट कपिलवस्तु जिल्लाको मात्र नभएर नेपाल अधिराज्यको एक प्रमुख तीर्थस्थल बन्न पुगेको छ ।

### २.११.२ निग्लिहवा

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा बजारको उत्तरपट्टि करिब ९ कि.मी. टाढा रहेको निग्लिहवा तिलौराकोट पछिको यस जिल्लाको दोस्रो महत्त्वपूर्ण पर्यटकीय स्थल हो । यही स्थानमा संभवत हालसम्म बनाइएका कृत्रिम तालहरू मध्येको सबभन्दा ठूलो ताल ‘जगदीशपुर ताल’ रहेको छ ।[छद्द] निग्लिहवा गा.वि.स. को वार्ड नं. १ र ४ मा अवस्थित उक्त ताल करिब १५७ हेक्टर क्षेत्रफलमा फैलिएको छ । यसै स्थानमा कनकमुनि बुद्धको जन्म भएका कारण यो स्थलको महत्त्व माथि पुगेको हो । यसका अतिरिक्त निग्लिहवाको पश्चिमपट्टि सम्राट् अशोकले खडा गरेको स्तम्भ दुई टुक्रा परेको अवस्थामा रहेको छ ।

---

[५२] **कपिलवस्तु जिल्ला पञ्चायत, कपिलवस्तु,** त्रैमासिक, पूर्ववत् पृष्ठ १६-१८ ।

[५३] **ऐजन,** पृष्ठ १८ ।

[५४] **मनोज पौडेल, “निग्लिहवाः कहाँ जाने के हेर्ने?” निग्लिहवा महोत्सव** (स्मारिका), कपिन्स नेपाल ,पृ.१६ ।

स्थानीय भाषामा चुरोट वा निगलीको आकारमा रहेको स्तम्भ यसै स्थानमा रहेको र यसै स्तम्भको नामका आधारमा नै यहाँको पोखरीलाई निग्लिसागर भनिएको हो ।[छछ]

अनेकतामा एकता र एकतामा अनेकता देख्न पाइने एसियाका तारा उपाधिमा मात्र सीमित नभई विश्वकै ताराका रूपमा परिचित भगवान् गौतम बुद्धका पिता शुद्धोधनको राजधानी प्राचीन कपिलवस्तुको सेरोफेरोमा रहेको निग्लिहवाको आफ्नो छुट्टै विशेषता रहेको छ । यहाँ नेपाली, अवधी, हिन्दी र थारू भाषाभाषीहरू रहेका छन् । निग्लिहवा आकारको दृष्टिले सानो रहेको भए तापनि विशाल सम्पदाले भरिपूर्ण रहेको छ । यहाँ रहने अनेकौं जातजातिका चराचुरूङ्गीहरूको कलख जलक्रीडा, प्रातः र सन्ध्याकालमा देखिने मनोरम दृश्य र उत्तरमा देखिने स्वच्छ शुभ हिमाल यहाँको आकर्षण हो ।[छट] राम्रो पर्यटन आकर्षणको केन्द्रविन्दु रहेको यस तालको बीचमा एक बुद्ध मन्दिर र त्यहाँसम्म जाने सुरक्षित बाटो, विश्राम स्थल, मोटरबाटो सञ्चालन, तालको दृश्यावलोकनको व्यवस्था तथा पंक्षी संरक्षण केन्द्रको विकास गर्दै लैजान सकेमा यो स्थल नेपाल अधिराज्यकै अद्वितीय आकर्षण स्थल बन्ने छ । त्यसैगरी यस क्षेत्रका मौलिक कला संस्कृति, रीतिरिवाज, परम्परा र भेषभूषाले पनि पर्यटकीय आकर्षणलाई राम्रो सहयोग पुऱ्याउन सक्छ । यसरी आफ्नो अद्वितीय पर्यटकीय पूर्वाधार र अस्तित्व बोकेको निग्लिहवा पर्यटन आकर्षणको केन्द्र बन्न योग्य अवस्थामा रहेको छ ।

### २.११.३ सगरहवा

शाक्यवंशीय राजा शुद्धोधनको राजधानी तिलौराकोटदेखि करिब तीन किलोमिटर उत्तरमा वाणगङ्गा नदीको किनारमा अवस्थित यो ठाउँ कपिलवस्तु जिल्लाको एक अर्को अति महत्त्वपूर्ण तीर्थस्थल हो । सगरहवा भन्ने पुरानो तालको नामबाट यस स्थानको नाम सगरहवा रहन गएको अनुमान गरिन्छ ।[छठ] ई.पू. पाँचौ शताब्दीतिर कोशलराज विरूढकले शाक्यहरूको हत्या गरेको स्थलकै रूपमा यस स्थानलाई चिनिन्छ ।[छड] यस स्थानमा ठूला-साना गरी १७ ओटा स्तूपहरू रहेका छन् । यी स्तूपहरूभित्र कमलका आकारको ईंट र

---

[५५] हरिराज शर्मा, "निग्लिहवाः एक पर्यटकीय विकास र संभावना" **निग्लिहवा महोत्सव**, पूर्ववत् ,पृ.२८ ।

[५६] नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत् पृष्ठ १०१८ ।

[५७] डा. गितु गिरी, पूर्ववत्, पृष्ठ ४० ।

[५८] कर्मचारी मिलनकेन्द्र, **कपिलवस्तु**, २०५९, पूर्ववत् ,पृष्ठ १३ ।

त्यसमा अस्थि, सुनका नागहरू, सुनचाँदीका टुक्राहरू, त्रिशूल, भाला इत्यादि राखिएको छ । भारतीय विद्वान् विजय श्रीवास्तवका अनुसार कपिलवस्तुका शाक्यहरूले कोशल नरेश प्रेसनजीतको विवाह एक दासीपुत्री वासमखनियासँग गराइदिएको र उनबाट जन्मिएका दासीपुत्र विरूढक एकदिन शाक्यहरूले राखेको भोजमा अपमानित हुन पुगेको कारण विरूढक शाक्यहरू विरूद्ध लडाइँ गरे र यही स्थानमा दूध खाने बालबालिकासहित ७७ हजारभन्दा बढी शाक्यहरूको बध गरे ।[५९]

## २.११.४ तौलेश्वरनाथ महादेव मन्दिर

कपिलवस्तु जिल्लामा धार्मिक सहिष्णुता तथा उदारताको परिणामस्वरूप थुप्रै बौद्धस्तूप, विहार र हिन्दू मन्दिरहरू निर्माण भैरहेका थिए । यही क्रममा जिल्ला सदरमुकाम तौलिहवा बजारको बीच भागमा करिब १५० वर्ष अघि ताम्रेश्वर महादेव मन्दिरको निर्माण गरिएको थियो । कालक्रममा यही मन्दिरलाई तौलेश्वर महादेव भनी सम्बोधन गर्न थालियो । यसै मन्दिरको नाउँबाट यस बजारको नाम तौलिहवा रहन गयो । बजारको मुटुमा विद्यमान यस मन्दिरले तौलिहवाको परिचायकको दायित्व निर्वाह गर्नुका साथै यो मन्दिर कलात्मक एवं सांस्कृतिक दृष्टिले विशेष उल्लेखनीय छ । तत्कालीन समयमा गोठालाले गाई चराउने काममा एउटा पत्थर फेला पारेको र त्यसलाई खनी हेर्दा एक ठूलो लामो पत्थर फेला परेको थियो । सो पत्थरको भाग खन्दै जाँदा पनि सो पत्थरको फेद पत्ता लाग्न नसकेपछि सो खनेको भाग पुरेर त्यहाँ नेपाली कालीगढबाट त्यहीकै बासिन्दा हेमलाल पुरी र गजराज पुरीले आधुनिक मन्दिरको निर्माण गराए ।[६०] नगरशैलीको यस मन्दिरको बीच भागमा अवस्थित शिवलिङ्ग अन्य शिवालयहरूको भन्दा भिन्न छ । यस मन्दिरको वरिपरिका सत्तल, पार्टी, पौवा आदि जीर्ण भागले काष्ठकलाको प्रतिनिधित्व गरेका एक तहको आधा पेटीमा अवस्थित यस मन्दिरको आधारदेखि गजुरसम्म क्रमशः घटाउँदै आङ्किक अनुपात मिलाई निर्माण गरिएको छ भने अलान पछि उपयोगी किसिमले बनाइएको छ । धातुको कलात्मक गजुर बनाइएको यस मन्दिरको तल्लो तलामा चारैतिर प्रवेशद्वार छन् भने पूर्वी तथा पश्चिमी मूल प्रवेशद्वारको आसपास छरिएर रहेका प्रस्तर र प्रतिमाहरू प्रतिष्ठापित छन् । पूर्वीद्वारको दायाँपट्टि अवस्थित सूर्य मूर्ति मध्यकालीन शैलीमा आधारित छ । यस मन्दिरमा

---

[५९] **डा. गितु गिरी, पूर्ववत् ,पृष्ठ ३७ ।**

[६०] **ऐजन, पृष्ठ ४१ ।**

जब आषाढ श्रावण महिनामा सुख्खाको स्थिति आइपर्छ तब गाउँगाउँबाट हजारौं महिलाहरू वाणगङ्गा नदीबाट लोटाहरूमा पानी ल्याई बाटोबाटोमा आलोपालोसित दुई समूह भई स्थानीय लयमा शिवजीको स्तुति गाउँदै जल चढाउन आउने गर्छन् । यसका अतिरिक्त शिवरात्रिका दिन यस मन्दिरमा ठूलो मेला लाग्दछ ।

### २.११.५ समय माई

तौलिहवा बजारको नजिकै उत्तरपट्टि आनन्दवाग भन्ने ठाउँमा डाँडामाथि समय माईको मन्दिर रहेको छ । वर्तमान अवस्थामा सामान्य विधिविधानअनुसार पूजा-आजा गरिने उक्त देवालय खुल्ला रहेको कारण कैयन् पूराना मूर्तिहरू हराएको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । देवालयलाई बन्द गर्ने वास्तुशैलीमा निर्माण गरिएकोमा दैवी शक्तिले भताभुङ्ग हुने हुँदा खुल्ला नै छाड्ने परम्परा रहेको छ ।[टज्ञ] उक्त मन्दिरमा एक देवीको आकार अस्पष्ट हुने गरी घोप्टिएको मूर्ति छ । यसका अतिरिक्त अरू ढुङ्गाहरू उठ्याइराखेका र टीका लगाई पूजा गरिराखेका छन् । देवीको मूर्तिको आकार हेर्दा रूखका हाँगा समातेका मायादेवी कै मूर्तिको आभास हुन्छ । यसका अतिरिक्त यस मन्दिरमा माटाका हात्ती घोडा बनाई अन्य समय माईका मन्दिरहरूमा जस्तै पूजा गर्दा चढाउने गरिएको पाइन्छ ।

### २.१२ आर्थिक अवस्था

नेपाल अधिराज्यका तराईका अन्य जिल्लाहरू सरह यो जिल्ला पनि खाद्यान्नको क्षेत्रमा सम्पन्न रहेको छ । मूलतः कृषिप्रधान जिल्ला भएको कारण यस जिल्लामा कृषिमा आधारित उद्योगहरू बढी रहेका छन् । यसका अतिरिक्त महेन्द्र राजमार्गको निर्माणपश्चात् यस जिल्लाको पूर्व-पश्चिम भएर गएको महेन्द्र राजमार्गको आसपासमा छाला जुत्ता कारखाना, प्लाष्टिक कारखानाजस्ता विभिन्न उद्योगहरूको स्थापना भएबाट यस जिल्लाको आर्थिक अवस्था अझ सुदृढ हुन पुगेको छ । यस जिल्लामा खाद्यान्नको उत्पादन बढी मात्रामा हुने हुँदा यस जिल्लाका छिमेकी पहाडी जिल्लाहरू - गुल्मी, अर्घाखाँची, बाग्लुङ, प्यूठान तथा पाल्पासम्म यहाँको खाद्यान्न बिक्री वितरण हुन्छ ।[टद्द]

---

[६१] **नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत् १०३० ।**

[६२] **कर्मचारी मिलन केन्द्र, "कपिलवस्तु जिल्ला सङ्क्षिप्त परिचय" शान्तिदूत**, (२०५९), पृ. ११ ।

## २.१२.१ कृषि

कपिलवस्तु जिल्लाको कूल क्षेत्रफल १,७३,८०० हेक्टर मध्ये ८३,००० हेक्टर जमिन खेतीयोग्य रहेको छ ।[६३] खेती योग्य मैदानी भू-भाग अधिक भएको कारण यस जिल्लाका कृषकहरू कृषिमा आत्मनिर्भर रहेका छन् । यो जिल्लाबाट उत्पादन भएको खाद्यान्न अन्य पहाडी जिल्लाहरूमा समेत बिक्री वितरण हुन्छ । यस जिल्लामा धान, गहुँ, तेलहन, मकै, रहर, मसुरो, आलु सूर्ति, उखुँ, केरा आदि प्रमुख बालीअन्तर्गत पर्दछन् । त्यसैगरी लसुन प्याज, भिण्डी, परवर, काउली, बन्दागोभी, मूला, भाण्टा, फर्सी, गोलभेडा, खुर्सानी आदि यहाँका तरकारी बालीअन्तर्गत पर्दछन् । यस जिल्लामा कूल जनसङ्ख्याको २,६८,१०० मानिसहरू कृषि पेसामा संलग्न रहेका छन् ।[६४]

## २.१२.२ व्यापार

कपिलवस्तु जिल्लाको प्रमुख व्यापारिक केन्द्रहरू कृष्णनगर, बहादुरगञ्ज, तौलिहवा, पत्थरकोट तथा महाराजगञ्ज भए तापनि मुख्य चल्तीको व्यापारिक केन्द्रको रूपमा कृष्णनगर नै मानिएको छ ।[६५] यो जिल्ला कृषि पैदावार बढी हुने जिल्ला भएको कारण भारतको सीमानामा रहेको यस व्यापारिक केन्द्रबाट यहाँको खाद्यान्न भारतमा निकासी हुन्छ । यसका अतिरिक्त पहाडी जिल्लाबाट ल्याइएका जडिबुटीका साथै थुप्रै घ्यू, सूठो, छाला, अदूवा, काठ, ढुङ्गा, बालुवा भारतमा निकासी गरिन्छ । भारतबाट लत्ता-कपडा, पेट्रोल, डिजल, मट्टितेल, नून, धातु र धातुका सामान, सिमेन्ट, मसला, साबुन, चिया, कफी आदि पैठारी हुन्छ । यस जिल्लाको कूल जनसङ्ख्याको ३,१८९ मानिसहरू व्यापारिक पेसामा संलग्न रहेका छन् ।[६६]

## २.१२.३ उद्योग

कपिलवस्तु जिल्लाको आर्थिक विकासका निमित्त उद्योग व्यवसायको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । यस जिल्लामा वि.सं. २००४ सालदेखि नै औद्योगिक विकासको सुरुवात

---

[६३] **कर्मचारी मिलनकेन्द्र कपिलवस्तु, शान्तिदूत, पूर्ववत्, पृष्ठ ०१ ।**

[६४] **नेपाल सरकार सञ्चार मन्त्रालय सूचना विभाग, पूर्ववत् पृष्ठ १०३७ ।**

[६५] **कर्मचारी मिलनकेन्द्र, पूर्ववत्, पृष्ठ १ ।**

[६६] **कर्मचारी मिलनकेन्द्र कपिलवस्तु, "औद्योगिक स्थितिः एक मिमांसा" शान्तिदूत २०५७, पृ. ४६ ।**

भएको मान्नुपर्दछ । कृष्णनगर स्थित कृष्ण मिल नै यस जिल्लाको पहिलो उद्योग देखिन आउँछ ।[६७] यस जिल्लाका महत्त्वपूर्ण उद्योगहरू पूर्व-पश्चिम भएर गएको महेन्द्र राजमार्गको आसपासका अतिरिक्त कृष्णनगर र तौलिहवामा स्थापना भएका छन् । वि.सं. २००४ सालमा कृष्णनगरस्थित कृष्ण राइस मिलको दर्ता भएदेखि २०४६ सम्मको अवधीमा प्राइभेट, साझेदारी र प्रा.लि. गरी जम्मा १२१५ उद्योग स्थापना भएका र ती उद्योगहरू मध्ये धेरै जसो राइस मिल र इटा उद्योग प्रमुख देखिन्छन् ।[६८] यस अवधिभित्र कुनै ठूला उद्योगहरूको स्थापना भएको देखिँदैन भने २०४६ सालमा प्रजातन्त्रको स्थापना भएदेखि २०५६ सम्मको अवधीमा यस जिल्लामा महालक्ष्मी सुगर मिल्स लिमिटेड र छाला जुत्ता कारखानाजस्ता ठूला कारखानाका अतिरिक्त प्राइभेट, साझेदारी र प्रा.लि. उद्योगहरूको स्थापना तीव्र रूपमा बढ्दै गएको र २०५६-०५७ सालपछि देशमा बढ्दै गएको राजनैतिक विकृति र विसङ्गतिका फलस्वरूप यस जिल्लामा औद्योगिक गतिविधि न्यून रह्यो । २०४९-०५० सालतिर स्थापना भएको कपिलवस्तुकै दोस्रो ठूलो औद्योगिक कारखाना छाला जुत्ता कारखाना अहिले बन्द अवस्थामा रहेका छ । २०४६ सालपछि स्थापना भएका अन्य महत्त्वपूर्ण उद्योगहरू पनि अहिले आएर बन्द हुने अवस्थामा पुगेका छन् ।

यस जिल्लाको औद्योगिक विकास कृष्णनगरबाट सुरु भएको हो । यस क्षेत्रमा रहेका अधिकतम् औद्योगिक प्रतिष्ठानहरू कृषिमै आधारित छन् । यस क्षेत्रमा तेल, चामल तथा गहुँमिलहरूको सङ्ख्या अधिक रहेको छ । यसैगरी यसै क्षेत्रमा एउटा ठूलो बिडी कारखाना पनि रहेको छ । काठ स-मिल, स-साना कपास उद्योगहरू र भेली तथा गुड कारखानाहरू पनि यस क्षेत्रभित्र रहेको पाइन्छ ।

कपिलवस्तु जिल्लाको औद्योगिक गतिविधिको दृष्टिले चन्द्रौटा पनि अगाडि रहेको देखिन्छ । यस क्षेत्रको नजिकै रहेको महालक्ष्मी सुगर मिल्स (जवाभारी) र छाला जुत्ता कारखाना (खैरेनीपुर) यस जिल्लाका सबभन्दा ठूला औद्योगिक कल-कारखाना हुन् । यसका अतिरिक्त यस क्षेत्रमा भेली उद्योग, सिमेन्ट कारखाना, कपास फ्याक्ट्री (लुम्बिनी कपास फ्याक्ट्री, हिमालय कपास उद्योग, जे.पी. कपास उद्योग, लुम्बिनी प्लाष्टिक उद्योग (अहिले

[६७] **ऐजन ।**

[६८] **कर्मचारी मिलनकेन्द्र, शान्तिदूत, पूर्ववत् पृष्ठ १ ।**

बन्द अवस्थामा रहेको), ल्हासा फ्याक्ट्री, नेचुरल फ्याक्ट्री, केमिकल फ्याक्ट्री, प्लाइवुड तथा कैसर उद्योगहरू यस क्षेत्रमा रहेका छन् ।

कपिलवस्तु जिल्लाको सदरमुकामका रूपमा रहेको तौलिहवा पनि यस जिल्लाको अर्को महत्त्वपूर्ण औद्योगिक क्षेत्र हो । यस क्षेत्रमा धेरै जसो चामल, गहुँ तथा तेल मिलहरू रहेका छन् । यसका अतिरिक्त यस क्षेत्रमा सुर्ती कारखाना, स-मिल, भेली कारखाना, माटाका भाडा बनाउने, पङ्खा, डालो, टोकरी, ढकिया, झ्यौवा, मान्द्रो, गुन्द्री, मचिया, खाट, बाँस-वेतका सामानहरू, टेबुल मेच तथा दराजहरू उद्योगको रूपमा बनाइने भए तापनि यी घरेलु उद्योगहरू उल्लेखनीय रूपमा फस्टाउन सकेका छैनन् ।

यसरी कपिलवस्तु जिल्ला औद्योगिक अवस्थाको दृष्टिले खासै अगाडि बढ्न नसकेको भए तापनि यस क्षेत्रमा पाइने कच्चा पदार्थको सही सदुपयोग गर्दै नेपाल सरकारले लगानी लगाएर उद्योगहरू स्थापना गर्न सकेमा यहाँको भौगोलिक स्थिति उपयुक्त रहेको छ । अहिलेसम्म यस क्षेत्रमा सीमित मात्रामा खुलेका ठूला कारखाना र केही स-साना घरेलु तथा औद्योगिक कल कारखानाले यस जिल्लाका बासिन्दाहरूको आर्थिक विकासका निमित्त उल्लेखनीय भूमिका खेलेका छन् ।

### २.१२.४ पर्यटन

शाक्यवंशीय राजा शुद्धोधनको राजधानी तिलौराकोट नै यस जिल्लाको महत्त्वपूर्ण पर्यटकीय स्थल हो । यस पवित्र स्थलमा विभिन्न मुलुकहरूबाट मानिसहरू आउने गर्दछन् । भारतबाट नेपाल प्रवेश गर्ने दुई-दुई वटा द्वार (कृष्णनगर र खुनुवा) यसै जिल्लामा पर्ने हुँदा यहाँ पर्यटकहरूको आवगमन भई नै रहन्छ । तर अहिलेसम्म यस जिल्लामा पर्यटनले पूर्ण व्यवसायको रूप लिन सकेको छैन ।

यसरी कपिलवस्तु जिल्लाको आर्थिक अवस्थामा टेवा पुऱ्याउने कृषि, व्यापार, उद्योग, पर्यटन आदि जस्ता विभिन्न क्षेत्रमा आएको विकासले यहाँको आर्थिक वृद्धिमा सहयोग पुऱ्याएको छ । प्राचीन समयदेखि व्यापार र कृषिमा परिचित पेसागत संग्लग्नतालाई हेर्दा

कृषिमा ७२.११ प्रतिशत, उद्योग व्यापारमा ०.८५ प्रतिशत, जागिरमा १.०९ प्रतिशत, वैदेशिक रोजगारमा ०.७७ प्रतिशत र विविध पेसामा २५.१८ प्रतिशत रहेको देखिन्छ ।[६९]

### २.१३ प्रमुख सहरहरू

#### २.१३.१ तौलिहवा

प्रसिद्ध तौलेश्वरनाथ मन्दिरको नाउँबाट नामकरण गरिएको तौलिहवा सहर नै यस जिल्लाको सबभन्दा प्रसिद्ध सहर हो । पूर्वमा जमवार र पश्चिममा वाणगङ्गा नदीको बीचमा परेको सहर समुन्द्रको सतहबाट १०३ मिटर अर्थात् ३४० फिट उचाइमा रहेका छ । यही सहर नै कपिलवस्तु जिल्लाको सदरमुकाम बन्न पुगेको छ । रूपन्देही जिल्लाको सदरमुकाम भैरहवाबाट ५१ किलोमिटर पश्चिममा परेको यो सहर प्राचीन कालमा कपिलवस्तुको नामबाट प्रख्यात थियो । बौद्धकालीन समयदेखि प्रख्यात यो सहरले हाल जिल्लाभित्रको सबभन्दा ठूलो बजारको रूप लिएको छ ।[७०]

कपिलवस्तु जिल्लाको सदरमुकामको रूपमा रहेको यस सहरको पूर्वी भेगमा अति सुन्दर बालमन्दिरको आफ्नै विशेषता रहेको छ । टाढाबाट हेर्दा मन्दिर जस्तै देखिने यो भवन ज्यादै नै सुन्दर देखिन्छ । यस भवनको पूर्वपट्टि एउटा पोखरी र यसको पारी अतिथि भवन रहेका छन् । यही बजारको बीच भागमा अवस्थित तौलेश्वर नाथको मन्दिरले यस सहरलाई अझ बढी शोभा दिइरहेको छ । त्यसैगरी बौद्ध बिहार, अल्मा हदुल मस्जिद, जामे मस्जिद र राममन्दिर यही तौलिहवा सहरभित्र रहेका छन् ।

जिल्ला सदरमुकाम रहेको यस तौलिहवा सहरमा जिल्ला स्तरीय सबै कार्यालयहरू रहेका छन् । मध्य पश्चिम नेपालका पहाडी बासिन्दाहरूको भारत जाने मुख्य बाटोको बीचमा पर्ने भएको हुँदा यो सहर कपिलवस्तु जिल्लाको एक व्यापारिक केन्द्र बन्न पुगेको छ । यस बजारभित्र विशेषतः खुद्रा, चिया, कपडा, मिठाई, पान औषधि, भाँडाकुँडा, फलामका पसलहरू रहेका छन् । यसैगरी सुन चाँदीका गहना बनाउने तथा विदेशी सामानका पसलहरू पनि यस सहरभित्र रहेका छन् । यस सहरभित्र यस जिल्लाकै सबभन्दा पुरानो र

[६९] **नेपाल सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, पूर्ववत् पृष्ठ १०१६ ।**

[७०] **कर्मचारी मिलनकेन्द्र, कपिलवस्तु, पूर्ववत्, पृष्ठ ७४ ।**

अहिले सम्मकै सबभन्दा ठूलो अस्पताल पी.वीर अस्पताल रहेको छ । यसका अतिरिक्त थुप्रै सरकारी तथा गैर सरकारी आयुर्वेदीय औषधालय, होमियोप्याथिक क्लिनिक र जनताका प्राइभेट क्लिनिकहरू पनि रहेका छन् ।

कपिलवस्तु जिल्लाको सदरमुकामका रूपमा रहेको र यस जिल्लाको प्रमुख सहर तौलिहवाभित्र यस जिल्लाका अन्य क्षेत्रमा भन्दा शैक्षिक विकास बढी भएको देखिन्छ । यस सहरभित्र एउटा प्राइभेट क्याम्पस जहाँ स्नातक तहसम्म अध्यापन हुन्छ । दुई वटाउच्च माध्यमिक विद्यालय, एक आयुवेर्दिक शिक्षालय (एच.ए.), छ वटा माध्यमिक विद्यालय र १६ वटा प्राथमिक विद्यालयहरू रहेका छन् ।[७१]

समग्र हेर्दा तौलिहवा कपिलवस्तु जिल्लामा अवस्थित तौलिहवा सहर नेपाल अधिराज्यकै एक प्राचीन सहरअन्तर्गत गनिने भए तापनि यस सहरको विकास तीव्र गतिमा हुन सकिरहेको छैन । कपिलवस्तु जिल्लाको एक नगरपालिका क्षेत्रको रूपमा चिनिने यस तौलिहवा सहरभित्र बाटोघाटो, ढल निकास, खानेपानी, स्वास्थ्य आदि कुराहरूको पूर्ण विकास भइनसकेको भए तापनि यस जिल्लाभित्रका सहरहरूमध्ये तौलिहवा सहर अग्रपङ्क्तिमा रहेको छ । यसै सहरभित्र नेपाल अधिराज्यकै एक प्राचीन पुस्तकालयका रूपमा मानिने पशुपतिप्रताप पुस्तकालय पनि रहेको छ ।

### २.१३.२ कृष्णनगर

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवादेखि ३०.४ किलोमिटर पश्चिममा रहेको यो सहर यस जिल्लाको दोस्रो ठूलो सहरको रूपमा रहेको छ । यो सहर हाम्रो छिमेकी राष्ट्र भारतसँग जोडिएर रहेको छ । भारतको बढनी रेलवे स्टेसन यो सहरदेखि नजिकै पर्ने भएको हुँदा यो ठाउँ व्यापारिक दृष्टिकोणले निकै महत्त्वपूर्ण रहेको छ । यस सहरमा मुख्यतया मारवाडी तथा मुसलमानहरूको वस्ती रहेको भए तापनि हाल आएर यस जिल्लाका छिमेकी पहाडी जिल्लाबाट बसाइँसराइँ गरेर आउने क्रममा वृद्धि भैराखेको कारण यस सहरमा ब्राह्मण, मगर, ठकुरीहरूको पनि केही मात्रामा बसोबास रहेको देखिन्छ ।

---

[७१] **कर्मचारी मिलनकेन्द्र**, **कपिलवस्तु**, पूर्ववत्, पृ.४९ ।

यस सहरमा मूलतः धान, गहुँ, तेलहनका मिलहरू बढी मात्रामा रहेका छन् । यसका अतिरिक्त विडी कारखाना, स-मिल, भेली कारखाना, स-साना ग्याँस कारखाना यस सहरभित्र रहेका छन् । यस सहरभित्र थोक तथा फुटकर पसलहरू, कपडा पसलहरू, फलामका पसलहरू, शृङ्गारिक पसल, फलफूल पसलहरू तथा सागसब्जीका पसलहरू प्रशस्त मात्रामा रहेका छन् । यस सहरबाट चामल, घ्यूजस्ता खाद्य पदार्थ तथा जडिबुटीहरू भारतमा निर्यात गरिन्छ भने भारतबाट कपडा, फलामका सामान, मसला आदि आयात गर्ने र बिक्रीवितरण गर्ने काम हुन्छ । यस सहरभित्र विजुली बत्ती उपलब्ध भैसकेको भए तापनि स्वच्छ खानेपानी, स्वास्थ्य, ढल निकास, बाटोघाटोको आंशिक विकास भने हुन सकेको छैन ।

यस सहरभित्र मूल भन्सार कार्यालय, अन्तःशुल्क कार्यालय, कर कार्यालय, प्रहरी थाना, हुलाक कार्यालय, आकाशवाणी, स्याटलाइट, नेपाल राष्ट्र बैंक, सटही काउण्टर, नेपाल बैंक लिमिटेड, नेशनल ट्रेडिङ लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेशन, कृषि विकास बैंक, प्रशाखा व्यापार सङ्गठन, श्री ५ महेन्द्र पुस्तकालय, प्रमोद गृह, कृष्णनगर आदर्श गाउँ विकास समितिको कार्यालय, महिला सीप्लकला केन्द्रजस्ता सरकारी कार्यालय तथा सङ्घसंस्था[ठ६] रहेबाट पनि यस सहरको महत्त्व रहन गएको छ ।

शैक्षिक दृष्टिकोणले यो सहर त्यति विकसित हुन सकेको छैन । यस सहरभित्र एक माध्यमिक विद्यालय (कृष्णनगर माध्यमिक) विद्यालय र केही निजी बोर्डिङ स्कूलहरूमात्र यस सहरभित्र रहेका छन् । यस सहरका सम्पन्न व्यक्तिहरू आफ्ना बालबच्चा भारततिर लगेर पढाउने र यस क्षेत्रको शैक्षिक विकासमा कुनै चासो नराखेका कारण यो सहर शैक्षिक दृष्टिकोणले पछाडि परेको हो ।

अन्त्यमा कपिलवस्तु जिल्लाका प्रमुख सहरहरूको रूपमा तौलिहवा र कृष्णनगर मानिए तापनि यस जिल्लामा महेन्द्र राजमार्गको निर्माण भएपछि महेन्द्र राजमार्गका आसपासमा रहेका केही गाउँहरू सहरीकरण हुन लागेका छन् । चार नम्बर जितपुर, गोरूसिंगे, चन्द्रौटा, बनगाई, इमिलिया (बर्कुलपुर), बोर्डगाउँजस्ता गाउँहरू क्रमिक रूपमा सहरमा परिणत हुन लागेका भए तापनि पूर्ण रूपमा सहर हुन सकेका छैनन् । यसका

[७२] **हरिराज शर्मा (क.ब. बहुमुखी क्याम्पस) ले २०५९ माघ ८ गते शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

अतिरिक्त पत्थरकोट, बहादुरगञ्ज, महाराजगञ्ज पनि यस जिल्लाका स-साना सहरअन्तर्गत गनिन्छन् ।

यसरी कपिलवस्तु जिल्लाका महत्त्वपूर्ण दुई सहर व्यापार, उद्योगलगायत अन्य विविध क्षेत्रका हिसाबले अगाडि बढेका भए तापनि यी सहरहरू रूपन्देही जिल्लाका भैरहवा र बुटवलको तुलनामा पछाडि नै रहेको देखिन्छ । हुनतः यी सहरहरू भैरहवा र बुटवलभन्दा पनि प्राचीन सहर हुन् तर तीव्र रूपमा यी सहरको विकास हुन सकिरहेको छैन । नेपाल सरकारले यस विषयमा ध्यान पुऱ्याएर यी सहरको विकासमा सहयोग पुऱ्याउन सकेको खण्डमा यी सहरको पनि बुटवल र भैरहवा जस्तै पश्चिमाञ्चल क्षेत्रको विकसित सहरको रूपमा चिनिने छन् ।

## २.१४ शैक्षिक अवस्था

शिक्षाको दृष्टिकोणले लुम्बिनी अञ्चलका पाँच जिल्लामध्ये पछाडि परेको देखिन्छ । यस जिल्लामा महेन्द्र राजमार्गको निर्माण (२०२४) र औलो रोगको निर्मूल नहुँदासम्म स्थायी रूपमा मानिस बसोबास गर्दथे र यिनीहरू नै यस जिल्लाका आदिवासी हुन् । यसभन्दा पहिला शाक्यवंशीय शासन कालमा शिक्षा क्षेत्रमा केही विकास हुन लागेको भए तापनि शाक्यवंशको पतन भएपछि कपिलवस्तु जिल्लामा पुनः शिक्षाको क्षेत्रमा अन्धकार छायो । यो जिल्ला भारतको पिछडिएको क्षेत्र उत्तर प्रदेशसँग जोडिएको हुँदा यस जिल्लामा बस्नेहरूले शिक्षा र सहरीकरण भन्दा खेती किसानी र ग्रामीण जनजीवन रुचाउने हुनाले अहिले पनि धेरै क्षेत्र पिछडिएका छन् ।

यस जिल्लामा अधिराज्यका विभिन्न स्थानमा चलेको गुरुकुलको पठनपाठन भएको देखिँदैन । विद्यालयहरूको स्थापना हुनुभन्दा अगाडि यस जिल्लाका भारतीय व्यापारी र जमिन्दारहरूले आफ्ना सन्तानलाई काठमाडौं वा भारतका विभिन्न स्थानमा पढ्न पठाउँथे । केही व्यापारीहरूले 'मुन्सी' राखेर पढाउने गर्दथे तर सामान्य हैसियतका मानिसहरूको त्यस्तो अवस्था थिएन । तौलिहवामा रहेका सरकारी कर्मचारी र व्यापारीका छोराछोरीलाई गोश्वाराका मुन्सीले पढाउने गर्थे र पाठ्यक्रम चाहिँ हिन्दी र अङ्ग्रेजीको थियो ।[७३]

---

[७३] **नारायण प्रसाद पौडेल, नेपाली साहित्यको विकासमा क.व. को संस्थागत योगदान, शान्तिदूत**, (२०५९), पृ. २ ।

कपिलवस्तु जिल्लाको सबैभन्दा पुरानो शैक्षिक संस्था श्रीराम पुस्तकालय (वि.सं. १९७२) हो ।[७४] यसै पुस्तकालयको आयोजनामा जनचेतना जगाउने खालका सांस्कृतिक कार्यक्रम, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, विचार गोष्ठी जस्ता कार्यक्रम हुन्थे ।[७५] वि.सं. १९७८ सालमा स्थानीय शिवालयमा सञ्चालन गरिएको संस्कृत पाठशालाबाट यस जिल्लामा औपचारिक शिक्षाको सुरुआत भएको हो र यही पाठशाला नै यस जिल्लाको पहिलो शिक्षण संस्था हो ।[७६] यही संस्कृत शिक्षालय नै हाल आएर तौलेश्वरनाथ माध्यमिक विद्यालयको नामले सञ्चालन भइरहेको छ । यसैगरी वि.सं. १९९७ सालमा जिल्ला सदरमुकाम तौलिहवामै सिद्धार्थ शिक्षालय नाउँले सञ्चालन भएको थियो । यस पाठशालामा बनारसबाट अध्ययन गरी आएका गुरुहरूले अध्यापन गराउथे । यही शिक्षालय श्री बुद्धपद्मा विद्यापीठ हुँदै हाल बुद्धपद्म माध्यमिक विद्यालयको रूपमा सञ्चालित छ । संस्कृत शिक्षाबाट सुरु भएको यस जिल्लाको शैक्षिक विकासको क्रम वि.सं. २००३ सालमा अनिरुद्रप्रसाद सिंहले आफ्नै नामबाट विद्यालय सञ्चालन गरी साधारण शिक्षाको सुरुआत गरेका थिए, जुन आज अनिरुद्र पब्लिक माध्यमिक विद्यालयको रूपमा बैदौलिया सञ्चालित छ ।[७७] यसरी शिक्षाको महत्त्व बुझ्दै गरेका जनताको चाहना र २००७ सालको प्रजातन्त्रको अभ्युदयपश्चात् यस जिल्लामा केही प्राथमिक विद्यालयको स्थापना सुरु भयो । यस जिल्लामा वि.सं. १९७८ मा शिवालयबाट सुरु भएको संस्कृत पाठशालाबाट औपचारिक शिक्षाको थालनी भएको भए तापनि शिक्षा क्षेत्रमा अग्रसर गराउन श्रीराम पुस्तकालय (१९७२), पशुप्रताप पुस्तकालय ( १९९३) नवयुवक सङ्घः तौलिहवा (२००४) प्रमोद गृह तौलिहवा (२००३), आदि संस्थाहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।[७८] यी संस्थाहरूमा पनि पशुप्रताप पुस्तकालयको योगदान अत्यन्त महत्त्वपूर्ण रहेको छ । यसै पुस्तकालयमा अहिले पनि थुप्रै पुस्तकहरू रहेका छन् र यस जिल्लाका तमाम व्यक्तिहरू यस पुस्तकालयमा गएर अध्ययन गर्दै शिक्षा आर्जन गरेका छन् । यसैगरी यस जिल्लामा हाल आएर कपिलवस्तु जिल्लाको बुड्डी गा.वि.स. मा जन्मिएर हाल अमेरिकाको कोलोराडो विश्वविद्यालयमा विद्यावारिधिको अध्ययन गरिरहनु भएका होमराज आचार्यबाट थालिएको घरघरमा किताब अभियानले पनि यस जिल्लाका ६

---

[७४] **गोपाल बहादुर सिंह (उप.प्रा.क.व. क्याम्पस) ले २०५९ माघ ७ गते दिएको जानकारी ।**

[७५] **बलराज पौड्याल, क.व. जिल्लाको छोटो शैक्षिक चिनारी, शान्तिदूत २०५७, पृष्ठ ६३ ।**

[७६] **ऐजन ।**

[७७] **भवेश्वर पंगेनी, पूर्ववत्, पृष्ठ १२२-१४८ ।**

[७८] **जिल्ला शिक्षा कार्यालय कपिलवस्तुले २०५९ माघ ५ गते शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

वटा गा.वि.स. मा राम्रो प्रभाव पारेको छ । यसबाट पनि यस जिल्लाको शैक्षिक विकासमा राम्रो टेवा पुगेको छ ।

वि.सं. २०१५ सालभन्दा अगाडि सीमित मात्रामा विद्यालयको स्थापना भएको यस जिल्लामा त्यसपछि तीव्रतर रूपमा शैक्षिक विकास हुँदै गएको छ । अहिले आएर यस जिल्लामा कपिलवस्तु बहुमुखी क्याम्पस (२०३७), सिद्धार्थ क्याम्पस (२०४७) जस्ता दुई प्राइभेट क्याम्पस रहेका छन् । यी क्याम्पसमा स्नातक र स्नातकोत्तर तहसम्मको पढाइ सञ्चालन हुन्छ । यसैगरी १७ वटा उच्च मा.वि., ४७ मा.वि., ३६ नि.मा.वि. र २५४ प्रा.वि. विद्यालयहरू रहेका छन् । यस जिल्लामा रहेका कपिलवस्तु बहुमुखी क्याम्पसमा मानविकी र व्यवस्थापन सङ्कायमा अध्यापन हुन्छ भने सिद्धार्थ क्याम्पसमा शिक्षाशास्त्र, मानविकी सङ्कायमा अध्यापन हुन्छ ।

समग्रमा कपिलवस्तुको शैक्षिक स्थिति १९७२ सालदेखि जागरण हुँदै वि.सं. १९७८ पछि विद्यालयको स्थापना र पठनपाठनबाट अगाडि बढेको देखिन्छ । हाल यस जिल्लामा कूल जनसङ्ख्याको ३३.८१ प्रतिशत मानिसहरू साक्षर रहेका छन् ।

## २.१५ भाषाभाषिकाको अवस्था

कपिलवस्तु जिल्लामा नेपाली मूलका भाषाभाषीहरू धेरै पछाडि आएर मात्र बसोबास गरेका हुन् । यस जिल्लाको सबभन्दा प्राचीन बासिन्दा शाक्यवंश थियो तर कालान्तरमा आएर शाक्यहरूको सामुहिक हत्याका कारण हाल आएर यस जिल्लामा शाक्यवंशीहरूलाई भेटाउन सकिँदैन ।उनीहरु यस जिल्लाबाट भागेर अन्य ठाउँमा बसाइँसराइँ गरेको अनुमान गरिन्छ । हाल आएर यस जिल्लामा थारू, मुलसमान, अवधी, भोजपुरी, नेपाली, नेवारी, भाषाभाषीहरू बसोबास गर्दै आएका भए तापनि यस जिल्लाका आदिवासीका थारू, मुसलमान तथा भोजपुरी भाषाभाषीहरू रहेको पाइन्छ ।

कपिलवस्तु जिल्लामा मूलतः पश्चिमाञ्चलका पहाडी जिल्लाका नेपाली बासिन्दाहरू बसाइँसराइँ गरी आएका हुँदा यस जिल्लामा बोलिने प्रमुख भाषिका पर्वती भाषिका हो । अर्थात् यस जिल्लामा नेपाली भाषाका पाँच भाषिकामध्ये पर्वती भाषिका नै प्रमुख बोलचालको भाषा रहेको छ । यो जिल्लामा बोलिने भाषिका समयावधिका आधारमा त्यति

पुरानो नभएको हुँदा यस जिल्लाभित्र बोलिने यस भाषिकामा भेद तथा उपभेदहरू त्यति नपाइने भए तापनि नेपालको राष्ट्र भाषा र यहाँ बोलिने पर्वती भाषिकाका शब्दहरूबीच भेद पाइन्छ । कपिलवस्तु जिल्लामा नेपाली भाषाका अतिरिक्त अन्य भाषा मगर, नेवारी मुसलमान आीद भाषा भएपनि ती भाषाभाषीको सङ्ख्या न्यून रहेको छ । ती जातिहरूको व्यवहारिक भाषा नेपाली भाषा नै रहेको छ ।

## २.१६ निष्कर्ष

शाक्यवंशीय राजा शुद्धोधनको राजधानीका रूपमा रहेको खजहनी जिल्ला वि.सं. २०१९ मा नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरेपछि लुम्बिनी अञ्चल कपिलवस्तु जिल्लाका नाउँबाट प्रख्यात भयो । यस जिल्लाको नाउँ साङ्ख्यदर्शनका प्रणेता कपिलमुनिको नाउँसँग सम्बन्धित रहेको छ । नेपाल अधिराज्यको मध्य दक्षिण भागमा अवस्थित यो जिल्ला प्राचीन कालदेखि आवादी क्षेत्रको रूपमा रहेको छ ।

अति प्राचीनकालदेखि प्रख्यात यस कपिलवस्तु जिल्लामा बुद्धकालीन समयमा शाक्यवंशी राजा शुद्धोधनको दरबार बनेको थियो । यी ऐतिहासिक स्थल अहिले केवल भग्नावशेषका रूपमा रहेका छन् । यी ऐतिहासिक स्थलको साथै सम्राट् अशोकले स्थापना गरेका स्तम्भहरूको उचित संरक्षण गर्न सकेमा तीर्थयात्रीहरू र पर्यटकहरूबाट हुने आम्दानीले यस जिल्लाको आर्थिक स्थितिमा सहयोग पुग्न सक्ने देखिन्छ । यो जिल्ला ऐतिहासिक तथा पुरातात्विक दृष्टिकोणले निकै महत्त्वपूर्ण रहेको छ । यस जिल्लामा पूर्व-पश्चिम महेन्द्र राजमार्गको स्थापना र औलो रोगको उन्मूलन भएपश्चात् बसाइँसराइँ गरेर आउने मानिसहरूको सङ्ख्या दिनानुदिन बढ्दै गइरहेको छ ।

भू-बनोटका आधारमा हेर्दा यो जिल्लाको अधिकांश भाग तराईको समथर भूमिमा रहेको छ । यस भागलाई उत्तरको भावर प्रदेश र दक्षिणको समथर भूमि गरी २ भागमा बाँडिएको छ । कपिलवस्तु जिल्लाको अधिकांश भू-भाग जङ्गलले ढाकेको छ । पूर्वमा रूपन्देही, पश्चिममा दाङ जिल्लासँग जोडिएर रहेको यो कपिलवस्तु जिल्लाको भू-भाग मध्यभागको भावर प्रदेश र दक्षिणको समथर भूमिले बनेको छ । यस जिल्लामा बसाइँसराइँमा तीव्रगतिमा वृद्धि भैरहेको कारण जनसङ्ख्यामा तीब्र वृद्धि, शिक्षा, स्वास्थ्य आदि क्षेत्रमा विकास हुन थालेको देखिन्छ । गर्मीमा अति गर्मी र जाडोमा अति जाडो पनि

हुने विषम खालको हावापानी भएको यस जिल्लामा जङ्गलमा विभिन्न वनस्पति तथा जडिबुटीहरू पाइन्छन् । यस जिल्लाका नदीनालाहरू महाभारत र चुरे शृङ्खलाबाट सुरु भएर दक्षिणतर्फ बग्दछन् र यहाँका नदीनालामा वर्षा याममा पानीको प्रवाह बढी हुन्छ भने हिउँदमा कम हुन्छ ।

अन्तरिम संविधान २०६३ ले यस जिल्लालाई पाँचवटा निर्वाचन क्षेत्रमा विभाजन गरेको छ । यस जिल्लामा एक नगरपालिका र ७७ गा.वि.स. छन् । यी गा.वि.स. लाई १५ इलाकामा विभाजन गरिएको छ । यस जिल्लाको सदरमुकाम तौलिहवा हो । यस जिल्लाका प्रमुख सहरअन्तर्गत तौलिहवा र कृष्णनगर रहेका छन् । यी सहरमा कपिलवस्तुका अन्य क्षेत्रमा भन्दा व्यापारिक, औद्योगिक यातायात र स्वास्थ्य गतिविधि राम्रो रहेको पाइन्छ ।

यस जिल्लामा बसोबास गर्ने मानिसहरूमा विभिन्न जातिका छन् । जातिगत विविधताको साथमा भाषा र धर्ममा पनि विभिन्नता पाइन्छ । यसरी जाति, भाषा र धर्मगत विविधताको प्रभाव यहाँको सामाजिक जीवनमा परेको पाइन्छ । यहाँको सामाजिक जनजीवनमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्रीय रीतिरिवाजका साथै भारतसँगको सीमावर्ती जिल्ला भएकाले भारतीय संस्कृतिले पनि ठूलो प्रभाव पारेको छ ।

प्राचीन समयदेखि व्यापारिक तथा कृषि पेसामा परिचित यस जिल्लाका बासिन्दाहरू कृषि, व्यापार, उद्योग श्रमिक आदि पेसामा संलग्न रहेर आर्थिक विकासमा जुटिरहेका छन् भने पर्यटकहरूको आगमनले पनि यस जिल्लाको आम्दानीको स्रोत केही बढेको छ । यहाँको शैक्षिक विकास वि.सं. १९७२ सालमा स्थापना श्रीराम पुस्तकालयबाट र औपचारि

क पठनपाठनको थालनी वि.सं. १९७८ सालमा शिवालय मन्दिरबाट थालनी गरिएको संस्कृत शिक्षालयबाट भएको हो र २०१५ सालपछि यस जिल्लाको शैक्षिक विकास तीव्र गतिमा अगाडि बढिरहेको छ ।

समग्रमा कपिलवस्तु जिल्लाको पहाडको फेँदीमा रहेको तराईको समथर भूमिमा फैलिएको एक रमणीय जिल्ला हो । यो जिल्ला जाति, धर्म, भाषा, भेषभुषा, संस्कृति अनि संस्कारको सङ्गम स्थल बनेको छ । त्यसैगरी यस जिल्लामा यातायात, सञ्चार, व्यापार, उद्योग, स्वास्थ्य, शिक्षा आदि क्षेत्रमा दिनानुदिन विकास हुँदै गइरहेको छ । यस जिल्लामा

रहेको ऐतिहासिक स्थल तिलौराकोटले यस जिल्लालाई सधै विश्वको सामु चिनाइराखेको छ र यही स्थानले प्रत्येक नेपालीलाई शान्तिका प्रतीकको रूपमा उभ्याएको छ ।

# तेस्रो परिच्छेद

# कपिलवस्तुका सङ्घसंस्थाको योगदान

## ३. परिचय

कपिलवस्तु जिल्लामा विभिन्न प्रकारका सङ्घसंस्थाहरू रहेका छन् । यी संस्थाहरूले प्रत्यक्ष होस् वा अप्रत्यक्ष रूपमा साहित्यिक प्रतिभाहरूलाई अगाडि बढ्नको लागि प्रेरणाको स्रोतको रूपमा काम गरिरहेका छन् ।

साहित्य समाजको ऐना हो भने साहित्यिक सङ्घ-संस्था साहित्यिक प्रतिभाहरूलाई बाटो देखाइदिने, प्रेरणा दिने, साहित्यिक खुराक दिने र भाषासाहित्यको विकास गर्ने माध्यम हुन् । यस जिल्लामा भएका साहित्यिक समूहहरूले नेपाली प्रतिभाहरूका रचनाहरूलाई प्रकाशित गर्ने, साहित्यिक गोष्ठी गर्ने, साहित्यिक प्रतिभाहरूलाई प्रेरणा दिनेजस्ता कार्यहरू गर्दै कुनैकुनै आफ्नो स्थापनाकालदेखि हालसम्म निरन्तर रूपमा अघि बढिरहेका छन् भने कुनै संरक्षणको अभावले गर्दा त्यत्तिकै सेलाउँदै गएका छन् । तल तिनै साहित्यिक समूहहरूको वर्णानुक्रमका आधारमा चर्चा गरिएको छः

## ३.१. कपिलवस्तुका साहित्यिक समूहहरू

कपिलवस्तु जिल्लाको साहित्यलाई उठाउन भनेर स्थापना गरिएका साहित्यिक समूहहरूको चर्चा तल गरिएको छ :

### ३.१.१. एम्स सांस्कृतिक समूह (२०६१)

एम्स सांस्कृतिक समूहको गठन वि.सं. २०६१ सालमा भएको हो । यस सांस्कृतिक समूहका अध्यक्ष गणेश श्रीवास्तव हुन् । कपिलवस्तु जिल्ला प्रशासन कार्यालयमा दर्ता भइसकेको यस समूहको दर्ता नं. ३९९/०६१ हो । जिल्लाभित्रको लोकसंस्कृति जगेर्ना गर्ने उद्देश्यले स्थापित यस समूहले समय-समयमा स्थानीय प्रतिभाहरूका बीच नेपाली तथा हिन्दी भाषामा लोक दोहोरी गीत प्रतियोगिता राख्दै आएको छ ।[१] जिल्ला भित्रको विद्यालयमा अध्ययनरत छात्र-छात्राहरूलाई राष्ट्रियताको भावना जागरण गराउँदै आएको यस समूहले आउने दिनमा कालिका स्वावलम्बन विकास केन्द्रको समन्वयमा प्रभावकारी कार्यक्रम सञ्चालन गर्ने सोंच राखेको छ । हाल यो संस्था समूहका सचिव अरूण श्रीवास्तवको घरमा रहेको छ ।

### ३.१.२ कपिलवस्तु सांस्कृतिक समूह (२०५५)

यस संस्थाको स्थापना वि.सं. २०५५ सालमा भएको हो । राजेश ज्ञवाली, गोपाल भण्डारी, साहस शर्मा आदिको सक्रियतामा यो संस्था गठन गरिएको हो । जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा दर्ता भएको यस संस्थाको दर्ता नं. १५५/०५५/०५६ रहेको छ । जिल्लाभित्रको लोकसंस्कृति जगेर्ना गर्ने तथा साहित्यिक गतिविधिलाई अगाडि बढाउने उद्देश्यले स्थापित भएको यस संस्थाले जिल्लास्तरीय लोकगीत प्रतियोगिता सम्पन्न गरेको छ ।[२] आर्थिक समस्याका कारण यस संस्थाले सोचेअनुरूप आफ्ना कार्यक्रमहरू सञ्चालन गर्न सकिरहेको छैन ।[३] हाल यो संस्था निष्क्रिय रहेको छ ।

### ३.१.३ कर्मचारी मिलन केन्द्र (२०५७)

---

[१] **एम्स सांस्कृतिक समूहका सचिव अरूण श्रीवास्तवले २०६२ साल पुष १७ गते शोधार्थीलाई दिएको मौखिक जानकारी अनुसार**

[२] **कपिलवस्तु सांस्कृतिक समूहका अध्यक्ष राजेश ज्ञवालीले २०६२ साल पुष १८ गते शोधार्थीलाई दिएको जानकारी अनुसार।**

[३] **ऐजन**

राष्ट्र सेवाको पवित्र भावना मनमा सँगालेर आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा यस जिल्लाभित्र स्थायी रूपमा बसोबास गर्दै आएका तथा अधिराज्यका विभिन्न स्थानबाट आएका कर्मचारीहरूको साझा चौतारीको रूपमा वि.सं. २०५७ सालमा यो संस्थाको जन्म कपिलवस्तुको सदरमुकाम तौलिहवामा भएको हो । जिल्लाभित्र कार्यरत कर्मचारीबीच समन्वय कायम गरी आपसी हित, मेलमिलाप, सहयोग र समझदारी वृद्धि गर्ने मूल उद्देश्य राखी स्थापना भएको यो संस्थाले जिल्लाभित्रको सांस्कृतिक पक्षको विकास गर्न सहकारी भावनालाई अँगाल्दै सामाजिक एवं परोपकारी तथा शारीरिक गतिविधिलाई अगाडि बढाउने दोस्रो उद्देश्य राखेको छ ।[४] यस संस्थाले विभिन्न अवसरमा जिल्लास्तरका भेला, सम्मेलन र साहित्यिक गोष्ठीहरू सम्पन्न गर्दै आएको छ । यस क्रममा वि.सं. २०५७ पौष २७ गते राष्ट्रिय एकता दिवसको अवसरमा विभिन्न कार्यालयका बीचमा जिल्लाव्यापी हाजिरीजवाफ प्रतियोगिता, २०५७ साल फाल्गुण ७ गते राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा जिल्लाव्यापी खुल्ला कविता प्रतियोगिता, २०५८ साल फागुन ७ गते प्रजातन्त्र दिवसको अवसरमा कपिलवस्तु नगरपालिका क्षेत्रभित्रका शैक्षिक प्रतिष्ठानबीच हाजिरीजवाफ प्रतियोगिता, जिल्ला स्तरीय कविता प्रतियोगिता जस्ता थुप्रै कार्यक्रम सम्पन्न गरी प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने प्रतियोगीलाई पुरस्कार प्रदान गर्दै आएको छ ।[५] जिल्ला भित्रका साहित्यिक प्रतिभाहरूलाई साहित्य लेखनमा आकृष्ट गर्न यो संस्थाले वि.सं. २०५७ सालदेखि वार्षिक मुखपत्रको रूपमा 'शान्तिदूत' पत्रिका प्रकाशन गर्न थालेको छ । अहिले यस पत्रिकाका ६ अङ्कहरू प्रकाशित भैसकेका छन् । जिल्ला प्रशासन कार्यालय तौलिहवाको हाताभित्र यस संस्थाको आफ्नो छुट्टै एउटा भवन पनि रहेको छ ।

## ३.१.४ गौतम टिमः तौलिहवा (२००४)

गौतम टिमः तौलिहवाको गठन वि.सं. २००४ सालमा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा भएको हो । मृगेन्द्रसिंह श्रेष्ठ, के.वी. ज्ञवाली, भोलानाथ शर्मा, शेरबहादुर श्रेष्ठ, रामनारायण श्रेष्ठ, धर्मबहादुर श्रेष्ठ, टेकबहादुर पन्थी आदि यस टिमका संस्थापक सदस्यहरू थिए । भर्खर-भर्खर बर्माबाट आएका युवा खेलाडी गिरिबहादुर

---

[४] **गिरीराज ज्ञवाली कर्मचारी मिलनकेन्द्र कपिलवस्तुका गतिविधिहरू, शान्तिदूत,** (वार्षिक) **वर्ष ५ अङ्क ३, २०५९ पृ. ७८ ।**

[५] **भीम शर्मा, कर्मचारी मिलनकेन्द्र कपिलवस्तुका गतिविधिहरू, शान्तिदूत,** (वार्षिक) **वर्ष ४, अङ्क २, २०५८ पृ. ८१**

ज्ञवालीको सक्रियता र संयोजकत्वमा गौतम टिम गठन भएको थियो ।[६] प्रमोद गृह एवम् नवयुवकसङ्घ जस्ता संस्थाले पढ्न लेख्न त्यति रुचि नराख्ने युवाहरूलाई समेट्न सकेको थिएन । त्यसैले खेलकुदको माध्यमबाट यी सर्वसाधारण युवाहरूलाई समेट्दै नवयुवक सङ्घमा संलग्न गराउने र उनीहरूमा शैक्षिक, राजनैतिक तथा साहित्यिक चेतनाको विकास गराउने उद्देश्य यस संस्थाले राखेको थियो । यस टिमको स्थापनाले एकातिर यहाँका युवाहरूलाई साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा प्रेरणा मिलेको थियो भने अर्कोतिर खेल मैदानमा हाकिम, कर्मचारी, साहू, महाजन एवम् सर्वसाधारण जनताका छोराहरू एक भएर फुटवल खेल्ने हुँदा यिनीहरूका बीचको भेदभावको दूरी साँघुरिदै गएको थियो । यसरी सामाजिक दृष्टिले पनि यो संस्थाले उपलब्धिपूर्ण काम गर्दै आएको थियो । तर तत्कालीन राजनैतिक परिस्थितिका कारण यो संस्थाले आफ्नो सोंचाइलाई पूर्णता दिन सकेन । यो त्यत्तिकै बन्द हुनुपऱ्यो ।

### ३.१.५ कपिलवस्तु साहित्यिक समाज (२०५०)

कपिलवस्तु साहित्यिक समाज (२०५०) साहित्यिक क्षेत्रमा अत्यधिक क्रियाशील र चर्चित समूह हो । भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण गर्ने र साहित्यिक प्रतिभाहरूको क्षमता प्रष्फुटन गराउने मूल उद्देश्य राखी कपिलवस्तुका भाषासाहित्यप्रेमी व्यक्तित्वहरूको अथक प्रयासमा यो संस्था स्थापना भएको हो । वि.सं. २०५० सालमा कपिलवस्तु साहित्यिक समाजको नाममा दर्ता भएको यो संस्थालाई २०५४/९/१७ मा पुनर्गठन गरी नव कपिलवस्तु साहित्यिक समाजमा नामन्तरण गराइएको छ । यसको दर्ता नं. ०३८/०५०/०५१ हो । यो साहित्यिक समाजको स्थापनाको लागि कवि दैवज्ञराज न्यौपाने तथा अर्का साहित्यिक व्यक्तित्व लाटो साथी (विष्णुराज आत्रेय) ले प्रेरणा दिएका थिए ।[७] यस संस्थाका संस्थापक अध्यक्ष हरिराज शर्मा हुन् भने संरक्षकमा विष्णुराज आत्रेय ( लाटो साथी) रहेका छन् । यो साझा चौतारीमा सबै जम्मा भई सबैको सहयोग प्राप्त भएमा भिक्षुको सपना साकार पार्न सकिन्छ ।[८] यस संस्थाले नियमित कार्यक्रमको रूपमा २०५४ चैत्र १ गतेदेखि हरेक महिनाको पहिलो शनिबार साहित्यिक गोष्ठी सञ्चालन गराउँदै आएको

[६] भवेश्वर पंगेनी, **पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन**, पूर्ववत्, पृष्ठ १४८ ।

[७] मधुप, कपिलवस्तु साहित्यिक समाज-एक परिचय, **शान्तिदूत**, (वार्षिक) वर्ष-४ अङ्क-२ २०५८, पृष्ठ ७५ ।

[८] कसांसका अध्यक्ष हरिराज शर्माले शोधार्थीलाई २०६२ पुष २८ गते दिएको मौखिक जानकारी अनुसार ।

छ । यस कार्यक्रममा बालप्रतिभा, नवप्रतिभाहरू र स्थापित कलाकार तथा भाषासाहित्यप्रेमीहरूको जमघट हुन्छ । सुरु-सुरुमा कपिलवस्तु बहुमुखी क्याम्पसमा आयोजना हुने शनिबारे साहित्यिक गोष्ठी हाल शोभादेवी भोलानाथ ट्रस्टमा आयोजना गरिन्छ । त्यसैगरी लुम्बिनी अञ्चलका साहित्यिक प्रतिभाहरूलाई प्रोत्साहन र सम्मान गर्ने उद्देश्यले यस समाजले प्रत्येक दुई-दुई वर्षमा वितरण गर्ने गरी वि.सं. २०५२ सालमा भिक्षु पुरस्कार स्थापना गरेको छ । कपिलवस्तु साहित्यिक समाज र रूपक स्मृति प्रतिष्ठानबीच भएको सम्झौताअनुसार पुरस्कार राशी रू. ५०००।- र व्यवस्थापन पक्षको लागि रू. ५०००।- गरी रू. १००००।- रूपक स्मृति प्रतिष्ठानले सहयोग गरिरहेको छ । वि.सं. २०५७ सालसम्म रू. ५०००।- पुरस्कार राशी रहेकोमा वि.सं. २०५९ सालदेखि यस साहित्यिक समाजले प्रदान गर्ने पुरस्कार राशीमा वृद्धि गरी ११,१११ पुराइएको छ ।[९] हालसम्म यस संस्थाले लुम्बिनी अञ्चलभित्रका साहित्यकार मोदनाथ प्रश्रित, कुलमणि देवकोटा, विष्णुराज आत्रेय (लाटो साथी), मोदनाथ शास्त्री आदि प्रतिभाहरूलाई माथि उल्लेख भएअनुसारको रकम प्रदान गर्दै ताम्रपत्र तथा दोसल्ला ओढाइ सम्मान गरेको छ । विभिन्न साहित्यकारहरूको जन्मजयन्ती तथा विविध उपलक्ष्य र सन्दर्भ पारेर यस समाजले प्रतियोगितात्मक तथा सहभागितात्मक साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्ने परम्पराको थालनी समेत यस संस्थाले गरेको छ । 'कवितामा लाटो साथी' (कवितासङ्ग्रह), 'भेटेका पुस्तक टिपेका कुरा' (समीक्षँ) 'अथातो जलान जिज्ञासा' (हास्यव्यङ्ग्य निबन्ध) जस्ता पुस्ताकाकार कृति यस संस्थाले प्रकाशित गरेको छ । यस समाजलाई अग्रगतिमा लैजान हाल समाजका अध्यक्ष हरिराज शर्मा आफ्नो साहित्यिक यात्राका दुई खण्डकाव्य (कल्पना र ज्योत्स्ना) लिएर सक्रियताका साथ जुटिरहनुभएको छ । यसैगरी यस संस्थाको उन्नतिका लागि विशेष योगदान पुऱ्याउनेहरूमा विष्णुराज आत्रेय, नारायण पौडेल, ढुण्डिराज अर्याल, फणिनारायण सिग्देल, भक्तिराज पन्थी, रुद्र ज्ञवाली, तेजकुमार बौद्धाचार्य मुख्य हुनुहुन्छ । आफ्नै भवन निर्माणको लागि जग्गाको खोजी तथा पुरस्कारको अक्षयकोषका लागि दाताहरूको माया, मुखपत्र प्रकाशनको लागि सक्रिय व्यक्तित्वहरूको खोजीका साथै संस्थालाई अझ गति दिने व्यक्तित्वहरू खोज्दै कसासले आफ्ना उज्याला दिनहरूको आशा राखेको छ ।

[९] **ऐजन ।**

### ३.१.६ नवयुवक सङ्घः तौलिहवा (२००३)

वि.सं. २००३ सालमा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा बजारमा भोलानाथ शर्माको सक्रियतामा यो सङ्घ गठन भएको थियो । युवा वर्गको चरित्र निर्माण गरी सामाजिक एवम् शैक्षिक विकास गर्नु यस संस्थाको मुख्य उद्देश्य थियो ।[10] राणा प्रधानमन्त्री पद्‌मशमशेरले घोषणा गरेको वैधानिक कानुनले दिएको अधिकारका परिधिमा रही कानुनकै छात्र शम्भुप्रसाद ज्ञवालीको सल्लाह एवम् सहयोगबाट त्यतिबेला युवक सङ्गठनको विधानसमेत निर्माण भएको थियो । विधानतः यो सङ्गठन शुद्ध सामाजिक एवम् शैक्षिक चरित्रको रहे पनि आन्तरिक उद्देश्य भने युवाशक्तिलाई एकीकृत गरी शैक्षिक एवम् राजनैतिक रूपमा सचेत बनाउनु थियो । यसप्रकार आवश्यक विधान समेत तयार पारेपछि भोलानाथ शर्मा, मृगेन्द्रसिंह श्रेष्ठ, शेरबहादुर श्रेष्ठ, तेजकुमार बौद्धाचार्य, धर्मबहादुर श्रेष्ठ, गिरिबहादुर ज्ञवाली, के.बी. ज्ञवाली, टेकबहादुर पन्थीलगायतका अन्य ४०-५० जना युवाहरू तौलिहवा बजारअन्तर्गत पर्ने ‘बाबाको बगैँचा’ मा अधिवेशनको लागि जम्मा भएका थिए । ‘नवयुवक सङ्घ’ को प्रथम अधिवेशनको उद्‌घाटन गर्ने क्रममा त्यतिबेला साहित्यिक क्षेत्रमा अभिरुचि राख्ने भोलानाथ शर्माले रविन्द्रनाथ टैगोरको बङ्गाली भाषामा रचित ‘जय होक, जय होक नव अरूणोदय अषगत संशय’ रचनाको सामूहिक प्रार्थना गराएका थिए ।[11] यसबाट कपिलवस्तुका युवाहरूमा भाषासाहित्यको विकासमा लाग्ने प्रेरणा प्राप्त भएको थियो । नवयुवक सङ्घका यसप्रकारका कार्य अगाडि बढाउने क्रममा तत्कालीन समयमा यस संस्थालाई ठूलो समस्या परेको थियो । शिक्षाको चेतना जाग्यो भने जनताहरू राणा सरकारको विरोधमा सरिक होलान् भन्ने डरले राणा सरकारले तत्कालै शेरबहादुर श्रेष्ठलगायतका अन्य केही युवाहरूलाई पक्राउ गरी यातना दियो । प्रशासनले जतिसुकै बन्देज लगाए पनि कपिलवस्तुका ती नवयुवाहरू गुप्तरूपमा ‘नवयुवक सङ्घ’ गठन गरी आफ्नो उद्देश्यअनुरूप काम गरिरहे ।[12] यसरी भोलानाथ शर्मालगायतका केही युवाहरूले छरिएर रहेको युवा शक्तिलाई एकत्रित गरी देशको भाषा- साहित्य, संस्कृति जोगाउने काममा प्रेरणा दिनाका अतिरिक्त राजनैतिक रूपमा सचेत बनाइरहेका थिए । यिनै कारणले

---

[10] **भवेश्वर पंगेनी, पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन २००७, पूर्ववत्, पृ. १४४ ।**

[11] **ऐजन ।**

[12] **ऐजन, पृष्ठ १४५ ।**

यहाँको साहित्यिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउने संस्था अन्तर्गत 'नवयुवक सङ्घ' लाई लिइएको हो । हाल यो संस्था बन्द छ ।

### ३.१.७ नेपाल पत्रकार महासङ्घः कपिलवस्तु (२०५९)

नेपाल पत्रकार महासङ्घ कपिलवस्तुको स्थापना पत्रकार नारायणप्रसाद पौडेलको संयोजकत्वमा वि.सं. २०५८ सालमा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा भएको हो । यसको मुख्य उद्देश्य कपिलवस्तु जिल्लाभित्रका विभिन्न गतिविधिहरूलाई समेटेर समाचारमूलक पत्र पत्रिकाहरू प्रकाशन गर्ने, जिल्लाको लोकसंस्कृतिलाई जगेर्ना गर्दै यहाँका युवाहरूलाई साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा दिनका साथै यहाँका प्रतिभाहरूको अन्तर्निहित क्षमतालाई प्रष्फुटन गराउन सहयोग पुऱ्याउने रहेको छ । नारायण पौडेलको अध्यक्षतामा २६ सदस्यीय कार्यकारिणी समिति गठन भएको यस महासङ्घले स्थानीय समाचार सम्प्रेषण गर्नाका अतिरिक्त जिल्लाका समसामयिक गतिविधिमा लेख प्रकाशन गर्दै आएको छ ।[१३]

### ३.१.८ बहुजातीय सांस्कृतिक परिवार (२०५७)

नेपालमा रहेका विभिन्न जातजातिहरूको लोक संस्कृतिको संरक्षणबाट संवर्द्धन गर्ने उद्देश्यले वि.सं. २०५७ सालमा कपिलवस्तु जिल्लाको गजेहडा-७ सिद्धिपुरमा बहुजातीय सांस्कृतिक परिवार गठन भएको हो । जिल्ला प्रशासन कार्यालयमा दर्ता भैसकेको यस संस्थाको दर्ता नं. ४१८/०६२/६३ रहेको छ । संस्थाका अध्यक्ष केशवबहादुर आलेको अध्यक्षतामा ११ सदस्यीय कार्यकारिणी समिति गठन भएको यस संस्थाले राष्ट्रिय तथा स्थानीय स्तरमा आयोजित विभिन्न कार्यक्रममा सहभागी भई उत्कृष्ट स्थान प्राप्त गरेको छ । यस क्रममा वि.सं. २०६१ सालमा राष्ट्रिय एकता दिवस तथा पृथ्वी जयन्तीको अवसरमा काठमाडौंमा आयोजित कार्यक्रममा झाँकी ऱ्याली प्रदर्शन गर्नाका साथै बुद्धचरित्र नृत्य प्रदर्शन गरेको थियो । २०६२ साल ज्येष्ठ महिनामा पोखराको दीपेन्द्र सभागृहमा आयोजित पश्चिमाञ्चल क्षेत्रीय लोकसांस्कृतिक प्रतियोगितामा भाग लिई यसले चौथो स्थान प्राप्त गरेको छ ।[१४] २०६१ सालको दोस्रो बौद्ध शिखर सम्मेलनका अवसरमा लुम्बिनीमा बौद्ध

---

[१३] पत्रकार महासङ्घ कपिलवस्तुका अध्यक्ष नारायणप्रसाद पौडेलले २०६२ साल पुष २३ गते तौलिहवामा शोधार्थीलाई दिएको जानकारी अनुसार ।

[१४] बहुजातीय सांस्कृतिक समूहका अध्यक्ष केशवबहादुर आलेले मिति २०६२ माघ २ गते शोधार्थीलाई दिएको जानकारी अनुसार

संस्कृति सम्बन्धी नृत्यहरू प्रस्तुत गरेको छ भने जिल्लाभित्र समयसमयमा सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्दै यहाँका युवाहरूलाई आफ्नो भाषासाहित्य र संस्कृतिको संरक्षण र त्यसको विकासमा लाग्ने प्रेरणा दिँदै आएको छ । मूलतः समाजमा पाइने धार्मिक भेदभावका कारण दलित तथा जनजाति वर्ग पछाडि पर्नु परेको हुँदा ती दलित तथा जनजाति वर्गका व्यक्तिहरूलाई अन्य वर्गहरू सरहको अवसर प्रदान गर्ने खालका सडक नाटकहरू देखाउँदै आएको छ ।[१५] हाल यो संस्था आफ्नो उद्देश्य पूरा गर्ने कार्यमा निरन्तर जुटिरहेको छ ।

### ३.१.९ बाणगङ्गा साहित्यिक प्रतिष्ठान (२०६१)

कपिलवस्तु जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको ‘बाणगङ्गा साहित्यिक प्रतिष्ठान’ को स्थापना वि.सं. २०६१ सालमा मोतीपुर-६ लौगाईमा भएको हो । हाल यसको कार्यालय बाणगङ्गा उच्च मा.वि. मा रहेको छ । उच्च मा.वि. का प्राचार्य कुलराज पौडेलको अध्यक्षतामा ११ सदस्यीय कार्यकारिणी समितिको गठन यस संस्थाले गरेको छ । कपिलवस्तु जिल्लामा यत्रतत्र छरिएर रहेका साहित्यिक प्रतिभाहरूलाई एकत्रित गरी साहित्यिक सिर्जना उजागर गर्ने र नवप्रतिभाहरूमा अन्तर्निहित प्रतिभालाई प्रष्फुटित गर्ने उद्देश्य यस संस्थाको रहेको छ । यसका साथै साहित्यिक दृष्टिबाट कपिलवस्तुलाई बाहिरी क्षेत्रहरूसँग परिचित गराउने एवम् दोहोरो साहित्यिक सञ्चार गर्ने मूल लक्ष्य लिएर बाणगङ्गा साहित्यिक प्रतिष्ठान बामे सरिरहेको छ । आफ्नो उद्देश्य सफल पार्ने क्रममा निरन्तर जुटिरहेको यस संस्थाले विभिन्न अवसर पारी थुप्रै कार्यक्रम सञ्चालन गरिसकेको छ । यस क्रममा मोती जयन्तीको अवसरमा अन्तर मा.वि. स्तरीय खुला कविता प्रतियोगिता र प्रतिभा सम्मान कार्यक्रम सम्पन्न गरेको छ । प्रतिभा सम्मान गर्ने क्रममा कपिलवस्तु जिल्लामा बसी ‘कल्पना’ र ‘ज्योत्स्ना’ जस्ता दुई दुई वटा खण्डकाव्य रचना गर्ने साहित्यिक प्रतिभा हरिराज शर्मा र ‘मर्मपुराण’’ खण्डकाव्यका रचनाकार नित्यानन्द पाण्डेलाई सम्मान गरिएको थियो ।[१६] साहित्यिक लेख रचना, पत्र-पत्रिका, प्रतिष्ठानको मुखपत्र तथा अन्य पुस्तक प्रकाशन गर्ने उद्देश्य अनुरूप हाल यो संस्थाले ‘साहित्यसुधा’ शीर्षकको मुखपत्र प्रकाशन गरिसकेको छ ।

---

[१५] **ऐजन ।**

[१६] **बाणगङ्गा साहित्यिक प्रतिष्ठानका अध्यक्ष कुलराज पौडेलले वि.सं. २०६२ साल माघ ४ गते शोधार्थीलाई दिएको मौखिक जानकारी अनुसार ।**

### ३.१.१० लुम्बिनी कपिलवस्तु बचाऔं अभियान (२०५३)

लुम्बिनी अञ्चलका तीन जिल्ला कपिलवस्तु, रूपन्देही, नवलपरासीमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पुरातात्विक र पर्यटकीय क्षेत्रको सर्वाङ्गीण विकास गर्ने, प्रचार प्रसार गर्ने र प्राकृतिक सम्पदाको संरक्षण गर्ने उद्देश्यले लुम्बिनी कपिलवस्तु बचाऔँ अभियान नामक यो संस्था वि.सं. २०५३ सालमा स्थापना भएको हो । नारायण पौडेलको अध्यक्षतामा स्थापना भएको यो संस्थाको कार्यालय कपिलवस्तुको जिल्ला सदरमुकाम तौलिहवामा रहेको छ । जिल्ला प्रशासन कार्यालयमा दर्ता भइसकेको यो संस्थाको दर्ता नं. १०२/०५३/५४ हो । यस संस्थाले समय-समयमा विभिन्न समाचारमूलक पत्रिकाहरू प्रकाशन गर्दै आएको छ । यसका साथै कपिलवस्तु जिल्लाको सांस्कृतिक परम्पराको जगेर्ना गर्नका लागि त्यस किसिमका कार्यक्रमहरू पनि सञ्चालन गरिरहेको छ । हालै आएर यस संस्थाले ‘प्रकृतिको उपहार अजिगरा ताल’ नामक पत्रिका प्रकाशन गरेको छ ।

### ३.१.११ सृजनशील साहित्य समाज (२०६१)

कपिलवस्तु जिल्लाको मोतीपुर-४ बोडगाउँमा वि.सं. २०६१ सालमा सृजनशील साहित्य समाज नामक साहित्यिक संस्था स्थापना भएको हो । कपिलवस्तु जिल्लाभित्र रहेका नवप्रतिभाहरूको खोजी गर्ने र तिनीहरूको प्रतिभा प्रस्फुटन गराउनुका साथै कपिलवस्तु जिल्लालाई साहित्य संसारको माध्यमबाट अगाडि बढाउने मुख्य उद्देश्य यस संस्थाले राखेको छ । यस साहित्यिक समाजका संस्थापक अध्यक्ष भेषराज खनालको अध्यक्षतामा ७ (सात) सदस्यीय कार्यकारिणी समिति गठन गरिएको यस संस्थाले पृथ्वी जयन्तीको अवसरमा रचना वाचन कार्यक्रम सञ्चालन गरेको छ । त्यसैगरी विद्यालय स्तरीय रचनवाचन कार्यक्रम, मासिक शृङ्खलाको रूपमा महिनाको दोस्रो शनिबार विविध साहित्यिक कार्यक्रम यस संस्थाले आयोजना गर्दै आएको छ । यस संस्थाले हालसम्म ‘साहित्यसागर’ नामक दुई साहित्यिक स्मारिकाहरू प्रकाशन गरिसकेको छ । यस साहित्यिक संस्थाको दर्ता नम्बर ४१३/२०६२/०६३ हो ।

### ३.१.१२ स्वतन्त्र सेनानी दया शङ्कर मुन्सी स्मृति प्रतिष्ठान (२०५७)

यो प्रतिष्ठान मूलतः राणाशासनको अन्त्य गरी देशमा बहुदलीय प्रजातन्त्रको स्थापनाका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने कपिलवस्तुका राजनैतिक व्यक्तित्व स्वतन्त्र सेनानी दयाशंकर मुन्सीको स्मृतिमा वि.सं. २०५७ सालमा खडा भएको हो । यो प्रतिष्ठानको कार्यालय जिल्ला सदरमुकाम तौलिहवाको धनौराटोलमा रहेको छ । यस प्रतिष्ठानका अध्यक्ष गोपाल भण्डारी रहेका छन् । जिल्ला प्रकाशन कार्यालय तौलिहवामा दर्ता भइसकेको यस प्रतिष्ठानको दर्ता नं. २४६/०५७/०५८ हो । यस प्रतिष्ठानले स्वतन्त्र सेनानी दयाशंकर मुन्सीको जन्म जयन्तीको अवसर पारी जिल्लाभित्रका विद्यालयमा अध्ययनरत छात्र-छात्राहरूका बीचमा कविता प्रतियोगिता, कथा प्रतियोगिता तथा निबन्धलेखन प्रतियोगिताजस्ता साहित्यिक कार्यक्रमहरू राख्दै आएको छ ।[१७] यसबाट विद्यालयमा अध्ययनरत छात्र-छात्राहरूलाई साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा प्राप्त भएको छ । उनीहरूको प्रतिभा प्रस्फुटनमा महत्त्वपूर्ण सहयोग पुगेको छ । यस संस्थाले जिल्लाभित्रबाट एस्.एल्.सी. परीक्षामा उत्कृष्ट स्थान प्राप्त गर्ने छात्र-छात्राहरूलाई पुरस्कार वितरण गर्ने कार्यमा निरन्तरता दिएको छ । उनकै सम्झनामा अहिले हरिवंश दयाशंकर मेमोरियल स्कुल तौलिहवा बजारमा सञ्चालित छ । आज पनि यो संस्थाले आफ्ना कार्यक्रमहरू निरन्तर रूपमा अगाडि बढाइरहेको छ ।

### ३.१.१३ कपिलवस्तु साहित्यिक परिषद् (२०४४)

कपिलवस्तु जिल्लाको उत्तरी क्षेत्रमा रहेका युवाहरूलाई साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा दिने उद्देश्यले यो संस्था स्थापना भएको थियो । वि.सं. २०४४ सालको सुरुवाततिर कपिलवस्तु जिल्लाको मोतीपुर-६ मा अवस्थित दयाराम न्यौपानेको घरमा भएको छोटो साहित्यिक भेलाले 'कपिलवस्तु साहित्यिक परिषद्' गठन गरेको थियो । संयोजक नारायणप्रसाद पौडेल र सदस्यमा मुमाराम खनाल, कमल चुँदाली तथा दयाराम न्यौपाने रहेको उक्त परिषद्को सल्लाहकारमा मेघराज ज्ञवाली रहनुभएको थियो । सो परिषद्ले बहुदलीय प्रजातन्त्र आउनुभन्दा अगाडि जिल्लाको उत्तरतिरका केही क्षेत्रमा साहित्यिक कार्यक्रम सञ्चालन गरी त्यस क्षेत्रमा साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको

---

[१७] **गोपाल भण्डारीले मिति २०६२ माघ ७ गते शोधार्थीलाई दिएको जानकारी**

थियो तर २०४७ सालपछि यो साहित्यिक परिषद्ले कुनै क्रियाशीलता देखाउन सकेन ।[ज्ञड] हाल यो संस्था सुषुप्त अवस्थामा रहेको छ ।

---

[१८] **नारायणप्रसाद पौडेल, 'नेपाली साहित्यको विकासमा कपिलवस्तुको योगदान", शान्तिदूत, (वार्षिक), कर्मचारी मिलन केन्द्र, कपिलवस्तु, वर्ष-५, अङ्क ३ २०५९, पृ. २१ ।**

### ३.१.१४ घरघरमा किताब - (२०५९)

पढ्ने बानीको विकासका लागि समूहमार्फत् घर-घरमा किताब उपलब्ध गराउने र समाजमा व्याप्त उत्पीडित समुदायको शैक्षिक स्तर उकास्ने उद्देश्य अनुरूप 'घर-घरमा किताब' नामक यो संस्था वि.सं. २०५९ सालमा स्थापना भएको हो । वि.सं. २०५९ साल फाल्गुण १८ गतेदेखि यस संस्थाले आ□ना उद्देश्यअनुरूपका कार्यक्रमहरू औपचारिक रूपमा अगाडि बढाउँदै लगेको छ । नेपाली भाषा साहित्यमा अत्यन्त रुचि राख्ने साहित्यकार होमराज आचार्यको सक्रियतामा यो संस्था खुलेको हो ।[१९] गुणादेवी पन्थीको अध्यक्षतामा ९ सदस्यीय कार्यकारिणी समितिमा सरस्वती अर्ज्याल (उपाध्यक्ष), थानकली देवी (कोषाध्यक्ष), दुर्गा अर्याल (सचिव) र अन्य पाँच सदस्य यस संस्थामा रहेका छन् । यस संस्थाले कपिलवस्तु जिल्लाका सात गा.वि.स. मा गतिशील पुस्तकालयका माध्यमबाट सर्वसाधारण व्यक्तिहरूलाई इतिहास, राजनीति, दर्शन, भाषा-साहित्य लगायत विविध विधाका पुस्तकहरू पढ्न पाउने सुविधा प्रदान गरेको छ ।[२०] यस संस्थाले हालसम्म करीब १०० वटा पाठक समूह गठन गरिसकेको छ । यी प्रत्येक समूहमा ५-१५ जनासम्म सदस्य रहेका छन् । त्यसैगरी यस संस्थाले आ□नो केन्द्रीय कार्यालयको रूपमा १२ह३० को वरण्डासहितको तीन कोठे भवन निर्माण गरेको छ । यो भवन मोतीपुर-४, बोडगाउँको जलेश्वरधाम मन्दिरको नजिक रहेको छ । यस संस्थाले पाठकहरूको लागि मानार्थ सदस्य, आजीवन सदस्य, सल्लाहकार सदस्य र साधारण सदस्य गरी चार प्रकारका सदस्यताहरू प्रदान गरेको छ । सर्वसाधारण पाठकहरूका लागि कार्ड शुल्क स्वरूप रू. ५।- लिएर पढ्न पाउने व्यवस्था समेत यस संस्थाले मिलाएको छ । विविध विधाका १०५० वटा पुस्तकहरू सङ्कलित यस संस्थामा दैनिक रूपमा ५०-६० जना विद्यार्थी, अन्य साहित्यप्रति रुचि राख्ने व्यक्ति र यस संस्थाले प्रबर्द्धन गरेका विभिन्न समूहका थुप्रै पाठकहरूले कार्यालयमै बसेर तथा घर-घरमै किताब लागी अध्ययन गरेर लाभ लिइरहेका छन् । अहिलेको राजनीतिको प्रभावका कारण पुस्तकालयमा रहेका कतिपय पुस्तकहरू पाठकवर्गबाट फिर्ता हुन नसक्दा यस संस्थाले ठूलो समस्या भोग्नुपरेको छ ।[२१] यो संस्था सञ्चालन गर्नको लागि होमराज आचार्यबाट पूर्ण रूपमा आर्थिक सहयोग प्रदान गरिएको छ । संस्थाको तर्फबाट देशको आवाज नामक

---

[१९] **संस्थाका सचिव दुर्गाराज अर्यालले शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

[२०] **ऐजन ।**

[२१] **संस्थाकी अध्यक्ष गुणादेवी पन्थीले शोधार्थीलाई दिएको जानकारीअनुसार ।**

पत्रिका प्रकाशित गर्दै आफ्नो लक्ष्य पूरा गर्न निरन्तर रूपमा यो संस्थाअगाडि बढिरहेको छ ।

## ३.२. कपिलवस्तुका पुस्तकालयहरू

पुस्तकालय भनेको ज्ञानको भण्डार आर्जन गर्ने एउटा स्थल हो । यस्ता पुस्तकालयहरूले पनि साहित्यिक क्षेत्रमा लाग्न चाहने व्यक्ति तथा प्रतिभाहरूलाई योगदान दिइरहेका हुन्छन् । यस जिल्लामा पनि त्यस खालका केही पुस्तकालयहरू रहेका छन् । तिनलाई यहाँ प्रस्तुत गरिएको छः

### ३.२.१. आश्रित पुस्तकालय (२०५४)

आश्रित नामको यो सार्वजनिक पुस्तकालय कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा बजारमा रहेको नेपाल कम्युनिष्ट पार्टी एमालेको कार्यालयमा राखिएको छ । यस पुस्तकालयको स्थापना गर्नमा मुख्य हात बाबुराम खनालको रहेको छ भने नारायण पौडेल, कृष्ण पौडेल, टीकाराम अर्याल, बलराम अधिकारी, नेत्र गिरी, भेषराज पाण्डे, महेश्वर शिवपुरी जस्ता व्यक्तिहरूले यसको लागि सहयोग पुऱ्याएका थिए । नेपालको कम्युनिष्ट आन्दोलनमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने राजनैतिक व्यक्तित्व जीवराज आश्रितको दासढुङ्गामा अकल्पनीय जीप दुर्घटनामा परी दुःखद् निधन भएपछि उनको सम्झनास्वरूप यो पुस्तकालय स्थापना भएको हो । यस पुस्तकालयमा अहिले करिब १११५ पुस्तकहरू छन् ।[२२] यी पुस्तकहरू विभिन्न भाषा, दर्शन र विधामा आधारित छन् । त्यसमा पनि अन्य विधाका तुलनामा राजनीति विषयसँग सम्बन्धित पुस्तकहरू केही बढी मात्रामा रहेका छन् ।[२३]

वि.सं. २०५९ सालमा आएर जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको यस पुस्तकालयको दर्ता नं. ३३९/०५९/०६० रहेको छ । यस पुस्तकालयले विभिन्न विषयमा गोष्ठी, साहित्यिक अन्तरक्रिया आदि राख्ने लक्ष्य लिएको छ । यस पुस्तकालयको मानार्थ सदस्य हुनको लागि राजनैतिक तथा अन्य क्षेत्रमा विशिष्ट योगदान दिएका व्यक्ति वा संस्था हुनुपर्छ भने आजीवन सदस्य हुनको लागि रू. १५००।- तिर्नुपर्छ । पुस्तकालयबाट पुस्तकहरू

---

[२२] **पुस्तकालयका सचिव भेषराज पाण्डेले २०६२ पुष २९ गते शोधार्थीलाई दिएको जानकारीअनुसार ।**

[२३] **ऐजन ।**

घरमा लगेर पढ्ने सुविधा पाउनको लागि अनिवार्य रूपमा साधारण सदस्यता रसीद लिनुपर्ने प्रावधान छ । यसको लागि प्रत्येक वर्ष रू. १००।- लिदै नवीकरण गर्ने व्यवस्था समेत मिलाइएको छ ।[२४] भौतिक सम्पदाको रूपमा यस पुस्तकालयमा ४ वटा पुस्तक राख्ने दराज, पाठकहरूको लागि वाचनालयमा प्रयाप्त कुर्ची तथा टेबुलहरू राखिएका छन् । पुस्तकालयमा स्थानीय स्तरदेखि राष्ट्रियस्तरबाट प्रकाशित हुने दैनिक तथा साहित्यिक समाचारमूलक पत्र-पत्रिकादेखि गरिमा, मधुपर्क लगायतका विभिन्न साहित्यिक पत्रपत्रिकाहरू राख्ने गरिएको छ । यस पुस्तकालयले मदनआश्रित स्मृति दिवसको अवसरमा विभिन्न साहित्यिक कार्यक्रमहरू आयोजना गर्दै आएको छ । पुस्तकालयको आर्थिक सहयोगस्वरूप उच्च शिक्षा विकास कोषले रू. ५०००।- सहयोग प्रदान गरेको थियो भने अन्य आर्थिक स्रोत चन्दा सङ्कलनबाट जुटाइएको छ ।

### ३.२.२ कपिलवस्तु वाचनालय (२०४०)

यस जिल्लाभित्र रहेका विभिन्न सार्वजनिक पुस्तकालयहरूमध्ये कपिलवस्तु वाचनालय पनि एक हो । यसको स्थापना वि.सं. २०४० सालमा भएको हो । यो वाचनालय कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा बजारमा अवस्थित शोभादेवी भोलानाथ ट्रष्टमा रहेको छ । यो वाचनालय स्थापना गर्नमा स्व. भोलानाथ शर्माको मुख्य हात रहेको छ भने हरिराज शर्मा, रविदेव शर्मा, तेजकुमार बौद्धाचार्य, नारायण पौडेलजस्ता व्यक्तिहरूले दिएको सहयोग पनि कम छैन ।[२५] यस क्षेत्रका युवाहरूलाई शैक्षिक चेतना दिँदै देशको भाषासाहित्यको विकासमा लाग्न प्रेरणा दिने उद्देश्यले यो वाचनालय स्थापना भएको हो । यस पुस्तकालयमा भाषासाहित्य, धर्म, राजनीति, इतिहास, दर्शन लगायत विविध विधाका करिब २००० पुस्तकहरू सङ्कलित छन् । कपिलवस्तु साहित्यिक समाजले आयोजना गर्ने शनिबारे साहित्यिक गोष्ठी यही वाचनालयमा राखिएको थियो । वि.सं. २०६० सालमा भएको संयोजक भोलानाथ शर्माको निधनले यस वाचनालयले ठूलो समस्या भोग्नु परिरहेको छ । आगामी दिनमा थप साधन स्रोत जुटाएर यस वाचनालयलाई अगाडि बढाउने सोंच रहेको छ ।[२६] हाल यो वाचनालयको सञ्चालन स्व. भोलानाथ शर्माका सुपुत्र रविदेव शर्माले

---

[२४] **पुस्तकालयका अध्यक्ष बाबुराम खनालले शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

[२५] **क.सा.स. का अध्यक्ष हरिराज शर्माले शोधार्थीलाई दिएको जानकारीअनुसार ।**

[२६] **वाचनालयका सञ्चालक रविदेव शर्माले शोधार्थीलाई दिएको जानकारीअनुसार ।**

गरिरहेका छन् । यस वाचनालयले ‘पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन २००७’ नामक पुस्तक प्रकाशन गरिसकेको छ ।

### ३.२.३ पशुपतिप्रताप पुस्तकालय (१९९३)

स्व. पशुपतिप्रताप पुरीको स्मृतिमा वि.सं. १९९३ सालमा यो पुस्तकालय स्थापना भएको हो । सुरुमा यो पुस्तकालय स्थापना गर्नमा मुख्य हात हेमलाल पुरीको छ भने भवानी भिक्षु, भोलानाथ शर्मा, पद्मबहादुर सिंह, गयाप्रसाद शाह आदि व्यक्तिहरूले यसको लागि महत्त्वपूर्ण सहयोग पुऱ्याएका छन् । यसै पुस्तकालयका माध्यमबाट यहाँका युवाहरूले हिन्दी, उर्दू, बङ्गाली आदि भाषाको ज्ञान लिन सफल भए भने अर्कातिर भोलानाथ शर्मा टेकबहादुर पन्थी, दयाशङ्कर मुन्सी लगायतका थुप्रै स्वतन्त्रता सेनानीहरू पैदा भए ।[२७] यसरी तत्कालीन समयमा यस पुस्तकालयले यहाँका युवाहरूमा सामाजिक एवम् राजनैतिक चेतना जागृत गराउनका साथै उनीहरूलाई नेपाली भाषासाहित्यको विकासमा लाग्ने प्रेरणा दिइरहेको थियो ।

वि.सं. २०२४ सालमा श्री पशुपतिप्रताप पुस्तकालयको भवन निर्माण गर्नका लागि जग्गा प्रदान गर्न पद्मबहादुर सिंहले दिएको निवेदनअनुरूप २ कट्ठा २ धुर जग्गा प्रदान भएपछि हाल यो भवन कपिलवस्तु जिल्ला प्रशासन कार्यालयदेखि दक्षिण, बालमन्दिरदेखि पश्चिम भागमा निर्माण गरिएको छ । तत्कालीन जिल्ला पञ्चायतको आर्थिक सहयोगमा यो पक्की भवन निर्माण भएको थियो ।[२८] यस भवनमा ५ कोठा र एउटा ठूलो वाचनालय रहेका छन् । वाचनालयमा १५० जना पाठकहरू अटाउन सक्छन् भने ५० जना पाठकहरूको लागि सिटको व्यवस्था समेत मिलाइएको छ । भौतिक साधनतर्फ १० हजार पुस्तकहरू राख्न सकिने दराज, ११ टेबुल, ४५ कुर्सीका साथै आवश्यकताअनुसार पङ्खा, बत्ती, भित्तेघडी आदि राखिएका छन् । यस पुस्तकालयले आजीवन, साधारण र विद्यार्थी सदस्यता गरी ३ प्रकारका सदस्यता रसीद प्रदान गरेको छ । आजीवन सदस्यता शुल्क रू. १००१।- साधारण सदस्यता शुल्क रू. ३१०।- र विद्यार्थी सदस्यता शुल्क कक्षानुसार रू. ८५।- देखि रू. १२२।५० सम्मको शुल्क निर्धारण यस पुस्तकालयले गरेको छ । सदस्यले पुस्तकालयबाट एउटा पुस्तक एक पटकमा सात दिनसम्म घरमा लगेर पढ्न पाउने व्यवस्था समेत यस पुस्तकालयले मिलाएको छ ।[२९] यस पुस्तकालयमा दैनिक रूपमा आएर अध्ययन गर्ने

[२७] **भवेश्वर पंगेनी, पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन–२००७, पूर्ववत्, पृ. १२५ ।**

[२८] **पुस्तकालयका सचिव भोलाबहादुर सिंहले शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

[२९] **ऐजन ।**

पाठकहरूको सङ्ख्या १४० सम्म पुग्ने गरेको छ । २०६२ साल भाद्र ५ गते भविष्यको कर्णधारको रूपमा रहेका बालबालिकाको लागि यसै पुस्तकालयअन्तर्गत छुट्टै ‘बाल पुस्तकालय’ को स्थापना गरिएको छ। यस पुस्तकालयको सदस्यता शुल्क रू. १५।- निर्धारण गरिएको छ । यस पुस्तकालयको लागि जिल्ला विकास समिति, नगरपालिका, जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा कार्यालयहरूबाट आर्थिक सहयोग प्रदान र नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, भारतीय, ब्रिटिश, अमेरिकन राजदूताबासबाट निरन्तर रूपमा पुस्तकहरू प्रदान गरिँदै आएको थियो । तर २०४६ सालमा प्रजातन्त्रको पुनर्स्थापनापछि शैक्षिक चेतनाको बीजारोपण गर्ने यस सम्मानित संस्थाप्रति उक्त निकायहरूको बेवास्ताका कारण यो पुस्तकालयलाई ठूलो समस्या परेको छ। वि.सं. २०६२ साल मङ्सिर ८ गते स्व. रामनिवास पाण्डेको स्मृतिमा उनका सुपुत्र नरेन्द्रराज पाण्डेले यस पुस्तकालयलाई विविध विधाका पुस्तकहरू प्रदान गरेका छन् ।[30] हाल यस पुस्तकालयमा पुस्तकहरूको सङ्ख्या ६००० रहेको छ । यसले समयसमयमा विभिन्न किसिमका साहित्यिक कार्यक्रमहरू आयोजना गर्दै आएको छ।

### ३.२.४ सिद्धार्थ गौतम पुस्तकालय: (२०५३)

वि.सं. २०५३ सालमा कपिलवस्तु नगरपालिकाको भिक्षु चोकमा बलराम घिमिरेको अध्यक्षतामा यो पुस्तकालय स्थापना भएको थियो । ०८४/०५३/५४ यस पुस्तकालयको दर्ता नं. हो । यस पुस्तकालयमा भाषासाहित्यसम्बन्धी पुस्तकहरूका अतिरिक्त मधुपर्क, गरिमा, युवामञ्चलगायतका विविध पत्र-पत्रिकाहरू सङ्कलन गरिएका थिए । यस पुस्तकालयको प्रमुख उद्देश्य जिल्लाभित्रका युवा वर्गहरूलाई नेपाली भाषासाहित्यको विकासमा लाग्न प्रेरणा दिनु रहेको थियो। वि.सं. २०५३ सालदेखि वि.सं. २०५७ सालसम्म यस पुस्तकालयले निरन्तर रूपमा आफ्ना गतिविधि अगाडि बढाएको थियो तर आर्थिक स्रोतको अभावमा ०५७ देखि यो पुस्तकालय बन्द हुन पुग्यो।

### ३.२.५. इमिलिया उच्च मा.वि. को पुस्तकालय (२०६०)

इमिलिया उच्च माध्यमिक विद्यालयको पुस्तकालयको स्थापना वि.सं. २०६० सालमा भएको हो । यो पुस्तकालय कपिलवस्तु जिल्लाभित्र पर्ने वरकलपुर गा.वि.स. अन्तर्गत पर्ने

---

[30] ऐजन ।

इमिलिया भन्ने ठाउँमा रहेको छ । यस पुस्तकालयमा नेपाली, विज्ञान, अङ्ग्रेजी, गणित, इतिहास, राजनीतिलगायत विविध विधाका लगभग ८०० पुस्तकहरू रहेका छन् ।[घज्ञ] यस पुस्तकालयबाट ६५० जति विद्यार्थीहरूले पुस्तक प्रयोग गर्न पाइरहेका छन् । पुस्तकालयमा विद्यार्थीहरूको लागि बसेर पढ्नको लागि वाचनालय कक्ष पनि निर्माण गरिएको छ ।

### ३.२.६. कपिलवस्तु बहुमुखी क्याम्पसको पुस्तकालय (२०३७)

कपिलवस्तु नगरपालिका वार्ड नं. १७ अन्तर्गत सडवा गाउँमा अवस्थित यो पुस्तकालय कपिलवस्तु जिल्लाभित्र रहेका विद्यालयीय पुस्तकालयहरूमध्ये सबभन्दा पुरानो र ठूलो पुस्तकालय हो । यस पुस्तकालयमा अङ्ग्रेजी, गणित, नेपाली, अर्थशास्त्र, इतिहास, राजनीतिशास्त्र, लेखा आदि विषयका गरी वि.सं. २०६२/१०/५ गतेसम्म ११,७३२ पुस्तकहरू छन् ।[घ६] हालसम्म कपिलवस्तु बहुमुखी क्याम्पस भवनभित्रै दुईवटा कोठामा रहेको यो पुस्तकालयको छुट्टै भवन निर्माण गर्ने कामको शिलान्यास भइसकेको छ । यस पुस्तकालयको लागि नेपाल सरकारबाट रू. २५०००।-, विश्वविद्यालय अनुदान आयोगबाट पटके रूपमा ७५०००।-, समाजसेवी तथा राजनैतिक व्यक्तित्व हरिनारायण रजौरियाबाट रू. ५०००।- र स्व.वि.यु. क्याम्पस इकाइ समितिबाट रू. २५००।- सहयोग प्रदान गरिएको छ । प्राध्यापक गोपीकृष्ण शर्माबाट करिब ८०० जति पुस्तकहरू प्रदान भएका छन् । हाल ४५० जति विद्यार्थीहरूले यस पुस्तकालयबाट पुस्तकहरू अध्ययन गर्न पाइरहेका छन् ।[घघ] पुस्तकालयमा तीनजना कर्मचारीहरू रहेका छन् ।

### ३.२.७. सिद्धार्थ बहुमुखी क्याम्पस पुस्तकालय (२०४८)

कपिलवस्तु जिल्लाको वाणगङ्गा ७ बुङ्चीमा अवस्थित सिद्धार्थ बहुमुखी क्याम्पसबाट संचालित यो पुस्तकालय विद्यालयीय पुस्तकालयअन्तर्गत दोस्रो ठूलो पुस्तकालय हो । यस पुस्तकालयमा पाठ्यक्रमसँग सम्बन्धित पुस्तकहरू सङ्ग्रहीत भए तापनि भाषासाहित्यसँग सम्बन्धित थुप्रै पुस्तकहरू रहेका छन् । हाल यस पुस्तकालयमा विविध विषयसँग सम्बन्धित ६,३२५ जति पुस्तकहरू रहेका छन् । यस पुस्तकालयको आफ्नै वाचनालय छ । यस

---

[३१] **शोधार्थीले इमिलिया उच्च मा.वि. बाट प्राप्त मौखिक जानकारीअनुसार ।**

[३२] **शोधार्थीले २०६२ माघ ५ गते कपिलवस्तु बहुमुखी क्याम्पस तौलिहवाबाट प्राप्त गरेको मौखिक जानकारीअनुसार ।**

[३३] **ऐजन ।**

पुस्तकालयमा दसवटा पुस्तक राख्ने खण्डे दराज (आलमारी), तीनवटा दराज रहेका छन् । यस पुस्तकालयमा ३ जना कर्मचारी कार्यरत छन् । पुस्तकालयको लागि त्रिभुवन विश्वविद्यालय अनुदान आयोगबाट पुस्तकालय सहयोगको लागि रू. ३००००।- (तीस हजार) सहयोग भएको र बाँकी अन्य लगानी क्याम्पसले लगाएको छ । पुस्तकालयमा राष्ट्रिय तथा स्थानीय स्तरबाट प्रकाशन हुने दैनिक तथा साप्ताहिक पत्रपत्रिकाहरू सङ्कलन गरिएको छ ।

### ३.२.८. बाणगङ्गा उच्च मा.वि. को पुस्तकालय (२०५९)

कपिलवस्तु जिल्लाको मोतीपुर ६, लौंगाईमा अवस्थित यो पुस्तकालय विद्यालयीय स्तरको एक पुस्तकालय हो । यस पुस्तकालयमा भाषा, साहित्य, राजनीति, इतिहासका साथसाथै विविध विषयका पाठ्यपुस्तक सङ्कलित छन् । यस पुस्तकालयमा हालसम्म २५०० पुस्तकहरू सङ्कलित छन् । यस पुस्तकालयको आफ्नै वाचनालय पनि रहेको छ । पुस्तकालयमा तीनवटा खण्डे दराज, एक दराज रहेका छन् । यस पुस्तकालयमा दिनहुँ ३२५ जना विद्यार्थीहरूले पुस्तक लैजाने, ल्याउने तथा वाचनालयमा बसेर अध्ययन गर्ने गर्छन् । यसका अतिरिक्त यस पुस्तकालयले राष्ट्रिय तथा स्थानीय स्तरबाट प्रकाशित विभिन्न दैनिक तथा साप्ताहिक पत्र-पत्रिकाहरू विद्यार्थीहरूलाई पढ्न दिने व्यवस्थासमेत मिलाएको छ । यस पुस्तकालयको लागि आर्थिक स्रोत यसै उच्च मा.वि. ले नै जुटाउँदै आएको छ, बाहिरबाट सहयोग पाउन सकिएको छैन ।

## कपिलवस्तु जिल्लाबाट प्रकाशित पत्रपत्रिका, स्मारिका र मुखपत्रको सूची

| क्र. सं. | पत्रिकाको नाम | किसिम | सम्पादक | प्रकाशक | स्थान | भाषा | प्रकाशन वर्ष | नियमित/ अनियमित | चालु/ बन्द |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदीप | वार्षिक | विष्णुराज आत्रेय | विष्णुराज आत्रेय | वनारस | नेपाली | २०१७ | अनियमित | बन्द |
| २ | गौतम | ” | ” | ” | ” | ” | २०१८ | अनियमित | बन्द |
| ३ | कपिलवस्तु | त्रैमासिक | पद्म ब. सिंह र अन्य | जिल्ला पञ्चायत कपिलवस्तु | तौलिहवा | ” | २०२५ | अनियमित | बन्द |
| ४ | सिद्धार्थ | वार्षिक मुखपत्र | पुण्यपसाद अर्याल र अन्य | तौलेश्वरनाथ संस्कृत प्रधान पाठशाला | ” | ” | २०२८ | अनियमित | बन्द |
| ५ | यशोधर | ” | युवराज पन्थी र अन्य | यशोधरा मा.वि. | ” | ” | २०३५ | अनियमित | बन्द |
| ६ | अमिताभ | ” | षडानन्द पौड्याल र अन्य | कपिलवस्तु बहुमुखी क्याम्पस | ” | ” | २०५२ | अनियमित | बन्द |
| ७ | बिहानियाँ | त्रैमासिक | शेषकान्त चौधरी र अन्य | थारू भाषा साहित्य परिषद् | ” | थारू | २०५२ | अनियमित | बन्द |
| ८ | कपिलवस्तु लुम्बिनी दिग्दर्शन | समसामयिक लेख | नारायण प्र. पौड्याल | प्रगतिशील पुस्तक पसल | ” | हिन्दी | २०५२ | | बन्द |
| ९ | प्राचीन | स्मारिका | मनोज | सञ्जय | ” | नेपाली | २०५४ | अनियमित | बन्द |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कपिलवस्तु | | पौडेल | मल्ल र मनोज मल्ल | | अङ्ग्रेजी | | | |
| १० | निग्लिहवा महोत्सव | स्मारिका | मनोज पौडेल र अन्य | कपिलवस्तु सूचना केन्द्र र निग्लिहवा युवा क्लव | " | " | २०५५ | अनियमित | बन्द |
| ११ | बुद्धभूमि | " | " | कपिलवस्तु सूचना केन्द्र | " | नेपाली | २०५५ | अनियमित | बन्द |
| १२ | सिद्धार्थ सन्देश | अर्धवार्षिक | गुणनिधि भुसाल र अन्य | सिद्धार्थ क्लव कपिलवस्तु | ४ नं. जितपुर | " | २०५५ | " | " |
| १३ | शान्तिदूत | स्मारिका | सूर्य प्र. श्रेष्ठ र अन्य | कर्मचारी मिलनकेन्द्र | तौलिहवा | नेपाली | २०५७ | नियमित | चालु |
| १४ | सिद्धार्थ | बालपत्रिका वार्षिक मुखपत्र | हरिराज शर्मा र अन्य | बाल कल्याण समिति | " | " | २०५७ | अनियमित | बन्द |
| १५ | जिल्ला विकास समाचार | वार्षिक | राजनकुमार पोखेल वासुदेव जमर कट्टेल | जिल्ला विकास समिति कपिलवस्तु | " | " | २०५७ | नियमित | चालु |
| १६ | आदर्शवाणी | " | दीपनारायण अर्ज्याल र अन्य | जनआदर्श सामाजिक विकास | इमिलिया | " | २०५८ | " | " |
| १७ | बालजगत् | मुखपत्र | मनोज पौडेल र अन्य | एफोर्ड नेपाल | तौलिहवा | " | २०५८ | अनियमित | बन्द |
| १८ | देशको आवाज | | होमराज आचार्य | घर-घरमा किताब | कपिलवस्तु | " | २०५९ | | |
| १९ | बुद्धनगरी | मासिक | शैलेन्द्रमणि त्रिपाठी | कस्वेप्ट नेपाल | तौलिहवा | " | २०६० | नियमित | चालु |
| २० | गाँस | त्रैमासिक | दीपनारायण अर्याल | सूचना तथा संचार युनिट | इमिलिया | " | २०६० | " | " |
| २१ | अभियान सहकार्यका बारेमा | मासिक | दुर्गा अर्याल र अन्य | सिद्धार्थ सामाजिक विकासको | वाणगङ्गा | " | २०६२ | " | " |
| २२ | युनिक साहित्य संसार | | कुलप्रसाद पन्थी र अन्य | युनिक साहित्य संसार | इमिलिया | " | २०६२ | " | " |
| २३ | महिला आवाज | | रुमलाल उपाध्याय | पारालिगल समिति | कोपवा | " | २०६२ | " | " |
| २४ | शिक्षक सन्देश | स्मारिका | विष्णुप्रसाद भण्डारी | नेपाल राष्ट्रिय शिक्षक सङ्गठन | कपिलवस्तु | " | २०६२ | अनियमित | " |
| २५ | साहित्य सागर | स्मारिका | | सिर्जनशील साहित्य समाज | मोतीपुर | " | २०६३ | नियमित | " |
| २६ | साहित्य सुधा | | ज्ञानराज अर्याल | वाणगङ्गा साहित्यिक प्रतिष्ठान | मोतीपुर | " | २०६३ | " | " |

# चौथो परिच्छेद

# कपिलवस्तु जिल्लाको साहित्यिक विकास

## ४.१ कपिलवस्तुको लोकसाहित्य

साहित्यलाई विशेषगरी लोकसाहित्य र लिखित साहित्य गरी दुई भागमा बाँडिएको पाइन्छ । लिखित साहित्यको विकास हुनुपूर्व नै लोकसाहित्यको विकास भएको हो । लोकसाहित्यमा मानवका सुख-दुःख, हर्ष विस्मात्, आँसु-हाँसो आदिको सरल, सहज भाषामा अभिव्यक्त भएको हुन्छ । सरल र सहज लोकभाषामा रङ्गिएको सामान्य मानवजीवनको समस्या, वेदना, शोषण, असन्तोष आदि लोकसाहित्यका विषय हुन् । लोकले सरल तरिकाले अनुभव गर्ने बुझ्न सक्ने भावनामा निर्मित मानवभित्रको स्पन्दनबाट निस्केको मीठो आकर्षण गर्न सक्ने मौखिक साहित्य नै लोकसाहित्य हो ।[1] प्राचीन समयदेखि अहिलेसम्मका द्वन्द्व-प्रतिद्वन्द्व, सङ्घर्ष, मिलन तथा घातप्रतिघातलाई यसले आफूमा अटाएको हुन्छ । यसमा विभिन्न शासन व्यवस्था, समाज व्यवस्था आदिका छापहरू रहेका हुन्छन् ।[2] मानवले आफ्ना मनका अनुभूति सुन्ने र सुनाउने क्रमसँगै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको लोकसाहित्य समयको गतिक्रम सँगसँगै परिवर्तनका चोला बदल्दै आजसम्म पनि जीवन्त रहेको छ । लोकसाहित्यभित्र मानवसभ्यताको सबैभन्दा पुरानो परिचय रहेको हुन्छ । लोकसाहित्य मानवीय सभ्यताको विकाससँगै मौखिक र श्रुतिपरम्परामा विकसित हुँदै आजका दिनसम्म आइरहेको छ ।[3] लोकसाहित्य लोकबाट आएको लोकको भावनामा फुटेको र लोकमै मौलाएको अभिव्यक्ति हो, जसमा लोकमानवको क्रियाप्रतिक्रिया गुञ्जिएको हुन्छ । लोकमानवको आत्मजीवन बोल्ने गर्दछ ।[4]

कपिलवस्तु जिल्ला विभिन्न जिल्लाबाट बसाइँ सरेर आएका पहाडी मूलका नेपालीहरू र तराई मूलका नेपालीहरूको बसोबास भएको जिल्ला हो । यस जिल्लाको

---

[1] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोक साहित्यको विवेचना**, (काठमाडौं, पा.वि.के., त्रि.वि.२०४१), पृष्ठ ३ ।

[2] जीवेन्द्रदेव गिरी, **लोकसाहित्यको अवलोकन**, (काठमाडौंः एकता प्रकाशन, २०५७), पृष्ठ ३१ ।

[3] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, चौ.सं., (काठमाडौं साझा प्रकाशन, २०४९), पृष्ठ १३ ।

[4] कृष्णप्रसाद पराजुली, लोकसाहित्य परिभाषा र लोकसाहित्यलाई छुट्याउने आधार, **कुञ्जिनी**, (वर्ष ५, अङ्क ३, २०५४), पृ. १०१ ।

दक्षिणी सीमाना भारतसँग जोडिएको छ । त्यो भएर यस जिल्लामा भारतीय संस्कृतिको पनि प्रभाव परेको देखिन्छ । यस जिल्लामा विशेषगरी नेपाली थारू र अवधी लोकसाहित्य रहेको पाइन्छ । यस जिल्लाको लोकसाहित्य श्रुतिपरम्परामा रहेको छ । यसरी श्रुतिपरम्परामा रहेको लोकसाहित्य हराउने स्थितिमा छ । यस जिल्लाको लोकसाहित्यका कतिपय सामग्रीहरू हराइसकेका छन् । यस्तो स्थितिमा यस जिल्लाको लोकसाहित्यको बारेमा विस्तृत खोजी हुनु आवश्यक देखिन्छ ।

**४.१.१ नेपाली लोकसाहित्य :**

कपिलवस्तु तराई जिल्ला हो र यसको सीमाना भारतसँग जोडिएको छ । भारतीय संस्कृतिको प्रभाव यस जिल्लाका बासिन्दाहरूमा पनि परेको छ । यहाँको वनपाखामा लोकसाहित्यका स्वरहरू कमै रन्किन्छन् । यस जिल्लामा रहेका पहाडी मूलका बासिन्दाहरूले चाडपर्व, विवाह र ब्रतबन्धमा हिन्दी गीतका क्यासेट बजाउनु र नाच्नुलाई श्रेष्ठता सम्झछन् । यस जिल्लाका शिक्षित र प्रबुद्ध मानिने जनहरू आफ्नोपन र संस्कृतिलाई चटक्कै छाडेर विदेशी संस्कृति निम्त्याउन उत्सुक भएको देखिन्छ । यहाँ भारतीय संस्कृतिको खुला प्रभाव र अर्कोतिर युरोपीय संस्कृतिले समेत जरो गाड्दै छ । यति हुँदाहुँदै पनि यहाँका केही सचेत र नेपाली भाषासाहित्यलाई अत्यन्तै माया गर्ने मानिसहरू नेपाली लोकसाहित्यको संरक्षण, संबर्द्धन र विकास गर्नअग्रसर रहेका छन् र उनीहरूकै प्रयासमा यहाँको नेपाली लोकसाहित्य जीवित रहन पुगेको छ । यस जिल्लामा विवाह, पूजाआजा, छैंठीजस्ता शुभ कार्यमा गीतहरू गाएर रमाइलो गर्ने प्रचलन पनि पाइन्छ । त्यसैगरी धान रोप्दा, तीज, दशैं, तिहार जस्ता चाडपर्व तथा आक्रोश र छटपटीमा बेग्लै किसिमका गीतहरू गाएर आफ्ना मनमा गुम्फित भावनालाई यहाँका बासिन्दाहरू अभिव्यक्त गर्दछन् । यस्तै अवसरमा यस जिल्लामा रन्किने लोकगीतहरूको उदाहरण यहाँ दिएको छः

धान रोप्दाः

दाइने लाइम पिपलु त बायाँ लाइम बर ।
पर्ख-पर्ख हलि दाजै सँगै जामला घर ॥
जसका हुनन् कडा सासू उनै जालान् घर ।

हामी चेली नाच्दै गाउँदै जाउँला राति घर ॥[छ]

तीजमाः

वर्ष दिनको तीजमा बाबा लिन आएका
घरकाले पठाएनन् फर्के फरक्क
छोरी आइन भनेर रोए बाबा धरक्क
दशैं आउला तिहार आउला आउँला लरक्क । [ट]

तिहारः

| | | |
|---|---|---|
| ए भन भन भाइ हो | - | देउसी रे |
| वर्ष दिनको | - | देउसी रे |
| गाई तिहार | - | देउसी रे |
| गाईलाई फूल | - | देउसी रे |
| गाईलाई माला | - | देउसी रे [ठ] आदि । |

भ्याउरेः

घुमाइ र घुमाइ स्याउ बुनिम दुई महिना वर्षालाई
तिमले त आबै बुहारी ल्याउली छोरी त अर्केलाई
गाई दोईम भैसी दोइम ठेकी चार मानेमा
कठो बरै कल्ले भन्ला ज्यानले हार मानेमा । [ड]

यी माथिका केही गीतहरूका नमूना हुन् । यी नमूना गीतहरू बाहेक यस जिल्लामा अन्य छैंठीमा गाइने गीत, ब्रतबन्ध संस्कारमा गाइने गीत पनि गाइन्छ । यसै गरेर यस जिल्लामा लोककथाहरू, उखान-टुक्काहरू, गाउँखाने कथा आदि पनि छिटफुट रूपमा भन्ने र सुन्ने गरिन्छ । यसरी अन्त्यमा भन्नुपर्दा यो जिल्लामा पहाडी मूलका नेपाली बासिन्दाहरू धेरै पछि आएर मात्र बसोबास गरेका हुँदा यस जिल्लाको लोकसाहित्य धेरै पछि परेको छ ।

### ४.१.२ अवधी लोकसाहित्य

---

[५] शोधार्थीले स्थलगत भ्रमणबाट मिति २०६१ बैशाख २५ गते प्राप्त गरेका जानकारी अनुसार ।

[६] ऐजन ।

[७] ऐजन ।

[८] ऐजन ।

लुम्बिनी अञ्चलअन्तर्गत पर्ने तराईका तीन जिल्लामध्ये कपिलवस्तु पनि एउटा जिल्ला हो । यस जिल्लामा पहाडीमूलका नेपालीभन्दा अगाडिदेखि नै अवधी भाषाभाषीका नेपालीहरू प्रशस्त मात्रामा रहेका र पहाडी मूलका बासिन्दाहरूभन्दा अगाडिदेखि नै बसोबास गर्दै आएका कारण नेपाली लोकसाहित्यभन्दा अवधी लोकसाहित्यको विकास पहिले भएको पाइन्छ । यस जिल्लामा अवधीसाहित्यको विषयमा चर्चा गर्दा वि.सं. १९७२ सालतिर तौलिहवाका साहित्यिक प्रतिभा स्व. मथुराप्रसाद गुप्ताले 'श्रीराम भजन प्रेमावली' नामक भजनसङ्ग्रह प्रकाशित गरेका थिए ।[९] यो भजनसङ्ग्रह अवधी भाषामा लेखिएको थियो । यो पुस्तकाकार कृति नै यस जिल्लाबाट प्रकाशित पहिलो कृति हो ।[१०] यसपछि विभिन्न पत्रपत्रिकामा फुटकर लेखरचना प्रकाशित हुनु बाहेक अवधी भाषाका पुस्तकाकार कृतिहरू प्रकाशित भएको पाइँदैन । यति हुँदाहुँदै पनि यस जिल्लामा अवधी लोकसाहित्यको संरक्षण र संवर्द्धन गर्नको लागि रामनिवास पाण्डे, विश्वनाथ पाठक, पशुपतिमणि त्रिपाठी, विक्रममणि त्रिपाठी, गजेन्द्र शुक्लाजस्ता प्रतिभाहरूले पुऱ्याएको योगदान निकै महत्त्वपूर्ण छ । यी प्रतिभाहरूले कपिलवस्तुमै रहेर अथवा बाहिर बसेर अवधी भाषामा छिटफुट रूपमा साहित्य सिर्जना गरेको पाइन्छ । यस जिल्लामा हालसम्म अवधी लोकसाहित्यको बारेमा विस्तृत शोध-खोज हुन सकेको छैन ।

कपिलवस्तु जिल्लाको अवधी लोकसाहित्य हालसम्म मौखिक परम्परामा नै जीवित रहेको छ । कपिलवस्तुमा बसोबास गर्ने अवधी भाषा-भाषीहरूले जन्म विवाहजस्ता माङ्गलिक कार्यहरूमा विभिन्न प्रकारका कार्यहरू गर्छन्, खुशीयाली मनाउँछन् साथै आफ्नो परम्परालाई मान्दछन् अघिदेखि चल्दै आएको संस्कारलाई एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमै हस्तान्तरण गर्दै जान्छन् ।

## ४.२ कपिलवस्तुमा नेपाली साहित्यको सिर्जन परम्परा

दर्शनशास्त्र साहित्यको एक महत्वपूर्ण विधा हो भने दार्शनिकहरु साहित्यका अनमोल साधक हुन् । कपिलवस्तु दुई-दुई दार्शनिकको जननी हो । साङ्ख्य दर्शनका प्रणेता कपिलमुनिको तपोवन तथा बुद्ध दर्शनका प्रणेता गौतम बुद्धको क्रीडास्थल कपिलवस्तुको बारेमा साहित्यिक चर्चा गर्दा ऐतिहासिक तथा धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक,

---

[९] **ऐजन ।**

[१०] **नारायणप्रसाद पौडेल, नेपाली साहित्यको विकासमा कपिलवस्तुको संस्थागत योगदान, शान्तिदूत** (२०५९), पृष्ठ २० ।

धार्मिक, सांस्कृतिक एवं अभिलेखहरूलाई भुल्नु हुँदैन । तथापि यहाँको साहित्यिक विकासका सन्दर्भमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने ती हाम्रा अमूल्य निधि अप्राप्य रहेका छन् । प्राचीन साहित्यको साहित्यको विकाससम्बन्धी प्रामाणिक आधारहरू प्राप्त हुन नसकेका कारण पनि कपिलवस्तुमा नेपाली साहित्यको सृजन परम्परा निकै पछाडि परेको छ ।[ञञ] नेपाली साहित्यको विकासक्रमसँग कपिलवस्तु जिल्लाको तुलना गर्दा यस जिल्लाको साहित्यिक यात्रा धेरै पछिबाट थालनी भएको देखिन्छ । यस जिल्लामा आदिवासी थारू मुसलमान, अवधी भाषी हुनु, औलो रोगका डरले पहाडबाट आउनेहरू स्थायी रूपले बस्न नसक्नु आदि कारणहरूले यस जिल्लामा नेपाली साहित्यको गतिविधि निकै पछिबाट भएको देखिन्छ । औलो रोगको नियन्त्रण र पूर्व पश्चिम महेन्द्र राजमार्गको निर्माण भएपछि यस जिल्लामा आवागमन गर्ने र स्थायी बसोबास गर्ने पहाडीहरूको सङ्ख्या बढेपछि साहित्य सिर्जना र शिक्षामा विकास भएको पाइन्छ । नेपाली भाषामा लेखिएका साहित्यिक कृतिहरूको प्रकाशन क्रम २०१७ सालदेखि भएको देखिए तापनि यस जिल्लामा फुटकर रचनाहरूको प्रकाशन, शैक्षिक सङ्घ-संस्थाको स्थापना, यसभन्दा धेरै अगाडि नै भएको पाइन्छ ।[ञद]

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवा निवासी तत्कालीन साहित्यिक प्रतिभा स्व. मथुराप्रसाद गुप्ताले वि.सं. १९७२ सालमा 'श्रीराम पुस्तकालयको' स्थापना गरेका थिए । यो पुस्तकालय नै यस जिल्लाको सबैभन्दा पुरानो शैक्षिक संस्था मानिएको छ । वि.सं. १९७२ सालमा बडाहाकिम किशोरनरसिंहले उद्घाटन गरेको यो पुस्तकालय सम्भवतः राजधानी बाहिर खोलिएको पहिलो पुस्तकालय हो ।[ञघ]

वि.सं. १९७२ सालमा नै मथुराप्रसाद गुप्ताले 'श्रीराम भजन प्रेमावली' नामक भजन सङ्ग्रह लेखेर आफूभित्रका धार्मिक भावनाहरूलाई चिरस्थायी बनाउने काम गरेका थिए यसैगरी उनले श्रीराम पुस्तकालयको उद्घाटन समारोहको विस्तृत विवरण पद्य शैलीमा रोचक ढङ्गबाट लिपिबद्ध गरेका थिए । यसै पुस्तकालयले भवानी भिक्षु, गयाप्रसाद शाह, भोलानाथ शर्मा, पद्मबहादुर सिंह, देवराज अर्ज्यालजस्ता जागरूक तथा अध्ययनशील साहित्यिक युवा जमात तयार पारेको थियो । यसरी शैक्षिक तथा साहित्यिक क्षेत्रमा निकै

---

[११] **शोध-नायकले स्थलगत भ्रमणबाट प्राप्त गरेको जानकारी अनुसार ।**

[१२] **नारायणप्रसाद पौडेल, पूर्ववत्, पृष्ठ २० ।**

[१३] **शोधनायकले स्थलगत भ्रमणबाट प्राप्त गरेको जानकारी अनुसार ।**

महत्त्वपूर्ण विकास गराउँदै आएको उक्त पुस्तकालय तत्कालीन परिस्थिति अनुसार स्वयं मथुराप्रसाद गुप्ताले बन्द गराएका थिए ।[१४] यस पुस्तकालयको आयोजनामा समय समयमा जनचेतना जगाउने खालका सांस्कृतिक कार्यक्रम, साहित्यिक गोष्ठी प्रवचन गोष्ठी, विचार गोष्ठी जस्ता कार्यक्रम हुने गर्थे र उक्त पुस्तकालय बन्द भएपछि पुनः यस जिल्लाको साहित्यिक गतिविधि पछाडि पऱ्यो ।[१५] वि.सं. १९७८ सालमा स्थानीय शिवालयमा सञ्चालन गरिएको संस्कृत पाठशालाबाट यस जिल्लामा औपचारिक पठन-पाठन सुरु भएको पाइन्छ । यो पाठशाला अहिले आएर तौलेश्वरनाथ संस्कृत माध्यमिक विद्यालयका नामले सञ्चालन भएको छ । यस पाठशालाले पनि समयसमयमा ‘सिद्धार्थ’ नामक पत्रिका प्रकाशन गरी आफ्ना विद्यालयमा अध्ययनरत छात्र-छात्राहरू, गुरुवर्गहरू तथा स्थानीय व्यक्तिहरूका फुटकर कथा, कविता, निबन्ध जस्ता लेख-रचनाहरू प्रकाशन गराई यस जिल्लामा टाँक्सिदै गएको साहित्यिक गतिविधिलाई टेवा दिने काम गरेको छ । यसपछि यस जिल्लामा वि.सं. १९९३ सालमा स्व. पशुपतिप्रताप पुरीको स्मरणमा पशुपतिप्रताप पुस्तकालय को स्थापना गरिएको थियो । यसै पुस्तकालयको सक्रियताले स्व. भवानी भिक्षु, टेकबहादुर पन्थी, बलभद्रनाथ पाठक, शेरबहादुर श्रेष्ठ आदि प्रतिभाहरूलाई साहित्यिक गतिविधिलाई अग्रगति दिन अभिप्रेरणा प्रदान गरेको थियो । यस पुस्तकालयले समयसमयमा साहित्य गोष्ठी आयोजना गरी यस जिल्लाको साहित्यिक गतिविधिलाई अगाडि बढाएको थियो । उक्त पुस्तकालयमा गएर पुस्तक पत्रिका पढ्नुका अतिरिक्त पुस्तकालयका माध्यमबाट स्थानीय युवाहरूले विभिन्न समारोह, चाडपर्व, जात्रा मेला आदिका अवसरमा नाटक खेल्ने, गाइजात्रा मनाउने साहित्यिक गोष्ठीहरूको आयोजना गर्ने कार्य पनि गर्दथे । कपिलवस्तु जिल्लामा वि.सं. १९९७ सालमा सिद्धार्थ शिक्षालय (हाल बुद्धपद्म माध्यमिक विद्यालय) को स्थापना भएपछि यहाँका जनताहरूमा थप शिक्षा प्राप्त भयो । यस क्रममा जनतामा थप शैक्षिक तथा सामाजिक चेतनाको विस्तार गर्ने सिलसिलामा वि.सं. १९९८ को शरद ऋतुमा भोलानाथ शर्माहरूले ‘ध्रुव’ नाटकको मञ्चन गरेका थिए । यो नाटक अत्यन्त मनोरञ्जनपूर्ण, ज्ञानवर्धक एवम् सफल थियो । त्यसैले यस कार्यक्रमबाट यहाँका कर्मचारीहरू पनि अत्यन्त प्रभावित हुन पुगे । त्यसपछि जिल्लामा आयोजना हुने यस्ता कार्यक्रमहरूमा उनीहरू पनि प्रत्यक्ष तथा परोक्षरूपमा सहभागी हुने गर्थे । यसरी नाटक लेखन र प्रदर्शनका अतिरिक्त

---

[१४] **भवेश्वर पंगेनी, पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन २००७, पूर्ववत्, पृष्ठ १२३ ।**

[१५] **ऐजन ।**

साहित्यिक कार्यक्रम, प्रहसन, भजन आदि कार्यक्रमहरूको आयोजना गरेर यहाँका युवाहरूले यस क्षेत्रको साहित्यिक विकास गरिरहेका थिए ।[१६]

वि.सं. १९९३ सालमा ‘शारदा’ वर्ष २ अङ्क ९ मा भवानी भिक्षुको ‘आलोचक र आलोचना’ नामक निबन्ध प्रकाशित हुन्छ । यसपछि लगत्तै अर्को अङ्कको शारदामा ‘वियोगरात्रि’ शीर्षकमा कविता प्रकाशित हुन्छ । वि.सं. १९९५ सालमा ‘शारदा’ पत्रिकाको वर्ष ४ अङ्क ६-७ भदौ असोजमा ‘मानव’ कथा प्रकाशित भएको पाइन्छ । वि.सं. २००३ सालतिर स्व. शम्भुप्रसाद ज्ञवालीको सल्लाह एवं सहयोगमा कपिलवस्तुका युवाहरूको चरित्र निर्माण गरी सामाजिक एवं शैक्षिक तथा साहित्यिक विकास गर्ने हेतुले ‘नवयुवक सङ्घ’ तौलिहवाको स्थापना गरिएको थियो ।

यसपछि पुनः २००३ सालमै भोलानाथ शर्मा, शेरबहादुर श्रेष्ठ र गिरिबहादुर ज्ञवालीको सक्रियतामा साहित्यिक गतिविधिलाई अगाडि बढाउने हेतुले ‘प्रमोद गृह’ को स्थापना गरिएको थियो । साहित्यिक गोष्ठी आयोजना गरी उद्घाटन गरिएको यो गृह र पशुपतिप्रताप पुस्तकालयको संयुक्त पहलमा नाटक लेख्ने, मञ्चन गर्ने र साहित्य गोष्ठी राख्ने काम हुँदै आएको थियो ।[१७] तत्कालीन अवस्थामा यहाँको शैक्षिक क्षेत्रलाई अगाडि बढाउनेहरूमा रविदेव शर्मा, स्व. गिरिराज शर्मा, स्वं बामदेव शर्मा, दानबहादुर श्रीवास्तव, के.वी. ज्ञवाली, चिन्तामणि ज्ञवाली, गङ्गाबहादुर रायमाझी, स्व. विश्वेश्वरप्रसाद स्वर्णकार, डा. रामेश्वर पाण्डे, देवकुमार भारती आदिको नाम उल्लेखनीय रहेको पाइन्छ ।[१८] वि.सं. २००४ सालमा पशुपतिप्रताप पुस्तकालयको अभिभारा आफ्नो काँधमा आइपरेको हुनाले बालबालिकामा जागरण ल्याउने उद्देश्यले भोलानाथले बाल साहित्यसम्बन्धी सामग्री पनि सङ्कलन गरेर पुस्तकालयमा राख्ने गर्थे । यसै सिलसिलामा उनी आफै बालकविता रचना गर्ने, पाठ गर्ने र पढ्न लगाउने काममा सक्रिय रहन्थे । भोलानाथ शर्माले रचना गरेका यस्ता कवितामध्ये ‘केटाकेटीको खेल’ शीर्षकको एउटा कविता २००४ सालमा ‘युगवाणी’ पत्रिकामा प्रकाशित भएको थियो ।[१९] वि.सं. १९९३ साल कार्तिकदेखि २०१३ सालसम्म साहित्यकार भवानी भिक्षुका एक दर्जन कथा, तीन दर्जन कविता, पाँच वटा लेख-निबन्ध

---

[१६] **भवेश्वर पंगेनी, पूर्ववत्, पृष्ठ १३३ ।**

[१७] **भवेश्वर पंगेनी, पूर्ववत, पृष्ठ १३३ ।**

[१८] **नारायण पौडेल, पूर्ववत्, पृष्ठ २० ।**

[१९] **भवेश्वर पंगेनी, पूर्ववत्, पृष्ठ १२६ ।**

थरी ५३ वटा लेख रचनाहरू प्रकाशित भएका थिए ।[२०] माथि चर्चा गरिएका पुस्तकालयहरू साहित्यिक समूह, स्कूलहरू आदिको स्थापना हुनु, साहित्यतर्फ व्यक्तिहरू आकृष्ट हुनुले के जनाउँछ भने यस जिल्लाको नेपाली साहित्यको पृष्ठभूमि निकै बलियो बनिसकेको छ ।

कपिलवस्तु जिल्लामा नेपाली साहित्यको अङ्कुरण वि.सं. १९९३ सालमा भएको हो । साहित्यकार भवानी भिक्षुको ‘अस्तित्वको रूदन’ नामक कवितासङ्ग्रहको प्रथम प्रयास वि.सं. १९९९ सालमा ने.भा.प्र.स. बाट उपेक्षित रहे पनि उनका तीन कवितासङ्ग्रह ‘छाया’, ‘प्रकाश’ र ‘परिष्कार’ वि.सं. २०१७ सालमा एकैचोटि प्रकाशित भएका हुन् ।[२१] यसरी वि.सं. २०१७ देखि यस जिल्लामा कृति प्रकाशनको आरम्भ भएको हो । जिल्लाको साहित्यिक यात्रा वर्तमानसम्म आइपुग्दा निकै उकाली ओराली गरेको छ । यस जिल्लाको नेपाली साहित्यिक कृति प्रकाशन, साहित्यकारहरूमा आएको वैचारिक परिपक्वता, साहित्यिक तथा साहित्येतर पत्रिकाको प्रकाशन, साहित्यिक समूहहरूको गठन, नयाँ शिक्षा कार्यक्रमले नेपाली भाषाको प्रचारमा ल्याएको तीव्रता, जनमतसङ्ग्रह, प्रजातन्त्रको पुनर्स्थापनाजस्ता घटनाहरूबाट प्रभावित छ । यी विभिन्न घटनाहरूलाई हेर्दा यहाँको साहित्ययात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त देखिन्छः

प्रथम चरण - (२०१७-२०३५)

द्वितीय चरण - (२०३६-२०४६)

तृतीय चरण - (२०४७-हालसम्म)

यस कपिलवस्तु जिल्लामा भएको साहित्यिक गतिविधिका आधारमा यस जिल्लाको साहित्यिक विकासलाई चरण विभाजन गरी हेर्दा प्रथम चरण सुरुको चरण भए तापनि यस चरणमा राष्ट्रिय स्तरमा समेत ख्याति प्राप्त साहित्यकार भवानी भिक्षुको योगदानले निकै सम्पन्न तुल्याएको देखिन्छ भने दोस्रो र तेस्रो चरणमा नयाँनयाँ साहित्यकारहरूको प्रवेशले यस जिल्लाको साहित्यिक क्षेत्रलाई क्रमशः अगाडि बढाउने काम गरेको छ ।

### ४.२.१ प्रथम चरण (२०१७-२०३५)

[२०] **वासुदेव त्रिपाठी, भवानी भिक्षुको समष्टि कथायात्रा एक रेखाङ्कन, उन्नयन** (अङ्क १०: २४९ साउन, भदौ असौज), पृ. ३५० ।

[२१] **ऐजन ।**

वि.सं. २०१७ साल पूर्वका साहित्यिक गतिविधिबाट उत्साहित भएका प्रतिभाहरूले यस चरणमा कृति प्रकाशन तथा विभिन्न पत्रपत्रिकामा फुटकर साहित्यिक रचनाहरू प्रकाशन गरेर यस जिल्लाको साहित्यिक गतिविधिलाई अगाडि बढाएको देखिन्छ । यस चरणमा प्रकाशित कृतिहरूलाई विधागत रूपमा हेर्न उपयुक्त देखिएकाले यहाँ त्यस्तै गरिएको छ ।

**४.२.१.१ पद्य :**

यस जिल्लाको साहित्यिक यात्राको प्रथम चरणमा पद्य लयमा फुटकर रचनादेखि कृतिगत आयामका रचनाहरू प्रकाशन भएको देखिन्छ । प्रकाशनका दृष्टिकोणले साहित्यकार भवानी भिक्षुको ‘छाया’ (कवितासङ्ग्रह २०१७) प्रथम कृति मानिन्छ । यसपछि भवानी भिक्षुकै ‘प्रकाश’ (२०१७) र ‘परिष्कार’ (२०१७) जस्ता कवितासङ्ग्रहहरू प्रकाशित हुन्छ । उनका यी कवितासङ्ग्रहहरूमा प्रकृतिलाई मानवीकरण गरेर त्यसमा र मानवीय संचेतनाको स्थापना हुनका अतिरिक्त वेदना, पीडा, निराशा, असफल प्रेमको चित्रण, पूँजीवादी, साम्राज्यवादी व्यवस्थाको विरोध, जीवनमा पाइने अनेक थरीका विवशता र मानवीयताका निषेधात्मक परिपाटीप्रति व्यङ्ग्य भएको पाइन्छ । वि.सं. २०२४ सालमा विष्णुराज आत्रेय (लाटोसाथी) को ‘ढाक्रे’ (खण्डकाव्य) प्रकाशित हुन्छ । वस्तुपरक अभिव्यक्तिका माध्यमबाट वस्तुस्थितिको यथाशक्य चित्रण गर्दै सामाजिक जनजीवनलाई चिन्हाउन खोज्ने यो खण्डकाव्य यथार्थवादी खण्डकाव्य हो । यसमा एउटा साधारण गाउँले ‘ढाक्रे’मा पाइने रहन-सहन, बानी-बेहोरा, बोलीचाली, भेषभूषा, हासखेल, खानपान र दिनचर्या जस्ता प्रवृत्तिहरू अभिव्यक्त भएको पाइन्छ । फेरि वि.सं. २०२७ सालमा विष्णुराज आत्रेयकै ‘कपिलवस्तु’ (खण्डकाव्य) प्रकाशित हुन्छ । यसमा खण्डकाव्यकारले महामानव गौतमबुद्धलाई काव्य नायकका रूपमा उभ्याउदै इतिहासको महिमा गाएका छन् । वि.सं. २०३२ सालमा देवीप्रसाद पौडेलद्वारा रचित ‘म र मेरो कहानी’ नामक कविता-सङ्ग्रह प्रकाशित हुन्छ । यस कवितासङ्ग्रहमा कविले मानिसमा हराउदै गएको मानवतामाथि व्यङ्ग्य प्रहार गरेका छन् । यसपछि यस चरणको अन्तिम पद्य कृतिका रूपमा नित्यानन्द पाण्डेद्वारा लिखित ‘मर्मपुराण’ (२०३५) देखापर्छ । यसमा कविले पुराणमा राखिएका विचारहरूलाई नयाँ किसिमले अभिव्यक्त गरेका छन् । यसरी यस चरणमा चारवटा कवितासङ्ग्रह, तीनवटा खण्डकाव्य प्रकाशन भएको देखिन्छ ।

### ४.२.१.२ गद्य

यस चरणमा गद्य लेखनतर्फ फुटकर रूपमा थुप्रै स्रष्टाहरूले कलम चलाएका भए तापनि कृतिगत रूपमा हेर्दा यस चरणको नेतृत्व साहित्यकार भवानी भिक्षुले गरेको देखिन्छ । यस चरणमा तत्कालीन साहित्यिक प्रतिभा टेकबहादुर पन्थीका ‘रूपरेखा’ पत्रिकामा ‘हरियो फ्रक’, ‘ममताको चिता’, ‘म कससित माया गर्छु’, ‘हसिना’, ‘हामी मरी मरी बाच्यौं’ जस्ता फुटकर कथाहरू प्रकाशित भएको पाइन्छ । यसपछि उनको पुस्तकाकार कृति ‘नेपालको आर्थिक व्यवस्था’ प्रकाशन भएको भए तापनि उक्त कृति उपलब्ध हुन सकेको छैन । यस चरणमा उनले ‘झड्केलो’ र ‘पालाको पैंचो’ जस्ता दुईवटा उपन्यास लेखेको भए तापनि प्रकाशन हुन सकेनन् । यसकारण यस चरणमा गद्य विधातर्फ भवानी भिक्षुका ‘गुनकेशरी’ ( कथासङ्ग्रह २०१७) ‘मैयाँ साहेब’ (कथासङ्ग्रह २०१७), ‘शुभद्रा बज्यै’ (उपन्यास २०१९), ‘आवर्त’ (कथासङ्ग्रह २०२४), ‘पर्दा पछाडि’ (एकाङ्की २०३०), ‘आगत’ (उपन्यास २०३३), ‘अवान्तर’ (कथासङ्ग्रह २०३४) ‘पाइप नं. २’ (२०३४) अनुवाद लेखमा ‘भिक्टर ह्युगोको प्रेमकथा’ प्रकाशन भएको पाइन्छ । यसरी यस चरणमा फुटकर कथादेखि लिएर महोपन्यास आयामको आगत उपन्यास प्रकाशन हुनका अतिरिक्त ‘पर्दा पछाडि’ नामक एकाङ्की र ‘भिक्टर ह्युगोको प्रेमकथा’ (अनुवाद लेख) प्रकाशन हुनाले यस चरणमा गद्य साहित्यका विविध विधाहरू (कथा, उपन्यास, एकाङ्की, अनुवाद लेख) मौलाएको देखिन्छ । यस चरणमा चारवटा कथासङ्ग्रह, दुईवटा उपन्यास, एक एकाङ्की र एक अनुवाद लेख प्रकाशन भएका छन् ।

प्रथम चरणको साहित्यिक विकासमा विभिन्न सङ्घसंस्थाको क्रियाशीलताले पनि निकै महत्त्वपूर्ण सहयोग पुऱ्याएको देखिन्छ । ‘श्रीराम पुस्तकालय’ (१९७२-१९८०), पशुपतिप्रताप पुस्तकालय (१९९३), प्रमोद गृह तौलिहवा (२००४), कपिलवस्तु त्रैमासिक, कपिलवस्तुको रूपरेखा (२०२९), कपिलवस्तु (२०१७), गौतम (२०१८), तौलेश्वरनाथ संस्कृत माध्यमिक विद्यालयबाट प्रकाशित ‘सिद्धार्थ’ (२०२८) जस्ता साहित्यिक समूहहरूले यहाँको साहित्यिक विकासमा निकै महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यी संस्थाहरूले सञ्चालन गरेका साहित्यिक कार्यक्रम, पत्रिकाहरूको प्रकाशन आदि महत्त्वपूर्ण कार्य हुन् जसले यस क्षेत्रको साहित्यिक गतिविधिलाई अगाडि बढाउन मद्दत गरेका छन् ।

प्रथम चरणमा फुटकरदेखि सङ्ग्रहसम्मका रचनाहरू यस जिल्लामा प्रकाशित भएका छन् । कृतिहरूबाहेक यस चरणमा विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर रचनाहरू पनि प्रकाशित भएका छन् । यस जिल्लाबाट प्रकाशित पत्रिकाहरूमा मुख्यतः विभिन्न विद्यालयहरूबाट प्रकाशित 'मुखपत्रहरू' र जिल्ला पञ्चायत कपिलवस्तुबाट प्रकाशित कपिलवस्तु त्रैमासिक रहेका छन् । यी पत्रिकाहरूमा यस जिल्लाभित्रका प्रतिभाहरूले मात्र नभएर अन्य जिल्लाका प्रतिभाहरूले समेत रचनाहरू प्रकाशन गराएको पाइन्छ । यस अवधिमा फुटकर रचनाहरू प्रकाशित गर्नेहरूमा विष्णुराज आत्रेय, पुण्यप्रसाद अर्याल, स्व. युवराज पन्थी, त्रिवेणीमणि त्रिपाठी, नारायण ज्ञवाली, हरिराज शर्मा, अयोध्याप्रसाद पाण्डेय, गणेश आत्रेय (वल्लभ), खगेश्वर पौडेल, मानव मरासिनी, हरिप्रसाद पोखेल, सूर्यप्रसाद पन्थी, नारायण मरासिनी, खेम कोपिला, नारायण पौडेल, शेखरपन्थी, ढुण्डिराज अर्याल, उमानन्द आचार्य, स्व. खगेन्द्रसिंह रावल, तुलसी पन्थी, शेखर पन्थी, उमानाथ ज्ञवाली, तिलकराम गौतम, कृष्णप्रसाद नेपाल, तेजकुमार बौद्धाचार्य, उपेन्द्र अर्ज्याल, पशुपति आचार्य, विष्णुप्रसाद आचार्य, विश्वनाथ घिमिरे आदि प्रतिभाहरू मुख्य रूपमा रहेका छन् । यस चरणमा फुटकर रचना प्रकाशन गर्ने जिल्ला बाहिरका प्रतिभा पनि अधिक सङ्ख्यामा देखिएका छन् ।

प्रथम चरणमा प्रकाशित कृतिहरूमा र फुटकर रचनाहरूमा समाजमा देखिएका अन्याय, अत्याचार, शोषण, दमन,अन्धविश्वास, गरिबी, ठगी, बेइमानीजस्ता अमानवीय प्रवृत्ति विरूद्ध आवाज उठाउनु, समाजमा देखिएका कुसंस्कृति, विकृति आदिको भण्डाफोर गर्नु, समाजमा भएका विकृति शोषणजस्ता प्रवृत्तिहरूको अन्त्य गरी स्वस्थ शिक्षित, चेतनशील, जागरूक, कर्तव्यपरायण समाजको स्थापना गर्न चाहनुजस्ता प्रवृत्तिहरू मूल रूपमा रहेका छन् । सरल भाषामा सजिएका यस चरणका रचनाहरूमा साहित्यिक मूल्य र मान्यता केही रचनाहरूले परिपालन गर्न नसके तापनि केहीले पूर्णरूपमा परिपालन गरेको पाइन्छ । यस चरणमा फुटकर रचनादेखि सङ्ग्रहसम्मको रचना प्रकाशित भएको देखिन्छ । लयका दृष्टिकोणले हेर्दा यस चरणमा शास्त्रीय छन्दका साथै गद्य लयमा कविताहरू रचना भएका छन् ।

### ४.२.२ द्वितीय चरण (वि.सं. २०३६ देखि २०४६ सम्म)

यस चरणमा पहिलो चरणमा देखापरेका साहित्यकारहरूले नै निरन्तरता दिएको पाइन्छ । प्रथम चरणको नेतृत्व भवानी भिक्षुले गरेकामा दोस्रो चरणमा आउँदा विष्णुराज आत्रेय (लाटो साथी) अग्र पङ्क्तिमा रहेको देखिन्छ । यस चरणको नेतृत्व यिनै विष्णुराज आत्रेय (लाटो साथी) ले नै गरेका छन् । प्रथम चरणको नेतृत्व गर्ने साहित्यकार भवानी भिक्षुको वि.सं. २०३८ सालमा मृत्यु भएका कारण यस चरणमा सोंचे जस्तो साहित्यिक विकास हुन सकेको देखिँदैन । यति हुँदाहुँदै पनि फुटकर रचनादेखि कवितासङ्ग्रह, उपन्यास, खण्डकाव्य, समालोचनात्मक कृतिका अतिरिक्त अनुसन्धानात्मक खोजग्रन्थहरू प्रकाशन भएका देखिन्छन् । यस चरणमा पहिलो चरणमा मौलाएको कथा लेखनले निरन्तरता पाउन सकेन । पहिलो चरणमा तीनवटा कथासङ्ग्रहहरू प्रकाशन भएकोमा दोस्रो चरणमा कुनै पनि कथासङ्ग्रह प्रकाशन हुन नसक्नु यसको ज्वलन्त उदाहरण हो । यस चरणमा पहिलो चरणमा पाउन नसकिने समालोचनात्मक कृति र विभिन्न खोज-ग्रन्थहरू प्रकाशन हुनुले यस समायावधिमा पुराना विधाहरूले निरन्तरता पाउनका अतिरिक्त नयाँनयाँ क्षेत्रमा समेत साहित्यकारहरूले कलम चलाएको देखिन्छ । यस समयावधिमा सामाजिक, आर्थिक, राजनैतिक आदि क्षेत्रमा देखिएका कुप्रवृत्तिहरूमाथि प्रहार गर्नाका अतिरिक्त यस चरणमा जनताहरू सङ्गठित भएर यहाँ भएको मानवीयता शोषण र दमनजस्ता प्रवृत्तिहरूको विरोध गर्नुपर्छ भन्ने भावना पनि वृद्धि भएको देखिन्छ । यस चरणको साहित्यिक विकासलाई विधागत रूपमा यसरी देखाउन सकिन्छ ।

### ४.२.२.१ पद्य

प्रथम चरणमा चारवटा कवितासङ्ग्रह र दुईवटा खण्डकाव्य प्रकाशन भएकामा यस चरणमा आएर संस्कृत भाषामा किमुपहरामि (कवितासङ्ग्रह २०३६) र व्यथाविधा (काव्यम् २०३७) प्रकाशन भएको पाइन्छ । यस चरणमा पहिलो चरणमै स्थापित भैसकेका कवि तथा खण्डकाव्यकार विष्णुराज आत्रेयले आफ्नो पारिवारिक जीवनमा पाउँदै आएको संस्कृत भाषा प्रतिको मोहको कारण उनले संस्कृत भाषामा दुई-दुईवटा काव्यकृतिहरू प्रकाशन गरेका छन् । यसका अतिरिक्त उनले वि.सं. २०३९ सालमा ‘नयाँ मेघदूत’ नामक खण्डकाव्य प्रकाशन गरेका छन् । यसैगरी अर्का साहित्यकार देवीप्रसाद पौडेलले ‘आँसुको दह’ काव्य ( २०४३), ‘अ.खा.का आँखा’ (काव्य २०४३) प्रकाशन गरेर यस जिल्लाको पद्य फाँटमा महत्त्वपूर्ण सहयोग पुऱ्याएका छन् । यसै चरणमा नित्यानन्द पाण्डेको ‘देखा जायगा’ (

हास्यव्यङ्ग्य) र देवीप्रसाद पौडेलको ॅगुहार' प्रकाशित भएको भए तापनि यी कृतिहरू उपलब्ध हुन सकेको छैनन् । यस चरणमा जम्मा ५ वटा पद्य रचनाहरू प्रकाशन भएको देखिन्छ ।

### ४.२.२.२ गद्य

प्रथम चरणमा गद्यको एक रूप समालोचनात्मक कृति प्रकाशन हुन सकेको थिएन तर यस चरणमा यस्ता समालोचनात्मक कृतिहरूको पनि प्रकाशन भएको देखिन्छ । पहिलो चरणमा देखापरेको कथासङ्ग्रहको प्रकाशन यस चरणमा आएर हराएको पाइन्छ । यस चरणमा पहिलो चरणमा थालनी भैसकेको उपन्यास लेखनलाई साहित्यकार विष्णुराज आत्रेयले निरन्तरता दिएको पाइन्छ । अझ साँच्चै रूपमा भन्नुपर्दा यस चरणको गद्य फाँटका सर्वेसर्वा विष्णुराज आत्रेय बाहेक कृतिगत रूपमा अन्य साहित्यकारहरूले सहयोग पुऱ्याउन सकेनन् । यस समयावधिमा विष्णुराज आत्रेय (लाटो साथी) का ॅहामी भित्रका म' (उपन्यास २०३६) ॅक्षेत्रीय भाषाविज्ञान भू-भाषिकी' (समालोचना २०३६), ॅसरला' सामाजिक संस्कृत उपन्यास ॅसुन्तला' अपूर्ण उपन्यास (२०४०), ॅहिमालयो नाम नागाधिराज' (नेपाली विषयमा कालिदास विषयक अध्ययन खोज ग्रन्थ २०४२), ॅअर्ज्याल वंशावली र कुल वृत्त' (खोज ग्रन्थ २०४२) प्रकाशन भएका छन् ।

कुनै पनि साहित्यको विकासमा पत्रपत्रिकाको महत्त्वपूर्ण हात रहेको हुन्छ । तर यस जिल्लामा यस चरणमा आइपुग्दासम्म पत्रपत्रिकाले खासै महत्त्वपूर्ण भूमिका खेल्न सकिरहेका छैनन् । यति हुँदाहुँदै पनि यस जिल्लाका कतिपय विद्यालयहरूले आफ्नो मुखपत्रका रूपमा त्यस्ता पत्रिकाहरू प्रकाशन गरेर यहाँका प्रतिभाहरूमा रहेको क्षमतालाई बाहिर निकाल्न जुन सहयोग पुऱ्याउका छन् त्यो अत्यन्त महत्त्वपूर्ण मान्नुपर्छ । यस चरणमा यशोधरा माध्यमिक विद्यालयले ॅयशोधरा' (२०३६), रत्न राज्यलक्ष्मी माध्यमिक विद्यालयले ॅनवप्रभातॅ साहित्य स्मारिका, बुद्धपद्य माध्यमिक विद्यालयले ॅप्रज्ञा' नामक साहित्यिक स्मारिका प्रकाशित गरेको छ । यसैगरी कपिलवस्तु जिल्ला पञ्चायतले यस चरणमा पनि समय-समयमा ॅकपिलवस्तु' त्रैमासिक पत्रिका प्रकाशन गरेर कथा, कविता, गजल र निबन्ध जस्ता साहित्यिक विधामा कलम चलाउन प्रोत्साहन दिएको छ । उच्च शिक्षा हासिल गर्ने क्रममा लागेका त्रिभुवन विश्वविद्यालयका राष्ट्रिय विकास सेवामा आएका दश महिने शिक्षकका पालामा पनि यहाँको साहित्यिक गतिविधिलाई अगाडि बढाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । अशेष मल्ल,

पिताम्बर जङ्गध्वज कार्की लगायतका व्यक्तिहरूले नाटक, एकाङ्की, व्यङ्ग्य नाटक र प्रहसनका माध्यमबाट यस चरणमा यहाँको साहित्यिक क्षेत्रलाई फराकिलो पार्ने काम गरेका छन् ।

वि.सं. २०४४ सालको सुरुवाततिर कपिलवस्तु जिल्लाको मोतीपुर गा.वि.स. मा अवस्थित दयाराम न्यौपानेको घरमा भएको साहित्यिक भेटघाटले ‘कपिलवस्तु साहित्यिक परिषद्’ गठन गरेको थियो । संयोजक नारायणप्रसाद पौडेल र सदस्य कमल चुँदाली रहेको उक्त परिषद्को सल्लाहकारमा मेघराज ज्ञवाली रहनुभएको थियो । सो परिषद्ले तत्कालीन समयमा जिल्लाका उत्तरतिरका केही क्षेत्रमा साहित्यिक कार्यक्रम आयोजना गरेर यहाँको साहित्यिक गतिविधिलाई अगाडि बढाउन महत्त्वपूर्ण सहयोग पुऱ्याएको थियो ।

यस चरणमा पनि प्रथम चरणमा जस्तै गरेर विभिन्न फुटकर रचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । यस चरणमा फुटकर रचनाहरू प्रकाशित गर्नेहरूमा केही पहिलो चरणमा नै देखिएका प्रतिभाहरू छन् भने केही नवप्रतिभाहरू छन् । यस चरणमा पत्रपत्रिकामा फुटकर रचना प्रकाशित गर्ने पार्वती शर्मा, विन्दु सिग्द्याल, नित्यानन्द पाण्डे, नारायण पौडेल, बाबुराम भण्डारी, लक्ष्मण निर्मल, खेम ‘कोपिला’, गिरिराज घिमिरे, दिनेश पन्थी, धर्म भूसाल, केदारनाथ शुक्ला जस्ता प्रतिभाहरू मुख्य रहेका छन् ।

वि.सं. २०३६ देखि २०४६ सम्म आइपुग्दा देखापरेका साहित्यकारहरूका कृतिमा वर्तमान मानवमा हराउँदै गइरहेको मानवीय मूल्य र मान्यताको खोजी गर्दै समाजमा देखापरेका अन्याय अत्यचार, शोषण, दमन, अशिक्षा, बेरोजगारी, गरिबीजस्ता विकराल समस्याहरूको बारेमा आवाज उठाउनुका साथै समाजमा परिवर्तन ल्याउनको लागि हामीहरूले स्वयम् सङ्घर्ष गर्नुपर्छ, विना सङ्घर्ष यहाँ केही परिवर्तन हुनेवाला छैन भन्ने भावको अभिव्यक्ति गर्दै शिक्षित, मर्यादित, नैतिक समाजको परिकल्पना गरिएको छ । यस चरणमा मुख्य रूपमा सामाजिक, आर्थिक र राजनैतिक परिवर्तन हुनुपर्छ तब मात्र शान्त, नैतिक, चेतनशील, समाजको निर्माण हुनसक्छ भन्ने स्वर नै मुख्य रूपमा रहेको छ । संरचनात्मक रूपले यस चरणमा कविताका मुक्तक, फुटकर रूपदेखि लिएर खण्डकाव्य, कवितासङ्ग्रह प्रकाशित छन् । गद्यतर्फ फुटकर कथाहरूदेखि लिएर उपन्यास र समालोचनात्मक लेखका अतिरिक्त अनुसन्धानात्मक खोज ग्रन्थ प्रकाशित भएका देखिन्छन् ।

प्राप्त प्रकाशित कृतिका आधारमा यस चरणमा गद्य कवितात्मक लयको पनि प्रयोग भएको पाइन्छ ।

### ४.२.३ तृतीय चरण (वि.सं. २०४७ हालसम्म)

वि.सं. २०४७ अघि समाजका विभिन्न अङ्ग प्रत्यङ्ग राजनैतिक परिवर्तनको लागि तातेको समयमा यहाँको साहित्य जगत् पनि तातेको थियो । पञ्चायती व्यवस्थाको अन्त्यपछि केही समयसम्म यहाँको साहित्यमा पनि शून्यताले छाएको पाइन्छ । प्रजातन्त्रको पुनर्स्थापना हुनु अगाडि साहित्य सिर्जना गर्ने व्यक्तिले खुला समयको आशा राखेका थिए तर प्रजातन्त्रको पुनर्वहालीपश्चात् साहित्यकारहरू खुला वातावरणमा अगाडि बढ्न केही अलमलिएको पाइन्छ । प्रजातन्त्रप्राप्तिको केही समय अलमल परेको देखिए तापनि कपिलवस्तु जिल्लाको साहित्यिक उत्कर्षताको चरण तृतीय चरण नै हो । यस चरणमा स्थापित साहित्यकारहरूका रचनाहरूका साथसाथै नवोदित साहित्यकारहरूका रचनाहरू पनि प्रकाशित भएका छन् । यस चरणको साहित्यिक विकासलाई विधागत रूपमा यसरी हेर्न सकिन्छ ।

#### ४.२.३.१ पद्य

यस चरणमा पनि कवितासङ्ग्रहदेखि लिएर खण्डकाव्य आयामका रचनाहरू प्रकाशित भएका छन् । यस चरणमा आएर कवि तथा लेखकहरूले समाजमा देखापरेका विभिन्न विकृति र विसङ्गतिहरूलाई आफ्नो कलमको माध्यमबाट प्रहार गर्न अगाडि सरेका छन् । निम्नकोटिदेखि लिएर उच्चकोटिका कवितासङ्ग्रहरू यस चरणमा प्रकाशित भएका देखिन्छन् । देवीप्रसाद पौडेलको ‘प्राकृतिक जीवन’ (२०४८), हरिराज शर्माको ‘कल्पना’ खण्डकाव्य (२०५२), विष्णुराज आत्रेयको ‘श्री शङ्कराचार्य’ (लघु काव्यम् २०५३), ‘धन्योहिमवद्देश’ (गीतिकाव्यम् २०५५), होमराज आचार्यको ‘जीवित कङ्काल’ कवितासङ्ग्रह (२०५६), विष्णुराज आत्रेयको ‘हनुमान चालिसा’ (२०५६), हरिराज शर्माको ‘ज्योत्स्ना’ खण्डकाव्य (२०५८), भोजराज घिमिरे ‘विरहपुष्प’ (शोककाव्य २०५८), विष्णुराज आत्रेयको ‘कवितामा लाटो साथी’ कवितासङ्ग्रह (२०५९), नारायण प्रसाद गैरेको ‘चुट्किला सङ्ग्रह’ र ठाकुरप्रसाद पोखेलको ‘गरिबको आँसु’ आदि जस्ता कृतिहरू प्रकाशित छन् । यस चरणमा प्राप्त र अप्राप्य गरी १२ वटा पद्य कृतिहरू प्रकाशित छन् ।

यस चरणमा कवितामा मुक्तक रूपदेखि खण्डकाव्य आयामका रचनाहरू प्रकाशन भएको पाइन्छ । यस चरणमा देखापर्ने यी रचनाहरूमा वर्तमानमा देखिएका विभिन्न विकृति, विसङ्गति, अन्याय, अत्याचार, शोषण आदि जस्ता कुराहरूलाई देखाउँदै स्वस्थ, सबल र सक्षम समाजको परिकल्पना गरेको पाइन्छ । यी रचनाहरूको मूल स्वर राष्ट्रवाद नै हो । राष्ट्रको पक्षमा यी रचनाहरूले आफ्नो स्वर निकालेको पाइन्छ ।

### ४.२.३.२ गद्य

नेपाली साहित्यको विकासअन्तर्गत तृतीय चरणमा गद्य विधाअन्तर्गत कथा, लघुकथा, हास्यव्यङ्ग्य निबन्ध, उपन्यास, समालोचना र अनुदित लेख रचनाहरू प्रकाशित छन् । निर्मल बि.क. उपेक्षितको ‘आँधीमा फुलेका फूलहरू’ उपन्यास (२०४९), होमराज आचार्यको ‘निर्दोष कैदी’, उपन्यास (२०५२), ठाकुरप्रसाद पोखेल ‘विफलको ‘सुकुलगुण्डो’ हास्यव्यङ्ग निबन्ध, होमराज आचार्यको ‘प्रधानाध्यापकको रहस्य’ अनुवाद कथा (२०५४), रूद्र ज्ञवालीको ‘निर्वासन’ कथासङ्ग्रह (२०५८), फणिन्द्रनारायण सिग्द्यालको ‘संस्कृत शिक्षा समस्या र समाधानका नयाँ उपाय’ लेख (२०५७), नारायणप्रसाद गैरेको ‘बाँधिएकी चेली’ उपन्यास (२०५८), होमराज आचार्यको ‘देशको आवाज’ सम्पादन (२०५९), पुण्यप्रसाद अर्यालको ‘श्रीमद्‌भागवत महापुराण कथासार’ (२०५९), विष्णुराज आत्रेय (लाटो साथी) का ‘भेटेका पुस्तक टिपेका कुरा’ समालोचना (२०५९), ‘अथातो जलान जिज्ञासा’ हास्यव्यङ्ग्य निबन्ध (२०५९) र होमराज आचार्यको ‘परिज्ञान’ (सम्पादन) प्रकाशित छन् । यस चरणमा गद्य अन्तर्गत जम्मा १२ वटा कृतिहरू प्रकाशित छन् । यी रचनाहरूमा समसामयिकतालाई विषयवस्तु बनाएर वर्तमान युगजीवनका समस्याहरूलाई केलाउने काम भएको पाइन्छ । यिनमा सामाजिकता, यथार्थता, मनोविश्लेषणात्मकता आदर्शोन्मुखताजस्ता प्रवृतिहरू पाइन्छन् ।

यस चरणमा अघिल्लो चरणमा भन्दा केही बढी पत्रपत्रिकाहरू प्रकाशित भएका छन् । यस प्रकाशित समाचारप्रधान पत्रिकाहरू जिल्ला विकास समाचार (२०५६), सिद्धार्थ सन्देश (अर्धवार्षिक २०५५), गाँस (त्रैमासिक २०६०), बुद्धनगरी (मासिक २०६०) कर्मभूमि ( साप्ताहिक २०५४), शान्ति सन्देश (मासिक २०६०) आदि हुन् । यस चरणमा वार्षिक मुखपत्र, साहित्यिक पत्रिका र स्मारिकाहरू पनि प्रकाशन भएको पाइन्छ । शान्तिदूत ( स्मारिका २०५८), बुद्धभूमि (स्मारिका २०५५), सिद्धार्थ (बालपत्रिका २०५७) बिहानियाँ (थारू

भाषा साहित्यिक त्रैमासिक २०५३) बालजगत् (स्मारिका २०५८), अमिताभ (मुखपत्र २०५१), कपिलवस्तु लुम्बिनी दिग्दर्शन (२०५२) प्राचीन कपिलवस्तु (२०५४), सोमेश्वर (दैनिक २०६०) आदि प्रकाशन भएका छन् । यसरी यस चरणमा अघिल्ला चरणहरूमा भन्दा केही बढी पत्रपत्रिकाहरू प्रकाशित भएको पाइन्छ । यी पत्रपत्रिकाहरूको स्थापनाले कपिलवस्तुका नवोदित प्रतिभाहरूलाई अगाडि ल्याउन उल्लेखनीय देन पुऱ्याइरहेका छन् ।

यस चरणमा केही मात्रामा साहित्यिक समूहहरू खोल्ने काम पनि भएको देखिन्छ । त्यसैगरी केही वाचनालय अथवा पुस्तकालय पनि खोल्ने काम भएको देखिन्छ । यस चरणमा कपिलवस्तु साहित्यिक समाज (२०५०), कपिलवस्तु वाचनालय (२०४७), शोभादेवी भोलानाथ ट्रष्ट (२०५१), घर-घरमा किताब (२०५८), आदि । यी साहित्यिक समूह तथा वाचनालयको स्थापनाले पनि यस चरणमा कपिलवस्तुको साहित्यले निकै राम्ररी फुल्ने र फल्ने मौका पाएको छ ।

यस चरणमा कपिलवस्तु जिल्लाको साहित्यिक यात्रामा पुस्तकाकार कृतिहरू प्रकाशित गर्ने प्रतिभाहरूबाहेक फुटकर रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित गर्ने प्रतिभाहरूमा नारायण प्रसाद पौडेल, श्रीमती पार्वती शर्मा, ढुण्डीराज अर्याल, देवेन्द्र पौडेल, उमा पौडेल, बाबुराम भण्डारी, श्रीमती विन्दु सिग्देल, कमला पन्थी, बालकृष्ण खनाल, भोजराज अर्याल, मीना ज्ञवाली, एस. के. हिमाली, पशुपतिमणि त्रिपाठी, निरूसिंह रायमाझी, बेदुराम भुसाल, लेखनाथ भण्डारी, भोला बस्ताकोटी, भक्तिराम पन्थी, श्रीमती इन्दिरा श्रेष्ठ, श्रीमती राधा नेपाल, विनोदकुमार सिंह, ज्ञानु अधिकारी, लक्ष्मण पन्थी, गिरिराज ज्ञवाली, सुरेन्द्र बजिमयो, कृष्णप्रसाद शर्मा, अर्जुन गौतम, श्रीमती राधा बज्राचार्य, गजेन्द्र शुक्ला, राम कोइराला, श्रीधर कोइराला, वसिर अहमद, भक्तिराम पन्थी, दीप खड्का "निर्मोही", सुचिता श्रेष्ठ, डबल बहादुर जि.सी., नित्यानन्द पाण्डे, तिलक पौडेल, दधिराम सापकोटा, मोहन ज्ञवाली, भवानी शंकर पौडेल, विनोदकुमार सिंह, विपिनविहारी मिश्र, गोपाल भण्डारी, मनोज पौडेल, पुनाराम घिमिरे, गुमान थापा, श्रीमती तारा ज्ञवाली, सुकराज के.सी. आदि प्रमुख छन् । यसका अतिरिक्त प्रत्येक वर्षको तीजमा अखिल नेपाल महिला सङ्घ कपिलवस्तुले पनि तीजका गीतहरू प्रकाशन गरिरहेको पाइन्छ ।

यसरी वि.सं. २०४७ सालदेखि हालसम्म यस जिल्लामा साहित्यिक गतिविधिमा निकै तीव्रता आएको देखिन्छ । यस चरणका प्रकाशित कृतिमा प्रजातन्त्र प्राप्ति पछि जनताले जुन

कल्पना गरेका थिए; त्यो वर्तमानमा पूरा हुनु त परै जाओस् झन् देशको स्थिति अधोगतितिर गएको जनताहरूका दुःख ज्यूँका त्यूँ रहेको देखिदा सर्जकहरूमा आक्रोश पैदा भई वर्तमान राजनीति प्रति व्यङ्ग्यवाण हान्ने काम मुख्य रूपमा भएको छ । यसैगरी वर्तमान सामाजिक, आर्थिक र राजनैतिक आदि क्षेत्रमा देखिएका विकृति-भ्रष्टाचार, विसङ्गति, घुसखोरी, जालझेल, षडयन्त्र, घातप्रतिघात नेताहरूमा देखिएको अत्याचार, दुराचार, प्रजातन्त्रमाथि भइरहेको षडयन्त्रजस्ता समसामयिक कुराहरूलाई पनि जोडदारका साथ अभिव्यक्त गरिएको छ ।

## ४.३. निष्कर्ष

कपिलवस्तुमा लोकसाहित्यका रन्काहरू यहाँका वनजङ्गल खेतबारी अदिमा गुञ्जिएको पाउन ज्यादै मुस्किल हुन्छ । यस जिल्लामा त भएको लोकसाहित्यमा पनि हिन्दी चलचित्रका गीतहरू, पाश्चात्य खुला संस्कृतिको विस्तारै प्रवेशका कारणले दिनदिनै ह्रास आइरहेको छ । यस्तो स्थितिमा यहाँको लोकसाहित्यको जगेर्ना, शोधखोज गर्नुपर्ने देखिन्छ । यस जिल्लाको साहित्यिक विकासको गति वि.सं. १९७२ बाट सुरु भएको हो । यसैगरी वि.सं. १९७२ सालमै श्रीराम पुस्तकालयको स्थापना हुन्छ । यसैगरी वि.सं. १९९३ सालमा स्थापना भएको पशुपतिप्रताप पुस्तकालयको स्थापना पछि तत्कालीन समयमा यहाँका भवानी भिक्षु, भोलानाथ शर्मा जस्ता साहित्यकारहरूले यहाँको साहित्यिक गतिविधिलाई अगाडि बढाउँदै लैजान्छन् । वि.सं. १९९३ सालदेखि नै यहाँका साहित्यिक व्यक्तित्व भवानी भिक्षुका थुप्रै कविता तथा फुटकर कथाहरू शारदा पत्रिकामा प्रकाशन हुन थालेदेखि यहाँको साहित्यिक गतिविधि बीज अवस्थाबाट अलिकति माथि उठ्न पाउँछ । यसैगरी १९९० को दशकमा यहाँका साहित्यिक व्यक्तित्वले समयसमयमा सार्वजनिक स्थलमा नाटक प्रदर्शन गरी यहाँका कर्मचारी एवम् युवावर्गलाई साहित्यिक रचना प्रकाशन गर्न हौसला प्रदान गर्छन् । वि.सं. २००३ सालमा प्रमोद गृहको स्थापना भएपछि त यहाँको साहित्यिक विकासमा अझ अभिवृद्धि भएको पाइन्छ । यसैगरी नवयुवक सङ्घः तौलिहवा (२००४), गौतम टिमः तौलिहवा (२००४) को स्थापनाले यस जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यिनै सङ्घ-संस्थाहरूको स्थापनाका कारण यहाँ केही नयाँ प्रतिभाहरूको जन्म हुन्छ । वि.सं. २००४ सालमा भोलानाथ शर्माद्वारा रचित ‘केटाकेटीको खेल’ शीर्षकको कविता युगवाणी कवितामा प्रकाशन भएपछि यहाँको साहित्यमा विस्तारै वृद्धि हुँदै गएको

पाइन्छ । वि.सं. २०१७ सालमा आएर कपिलवस्तु जिल्लाका मूर्धन्य साहित्यकार भवानी भिक्षुका ॅछाया', ॅप्रकाश' र ॅपरिष्कार' जस्ता तीनतीन वटा कवितासङ्ग्रह प्रकाशन भएपछि त यस जिल्लाले नेपाली साहित्यमा बलियो आधार बनाएर अगाडि बढेको देखिन्छ । यसैगरी वि.सं. २०२४ सालमा विष्णुराज आत्रेय (लाटोसाथी) को ॅढाक्रे' (खण्डकाव्य) र ॅकपिलवस्तु' (खण्डकाव्यको) प्रकाशनले यहाँका नवसाहित्यिक प्रतिभालाई कृति प्रकाशन गर्ने कार्यमा थप प्रेरणा दिने काम गरेको छ । यसै चरणमा वि.सं. २०२९ सालका प्रकाशित ॅकपिलवस्तुको रूपरेखा' ॅसिद्धार्थ' (२०२८) ॅकपिलवस्तु त्रैमासिक' (२०१७), जस्ता साहित्यिक पत्रिकाहरूले यहाँका नव-नव प्रतिभाहरूलाई प्रकाशनमा ल्याउन र स्थापित प्रतिभाहरूलाई प्रेरणा दिन उल्लेखनीय भूमिका निभाएका देखिन्छ । यसरी प्रथम चरणमै नेपाली साहित्यको विकासमा बलियो जग बसाइसकेको कपिलवस्तुको साहित्यमा द्वितीय चरणमा आउँदा केही संस्कृत भाषामा रचना गरिएका कवितासङ्ग्रह पनि फेला पार्न सकिन्छ । त्यसैगरी यस चरणमा समालोचनात्मक लेख-रचना पनि प्रकाशित छन् । यसरी आफ्नो पाइला विस्तारै बढाउँदै अगाडि बढिरहेको कपिलवस्तुको साहित्यले तृतीय चरणमा विभिन्न साहित्यिक समूहको स्थापना, विभिन्न पत्रपत्रिकाको प्रकाशन, कृतिहरूको प्रकाशन, प्रजातन्त्रको प्राप्तिले सिर्जना भएको खुला वातावरण आदिका कारणले उत्कर्षता प्राप्त गर्दछ ।

कपिलवस्तुको लोकसाहित्य विविध कारणले गर्दा फस्टाउन नसकेको देखिन्छ । यस जिल्लाको साहित्यिक यात्राको बीजाङ्कुरण वि.सं. १९७२ बाट भएर विविध पत्र-पत्रिकाको प्रकाशन, पुस्तकालयको स्थापना, प्रसिद्ध साहित्यकारहरूको आगमन, साहित्यिक समूहको स्थापना आदिका कारणले फक्रिदै फुल्दै, आफ्नो काँचुली फेर्दै, उकाली-ओराली गर्दै अघि बढिरहेको कपिलवस्तुको साहित्यले विस्तारै विस्तारै आफूलाई अगाडि लम्काउँदै गरेको देखिन्छ ।

# पा“चौं परिच्छेद

# कपिलवस्तु जिल्लाका साहित्यकारहरूको अध्ययन

## ५.१. कपिलवस्तु जिल्लाका साहित्यकारहरूको सङ्क्षिप्त परिचयः

नेपाली साहित्यको विकासयात्रामा उल्लेखनीय सहभागिता जनाएको कपिलवस्तु जिल्लामा विभिन्न सङ्घसंस्था र पत्रपत्रिका आदिका क्रियाकलापसँगै धेरै प्रतिभाहरूले अमूल्य योगदान पुऱ्याएका छन् । कपिलवस्तु जिल्लाको साहित्य सृजनामा क्रियाशील प्रतिभाहरू स्थायी वा अस्थायी रूपमा बसोबास गरी योगदान दिएका छन् । यहाँ पुस्तकाकार कृति लेखी प्रकाशन गर्दै उल्लेखनीय योगदान पुऱ्याएका र फुटकर लेखनमा सक्रिय रहेका प्रतिभाहरूको सङ्क्षिप्त परिचय दिइएको छ । परिचयको क्रममा पुस्तकाकार कृति प्रकाशन गरेका प्रतिभाहरूको मूल प्रवृत्तिसमेत औंल्याइएको छ । फुटकर लेखनमा सक्रिय रहेका प्रतिभाहरूको परिचय मात्र उल्लेख गरिएको छ । कपिलवस्तुका प्रमुख प्रतिभाहरूको परिचयलाई वर्णानुक्रमका आधारमा राखिएको छ ।

### ५.१.१ ऋषिराम कँडेल

ऋषिराम कँडेलको जन्म वि.सं. २०१६ भदौ २५ गते गुल्मी जिल्लाको अमरअर्वाथोक गा.वि.स. वडा नं. १ को वेगरूङ टोलमा बुवा गुनाखर कँडेल र आमा दिनरूपा कँडेलको कोखबाट भएको हो ।[१] औपचारिक रूपमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरिसकेपछि वन विभाग शाखामा वन कार्य सहायकको कार्यभार सम्हँल्दै आएका कँडेल वि.सं. २०५० सालदेखि कपिलवस्तु जिल्लाको मोतीपुर गा.वि.स. वडा नं. ५ मा बसोबास गर्न थालेका हुन् । नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कँडेलले ‘रूखको महत्त्व’ (कल्पवृक्ष २०५१, वर्ष ११, अङ्क ११०-१११) शीर्षकको कविताबाट औपचारिक रूपमा साहित्यिक लेखनको यात्रा आरम्भ गरेका हुन् । वाणगङ्गा साहित्यिक प्रतिष्ठानका सह-सचिवका रूपमा रहेका कँडेलका हालसम्म ‘मोती तिमी फर्की आउ’, ‘मोती आहा चम्कियो’, ‘वन्यजन्तु’, ‘लक्ष्मी कृति’ जस्ता कविताहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित छन् । उनको हालसम्म प्रकाशित पुस्ताकाकार कृतिका रुपमा मनको तरङ्ग कविता सङ्ग्रह

---

[१] **ऋषिराम कंडेलले मिति २०६१ पुष १४ गते शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

रहेको छ । त्यसै गरी 'बाणगङ्गा महात्म्य' प्रकाशोन्मुख अवस्थामा रहेको छ ।[६] उनका कविता प्रकृतिलाई मुख्य विषयवस्तु बनँएर लेखेको पाइन्छ । छन्दोप्रेमी कवि कँडेलले अग्रज कवि तथा साहित्यकारहरूको योगदानको कदर पनि गरेका छन् ।

### ५.१.२. कमल अधिकारी

कमल अधिकारी वि.सं. २०४२ साल पुष २५ गते कपिलवस्तुको गजेहडामा बुवा भुवनलाल अधिकारी र आमा तुलादेवी अधिकारीका कोखबाट जन्मेका हुन् । स्नातक तहसम्म अध्ययन गरेका अधिकारीले जनसङ्घर्ष, साहित्यसागर, मेचीकाली, बुटवल टुडे पत्रिकामा कथा, कविता प्रकाशित गरेका छन् । उनको प्रथम प्रकाशित कृति 'पाइलाहरू' कथासङ्ग्रह-२०६४ रहेको छ ।

### ५.१.३. खिमानन्द पोखरेल

खिमानन्द पोखरेलको जन्म वि.सं. २००२ साल आश्विनमा अर्घाखाँची जिल्लाको सिद्धारा गा.वि.स. वार्ड नं. ४ हर्रे भन्ने ठाउँमा भएको हो । उनका पिताको नाम डिल्लीराज पोखरेल (उपाध्याय) हो भने माताको नाम हुमकला पोखरेल हो । कपिलवस्तु नगरपालिका वार्ड नं. ५ सागरटोलमा बस्दै आएका पोखरेलले स्नातक तहसम्मको शिक्षा हासिल गरेका छन् । विद्यालयमा पढ्दादेखि नै फुटकर लेख रचना प्रकाशन गर्दै आएका पोखरेलका हालसम्म 'पुष्पाञ्जली' (खण्डकाव्य), 'कागजको खोस्टो' (कवितासङ्ग्रह), 'महाभारत' (प्रश्नोत्तर दृष्टान्तहरू), 'मिलावट' (कवितासङ्ग्रह) गरी चारओटा पुस्ताकाकार कृतिहरू प्रकाशित छन् । यसका अतिरिक्त विभिन्न फुटकर लेख-रचनाहरू विभिन्न पत्रिकामा छरिएर रहेका छन् । उनका प्रकाशित कृतिहरूः

१. मिलावट कवितासङ्ग्रह (२०६१)

२. पुष्पाञ्जली खण्डकाव्य (२०६४)

### ५.१.४. खुबिराम पोखेल

[२] **ऐजन ।**

खुबिराम पोखेल २०४३ साल मङ्सिर ८ गते कपिलवस्तुको इमिलियामा बुवा रुक्मागत पोखेल र आमा गायत्री पोखेलका कोखबाट जन्मेका हुन् । उनी शिक्षण पेशामा संलग्न छन् । साहित्यसंसार पत्रिकामा ‘प्रकृति रत्नावली’ फुटकर कविता प्रकाशित गरेर साहित्यमा प्रवेश गरेका हुन् । उनका प्रकाशित पुस्ताकाकार कृतिमा ‘गायत्री सम्झना’ शोककाव्य-२०६३ हो ।

### ५.१.५ खेम कोपिलाः

खेम कोपिलाको जन्म वि.सं. २००९ साल माघ ३ गते गुल्मी जिल्लाको आँपचौर गा.वि.स. मा भएको हो । वि.सं. २०१४ सालदेखि कपिलवस्तु जिल्लामा बसोबास गर्न थालेका कोपिलाले स्नातक तह सम्मको शिक्षा पूरा गरिसकेका छन् । लामो समयसम्म अध्यापन कार्यमा संलग्न खेम कोपिला वि.सं. २०३२ सालदेखि नेपाली साहित्यमा देखापरेका हुन् । मूलतः बुवा खेमराज शर्माकै प्रेरणाबाट साहित्यमा प्रवेश गरेको बताउने खेमराज कोपिलाका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविता, कथा, निबन्ध आदि रचनाहरू प्रकाशन भएका छन् । वि.सं. २०४६ सालमा चौतारी पत्रिकाका सम्पादक बनेर पत्रकारिताका क्षेत्रमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउने कोपिलाको ‘आर्तनाद’ कविता सङ्ग्रहको लेखन पूरा भइसके पनि हालसम्म पनि प्रकाशन हुन भने सकेको छैन ।[घ]

### ५.१.६ खेमराज शर्मा

खेमराज शर्मा (अर्ज्याल) को जन्म वि.सं. १९८६ साल चैत्र शुक्ल एकादशीका दिन गुल्मी जिल्लाको साविक खरवाङ हालको आँपचौर गा.वि.स. मा भएको हो । वि.सं. २०१४ सालदेखि कपिलवस्तुको वर्कलपुर गा.वि.स. मा बसोबास गर्दै आएका शर्माले अनौपचारिक अध्ययनबाटै आफ्नो साधना पूरा गरिसकेका छन् । यसबाट उनमा लघु कौमुदीको राम्रो ज्ञान प्राप्त भइसकेको छ । नेपाली साहित्यमा निकै लामो समयदेखि लागिपरेका शर्माले स्थानीय तथा राष्ट्रिय स्तरमा प्रकाशित विभिन्न पत्र-पत्रिकाहरूमा थुप्रै फुटकर कविताहरू तथा लेख रचनाहरू प्रकाशन गरेका छन् । अहिलेसम्मको प्राप्त जानकारी अनुसार वि.सं. २०४६ सालमा योगी नरहरिनाथको प्रेरणामा प्रकाशित ‘एकीकरण पुष्प’ नै उनको प्रकाशित

---

[३] **खेम कोपिलाले वि.सं. २०६१ साल पुष १३ गते शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

पहिलो रचना  हो ।[४] यसमा लेखकले आध्यात्मिक चिन्तन प्रस्तुत गरेका छन् । यसका अतिरिक्त २०५२ सालमा आदर्शवाणी पत्रिकामा ‘जाग्रत तिमी हौ, स्वत्न तिमी’ शीर्षकको कविता प्रकाशन गर्ने शर्माको ‘मोक्षका चार ढोका’ नामक कृति अप्रकाशित रूपमा रहेको छ । अहिले आएर ‘योगवशिष्ठको टीका’ लेखेर प्रकाशन गर्ने तयारीमा रहेका शर्मा वैदिक धर्म परिषद् नेपालका केन्द्रीय सदस्य पनि हुन् । यसरी पूर्वीय भाषा साहित्यबाट प्रभावित खेमराज शर्मा मौलिक रचनाकार र अनुवादकका रूपमा परिचित छन् । उनका रचनामा आत्मानुभूतिको उच्छलन, समाजको चित्र र सुधारको मधुर स्वर देख्न र सुन्न सकिन्छ ।

### ५.१.७. गिरिराज घिमिरे

गिरिराज घिमिरेको जन्म वि.सं. २०११ साल आषाढ २७ गते अर्घाखाँची जिल्लाको बुढीचौर गा.वि.स. मा भएको हो । उनी वि.सं. २०२८ सालदेखि कपिलवस्तुको तौलिहवामा बसोबास गर्न थालेका हुन् । वि.सं. २०४५ सालमा कपिलवस्तु त्रैमासिक पत्रिकामा प्रकाशित ‘मंगलकामना’ शीर्षकको कविता लिएर नेपाली साहित्यमा देखापरेका घिमिरेका स्थानीय तथा राष्ट्रिय स्तरका पत्र-पत्रिकामा पनि अनेकौं रचनाहरू प्रकाशित छन् । सामाजिक तथा राजनैतिक क्षेत्रमा देखापरेका विकृति तथा विसङ्गतिप्रति तीव्र विरोध घिमिरेका फुटकर रचनामा पाइने मुख्य विशेषता हो । उनको अहिलेसम्म पुस्ताकाकार कृति प्रकाशन भने हुन सकेको छैन । नेपाली साहित्यमा ‘वैरागी माइलो’ उपनाम बाट रचना प्रकाशन गर्ने घिमिरेका ‘मेरो लाशका लागि मलामीहरू लस्कर लाग्दा’ र ‘कहाँ गयो बैरागी माइलो’ नामक दुबै गीतहरू रेडियो नेपालबाट प्रसारित भैसकेका छन् ।[५]

### ५.१.८ गिरिराज ज्ञवाली

गिरिराज ज्ञवालीको जन्म वि.सं. २०२२ सालमा गुल्मी जिल्लाको बलेटक्सार गा.वि.स. मा भएको हो । वि.सं. २०५९ सालदेखि कपिलवस्तुमा बसोबास गर्दै आएका ज्ञवाली जिल्ला विकास समिति कार्यालय कपिलवस्तुमा कार्यरत छन् । वि.सं. २०४७ सालमा महेन्द्रनगरबाट प्रकाशन हुने ‘महावाणी’ साप्ताहिक पत्रिकामा प्रकाशित ‘कित्ता अझै मिलेको

---

[४] **खेमराज शर्माले शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

[५] **गिरिराज घिमिरेले २०६१ पुष २० गते शोधार्थीलाई आफ्नै निवास तौलिहवामा दिएको जानकारी अनुसार ।**

छैन' नामक कविता नै उनको प्रथम प्रकाशित रचना हो ।[६] यसपछि ज्ञवालीले मोफसलबाट प्रकाशन हुने विभिन्न स्थानीय पत्र-पत्रिकामा आफ्ना लेख-रचनाहरू प्रकाशित हुँदै आएका छन् । उनले समसामयिक घटना, सामाजिक विसङ्गति, मानवीय मनोकाङ्क्षालाई विषयवस्तु बनाएर आफ्ना अनुभूति पोखेका छन् । उनको हालसम्म पुस्तकाकार कृति प्रकाशित छैन । कपिलवस्तु जिल्लाको साहित्यिक उत्थान अभियानमा गिरिराज ज्ञवालीको सक्रियताले सहयोग पुऱ्याएको छ ।

### ५.१.९ चूरामणि पौडेल

चूरामणि पौडेलको जन्म वि.सं. २०३२ आश्विन ४ गते अर्घाखाँची जिल्लाको धातिवाङ गा.वि.स. वार्ड नं. २ मा बुवा प्रेमनारायण पौडेल र आमा खिमकला पौडेलको कोखबाट भएको हो । उनी वि.सं. २०४७ सालदेखि कपिलवस्तु जिल्लाको मोतीपुर गा.वि.स. मा बसोबास गर्न थालेका हुन् नेपाली भाषा साहित्यको अध्ययन र अन्वेषणमा रुचि राख्ने पौडेलले 'आजको फेसन' (कर्मभूमि साप्ताहिक भित्ते पत्रिका २०५६) शीर्षकको व्यङ्ग्यात्मक कविताबाट साहित्यिक लेखनको यात्रा प्रारम्भ गरेका हुन् । स्नातक तहको अध्ययनका क्रममा कपिलवस्तु बहुमुखी क्याम्पसमा लगभग तीन वर्ष 'कर्मभूमि' भित्ते पत्रिकाको सह-सम्पादक भई आफ्नो कार्य सफलतापूर्वक सम्पन्न गरेका पौडेल हाल 'बाणगङ्गा साहित्यिक प्रतिष्ठान' कपिलवस्तुमा संलग्न रहँदै यहाँको साहित्यिक गतिविधिलाई अगाडि बढाउँदै आएका छन् । स्थानीय स्तरका विभिन्न पत्र-पत्रिकामा आफ्ना लेख रचना प्रकाशन गर्दै आएका पौडेलका कवितामा सामाजिक विसङ्गतिका विरूद्ध जागरणको स्वर व्यक्त भएको पाइन्छ ।

### ५.१.१०. झविन्द्रराज शास्त्री

झविन्द्रराज शास्त्रीको जन्म वि.सं. २००६ फाल्गुण ८ गते आइतबारका दिन गुल्मी जिल्लाको आँपचौर गा.वि.स. वार्ड नं. ६ मा भएको हो । वि.सं. २०२८ सालदेखि नै नेपाली साहित्यमा कलम चलाउन थालेका शास्त्रीको प्रथम रचना 'बगैँचा' (कपिलवस्तु त्रैमासिक) शीर्षकको कविता हो ।[७] बुटवलबाट प्रकाशित चौतारी पत्रिकाका स्तम्भकारका रूपमा काम

---

[६] **गिरिराज ज्ञवालीले मिति २०६१ पुष १८ गते तौलिहवामा शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

[७] **ज्ञविन्द्रराज शास्त्रीले मिति २०६१ पुष २५ गते शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

गर्ने शास्त्रीका स्थानीय स्तरका थुप्रै पत्र-पत्रिकाहरूमा विभिन्न फुटकर कथा, कविता र निबन्ध लेखहरू प्रकाशित भैसकेका छन् । नेपाली साहित्यका विविध विधामा कलम चलाएका भए तापनि उनको रुचिको क्षेत्र भने निबन्ध नै हो । पूर्वीय आध्यात्मिक दर्शनबाट प्रभावित शास्त्रीका अध्यात्म सम्बन्धी थुप्रै लेखहरू अप्रकाशित रूपमा रहेका छन् । यी सबै सङ्कलन गरी प्रकाशमा ल्याउन सके यस क्षेत्रको आध्यात्मिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कृति बन्ने देखिन्छ ।

### ५.१.११ टेकबहादुर पन्थी

टेकबहादुर पन्थीको जन्म वि.सं. १९९४ वैशाख पूर्णिमा बुद्ध जयन्तीको दिन सल्यान जिल्लाको तापा गाउँमा भएको थियो भने बाल्यकाल बर्मामा बितेको थियो । प्रारम्भिक शिक्षा तथा स्व. अध्ययन गरेका पन्थी कपिलवस्तु जिल्लाको तौलिहवा र कृष्णनगरमा बसी शिक्षण तथा सामाजिक सेवा गरेका थिए । कपिलवस्तु जिल्लाको साहित्यिक गतिवधिमा सक्रिय रहेका पन्थी कथा विधाका माध्यमबाट बढी परिचित छन् ।[८] युवा अवस्थामै घरबार छोडी भारतीय सेनामा भर्ती भएर द्वितीय विश्वयुद्धमा लडेका र राणाविरोधी आन्दोलनमा कैयौं पटक बन्दी भएका टेकबहादुर पन्थीका कथामा क्रान्तिको ज्वार पाइन्छ । उनका 'रूपरेखा' पत्रिकामा प्रकाशित हरियो फ्रक, ममताको चिता, म कससित माया गर्छु, हसिना, हामी मरी बाँच्यौं आदि कथा विशेष चर्चित छन् । उनका 'नेपालको आर्थिक अवस्था' नामक कृति प्रकाशित भएको र झड्केलो तथा पालाको पैंचो उपन्यास अप्रकाशित अवस्थामा रहेको चर्चा पाइन्छ । टेकबहादुर पन्थीको वि.सं. २०३१ आश्विन २८ गते स्वर्गारोहण भएको थियो ।

### ५.१.१२ ठाकुरप्रसाद पोखेल

ठाकुरप्रसाद पोखेलको जन्म वि.सं. २०२२ साल माघ १९ गते अर्घाखाँची जिल्लाको नरपानी गा.वि.स. मा भएको हो । वि.सं. २०३८ सालदेखि कपिलवस्तु जिल्लाको कोपवा गा.वि.स. अन्तर्गत पर्ने अमौलीमा स्थायी बसोबास गर्दै आएका ठाकुरप्रसाद पोखेलको

[८] शशी पन्थी, (सम्पा) 'प्रतिभा परिचय', **हाम्रो पुरूषार्थ,** (गुल्मीः किरण पुस्तकालय वर्ष ९, अंक २ २०३९), पृ. २०४ ।

साहित्ययात्राको थालनी भारतबाट प्रकाशन हुने गोरेटो नामक पत्रिकामा 'फर्क नेपाली' शीर्षकको कविता प्रकाशनसँगै भएको हो ।[९] निकै लामो समयसम्म अध्यापन कार्यमा संलग्न पोखेल हाल आएर विभिन्न सामाजिक सङ्घसंस्थाहरूमा आवद्ध भई काम गर्दै आएका छन् । पोखेलका धेरै कविता, निबन्ध तथा हास्यव्यङ्ग्य लेखहरू जनसङ्घर्ष, बुद्ध सन्देश, श्रीनगर साप्ताहिक, पाल्पा टाइम्स, मुक्ति सन्देश, देउराली, सिन्धुली पोष्ट, नयाँ मोर्चा, महिमा साप्ताहिक, मेचीकाली, राजधानी जस्ता स्थानीय तथा राष्ट्रिय स्तरका पत्रपत्रिकामा छरिएर रहेका छन् । सामाजिक आन्दोलन मासिक पत्रिकाको सम्पादकका रूपमा काम गरेका पोखेलका 'राडी आइमाई' (कथासङ्ग्रह), 'नेपालमा अछुत जातिको स्थिति' (खोजमूलक विषयवस्तु), 'मेरी आमाको आँसु' (उपन्यास) जस्ता कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।[१०] मौलिक रचना सिर्जना कलामा संलग्न ठाकुरप्रसाद पोखेलका हालसम्म प्रकाशित पुस्ताकाकार कृतिहरू हुन्:

१. गरिबको आँसु (गीत सङ्ग्रह)

२. सुकुल-गुण्डो (हास्य-व्यङ्ग्य लेख) २०५३

ठाकुरप्रसाद पोखेल मुलतः कवि तथा निबन्धकार हुन् । उनका कवितामा निम्न वर्गका मानिसहरूले समाजमा भोग्नुपरेको घात-प्रतिघात, विवशता, परिस्थितिप्रतिको असन्तुष्टि र परिवर्तनको चाहना प्रतिबिम्बित भएको पाइन्छ । त्यसैगरी उनको हास्यव्यङ्ग्य लेखमा नेपाली समाजमा रहेका विकृतिहरूको नामेट र परिवर्तनको आशा ध्वनित भएको छ । सरल, सरस भाषाशैलीमा नेपाली समाजको चित्रण गर्दै समाजसुधारका निम्ति जागरण फैलाउने उद्देश्यले प्रेरित साहित्यिक लेखनबाट कपिलवस्तुको साहित्यिक विकासमा थप उचाइ दिने व्यक्तित्व ठाकुरप्रसाद पोखेल हुन् ।

### ५.१.१३ ढुण्डिराज अर्याल

ढुण्डिराज अर्यालको जन्म वि.सं. २०२७ सालमा गुल्मी जिल्लाको मुर्भुङ गा.वि.स. वार्ड नं. ५ मा भएको हो । स्थानीय विद्यालयबाट प्रारम्भिक शिक्षा प्राप्त गरेका ढुण्डिराज अर्यालले त्रि.वि. बाट स्नातक तथा स्नातकोत्तर तहसम्मको शिक्षा पूरा गरिसकेका छन् ।

[९] **ठाकुरप्रसाद पोखेलले २०६१ पुष २३ गते शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

[१०] **ऐजन ।**

वि.सं. २०५३ सालदेखि कपिलवस्तु जिल्लाको कोपवामा र हाल आएर जिल्ला सदरमुकाम तौलिहवामै स्थायी बसोबास गर्दै आएका अर्याल जिल्ला शिक्षा कार्यालय तौलिहवामा शाखा अधिकृत पदमा कार्यरत छन् । विद्यालयमा अध्ययन कार्यमा संलग्न रहँदादेखि नै साहित्यिक रचनामा लागेका अर्यालको पहिलो प्रकाशित रचना 'गौरीशङ्करको काखमा उनी' (निबन्ध- २०५२, धिमाल पत्रिका, दोलखा) हो ।[11] वि.सं. २०५२ सालदेखि कविता तथा निबन्ध जस्ता साहित्यिक विधाका माध्यमबाट कपिलवस्तु जिल्लाको साहित्यिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका अर्यालका धेरै रचनाहरू हाम्रो पुरूषार्थ, सिद्धार्थ, शान्तिदूत, फोक्सुण्डो आवाज, दैनिक लुम्बिनी र मेचीकालीजस्ता राष्ट्रिय तथा स्थानीय स्तरका पत्रपत्रिकाहरूमा छरिएर रहेका छन् ।

डोल्पा जिल्लाबाट प्रकाशित फोक्सुण्डो आवाज र कपिलवस्तु जिल्लाबाट प्रकाशन हुने शान्तिदूत पत्रिकाका सम्पादक भैसकेका अर्ज्यालको 'सुसेलीमा बगेको मन' ( कवितासङ्ग्रह) प्रकाशोन्मुख अवस्थामा छ ।[12] ढुण्डिराज अर्यालले आफ्नै जीवन भोगाइका तीता-मीठा अनुभूति, सामाजिक विषमता, सांस्कृतिक तथा धार्मिक पक्षहरूलाई विषयवस्तु बनाएर कविता लेख्ने गर्छन् । आधुनिक विकृतिहरू र पुराना रुढिवादीहरूका आलोचक कवि अर्ज्याल अस्तित्व र युगबोधको विपनामा उभिएका छन् । कविको शैली नवीन छ, प्रयोगपूर्ण भएर पनि सरल र सहज छ ।

### ५.१.१४ तुल्सीराम पन्थी

तुल्सीराम पन्थीको जन्म वि.सं. २००९ जेष्ठ ६ गते अर्घाखाँची जिल्लाको अङ्गुरी गा.वि.स. मा भएको हो । वि.सं. २०१६ सालदेखि कपिलवस्तु जिल्लाको मोतीपुर गा.वि.स. वार्ड नं. ५ मा बसाइँ सरेका पन्थी हाल आएर कपिलवस्तु जिल्लाकै सदरमुकाम तौलिहवामा स्थायी बसोबास गरेका छन् । उनी हाल रत्नराज्य मा.वि. तौलिहवामा शिक्षण पेसा अँगाल्दै आएका छन् । वि.सं. २०३२ सालमा 'हाम्रो नेपाल' शीर्षकको फुटकर कविता (नवप्रभात, मुखपत्र) बाट नेपाली साहित्यमा देखापरेका पन्थीका कपिलवस्तु त्रैमासिक, हाम्रो पुरूषार्थ लगायत अन्य पत्र-पत्रिकाहरूमा आफ्ना लेख रचना प्रकाशन गरेका छन् ।[13] कथा, कविता

---

[11] **ढुण्डिराज अर्ज्यालले शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

[12] **ऐजन ।**

[13] **तुल्सीराम पन्थीले २०६१ माघ ५ गते तौलिहवामा शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

र समसामयिक विषयमा लेख रचना लेख्ने तुल्सीराम पन्थीका पुस्तकाकार कृति प्रकाशित छैनन् ।

तुल्सीराम पन्थीका रचनामा नेपाली समाजभित्रका विभिन्न पक्ष नै विषयवस्तुको रूपमा आएका छन् । सरल भाषाशैलीमा लेख्ने पन्थीको मुख्य उद्देश्य समाज सुधार नै हो । परिष्कारवादी भावधारामा कलम चलाउने पन्थीमा निरन्तरता रहन सके साहित्यिक भविष्य उज्यालो देखिन्छ ।

### ५.१.१५ तेजकुमार बौद्धाचार्य

तेजकुमार बौद्धाचार्यको जन्म वि.सं. १९८८ सालमा कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा भएको हो । स्थानीय विद्यालयबाट शिक्षा आरम्भ गरेका तेजकुमार बौद्धाचार्य भारतबाट उच्च शिक्षा प्राप्त गरेका हुन् । निकै लामो समयसम्म श्री बुद्ध पद्य मा.वि. तौलिहवामा अध्यापन कार्यमा संलग्न बौद्धाचार्य हाल कपिलवस्तु बहुमुखी क्याम्पसमा अध्यापनरत छन् । कपिलवस्तु त्रैमासिक पत्रिकाका सह-सम्पादक भैसकेका बौद्धाचार्य नेपाली साहित्यको क्षेत्रमा 'हेर्छौं के ?' शीर्षकको कविता लिएर देखापरेका हुन् । नेपाली साहित्यका कविता, कथा, लेख निबन्धजस्ता विविध विधामा कलम चलाएका भए तापनि उनको मुख्य क्षेत्र भनेको कविता विधा नै हो । कपिलवस्तु जिल्लाकै साहित्यिक व्यक्तित्व विष्णुराज आत्रेयको प्रेरणाबाट साहित्यिक क्षेत्रमा लागेको बताउने तेजकुमार बौद्धाचार्यका रचनाहरू कपिलवस्तु त्रैमासिक, शान्तिदूत, प्रज्ञा, आनन्दभूमि, लुम्बिनी आदि पत्रपत्रिकामा प्रकाशित छन् ।[१४]

तेजकुमार बौद्धाचार्यमा साहित्यिक चेतना मात्र नभएर उनमा देशप्रेमका साथै राजनीतिक चेतना पनि रहेको छ । हामी स्वावलम्बी बन्न सक्नुपर्छ भन्ने कुरालाई उनको तलको कविताांशले देखाएको छ ।

ल छोड सयलको बाटो
बनाउन देशको माटो
प्रकृतिको सत्यको बाटो

---

[१४] **तेजकुमार बौद्धाचार्यले २०६१ माघ ५ गते शोधार्थीलाई तौलिहवामा दिएको जानकारी अनुसार ।**

मेटाउन बीचको फाटो
खियाऊ हातका नङ्ग्रा ।[ज्ञछ]

देश भाषणले बन्दैन, पसिनाले बन्छ, त्याग र बलिदानले बन्छ र बन्छ लगनले । देशको नाउँमा छलकपट गरी स्वार्थमा लाग्नु, मौका छोप्नु देशभक्ति हो भन्ने धारणा बौद्धाचार्यका गद्य लेखमा अभिव्यक्त भएको पाइन्छ ।

### ५.१.१६ दधिराम सापकोटा

दधिराम सापकोटाको जन्म वि.सं. २००९ साल आश्विन १७ गतेका दिन गुल्मीको वामिटक्सार भन्ने ठाउँमा भएको हो । वि.सं. २०३४ सालदेखि कपिलवस्तुको सदरमुकाम तौलिहवामा बसोबास गर्दै आएका सापकोटाले औपचारिक भन्दा पनि अनौपचारिक रूपमै अध्ययन गरी आफ्नो बौद्धिक क्षमता बढाउदै आएका छन् । नेपाली साहित्यको क्षेत्रमा ‘स्वर्ग र नेपाल’ शीर्षकको फुटकर कविता लिएर देखापरेका सापकोटाका गुल्मीबाट प्रकाशन हुने हाम्रो पुरूषार्थमा ‘जान्नँ म स्वर्ग, को हौ तिमी चिन्दिनँ’ सङ्गिनी प्रश्नोत्तरजस्ता थुप्रै फुटकर कविताहरू प्रकाशित छन् । यसका अतिरिक्त कपिलवस्तुबाट प्रकाशित शान्तिदूतमा प्रजातन्त्र र नेपाल, शुभकामना जस्ता फुटकर कविता प्रकाशन भएको पाइन्छ ।[ज्ञट] यसैगरी सिद्धार्थ बुद्धभूमि, बालजगत्जस्ता स्थानीय पत्रपत्रिकामा उनका थुप्रै रचनाहरू प्रकाशित छन् ।

नेपाली साहित्यको कविता विधामा हराउदै गएको छन्दोबद्ध लेखनलाई जीवन्तता प्रदान गर्ने साहित्यिक व्यक्तित्व दधिराम सापकोटाका कवितामा सामाजिक विकृति, विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरी समाज सुधारको अपेक्षा रहेको पाइन्छ । नेपाली समाजमा बढ्दै गएका पाश्चात्य शैलीको प्रभावलाई तिमी को हौ ? कवितामा कविले यसरी व्यक्त गरेका छन् ।

खायो फेसनले समस्त घरको ऐश्वर्य जे जे थियो ।
कौडीको उपति नभैकन उसै ढाँचा बडो चाहिँयो ।
चस्मा देख्दछु नेत्रमा तर तिनी काला र खैरा किन ?

---

[१५] **कपिलवस्तु त्रैमासिक, वर्ष ३ अङ्क ३-४ कपिलवस्तु जिल्ला पञ्चायत** (२०३१) **पृष्ठ ३७ ।**

[१६] **दधिराम सापकोटाको २०६१ माघ ८ गते शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

लाखे हौ अथवा पिशाच युगका को हौ तिमी ? चिन्दिनँ ।[१७]

कपिलवस्तुका प्रत्येक साहित्यिक गोष्ठीहरूमा संलग्न हुने दधिराम सापकोटाका रचनाहरू राष्ट्रिय स्तरका हुँदा-हुँदै पनि प्रकाशन हुन सकेका छैनन् । ती अप्रकाशित रचनाहरूको सङ्कलन गरी छुट्टै अध्ययन गर्नुपर्ने आवश्यकता छ । शास्त्रीय लयमा कविता लेख्ने परिष्कारधर्मी कवि सापकोटाका कवितामा प्रकृतिप्रेम, मानवता, प्रजातन्त्रप्रतिको अगाढ आस्था, कोमल श्रुतिमाधुर्म, सरल र सरज पोथी शैलीको प्रयोग जस्ता प्रवृत्तिहरू रहेका छन् । उनको हालसम्म प्रकाशित पुस्ताकाकार कृतिको रुपमा दीपशिखा खण्डकाव्य रहेको छ ।

## ५.१.१७ दयाप्रसाद घिमिरे

दयाप्रसाद घिमिरेको जन्म वि.सं. २०१२ साल असार १६ गतेका दिन अर्घाखाँची जिल्लाको ढाँड मैदान गा.वि.स. वार्ड नं. ४ मा भएको हो । उनका पिताको नाम खडानन्द घिमिरे हो भने माताको नाम पार्वती घिमिरे हो । वि.सं. २०४५ सालदेखि कपिलवस्तु जिल्लाको मोतीपुर गा.वि.स. वार्ड नं. ९ मा स्थायी बसोबास गर्दै आएका घिमिरेको प्रथम प्रकाशित रचना 'आजादी' (कविता) हो र यो भारतबाट प्रकाशन हुने चरैवेती पत्रिकामा प्रकाशित छ । यसका साथै नबगाऊ रक्तको होली (कविता) २०६१ असार १२, दैनिक लुम्बिनी, यो पनि शान्तिका लागि (कविता-दैनिक लुम्बिनी), त्यहाँ निर्दोष मारिदा ( कविता, दैनिक लुम्बिनी), कर्मचारी कठैबरी (कविता-शान्तिदूत स्मारिका-२०६२), जैशन जैशन कहो भैया (कविता, शान्तिदूत स्मारिक २०६४) पेट (कविता, साहित्य सुधा-२०६२)

बाँकी नै छ शान्ति ल्याउन (कविता, सोमेश्वर साप्ताहिक) शिक्षक (कविता-शिक्षक सन्देश, कपिलवस्तु) कविता (अभियान पत्रिकामा प्रकाशित (२०६२) आदि फुटकर रचनाहरू प्रकाशित छन् ।

## ५.१.१८ दानबहादुर श्रीवास्तव

दानबहादुर श्रीवास्तवको जन्म वि.सं. १९८८ साल श्रावण २१ गते कपिलवस्तुको वसन्तपुर गा.वि.स. वार्ड नं. ६ मा भएको हो । साधारण शिक्षा प्राप्त गरेका दानबहादुर

---

[१७] **शशी पन्थी, (सम्पा), "प्रतिभा परिचय" पूर्ववत पृष्ठ १३१ ।**

श्रीवास्तवको साहित्यिक यात्राको थालनी उर्दू भाषा साहित्यबाट भएको पाइन्छ । नेपाली साहित्यको क्षेत्रमा वि.सं. २०२६ सालमा ‘नेपालमा पञ्चायती प्रजातन्त्र किन?’ भन्ने राजनैतिक लेखबाट प्रवेश गरेका श्रीवास्तवमा राजनैतिक चेतना पनि उत्तिकै रहेको छ ।[१८] गद्य शैलीमा कविता रचना गर्ने दानबहादुर श्रीवास्तवका फुटकर रचनाहरू कपिलवस्तु त्रैमासिक पत्रिकामा प्रकाशित छन् । शिक्षालाई नै विकासको मूल आधार मान्ने श्रीवास्तवको देश विकासको लागि शिक्षा, संस्कृति र उद्योग नामक फुटकर कविताले यही कुरा बताएको छ ।

> शिक्षा प्रकाश हो
> संस्कृति श्रृङ्गार हो
> उद्योग गुणक हो
> शिक्षा संस्कृति उद्योगको ।[१९]

दानबहादुर श्रीवास्तव मौलिक रचनाकार र अनुवादक दुबै हुन् । उनका रचनामा समसामयिक घटनाहरूको चित्रण एवम् प्रतिक्रिया नेपाली समाजका विसङ्गतिप्रति व्यङ्ग्य गर्दै सुधारको निम्ति आफ्नो सुझाव दिएको पाइन्छ ।

### ५.१.१९ दिनेश पन्थी

दिनेश पन्थीको जन्म वि.सं. २०२१ साल भाद्र १० गतेका दिन कपिलवस्तु नगरपालिका वार्ड नं. ५ तौलिहवामा भएको हो । उनका पिताको नाम देवकीनन्दन पन्थी हो भने माताको नाम हरिकला पन्थी हो । १६-१७ वर्षको उमेरदेखि नै फुटकर लेख-रचना लेखन कार्यमा संलग्न पन्थीको हालसम्म पुस्तकाकार कृतिको रूपमा ‘सुशीला’ (खण्डकाव्य) प्रकाशित छ ।

### ५.१.२० देवीप्रसाद पौडेल

देवीप्रसाद पौडेलको जन्म वि.सं. २००४ साल ज्येष्ठ ३२ गते शुक्रबारका दिन अर्घाखाँची जिल्लाको गोखुङ्गा गा.वि.स. वार्ड नं. ७ मा भएको थियो । उनका पिताको नाम

---

[१८] **दानबहादुर श्रीवास्तवले २०६१ माघ १५ गते शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

[१९] **कपिलवस्तु त्रैमासिक पूर्ववत्, पृष्ठ २७ ।**

गुरुप्रसाद पौडेल र माताको नाम जयकला पौडेल हो । ६ वर्षको उमेरदेखि हिन्दू धर्मअनुसार कर्मकाण्ड गराउने पौडेलले ८ वर्षको उमेरदेखि रुद्रीपाठ, श्रीमद्भागवत पाठ गर्नाका अतिरिक्त १३ वर्षको उमेरमा सप्ताह सम्पन्न गरेका थिए ।[२०] वि.सं. २०२० सालमा संस्कृत प्रधान पाठशाला गुल्मीबाट पूर्व मध्यम परीक्षा उत्तीर्ण गरे । २०२४ सालमा बाल्मीकी संस्कृत महाविद्यालयबाट उत्तर मध्यमा सम्मको अध्ययन गरेका पौडेल २०३३ सालसम्म अध्यापन कार्यमा संलग्न थिए । २०३४ सालमा कृषि विकास बैङ्कमा प्रशाखा प्रबन्धक पदमा कार्यरत पौडेलले वि.सं. २०४३ सालमा आरोग्य मन्दिर गोरखपुरबाट एन.डी. उपाधि प्राप्त गरेका थिए । देवीप्रसाद पौडेलको साहित्यिक यात्रा वि.सं. २०३२ सालमा 'म र मेरो कहानी' (कवितासङ्ग्रह) प्रकाशनसँगै अगाडि बढेको हो । पौडेलका धेरै कविता, निबन्ध तथा लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरू हुन्:

१. म र मेरो कहानी (कवितासङ्ग्रह-२०३२)

२. गुहार (कवितासङ्ग्रह-अप्राप्त)

३. आँसुको दह (काव्य-२०४३)

४. अ.खा.का आँखा अर्घाखाँची दर्पण (काव्य-२०४३)

५. प्राकृतिक जीवन (काव्य-२०४८)

६. प्रकृति चिन्तन (काव्य-२०५६)

देवीप्रसाद पौडेलको साहित्यिक व्यक्तित्व भन्नु नै कवि व्यक्तित्व हो । यही कवि व्यक्तित्वका आधारमा उनको साहित्यक व्यक्तित्व निर्धारित हुन्छ । म र मेरो कहानी (कवितासङ्ग्रह-२०३२) बाट आरम्भ उनको काव्ययात्रामा गुहार (?), आँसुको दह (२०४३), अ.खा. का आँखा अर्घाखाँची दर्पण (२०४३), प्राकृतिक जीवन (२०४८) र प्रकृति चिन्तन ( २०५६) प्रकाशित छन् । यी कृतिहरूमा देवीप्रसाद पौडेलले सामाजिक संस्कार र संस्कृतिका साथै आफ्नो जीवनमा भोग्नुपरेका तीता मीठा अनुभव जीवनजगत् आदिलाई मुख्य विषयवस्तु बनाएका छन् । उनका यी काव्यहरूले सामाजिक विसङ्गति, आर्थिक विषमता, अन्याय, अत्याचार, शोषण र गरिबीका बारेमा व्यापक चित्रण गरेका छन् । उनले आफ्ना काव्यमा मानवीय मूल्य र मानवताको खोजी, आत्मानुभूतिको उद्घाटन, सामाजिक

[२०] **दान बहादुर श्रीवास्तवले शोधार्थीलाई जानकारी अनुसार ।**

जीवनभित्रका यथार्थलाई चित्रण गर्दै सम्पूर्ण विसङ्गत परिपाटी अन्त्य र भय, त्रास, अभाव आदिबाट सामूहिक मुक्तिको निम्ति बहुसङ्ख्यक जनताको पक्षमा आफ्ना विचार प्रस्तुत गरेका छन् । उनमा कवि सिद्धिचरण श्रेष्ठमा रहेजस्तो आफ्नो जन्मभूमि प्रतिको अगाध आस्था र प्राकृतिक चिन्तन जस्ता मूलभूत प्रवृत्तिहरू विद्यमान रहेका छन् । यसरी कपिलवस्तुको साहित्यिक विकासमा निकै महत्त्वपूर्ण योगदान पुऱ्याउने साहित्यिक व्यक्तित्व देवीप्रसाद पौडेल हामीहरूका बीच छैनन् । वि.सं. २०५८ सालमा उनी यस संसारबाट बिदा लिइसकेका छन् ।

### ५.१.२१ देवेन्द्र पौडेल

वि.सं. २०३२ सालमा कपिलवस्तु जिल्लाको पुरातात्विक क्षेत्र निग्लिहवा गा.वि.स. मा जन्मिएका देवेन्द्र पौडेल कपिलवस्तुको साहित्यिक विकासका सन्दर्भमा देखापरेको अर्को नाम हो । जीवनयात्राका विविध मोडहरूमा कठिन सङ्घर्षहरूलाई झेल्दै आफ्ना पाइलाहरूलाई साहित्यिक पक्षमा डोराउँदै हिँडेका पौडेल कपिलवस्तुका विविध साहित्यिक गतिविधिसँग मितेरी गाँस्दै अगाडि बढेका छन् । वि.सं. २०५६ सालमा बुद्धभूमि पत्रिकामा 'बुद्धभूमिदेखि दार्जिलिङसम्म' नियात्रा संस्मरण प्रकाशन गरी साहित्यिक क्षेत्रमा सक्रियता देखाउँदै आएका पौडेलले त्रि.वि. बाट नेपाली विषयमा स्नातकोत्तर तहसम्मको शिक्षा प्राप्त गरेका छन् । कपिलवस्तु बहुमुखी क्याम्पसबाट प्रकाशन हुने 'कर्मभूमि' पत्रिकाको प्रधान सम्पादक भई तीन वर्षसम्म काम गरेका पौडेल हाल पाइनिअज टाइम्स (त्रैमासिक), ज्ञानपुष्प (साप्ताहिक) पत्रिकाका सम्पादक भई काम गरेका छन् । पुस्ताकाकार कृतिको रूपमा कुनै रचनाकृति प्रकाशित नभई सकेपनि संहार (उपन्यास) आँशुको मूल्य (चम्पूकाव्य) र धरतीमाथिको जून (गजलसङ्ग्रह) प्रकाशोन्मुख अवस्था रहेका छन् ।[२१] यिनका विभिन्न पत्रपत्रिकामा प्रकाशित साहित्यिक रचनाहरूमा जन्मभूमिप्रतिको स्नेह, प्रकृतिप्रेम र मानवतावादी दृष्टिकोण अभिव्यक्त भएको छ । प्रकृतिलाई मानवीकरण गरी उनीहरूसँगै माया पिरती साट्न खोज्ने पौडेलका गीत गजलहरू निकै रोचक छन् ।

### ५.१.२२. नारायण पौडेल

---

[२१] **देवेन्द्र पौडेलले २०६१ माघ ७ गते वालिङमा शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

नारायण पौडेल कपिलवस्तु जिल्लाको प्रगतिवादी साहित्यिक क्षेत्रका प्रतिभा हुन् । उनको जन्म वि.सं. २०२० साल फाल्गुण २१ गते बाग्लुङ जिल्लामा भएको हो । वि.सं. २०२९ सालदेखि कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा स्थायी बसोबास गर्दै आएका पौडेलको मुख्य क्षेत्र पत्रकारिता रहेको छ । वि.सं. २०३२ सालमा ‘लट्टु र छट्टु’ शीर्षकको कथा लिएर नेपाली साहित्यमा प्रवेश गरेका पौडेल कपिलवस्तु जिल्लाको साहित्यिक इतिहास सम्बन्धमा खोज अन्वेषण गर्ने पहिलो व्यक्ति हुन् । नेपाली साहित्यका विविध विधामा कलम चलाएका भए पनि उनको मुख्य योगदान भने समालोचना क्षेत्रमा नै रहेको छ । पत्रकारितालाई मूल पेसाको रूपमा लिएका पौडेल नेपाल पत्रकार महासङ्घ कपिलवस्तुका संस्थापक अध्यक्ष बन्न पुगेका छन् । समसामयिक, सामाजिक तथा आर्थिक विषयवस्तुमा आफ्नो अभिव्यक्ति प्रदान गर्ने नारायण पौडेलका फुटकर कविता, लेख-निबन्ध तथा समालोचनाहरू दैनिक लुम्बिनी, मेचीकाली, जनसङ्घर्ष, कान्तिपुर, शान्तिदूत, बुद्धसन्देश, नेपाल पुकार, कपिलवस्तु त्रैमासिक, हाम्रो पुरूषार्थजस्ता विभिन्न राष्ट्रिय तथा स्थानीय स्तरका पत्र-पत्रिकाहरूमा छरिएर रहेका छन् । वि.सं. २०३४ सालमा राजाको शुभजन्मोत्सवका अवसरमा कपिलवस्तु जिल्लामा आयोजित कविता प्रतियोगिता ‘राजा चिरायू रहुन्’ शीर्षकमा दोस्रो स्थान प्राप्त पौडेलका लाहुरेको लहर (खण्डकाव्य) र नेपाली साहित्यको सिंहावलोकन (समालोचना) प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।[२२] उनको हालसम्म प्रकाशित पुस्तकाकार कृतिमा ‘कपिलवस्तु’ रहेको छ ।

यथार्थवादी प्रगतिवादी धाराभित्र रहेर आफ्ना लेख रचनाहरू प्रकाशन गर्ने पौडेलका रचनाहरूमा बेरोजगारी र अभावग्रस्त जीवन, शोषणयुक्त सामाजिक संरचना, उच्च वर्गबाट पीडित नेपाली पुरूष नारीका दुःखद अवस्था, शोषितपीडित जनताको मुक्तिको चाहना, ग्रामीण जनजीवनको चित्रण, सर्वहारा वर्गीय सङ्घर्ष सरल र सहज भाषिक अभिव्यक्ति, व्यङ्ग्य विद्रोह जस्ता विविध प्रवृत्तिहरू फेला पर्छन् ।

### ५.१.२३. नारायणप्रसाद गैरे

नारायणप्रसाद गैरेको जन्म वि.सं. २०३८ साल कार्तिक ७ गते बिहीबारका दिन कपिलवस्तु जिल्लाको वरकलपुर गा.वि.स. वार्ड नं. ३ मा पर्ने गब्दहवा टोलमा भएको हो ।

---

[२२] **नारायण पौडेलले शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

स्थानीय विद्यालयबाट प्रारम्भिक शिक्षा प्राप्त गैरेले वेदविज्ञान विश्वविद्यापिठ दिल्लीबाट संस्कृत शिक्षा आर्जन गरेका हुन् । यसपछि उनले त्रि.वि. बाट प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययन पूरा गरी कम्प्युटर विषय अध्ययन गरेका थिए । महिला सशक्तीकरण कार्यक्रमका संयोजकका रूपमा काम गरेका गैरे नेपाली साहित्यको क्षेत्रमा 'चुट्किला सङ्ग्रह' प्रकाशन गरी देखापरेका हुन् । नेपाली साहित्यका विविध विधामा कलम चलाउने गैरेका विभिन्न पत्र-पत्रिकामा थुप्रै लेख, कथा, कविता, गीत, चुट्किला प्रकाशित छन् । आत्महत्या ( उपन्यास) हत्याको बदला (उपन्यास) विद्यार्थी जीवन (नाटक) र भक्तिको बाटो (धार्मिक लेख) उनका प्रकाशोन्मुख कृतिहरू हुन् ।[२३] अहिलेसम्म उनका प्रकाशित पुस्तकाकार कृतिहरू हुन्:

१. चुट्हिला सङ्ग्रह

२. बाँधिएकी चेली -उपन्यास (२०५८)

नारायणप्रसाद गैरेको साहित्यिक यात्रा लघु चुट्किला सङ्ग्रहबाट अगाडि बढेको छ । उनका प्रकाशित रचनाले हास्यरसको सञ्चार मात्र नभएर मानव हित र समाजको उन्नति गर्न सन्देश दिएका छन् । उनका रचनामा नेपाली समाजमा रहेका विकृतिहरूको नामेट र परिवर्तनको आशा ध्वनित भएको छ । प्रगतिवादी भावधारातर्फ अभिमुख उनको गद्य लेखन सरल र सरस भाषाशैलीमा नेपाली समाजको चित्रण गर्दै समाज सुधारको निम्ति जागरण फैलाउने उद्देश्यले प्रेरित छ ।

### ५.१.२४. नित्यानन्द पाण्डे

नित्यानन्द पाण्डेको जन्म वि.सं. २०१० सालमा ज्येठ १५ गते बैशाख पूर्णिमा बुद्धजयन्तीका दिन गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा भएको हो । उनका बुवाको नाम गङ्गाराम पाण्डे र आमाको नाम मतिदेवी पाण्डे हो । स्थानीय क्षेत्रमा अवस्थित महेन्द्र माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण पाण्डेले भारतको माध्यमिक शिक्षा परिषद्बाट प्रविणता प्रमाणपत्र तह र त्रि.वि. बाट स्नातक तहसम्मको शिक्षा प्राप्त गरेका छन् । वि.सं. २०२६ देखि २०३४ सालसम्म विफर उन्मूलन आयोजनामा संलग्न रही सेवा

---

[२३] **नारायणप्रसाद गैरेले शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

प्रदान गर्ने पाण्डे २०३९ सालदेखि निजामति सेवामा काम गर्न थालेका हुन् । गुल्मी जिल्लाका साहित्यकार विष्णु ज्ञवालीबाट साहित्यिक क्षेत्रमा लाग्ने प्रेरणा प्राप्त भएको बताउने पाण्डेको प्रथम प्रकाशित रचना ‘कर्मयोगीप्रति उद्‌गार’ (२०३४ हाम्रो पुरूषार्थ) हो । यसै रचनाबाट उनी नेपाली साहित्य क्षेत्रमा देखापरेका हुन् । पाण्डेका धेरै कविता, हास्यव्यङ्ग्य, लेखनिबन्धहरू हाम्रो पुरूषार्थ, शान्तिदूत, कपिलवस्तु त्रैमासिक, बालजगत्, बुद्ध सन्देश, दैनिक मेचीकाली तथा जनसङ्घर्ष जस्ता विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित छन् । वि.सं. २०३९ सालमा पाण्डेद्वारा रचना गरिएको ‘लज्जावती’ कविता रेडियो नेपालबाट प्रसारित भएको थियो ।[२४] विद्यालय तहदेखि नै विभिन्न फुटकर कविता तथा लेखरचना प्रकाशन गर्दै आएका प्रकाशित पुस्ताकाकार कृति हुन्ः

१. ‘मर्मपुराण’ (खण्डकाव्य-२०३५)

२. देखाजायेगा (हाँस्यव्यङ्ग्य-२०३६)

नित्यानन्द पाण्डे मूलतः कवि हुन् । उनका कवितामा पूर्वीय आध्यात्मिक दर्शनको प्रभाव रहेको पाइन्छ । पाण्डेले आफ्ना कवितामा मानिसका जीवनसँग सम्बद्ध विविध विषयवस्तुलाई समेट्दै नेपाली सामाजभित्र आर्थिक विषमताले निम्त्याएका समस्या गलत संस्कार, पदीय दुरूपयोग आदि पक्षलाई उभ्याएका छन् । उनले आजका मार्मिक सन्दर्भहरूको अन्तर्भेदी चित्रण गर्दै सामाजिक परिवर्तनको निम्ति कविताका माध्यमबाट आवाज उठाएका छन् । पाण्डेको कवि व्यक्तित्वलाई हास्यव्यङ्ग्यात्मक कविता लेखनले अझ अगाडि बढाएको छ । राष्ट्र र समाजका रीतिरिवाजका प्रचलित स्थितिहरूसँग विद्रोह जनाउने पाण्डेका कवितामा सामाजिक विडम्बनाको विरोध छ । आफ्नो श्रमप्रति आस्था र एकताको सन्देश दिने उनका कविताहरू नयाँ युगप्रति सचेष्ट र मार्मिक छन् ।

### ५.१.२५. पुण्यप्रसाद अर्ज्याल

पुण्यप्रसाद अर्ज्यालको जन्म वि.सं. १९८८ साल माघ १५ गते कपिलवस्तु जिल्लाको तौलिहवामा भएको हो । उनले व्याकरण, पुराण, इतिहास विषयमा आचार्य परीक्षा उत्तीर्ण गरेका छन् । उनले तौलेश्वरनाथ संस्कृत माध्यमिक विद्यालयमा प्रधानाध्यापक रूपमा लामो

[२४] **नित्यानन्द पाण्डेले २०६१ माघ २८ गते शोधार्थीलाई दिएको जानकारी अनुसार ।**

समयसम्म कार्य गरे । नेपाल प्रज्ञा-प्रतिष्ठानमा संस्कृति विभागका सदस्य-सहायक भई पण्डितराज सोमनाथ सिग्द्यालसँग प्रकाशन सम्बन्धी कार्य गरेका अर्ज्यालले सिद्धान्त लघु कौमुदीको संसोधन पनि गरेका छन् । हाल उनी सेवानिवृत्त भई धार्मिक प्रवचनहरूमा सहभागी हुँदै आएका छन् । उनको हालसम्म प्रकाशित कृति श्रीमद्भागवत महापुराण कथासार (२०५९) हो ।

## ५.१.२६ फणिनारायण शर्मा आत्रेय

फणिनारायण शर्मा आत्रेयको जन्म वि.सं. २०११ साल वैशाख १२ गते स्याङ्जा जिल्लाको मग्याम चिसापानीमा भएको हो । साहित्य विषयमा आचार्यसम्मको अध्ययन पूरा गरेका आत्रेय हाल कपिलवस्तु जिल्लाको तौलिहवा नगरपालिकामा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । अध्यापन पेसामा संलग्न रहेका आत्रेयका विभिन्न लेखरचनाहरू पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका 'सत्य' लघुकाव्य, भावलहरी (संस्कृत काव्य), 'संस्कृत पद्य सङ्ग्रह' प्रकाशोन्मुख रहेका छन् । उनको हालसम्म प्रकाशित कृति संस्कृत शिक्षा समस्या: समस्याका नयाँ उपायहरू (२०५७) हो ।

## ५.१.२७ बेदुराम भुसाल

बेदुराम भुसाल वि.सं. २०११ साल असार १५ गते अर्घाखाँची जिल्लाको घन्चौरमा बाबु तिलकराम भुसाल र आमा धनीकला भुसालका कोखबाट जन्मेका हुन् । कपिलवस्तु जिल्लाको गजेहडामा स्थायी रूपमा बसोबास गर्दै आएका भुसालले स्नातक सम्मको औपचारिक अध्ययन पूरा गरेका छन् । २०२७ सालदेखि नेकपा एमालेको वामपन्थी राजनीतिमा संलग्न भएका भुसाल २०५७ सालदेखि केन्द्रीय सङ्गठन विभाग सचिव, पार्टी स्कुल विभाग सदस्य र २०५८ मा राष्ट्रिय सभा सदस्यसमेत भएका छन् । उनी नेकपा एमालेको राजनीतिमा सक्रिय रूपमा लाग्दै आफूलाई राजनीतिक नेताका रूपमा परिचित गराएका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू हुन्:

१. सी.के. प्रसाईलाई जवाफ (२०४७)

२. दर्शनशास्त्र परिचय (२०५९)

वेदुराम भुसाल प्रगतिशील चिन्तक हुन् । २०५९ सालमा प्रकाशित दर्शनशास्त्र परिचय भुसालद्वारा लिखित एउटा गहनतम दर्शनशास्त्रीय समालोचना कृति हो । यस पुस्तकमा दर्शनशास्त्रका अनेक धारा र प्रवृत्तिहरूको सम्बन्धमा सरल र सङ्क्षिप्त जानकारी दिइएको  छ । यो पुस्तक दर्शनशास्त्रलाई मार्क्सवादी कोणबाट व्याख्या गरिएको पहिलो कृति मानिन्छ । खण्ड एक र खण्ड दुई गरी एउटै पुस्तकको दुई आयाममा विभक्त यस पुस्तकको पहिलो खण्डमा दर्शनशास्त्रको परिभाषा, क्षेत्र, वर्गीकरण, दक्षिण एशियाली दर्शन, चिनियाँ दर्शन, युनानी दर्शन र युरोपेली दर्शन शीर्षकहरू समेटिएको छ भने दोस्रो खण्डमा मार्क्सवादी लेनिनवादी दर्शन रहेको छ । यस अन्तर्गत मार्क्सवादको उदय र दर्शनमा क्रान्ति, द्वन्द्वात्मक भौतिकवाद ऐतिहासिक भौतिकवाद द्वन्द्वात्मक भौतिकवादी सिद्धान्त र दर्शनको क्षेत्रमा लेनिनका योगदानहरू रहेका छन् । पूर्वीय क्षितिजमा प्रचलित साङ्ख्य दर्शन, जैन दर्शन, बौद्ध दर्शन, भौतिकवादी दर्शन, योग दर्शन, मीमांसा दर्शन र वेदान्त दर्शन, चिनियाँ दर्शन, युरोपेली दर्शनका सुक्ष्म र मिहिन कुराहरूलाई यस पुस्तकमा व्याख्या गरिएको छ । साहित्य पनि दर्शनको एक अभिन्न अङ्ग भएकाले पूर्वीय र पाश्चात्य दर्शनका सारभूत कुराहरूलाई जोडेर प्रस्तुति गर्नु यस पुस्तकको प्रमुख विशेषता हो ।

### ५.१.२८ भवानी भिक्षु

भवानी भिक्षु वि.सं. १९६६ जेठ २१ मा कपिलवस्तु जिल्लाको तौलिहवामा जन्मेका हुन् । उनको वास्तविक नाम नोहरराम गुप्ता भएपनि उनी भवानी भिक्षुका नामले परिचित छन् ।[२५] घरमै भारतीय शिक्षकबाट अक्षराम्भ गरी पढाइलाई अगाडि बढाएका भिक्षुले बनारसबाट हिन्दी भाषा-साहित्यमा कुलभूषण परीक्षा उत्तीर्ण गरेका छन् । उनले भारतको कानपुरबाट प्रकाशित हुने ‘प्रताप’ पत्रिकामा १९८५ तिर हिन्दी भाषाको कविता छपाएर साहित्यमा प्रवेश गरेका हुन् । वनारसबाट निस्कने ‘कहानी’ पत्रिकामा कथा प्रकाशित गरी हिन्दी भाषाको कविता, कथा र उर्दूमा सायरी लेख्ने भिक्षुले ‘विशाल भारत’, ‘माधुरी’ आदि पत्रिकामा आफ्ना रचनाहरू प्रकाशित गराएका छन् ।[२६]

नेपाली भाषा र साहित्यलाई हात चलाउनमा उनलाई ऋद्धिबहादुर मल्ल र सिद्धिचरण श्रेष्ठबाट प्रेरणा प्राप्त भएको मानिन्छ । स्थानीय जमिन्दार पशुपतिप्रताप पुरीको

---

[२५] **पारसमणि भण्डारी र अन्य, नेपाली गद्य र नाटक, काठमाण्डौं: विद्यार्थी पुस्तक भण्डार २०६४, पृ. ७४ ।**

[२६] **ऐजन, पृ. ७४ ।**

सहकर्मी बनेर काठमाडौं आएका भिक्षुको ‘शारदा’ पत्रिकाका सम्पादक ऋद्धिबहादुर मल्लसँग भेट भएको थियो । उनैको नेपाली भाषा साहित्यमा कलम चलाउने आग्रह र सिद्धिचरणको सान्निध्यले प्रभावित भिक्षुले नेपाली भाषामा कलम चलाउने उत्प्रेरणा प्राप्त गरेका छन् । [२७]

२००७ सालपछि देशमा प्रजातन्त्रको स्थापनापछि लेखकहरूले स्वतन्त्रता पाएपछि भिक्षुले २००९ देखि प्रचार विभागका सहायक निर्देशक भई सरकारी जागिरमा संलग्न भएका थिए । उनी २०१४ सालमा रोयल नेपाल एकेडेमीको स्थापना भएपछि त्यसका सदस्य भएका थिए । साहित्य विभागका संयोजक भई अनेक प्रकाशनको परिकल्पना र कार्यान्वयन गरेर संस्थालाई उन्नत तुल्याउन योगदान पुऱ्याएका थिए । वि.सं. १९९५ मा ‘शारदा’ पत्रिकामा ‘मानव’ कथा लिएर कथा क्षेत्रमा परिचित बनेका भिक्षुले सामाजिक विषयका सापेक्षतामा सार्वदेशिक तथा सार्वकालिक सन्दर्भका मानवीय विश्लेषण गरेका छन् । १९९६ मा राणाद्वारा सिद्धिचरण श्रेष्ठ थुनिएपछि ‘शारदा’ को सम्पादन र प्रकाशनको जिम्मा लिएका भिक्षुले ‘शारदा’ लाई उन्नत तुल्याउन सक्रिय भूमिका निर्वाह गरेका थिए ।[२८] उनी धरती पत्रिकाका सम्पादक पनि भएका थिए । उनले २०३२ सालमा ‘आगत’ उपन्यासका लागि मदन पुरस्कार प्राप्त गरेका थिए । २०३६ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले त्रिभुवन प्रज्ञा पुरस्कारद्वारा सम्मानित गरेको थियो । यिनको मृत्यु वि.सं. २०३८ साल वैशाख ४ गते काठमाडौंमा भएको थियो । भिक्षुका हालसम्म प्रकाशित कृतिहरू निम्न हुन्:

कथासङ्ग्रहहरू : गुनकेशरी (२०१७), मैयाँसाहेव (२०१७), आवर्त (२०२४), अवान्तर (२०३४)

उपन्यास : सुभद्रा बज्यै (२०१९), आगत (२०३२), पाइप नं. २ (२०३४) सुन्तली (२०४० गरिमामा प्रकाशित)

कवितासङ्ग्रहहरू: छाया (२०१७), प्रकाश (२०१७), परिष्कार (२०१७)

### ५.१.२९ भोजराज घिमिरे

वि.सं. १९७७ सालमा अर्घाखाँची जिल्लाको ढिकुरा गा.वि.स.मा जन्मिएका भोजराज घिमिरे २०२८ सालदेखि कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवामा बसोबास गर्दै

---

[२७] **ऐजन**, पृ. ७४ ।

[२८] **ऐजन**, पृ. ७५ ।

आएका छन् । गुल्मी जिल्लाको रिडी संस्कृत पाठशालाबाट कौमुदी अध्ययन गरेका घिमिरे पण्डितका रूपमा सप्ताह, नवाह तथा एकाह पुराण वाचक पनि थिए । कपिलवस्तु जिल्लाकै होनहार साहित्यिक व्यक्तित्व विष्णुराज आत्रेय (लाटोसाथी) को प्रेरणाबाट साहित्यिक क्षेत्रमा संलग्न घिमिरेको वि.सं. २०१८ सालमा बनारसबाट प्रकाशन हुने गौतम पत्रिकामा ‘किन होला’ नामक कविता प्रकाशन भएको छ । यो कविता नै प्रकाशनका दृष्टिले उनको सबभन्दा पहिलो कविता मानिन्छ । उनका प्रकाशित कृतिहरूमाः ‘शारदा विरह पुष्प’ शोककाव्य (२०५८) रहेको छ ।

### ५.१.३० रुद्र ज्ञवाली

कथाकार रुद्र ज्ञवालीको जन्म २०२० कार्तिक १ गते ग्वादी गुल्मीमा भएको हो । २०५५ देखि रूपन्देहीमा स्थायी बसोबास गरेपनि जागिरका सिलसिलामा विगत ५ वर्षदेखि कपिलवस्तुमा बस्दै आएका ज्ञवालीको मुख्य साहित्यिक लेखन क्षेत्र कथा नै हो । यसका अतिरिक्त गीत, गजल र छन्दोबद्ध कवितातर्फ पनि उनको कलम चलेको देखिन्छ । मधुपर्कमा अस्तित्ववोध शीर्षकको कथा प्रकाशित गरी कथालेखनमा सक्रिय रहँदै आएका ज्ञवालीको ‘निर्वासन’ शीर्षकको एक कथासङ्ग्रह प्रकाशित भैसकेको छ भने एउटा लघुकथासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ । अभिव्यक्ति, रचना मधुपर्क, गोरखापत्र सगर, सूर्योदय, शान्तिदूत जस्ता राष्ट्रिय तथा मोफसलबाट प्रकाशित साहित्यिक पत्रिकाहरूमा कथाकार घिमिरेका कथाहरू प्रकाशित समेत हुँदै आएका छन् । उनका प्रकाशित कृतिहरूमा ‘निर्वासन’ कथासङ्ग्रह-२०५८ र सपना फुल्ने रातहरू (गजल सङ्ग्रह-२०६१) रहेका छन् ।

### ५.१.३१. लाटो साथी

विष्णुराज आत्रेय नेपाली साहित्यमा लाटो साथीका रूपमा परिचित बन्न पुगेका छन् । वि.सं. २००३ सालमा कपिलवस्तुको तौलिहवामा यिनको जन्म भएको हो । यिनका पिता देवराज अर्याल हुन् भने माता शारदा देवी अर्याल हुन् । यिनले सन् १९६८ मा नव्य व्याकरण विषयमा आचार्य, सन् १९७० मा त्रि.वि. बाट नेपाली विषयमा स्नातकोत्तर, सन् १९७३ मा राजनीतिशास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । सन् १९९१ मा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयबाट नव्यव्याकरण विषयको ‘परिभाषोन्दुशेखरस्थः ज्ञापकसिद्ध

परिभाषाणां ज्ञाप्यज्ञापक भावविमर्शः' शीर्षकमा विद्यावारिधि गरेका छन् ।[२९] वि.सं. २०२३/२४ सालदेखि प्राध्यापन पेसामा संलग्न आत्रेयले २०३१ सालदेखि त्रि.वि. मा प्राध्यापन गर्न थाले । १९८०-१९८५ सन् सम्म काशी हिन्दू विश्वविद्यालयमा नेपाली विषयका अतिथि प्राध्यापकका रूपमा र १९८५ मा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयमा अतिथि प्राध्यापकको रूपमा संलग्न रहेका आत्रेय २०४५ सालदेखि नेपाल संस्कृत विश्वविद्यालयमा प्राध्यापनरत छन् । कवि, उपन्यासकार र कथाकारका रूपमा परिचित आत्रेयका हालसम्म प्रकाशित कृतिहरू छन् ।

१. ढाक्रे (खण्डकाव्य २०२४)
२. कपिलवस्तु (खण्डकाव्य २०२४)
३. हामी भित्रका म (उपन्यास २०३६)
४. हिमालयो नाम नगाधिराज (खोजग्रन्थ २०३९)
५. अर्ज्याल वंशावली र कुलवृत्त (खोजग्रन्थ २०४२)
६. भू-भाषिको भाषा विज्ञान-२०४५
७. नेपाली हनुमान चालिसा (स्तुतिकाव्य-२०५६)
८. कवितामा लाटो साथी (कवितासङ्ग्रह २०५९)
९. अथातो जलान जिज्ञासा (हास्यव्यङ्ग्य निबन्ध २०५९)
१०. भेटेका पुस्तक टिपेका कुरा (समीक्षा कृति २०५९)
११. नेपाली साहित्यकी प्रतिभा भारती खरेल (व्याख्यान निबन्ध २०६०)

१२. आँसुमा प्रकाश (शोककाव्य २०६२)
१३. नयाँ मेघदूत (खण्डकाव्य २०६२)

संस्कृत

१४. किमुपहरामि (कवितासङ्ग्रह २०३६)
१५. सरला (उपन्यास २०३६)
१६. व्यथाविधा (खण्डकाव्यम् २०३७)
१७. श्रीशंकराचार्यः (काव्यम् २०५३)

---

[२९] **टङ्क निरौला, विष्णुराज आत्रेयको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र २०५२, त्रि.वि. कीर्तिपुर, पृ. १२ ।

१८. धन्यो हिमवद्देशः (राष्ट्रियकाव्यम् २०५५)

### ५.१.३२. वासुदेव जमरकट्टेल

वासुदेव जमरकट्टेल २०२४ साल चैत्र २४ गते लमजुङ्ग जिल्लामा बुवा ऋषिराम जमरकट्टेल र आमा पार्वती जमरकट्टेलका कोखबाट जन्मेका हुन् । उनी २०५५ सालदेखि कपिलवस्तु जिल्लामा बसोबास गर्दै आएका छन् । उनले राजनीतिशास्त्र विषयमा एम.ए. उत्तीर्ण गरेका छन् । विभिन्न फुटकर रचनाहरू पत्र-पत्रिकामा प्रकाशित गरेका कट्टेलका हालसम्म प्रकाशित कृतिहरूमा ‘मायाका फूलहरू’ कवितासङ्ग्रह-२०६२, ‘चन्द्रमामा राज गर्नुपर्छ’ कवितासङ्ग्रह-२०६३ र ‘आफन्त दुश्मन’ कथासङ्ग्रह-२०६४ रहेका छन् ।

### ५.१.३३. हरिराज शर्मा

हरिराज शर्मा (२००९ तौलिहवा) कपिलवस्तु जिल्लाका एक अग्रणी साहित्यिक व्यक्तित्व हुन् । वि.सं. २०२० सालमा हिन्दी कविता लेखी साहित्यिक क्षेत्रमा प्रवेश गरेका शर्माले बनारस हिन्दू विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातकोत्तरसम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । नेपालका ख्यातिप्राप्त साहित्यकार विष्णुराज आत्रेय (लाटो साथी) का सहोदर भाइ हुन् । वनारस अध्ययनका सन्दर्भमा विहानी पख, सन्देश, छात्र प्रभा आदि पत्रिकामा थुप्रै फुटकर कविताहरू लेखी आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिइरहेका शर्मा कपिलवस्तुका साहित्यानुरागीहरूको साझा चौतारी कपिलवस्तु साहित्यिक समाजका संस्थापक अध्यक्ष पनि हुन् । सामाजिक सङ्घसंस्थामा प्रत्यक्ष संलग्न हरिराज शर्मा कपिलवस्तु जिल्लामा समाजसेवीका रूपमा पनि सु-परिचित छन् । यस सन्दर्भमा सिद्धार्थ प्रा.वि. का सञ्चालक समितिका अध्यक्ष (२०३०-३१), यशोधरा मा.वि. का स.स. अध्यक्ष (२०३८-२०४६) कपिलवस्तु बहुमुखी क्याम्पस सञ्चालक समिति सदस्य सचिव (२०४१), २०४१-२०४३ सम्म कपिलवस्तु बहुमुखी क्याम्पसमा निशुल्क प्राध्यापन, २०५० पछि ८ वर्ष सोही क्याम्पसमै सहायक क्याम्पस प्रमुख, २०५३ देखि जिल्ला बालकल्याण समितिका सदस्य, हाल तौलेश्वरनाथ संस्कृत मा.वि. का सन्चालक समितिका सदस्य भई महत्त्वपूर्ण भूमिका निभाएका शर्माले नेपाल नेत्र ज्योति सङ्घ कपिलवस्तु शाखालाई ६ लाख मूल्य बराबरको ३ कट्ठा जग्गा समेत प्रदान गरेका छन् ।

हरिराज शर्माले केही पहिले कपिलवस्तु त्रैमासिक पत्रिकाको सम्पादन र जिल्ला बाल कल्याण समिति कपिलवस्तुबाट प्रकाशित हुने सिद्धार्थ पत्रिकाका सम्पादक भई महत्त्वपूर्ण कार्य गर्दै आएका छन् । कपिलवस्तु साहित्यिक समाज (कसास) मा रही प्रत्येक दुई-दुई वर्षमा भिक्षु पुरस्कारको व्यवस्थापन गर्ने र कपिलवस्तु तौलिहवाको आनन्दवागमा भवानी भिक्षुको प्रतिमा स्थापना गर्ने कार्यमा संयोजक भई अविस्मरणीय कार्य गर्न सफल हराश कपिलवस्तु जिल्लाका अग्रणी साहित्यसाधक हुन् । २०२६ सालमा जिल्ला पञ्चायतले आयोजना गरेको अञ्चल स्तरीय कविता प्रतियोगितामा प्रथम स्थान ओगट्न सफल हरिराज शर्माको कवित्व उच्च कोटिको रहेको छ । हरिराज शर्माले कपिलवस्तु जिल्लाको साहित्यिक उत्थानमा पुऱ्याएको योगदानलाई आंकलन गर्न सकिन्छ । उनका प्रकाशित कृतिहरूमा कल्पना (खण्डकाव्य-२०५२), ज्योत्सना (खण्डकाव्य-२०५८), अभिव्यक्ति एवं परिवेश-२०६२ र अरूणोदय-२०६३ कवितासङ्ग्रह रहेका छन् ।

### ५.१.३४. होमराज आचार्य

होमराज आचार्य वि.सं. २०३० साल जेठ २३ गते कपिलवस्तु जिल्लामा जन्मेका हुन् । यु.एस.ए. बाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहसम्मको शिक्षा प्राप्त गरेका आचार्य हाल यु.एस.ए. मा बसोबास गरिरहेका छन् । उनी द एकेडेमी अफ नेपाली पोयट्स एण्ड राइटर्स यु.एस.ए. का अध्यक्ष, फाई बेटा क्यापा, यु.एस.ए. का आजीवन सदस्य रहेका छन् । उनले परिज्ञान, देशको आवाज पत्रिकाको सम्पादन समेत गरेका छन् । उनी अभियान साहित्य प्रतिष्ठानका संस्थापक सदस्य तथा यस संस्थाका अन्तर्राष्ट्रिय प्रतिनिधि पनि छन् । हिमालय लिटरेरी एसोसियसनका सदस्य समेत रहेका आचार्यका कविताहरू अमेरिकी साहित्य जर्नलहरूमा छापिएका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू हुन्:

१. निर्दोष कैदी (उपन्यास २०५२)
२. प्रधानाध्यापकको रहस्य (अनुवाद कथा २०५४)
३. जीवित कङ्काल (कवितासङ्ग्रह २०५६)
४. आलुबारीमा देवता (कवितासङ्ग्रह २०६४)

## ५.२. कपिलवस्तु जिल्लाका प्रतिनिधि साहित्यकारहरूका विधागत योगदानको अध्ययन

नेपाली साहित्यको सिर्जनामा कपिलवस्तु जिल्ला अरू जिल्लाका तुलनामा निकै पछाडि परेको छ । पहाडीमूलका मानिसहरू बसाइँ सरेर आएपछि यस जिल्लामा साहित्य सिर्जनाको सुरुवात भएको देखिन्छ । यस जिल्लाको साहित्ययात्रामा सामेल भएका प्रतिभाहरू तीन किसिमका छन्:

क) कपिलवस्तु जिल्लामा जन्मेर साहित्य सिर्जना गर्नेहरू ।

ख) अन्य जिल्लाबाट आएर स्थायी रूपमा बसोबास गरी साहित्य सिर्जना गर्नेहरू ।

ग) अन्य जिल्लाबाट आएर अस्थायी बसोबास गरी साहित्य सिर्जना गर्नेहरू ।

यस शोधपत्रमा साहित्यिक मूल्य र मान्यतालाई आत्मसात गरी प्रभावकारी कृति प्रकाशन गरेका प्रमुख प्रतिभालाई प्रतिनिधि साहित्यकारका रूपमा छनौट गरी तिनीहरूका प्रमुख कृतिहरूको अध्ययन गरिएको छ ।

### ५.२.१. खिमानन्द पोखरेल

खिमानन्द पोखरेलद्वारा रचना गरिएको 'मिलावट' कवितासङ्ग्रह वि.सं. २०६१ मा पद्मकला पोखरेलबाट प्रकाशित गरिएको हो । यस सङ्ग्रहमा जम्मा ५८ वटा कविताहरू सङ्ग्रहीत छन् । यस सङ्ग्रहभित्र : कामना, बत्ती, काल, त्याग, भटेकार, म भन्ने को हो ?, स्वदेश प्रेय, अतीत, वर्तमान, पानी, कमिल, हाम्रो गाउँ, दु:ख, अब, धान, ईश्वररूपी विज्ञान, बारपर्व, हरियोवन नेपालको धन, नदी, छरछिमेक, सम्झना, नवयुगको पढाइ, मिलावट, केरा, कोइली, विसय संसार, शान्ति कहाँ छ ? माग्ने बानी छोडौं, सानो, मधेश, बेला, तरकारी बजार, फल, बुढेसकाल, मकै, मान्छे, मन्दिर, जमाना, राष्ट्रिय धन, शान्ति, संचार, जननी जन्मभूमि, हतियारको होड, पेसा, खाना, धर्म, घर, ईश्वर के हो, गौरी शंकर, फूल, पञ्चेन्द्रिय, किताब, विद्यालय, उद्योग, व्यापार, हाम्रो गाउँ नगर, लक्ष्य विनाको मान्छे, यात्रामा शीर्षकका कविताहरू सङ्ग्रहीत छन् ।

यस कवितासङ्ग्रहभित्रका कविताहरूमा वर्तमान समय र वर्तमान समाजको यथार्थ चित्रण गरिएको छ । परिष्कारवादी शैलीमा सामाजिक जनजीवनका विविध पक्षका बारेमा कवितात्मक रूपमा प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा मानिसहरूमा रहेको कालो मैले

विचारलाई पखालेर स्वच्छ रहनुपर्छ । हाम्रा अतीतका गौरवहरूप्रति श्रद्धा भाव राखेमा नै हाम्रा मूल्यमान्यता जीवन्त रहन सक्छन् भन्ने कुरा गरिएको छ । मानिस स्वार्थी नभएर परोपकारी बन्नुपर्छ । मानिसको परोपकारी व्यवहारले काललाई पनि परास्त गर्न सक्ने कुरालाई बताइएको छ। मरणशील संसारमा सबै कुरा नाशवान् भएकाले हामीले त्याग गरेर योगी बन्नु पर्छ भन्ने कथ्यलाई कवितामा प्रस्तुत गरिएको छ । यस संसारमा सबै कुरामा दु:खै दु:ख छ । मानिसको जन्मदेखि मृत्युसम्म हरेक क्षण र समाजमा गरिएका व्यवहारहरू सबै दु:खले भरिएका छन् । त्यसैले मानिसले अहङ्कार त्यागेर सदाचारी बन्नुपर्छ भने सन्देश यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ। आफ्नो मौलिकतालाई पछ्याउने अन्य प्राणी मान्छेभन्दा ज्ञानी हुन्छ भनेर मानव व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । संसारमा हतियारको होडले गर्दा मानिसमा सन्त्रास मात्र छाएको छ तसर्थ होड नगरेर विश्वका सबै मानिसहरूलाई कुटुम्ब मानेर मिलेर बस्नुपर्छ भन्ने सन्देश प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा पानी, फल, धान, तरकारी बजार, पैसा, खाना, फूल जस्ता विषयमा पनि कविताको रचना गरिएको छ । सबैको प्राणको शक्ति पानी हो । हामीले खाने खाना शुद्ध हुनुपर्छ । यसले लागूपदार्थको सेवन गर्दछ त्यसको आयु छोटो हुने कुरा कवितामा बताइएको छ । हाम्रो समाजमा पाइने विभिन्न जातीका फलहरूको चित्रण गरिएको छ । तिनीहरूको गुण र विशेषताको बारेमा कवितात्मक रूपमा यसप्रकार व्यक्त गरिएको छ । यस संसारमा सबै कुरामा मिलावट छ - औषधी, दाल, नून, मरमसला, अन्न, वस्त्र, भेषभुषा, धर्म संस्कृति र स्वयं मानिसमा केही पाइँदैन भनेर व्यङ्ग्य गरिएको छ । यस सङ्ग्रहको तथा कविताकै शीर्षक जसरी मिलावट राखिएको छ त्यसरी नै यस सङ्ग्रहमा कमिलादेखि संसारसम्मका विविध विषयवस्तुलाई लिएर कविताको रचना गरिएको छ । यसर्थ सामाजिक तथा मानवीय जीवनको विविध विषयवस्तुलाई यस सङ्ग्रहमा समेटिएको छ ।

यस सङ्ग्रहका कविताहरू मुक्त लयमा रचिएका छन् । कुनै-कुनै कवितामा शास्त्रीय छन्दको प्रयोग देखिए पनि विचलन युक्त देखिन्छ । कविताहरूमा आनुप्रासिक प्रयोगले कविताको आन्तरिक लय सशक्त रहेको छ । समाजका विविध पक्षलाई चित्रण गरिएका कविताहरूको भाषाशैली सरल रहेको छ । कवितामा ग्रामीण समाजमा प्रयोग गरिने सरल शब्द र शब्दावलीको प्रयोग देखिन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग कवितामा देखिए पनि तद्भव र तत्सम शब्दको बहुलता देखिन्छ ।

'पुष्पाञ्जली' खण्डकाव्यका लेखक खिमानन्द पोखरेल (के.एन. गोपाल) हुन् । वि.सं. २०६४ मा रुकमणी पोखेल (पौडेल) द्वारा प्रकाशित यो खण्डकाव्य लघुखण्डकाव्यका रूपमा रहेको छ । यो खण्डकाव्य सात खण्ड वा भागमा विभाजित छ । यसमा पहिलो भाग जन्म तथा वाल्यावस्था, दोस्रो भाग किशोरी अवस्था, तेस्रो भाग कार्यावस्था, चौथो भाग स्वर्गावस्था, पाँचौं भाग पुनरागमनावस्था छैठौं भाग उपसंहार र सातौं भागमा मन्तव्य खण्ड भनेर विभाजन गरिएको छ । यी खण्डमा खण्डगत आकारमा एकरूपता हुन भने सकेको छैन । कुनै ठूला र कुनै साना खण्डमा संरचित छ । पहिलो खण्डमा २२ श्लोक, दोस्रो खण्डमा ११२ श्लोक, तेस्रो खण्डमा ५१ श्लोक, चौथो खण्डमा ६ श्लोक, पाँचौं खण्डमा ६ श्लोक, छैठौं खण्डमा ६ श्लोक र सातौं खण्डमा मुक्तलयका एक श्लोकमा संरचित छ । पहिलो खण्डदेखि उपसंहारसम्म जम्मा २०३ श्लोकमा संरचित यस खण्डकाव्यको दोस्रो खण्ड किशोरी अवस्था सबैभन्दा ठूलो खण्डका रूपमा रहेको छ ।

यस खण्डकाव्यको विषयवस्तुका रूपमा पुष्पाञ्जली कन्याको जन्मदेखि वाल्यावस्थाको वर्णन, उनको किशोरी अवस्थामा देखापरेका शारीरिक परिवर्तन उनका शारीरिक अङ्गका वर्णन, कार्यावस्था, स्वर्गावस्था र पुनरागमनावस्थाको वर्णन गरिएको छ । उनलाई मर्त्य लोककी कन्पट परीका रूपमा वर्णन गरिएको छ । देवदेवी सरहका मातापिताको कोखबाट शुभ दिनमा उनको जन्म भयो । उनको जन्ममा राम लक्षण परेको छ । त्यस्ती सीता सरहकी कन्यालाई नरनारीले गीताञ्जली भनेर बोलाउने छन् । सबै प्राणीको पीरमर्का बुझ्ने उनले मर्त्यलोकमा पापताप बढेको समयमा संहार गर्नेछिन् । राजनीति र समाजनीति जानेकी उनीबाटै सबैले मुक्ति पाउने छन् । पक्षपात नगरी सबैलाई ज्ञान दिने, सबैलाई धर्मप्रति आस्थावान् गराउने उनलाई पशुपंक्षी र कीटले पनि मान्ने छन् । दोस्रो भाग किशोरी अवस्थामा उनको नखशिख वर्णन गरिएको छ । उनको काँटा किलिपले सजाएको कालो केश, अत्यन्त नरम रेशमजस्तो छ । जुन जस्तै घुमेका आँखीभौं नील आँखा र लक्ष्मीको जस्तो नाकले सबैको मन चोरेको छ । अति राम्रा पङ्क्तियुक्त चन्द्रमाको टक मार्ने दाँत देखाएर हास्दा कविको मन चुङ्गिन्छ । रगतै झर्ला जस्ता ती लाली ओठबाट रगतको भेल आउँदा हामीलाई समाल्न गाऱ्हो हुनेछ । अझ ओठमा ओठ राख्न कति गाऱ्हो होला भनेर कविले किशोरीको सौन्दर्यप्रति शब्द स्पर्श गरेर सौन्दर्य पान गरेका छन् । आफ्ना ती किशोरीको जस्तो रूप नभएको र त्यस्तो रूप भइदिएको भए उनीसित कति माया लाउँदो हुँ भनेर वर्णन गरेका छन् । ईन्द्रेणी जस्ता गाला, मृगका जस्ता आँखा, झरेका

काला बुट्टा परेला ईश्वरले जडेका छन् । ईश्वर पनि दङ्ग पर्ने शङ्काकृति योनी, मन मुग्ध पार्ने अर्धचन्द्र आकार भौ, ईश्वरको जस्तो बास्ना आउने उनको योनी देख्ने मान्छे जिउँदै स्वर्ग पुग्छ भनेर किशोरीको अतिशय वर्णन गरिएको छ । मांसलले भरिएका अनि स्वस्तिक कमल जडेको पैताला, कोइलीको जस्तो बोली, हाँसको जस्तो हिँडाइ, कमलको फूलमा सरस्वती बसे जस्तै तिमी संसारकै भाग्यमानी ठूली हस्ती हौं । शाङ्खिनी र पद्मिनी पनि तिमी जस्तो राम्रा छैनन् भनेर किशोरीको सुन्दरताको वर्णन गरिएको छ ।

किशोरीको सद्कार्य, सद्विचार र नैतिक कर्मले पापीजनहरू शोकमा पर्ने कुरालाई कार्यावस्था खण्डमा वर्णन गरिएको छ । उनले इतिहासलाई हेरेर राजनीति गर्नेछिन् र यही राजनीतिले संसारका प्राणी सुखसँग बाँच्ने छन् । मर्त्यलोकमा धर्मपालना गरेर सबै प्राणीलाई पार लगाउनु र लोकको उपकार गर्नु नै तिम्रो जीवनको सार हुनेछ । धनको चिन्ताले प्राणी नर्कमा पर्ने हुँदा कर्मलाई जीवनको लक्ष्य मानेर जीवन सुखी बनाउनुपर्छ । संसारका सबै प्राणीले तिमीलाई अजर अमर मानेका छन् । तिमी सबैको रक्षक भएकी छौ । तिम्रो प्रेमको गुणगान परमात्माले गरेको छ । तिमी मर्त्य लोककी प्रियशी हौं । सबैकी श्रेयशी हौं । तिम्रो सत्कार्यले द्रष्टात्माले पनि गुणगान गर्ने छन् भनेर किशोरीको कार्यावस्था सफल र सार्थक रहेको वर्णन गरिएको छ ।

पुष्पाञ्जलीको स्वर्ग बन्ने कर्म हो भनेर स्वर्गावस्था खण्डमा वर्णन गरिएको छ । उनी मर्त्यलोकमा सत्कार्यको स्मरण दिन आएकी हुन् भन्ने कविको मनमा लागेको छ । तिम्रो कर्म मर्त्यमा सबैको स्मरण गर्ने छन् । तिम्रो स्वर्गलोक र हाम्रो मर्त्यलोकको विछोड श्रीकृष्ण र गोपिनीको जस्तो प्रेम भएको छ भनेर कविले उनीप्रति अटल आस्था प्रकट गरेका छन् । पुनरागमनावस्था भागमा कविले सबैको मुटुमा वास गरेर मनलाई शान्ति बनाउन आग्रह गरेका छन् । स्वर्ग लोकबाट मर्त्यलोकको मन्दिरमा आसीन हुन भनेका छन् । तिम्रो र मेरो प्रीति अविछिन्न र अटुट रहोस् भनेर आशीर्वाद दिएका छन् ।

उपसंहार भागमा मानिसको सत्कीर्ति र सुकर्मले जीवन सार्थक हुने, आयु पूरा हुने र कुकर्मले सबैको आयु सकिने सत्यलाई व्यक्त गरेका छन् । मानिसको आयु वर्षले नभएर कीर्तिले नापिन्छ । बाँचुञ्जेल तेरो मेरो भन्नु भूल हो र धेरै बाँच्नु मात्र सुख रहनेछ । मान्छे-भन्दा माथि प्रकृति छ जसले संसारलाई सृष्टि गर्ने र संहार गर्ने गर्दछ ।

### ५.२.२. ठाकुरप्रसाद पोखरेल

ठाकुरप्रसाद पोखरेलले विभिन्न पत्रिकाहरूमा प्रकाशित लेखहरू प्रकाशित गरेका छन् । मुक्ति सन्देश पत्रिकामा प्रकाशन भएको 'नयाँ दिन आउँछ' कविताको कविताांश यस्तो छ :

आउँछ अब यो देशमा ठूलो हुरी आउँछ
गरिबीको बलेनीमा सूर्य किरण छाउँछ ।
पाखा पर्वत कन्दरामा मीठो धुन ल्याउँछ
ठूला ठूला महलमा रुवाबासी आउँछ ॥
गाउँ गोठ पधेरीमा मुस्कान फैलाउँछ
दरबारका बाबुसाहेवलाई नेटो कटाउँछ ॥

यस कविताांशका आधारमा हामी कवि विफललाई एक प्रगतिवादी कविका रूपमा चिन्न सक्छौं । उनका हरेक कवितामा देशका निम्न वर्गीय जनतामा सहानुभूति व्यक्त गर्दै देशका शोषक तथा सामन्त वर्गप्रति आक्रोश व्यक्त भएको पाइन्छ । त्यसैगरी कवि विफल एक संस्कृतिप्रेमी, प्रकृतिप्रेमी कविका रूपमा पनि चिनिन्छन् । उनका कवितामा देशको पुरानो रीतिरिवाज, संस्कृति तथा सुन्दर प्रकृतिमै रुन र रमाउन देशवासीलाई आव्हान् गरेको पनि पाइन्छ । जसको एउटा नमूना यहाँ दिइएको छ :

विदेशीले भन्छ आज देशवासीलाई
किन विर्स्यौ हे नेपाली आफ्नो अस्तित्वलाई
कता गयो मुरली र मुर्चुङ्गाको धुन
कसले खोस्यो नेपालीको नेपालीत्व मन

साहित्यकार ठाकुरप्रसाद पोखरेल विफलका थुप्रै फुटकर रचनाका अतिरिक्त पुस्तकाकार कृतिका रूपमा सुकुलगुण्डो हास्यव्यङ्ग र गरिबको आँसु (गीतसङ्ग्रह) प्रकाशित छन् । उनको गरिबको आँसु गीतसङ्ग्रह अप्राप्य छ । राष्ट्रियता, प्रजातन्त्र र स्वतन्त्रताका पक्षधर विफलको 'सुकुलगुण्डो' नामक कृतिमा ठूलो मान्छे, प्रजातन्त्र, धन, सुकुलगुण्डो र मेरो सहिदको सम्झना गरी जम्मा पाँच वटा हास्यव्यङ्ग्य लेखहरू समाविष्ट भएका छन् । यी लेखहरूमा मूलतः साहित्यकारले आज भएर सत्चरित्रवान् र बुद्धिजीवी वर्गहरू पैसाको

अभावमा निकै पछाडि परेको र समाजका केही पूँजीवादी वर्गका मानिसहरू पैसाकै भरमा आफूलाई ठूलो मान्छे भनाउन सफल भएका कुरामा व्यङ्ग्य प्रहार गरेका छन् :

प्रजातन्त्र आइसकेपछि नेपाली जनताहरूले वास्तविक प्रजातन्त्रको स्वाद चाख्न नपाएको, प्रजातन्त्र आइसकेपछि नेपालका राजनेताहरू आ-आफ्नो व्यक्तिगत स्वार्थमा चुर्लुम्म डुबेको, सत्ताधारीको सिफारिस र कृपाविना अड्डा अदालत, विद्यालय र क्याम्पस सबै क्षेत्रमा प्रवेश निषेध भएको, सिद्धान्त र नीतिको नाममा कपुरी ँक' नजाने पनि यो पार्टी र त्यो पार्टी भनेर एक आपसमा बोलचाल बन्द र घर बाराबार हुने स्थितिले कौरव र पाण्डव बीच भएको महाभारत युद्ध पुनः दोहोरिन सक्ने स्थितिप्रति व्यङ्ग्यप्रहार गरिएको छ । घुसखोरी, माफियातन्त्र, हत्या, बलात्कार र भ्रष्टाचार हुँदै गएको कुराप्रति आक्रोश व्यक्त गरेका छन् ।

समाजमा आफ्नो भएको सही रूप लुकाएर वास्तविक रूपभन्दा छुट्टै किसिमले आफ्नो परिचय दिने व्यक्तिहरू दिनानुदिन बढ्दै गएको घरमा केही नभएपनि साथीभाइको सामुमा राम्रो देखिन अनेक प्रयास गर्ने आजका युवा तथा युवतीहरू आफ्नो नेपाली संस्कृति भन्दा पनि पाश्चात्य संस्कृतिमा डुब्दै गएको र यसले नेपालीहरूको मौलिकस्वरूप हराउँदै जान लागेको विकराल स्थितिलाई उजागर गर्ने काम यस कृतिमा लेखकले गरेको छन् ।

### ५.२.३ नारायणप्रसाद गैरे

साहित्यकार नारायणप्रसाद गैरेको प्रथम प्रकाशित कृतिका रूपमा रहेको चुट्किला स्रगंह ँहाँसौं अनि हँसाऔं' कृति पाठकहरूलाई हँसाउन मात्र होइन मानवहीत र समाजको उन्नति गर्ने सन्देश दिने उद्देश्यले लेखिएको हो । किसानको मूल्य, घाम कहाँ लाग्छ?, आमाको ब्रत देखेर, केटी हेर्दा जान्नुपर्ने, दसवटा मिठाई, समानता, विकास पछि गरौंला, भनेको मान्दा, ब्लड प्रेसर, नाम कमाउन, देखे जस्तै गर्दा, सोर्सको पनि फोर्स, साहुजी र ग्राहक कन्सेक्सन, आजभोलिका स्टाप, भनेको मान्दा, एकादशी ब्रत गर्दा, भाडा माग्दा र बूढो विद्यार्थी जस्ता बीसवटा शीर्षकमा आवद्ध यस कृतिले मानव दिनानुदिन पागल बन्दै गएको र उसले मानवतालाई चिन्न नसकेको धारणा अभिव्यक्त भएको छ । यस क्रममा नाम कमाउने सूरमा आज मान्छेले कतिसम्म गर्न सक्छ भन्ने कुरालाई रचनाकार यसरी देखाउँछन्:

एउटा घरमा आगो लगाई दिएर आगो दन्के पछि एउटा बालक - "आगो मैले लगाएको हुँ मैले ।"
मान्छे : "किन लगाएको ?"
बालक : "किनभने रेडियोले मेरो नाम भन्छ कि र पत्रिकामा मेरो नाम छापिन्छ कि भनेर ।"

प्रेममा पागल भएको व्यक्तिले हर घडी प्रेमिकाको नाम जपिरहे जस्तै आजको मानिस धन कमाउने सुरमा पागल भएको छ । उसलाई धन कमाउने भन्दा अरू कुनै कुराको प्रवाह छैन । समाजको भलो गर्ने, मानवको सेवा गर्ने फुर्सद मानिसले नपाएकोमा लेखक चिन्तित छन् । हामी आँखाले देखेजति र कानले सुनेजति आफूमा ओगट्न तिर लागेका छौं तर हामीलाई जति भएपनि सन्तोष भन्दै लेख समग्र पाठकलाई आफू र संसारलाई राम्रोसँग बुझेर मानवहीतमा लाग्न आव्हान् गर्छन् ।

अठार वर्षको कलिलो उमेरमा लेखिएको यो पुस्तिका लेखकको प्रथम प्रयास हो । यसमा पूर्ण रूपमा परिष्कार आउन सकेको देखिँदैन । आउँदा दिनहरूमा लेखकको लेखनीले पूर्णतः सफलता पाउने कुरामा विश्वस्त रहन सकिन्छ ।

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउने गैरेको 'बाँधिएकी चेली' प्रथम औपन्यासिक कृति हो । लेखकले यस भन्दा अगाडि 'हत्याको बदला हत्या' नामक उपन्यास लेखेर प्रकाशनको लागि प्रेसमा दिएको भएपनि देश, काल र परिस्थितिको कारण प्रकाशन हुन नसकेपछि त्यसको बदलामा महिलाहरूले भोग्नुपरेका विभिन्न समस्याहरूलाई विषयवस्तु बनाएर 'बाँधिएकी चेली' नामक उपन्यास सात दिनमा लेखेको हुँ भन्ने कुरा बताउँछन् ।

पुरुष प्रधान नेपाली समाजमा नारीहरू निकै पछाडि परेका छन् । धर्मको नाममा पुरुषहरू महिलापछि हुकुमी शासन चलाइरहेका छन् । धर्म नियमको पालना गर्दा महिलाहरूले भोग्नुपरेको तितो यथार्थलाई काल्पनिक पात्रको माध्यमबाट यस उपन्यासमा अभिव्यक्त गरिएको छ । यहाँ महिला अधिकार केवल नारामा मात्र सीमित रहेको छ । एउटै घरका छोरा र छोरीको बीचमा ठूलो भेदभाव रहेको पाइन्छ । छोरीहरू हातमा हँसिया र नाम्लो बोकेर घाँस पातको लागि जंगलतिर लाग्दा छोराहरू सुविधाजनक अङ्ग्रेजी बोर्डिङ्ग स्कूलतिर पढ्न पठाइन्छ । पुरुषले जाड, रक्सी खाने परस्त्री गमन गरे पनि उनीहरूको इज्जतमा कर्मि नआउने तर महिलाले चाहिँ अरू कुनै पुरुषलाई ठाडो मुख लगाएर हाँसी

बोले भने पनि उनीहरूको जातै जाने कुरालाई उपन्यासकार नारी पात्रका माध्यमबाट यसरी अभिव्यक्त गर्छन् ।

> "मेरा बाबुले चारवटी दुलही विवाह गर्नुभएको थियो तर उहाँ आफ्नो जातबाट घट्नु भएन । बरु वीर कहलाउनु भयो, मैले वाध्यताले दुईवटा मात्र पति बनाउदा म दोस्रा भाते भएँ, मेरा छोराछोरी दोस्रा भाते । अहिले मैले पकाएको मेरा बुवाले खानुहुन्न ।"

नेपाली नारीहरू पुरुषहरूका मनोरञ्जनका साधन बन्न पुगेका छन् । उनीहरू आफू खुसी केही गर्न पाउँदैनन् । पुरुषहरूकै हुकुममा चल्नुपर्दा उनीहरूका ईच्छा, चाहनाहरू दबिन पुगेका छन् भन्ने कुरालाई उपन्यासकार पात्र उमाको माध्यमबाट यसरी अभिव्यक्त गर्छन् :

"म जन्मदा स्वतन्त्र जन्मेकी थिएँ । मेरो भाइ जसरी जन्मेको थियो । म र भाइमा के फरक मात्र लिङ्ग । तर यहाँ मेरा मनका ईच्छा रहर सबै बाँधिएका छन् । म बुवा, पति र छोराको आदेशमा चल्नुपर्छ । मेरा मालिक मेरा चालक पुरुष हुन् । म मात्र हैन संसारकै चेलीको"

यसरी जन्मदा स्वतन्त्र रूपमा जन्मिए पनि त्यसपछि संसारका सम्पूर्ण चेलीहरू पुरुषहरूको चाहनामुताविक चल्नुपरेको तीतो सत्यलाई यस उपन्यासले देखाएको छ । समग्र महिलाहरूले भोग्नुपरेका समस्यालाई विषयवस्तु बनाएर लेखिएको यस उपन्यासमा पुरुषहरू व्यङ्ग्यका पात्र बनेका छन् ।

आकारगत दृष्टिले उपन्यास निकै सानो छ । पात्रहरू पनि सीमित छन् । नेपालको पहाडी क्षेत्रदेखि भारतको राजधानी दिल्ली यस उपन्यासको परिवेश बन्न पुगेको छ । भाषाशैली सरल र सहज छ । सामान्य पाठकवर्गले पनि यस उपन्यासलाई राम्रोसँग बुझ्न सक्छन् ।

### ५.२.४ नित्यानन्द पाण्डे

सानैदेखि साहित्यतर्फको रुचि र संस्कृत भाषासाहित्यको अध्ययनले उनमा कविहृदयको भावना जागृत गरायो । निजामति सेवामा रही कार्य गर्नुपर्दाको व्यस्तताले पनि

साहित्यतर्फको आफ्नो यात्रालाई निरन्तरता दिँदैं कपिलवस्तुको साहित्यिक उन्नयनमा सहयोग पुऱ्याउने पाण्डेका दुई कृति 'मर्मपुराण' (खण्डकाव्य २०३४) र 'देखा जायेगा' (हास्यव्यङ्ग्य २०३६) प्रकाशित छन् । यसबाहेक राष्ट्रिय तथा मोफसलका साहित्यिक पत्रपत्रिकामा उनका फुटकर रचनाहरूसमेत प्रकाशित भएका छन् ।

नित्यानन्द पाण्डेको 'मर्मपुराण' खण्डकाव्य २०३४ सालमा वनारसबाट प्रकाशित भएको हो । हिन्दू धर्मग्रन्थलाई आधार बनाएर नूतन किसिमले रचना गरिएको यो कृतिमा प्राचीन पौराणिक ग्रन्थमा रहेका विकृति र विसङ्गगतिहरू प्रति व्यङ्ग्य र नकरात्मक पक्षहरूमा तीव्र प्रतिक्रिया जनाइएको छ । शार्दूलविक्रीडित छन्द लयको शैलीगत विस्तारमा खण्डकाव्यात्मक आयाम प्रदान गरिएको 'मर्मपुराण' खण्डकाव्य सत्य र तर्कको गोरेटोतिर लैजाने उद्देश्यले प्रेरित छ । खण्डकाव्यको सुरुमा असल कवि र कविता रूपी स्तुति गरिएको सन्दर्भले यस खण्डकाव्यलाई पूर्वीय साहित्य सिद्धान्तले अपेक्षा गर्ने मङ्गलाचरणको सङ्केत गराएको छ । 'मर्मपुराण' तर्कसंवाद ब्रहमा (ब्रहमाण्ड) यो सौर जगत् बाहिर पनि ईश्वर (सृष्टि शक्ति) ब्रहम, विष्णु, शिव, देवता, मूर्ति, मन्दिर, कोट, गौरो, ब्रहमाविचार विषयक शीर्षकमा केन्द्रित रहेर पुराणलाई मानव जीवनका सन्दर्भमा आलोचनात्मक रूपबाट प्रस्तुत गरिएको छ । खण्डकाव्यकार पाण्डेले यस खण्डकाव्यमा आजको विकृत समाजलाई चिरफार गर्न खोजेका छन् । विसङ्गतिले नराम्रोसँग झाङ्गिएको वर्तमान परिवेशमा डिट्ठाजस्ता सत्य, न्याय र अहिंसाका पुजारी एक्ला र निरीह भएका छन् । शक्तिले सम्पन्न मान्छेहरू संवेदनहीन बन्दै गइरहेका छन् र उनीहरूले अन्धविश्वासमा बाँच्न विवश दीनहीन मानव जातिलाई ईश्वर सृष्टि धर्म र कर्मका बारेमा अपत्यारिला र अनर्गल कुराहरू गरेर सधैं गुमराहमा पनि खोजिरहेका छन् । आज हाम्रो समाजमा जुन किसिमको अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडन व्याप्त छ, असमानता छ । धर्म, लिङ्ग जाति र वर्गका आधारमा गरिदै आएको भेदभाव छ वास्तवमा यसका दोषी कुनै ईश्वर होइनन् । जातभात-छुवाछुतका कुराहरू उठाएर समाजलाई आक्रान्त बनाउने महापण्डितहरू आफू ठूलै बनिरहन चाहन्छन् भन्ने कुरालाई मर्मपुराणमा देखाउन खोजिएको छ । मानव सभ्यताको अनादिकालमा न त धर्मका नाममा विभेद थियो न त जातका आधारमा नै तर समय परिवर्तन हुँदै जाँदा मानव जातिमा बढ्दै गएको वैमनष्य भाव, रिस र शोषणको प्रवृत्तिले ईश्वरलाई पनि विखण्डन गरेको र भूत पिचास र बोक्सी जस्ता अन्धविश्वासी चिन्तनको विकास हुन पुगेको तथ्यलाई यस खण्डकाव्यमा देखाइएको छ । पाखण्डीहरूको हातमा धर्म बाँधिदै गएको र धर्मलाई ठगी

खाने भाडो बनाएबाट नै समाज विखण्डित हुँदै गएको हो र त मान्छे युद्ध र विनाशबाट आक्रान्त बन्दै गएको छ भन्ने कुरालाई खण्डकाव्यकार पाण्डेले डिट्ठाका माध्यमबाट व्यक्त गरेका छन् । खण्डकाव्यकार पाण्डेले पुराणका विभिन्न प्रसङ्गलाई कोट्याउँदै असल कर्म गर्नेहरूको कहिल्यै कुभलो नहुने कुरा देखाएका छन् भने व्यभिचार गर्ने, अर्काको नराम्रो सोच्ने र जीवनलाई कर्महीन बनाउने मान्छेहरूको विनाश भएरै छाड्ने कुरालाई तार्किक ढङ्गबाट प्रस्तुत गरेका छन् । उनले मानिसलाई ज्ञानी र विद्वान् विदुर जस्तै बन्न प्रेरित समेत गरेका छन् मर्मपुराण खण्डकाव्यमा । खण्डकाव्यकार नित्यानन्द पाण्डेले ईश्वरलाई कुनै भौतिकवादी सत्ताको रूपमा उपस्थित नगराई प्रकृतिवादी शक्तिमा जोड दिएका छन् । यस अर्थमा उनी नास्तिक भने होइनन् बरु उनी प्रकृति नै ईश्वर हो भन्ने रुसो बर्डस्वर्थ र देवकोटाको समकक्षी बन्न खोजेको प्रतीत हुन्छ । त्यतिमात्र होइन मानव उत्पत्ति र सृष्टिको विकास जैविक विकासको एक प्रक्रिया हो भन्ने ठहर गर्दै उल्लिखित श्लोकमा उनी डार्विनको विकासवादी सिद्धान्तका नजिक पुगेका छन् :

मौसम माफिक कारणै युक्त भई बर्मी किरा फुट्दछन्
धेरै स्थान भरि यसै किसिमका पुत्ला उडी भाग्दछन्
यस्तै यी भवमा क्रिया हुन गई जात जातका मानव
पृथ्वी व्याप्तको विकास गतिले संसारमा यो सब ।[घण]

खण्डकाव्यकारले मूर्ति र मन्दिर धर्मका नाममा गरिएको आडम्बर हो र मानिसले बनाएका ईश्वरीय आकार सही ईश्वर हुन सक्दैन भन्दै असल मान्छे नै ईश्वर हो भन्ने मानवतावादी विचारलाई यस काव्यमा देखाएका छन् । काव्यको अन्त्यतिर आउँदा खण्डकाव्यकारले अहिंसावादी मार्गमा लाग्न र खोक्रा आडम्बरी कार्य त्याग्न सबैलाई यसरी आव्हान् गरेका छन्:

देवीलाई बली भनेर कलिला पाडा र बोका अहो
रागा काट्न सिकाउने पनि त हो तालिम तरबारको
कस्तो धार बस्यो विचार पहिले गर्दै बली काट्दछन्
रक्सी मासु घिचेर टन्न भुडी भै वाख्वै र हो गर्दछन् ।[घञ]

---

[३०] **नित्यानन्द पाण्डे**, **मर्मपुराण**, पृ. ५० ।

मानिसको जीवनको वास्तविक सुख उसको सोंचाइ र गराइमा नै निर्भर रहन्छ । मनभित्रका कलुषित भावना र तमोगुणलाई त्यागेर आदर्श जीवन जिउन सक्नु नै वास्तविक जीवन हो । न्याय, धर्म समानता र मानवताका केन्द्रभूमिमा जीवनको उज्यालो रश्मि भेटिन्छ । हाम्रा पौराणिक ग्रन्थहरू सबै आफैमा नराम्रा छैनन् तर कसै कसैले आफ्ना स्वार्थअनुसार तिनको गलत व्याख्या गरी समाजमा विकृति विसङ्गति र अन्धविश्वासको कुचक्रलाई बढावा दिएका छन् । यही तथ्यलाई ˘मर्मपुराण' भित्र समेट्दै खण्डकाव्यकारले आफ्नो काव्यिक प्रवृत्तिलाई उजागर गरेका छन् । साथै स्वदेश र स्वजातिप्रति अगाध स्नेह र माया पोख्दै आफू मानवहितकै निम्ति समर्पित हुने र सबै मिलेर हाम्रा धर्मग्रन्थ, संस्कृति र सभ्यतामा देखिएका कसरमसरलाई बढार्दै जानुपर्ने यथार्थलाई निम्न श्लोकमा प्रतिबिम्बित गरेका छन् :

हाम्रो संस्कृति सान मान अधिको साहित्य राम्रो जति
हाम्रो वेद परम्परा जति पनि राम्रो नराम्रो कति
औल्याइकन सत्य त्यो सुनसरी सम्मान गर्नु पर्‍यो
पिप्ले स्वर्ण रहेछ त्यो यदि भने खारेर चिन्नुपर्‍यो ।[घद]

यसरी खण्डकाव्यकार नित्यानन्द पाण्डेको ˘मर्मपुराण' काव्य पौराणिक यथार्थमा राखेर भानुभक्तेली शैली र मोतीराममेली भाषा लिएर लेखिएको वैचारिक गहन तार्किक र अत्याधुनिक प्रकृतिको काव्य हो । विषय पौराणिक भए पनि नवीन दृष्टिकोणबाट प्रस्तुत गरिएको यो काव्य कपिलवस्तुको काव्यपरम्परामा कोसेढुङ्गा बन्न पुगेको कुरालाई नकार्न सकिँदैन ।

## ५.२.५ भवानी भिक्षु

नेपाली साहित्यका महान् प्रतिभा भवानी भिक्षुले नेपाली साहित्यका गद्य तथा पद्य दुवै विधामा कलम चलाएर आफ्नो साहित्यिक व्यक्तित्वलाई निकै माथि पुर्‍याएका छन् । यसरी पद्य तथा गद्य दुवै विधामा कलम चलाउने भिक्षुलाई प्रसिद्धिको शिखरमा पुर्‍याउने काम भने गद्य विद्याले नै गरेको छ । यसअन्तर्गत उनले कथा, उपन्यास, निबन्ध र नाटक

---

[३१] **ऐजन**, पृ ६१ ।

[३२] **ऐजन**, पृ ६१ ।

लेखेका छन् । यसैगरी पद्य विधामा पनि उनका तीनतीनवटा कवितासङ्ग्रह प्रकाशन हुनु चानचुने कुरा  होइन । यहाँ भवानी भिक्षुबाट प्रकाशित तिनै कृतिहरूको विश्लेषण गरिएको छ ।

यौनचेतनाको गहिराइको मापन ठीकठीक तवरले गर्ने र मानिसको आन्तरिक जीवनको सूक्ष्म अन्तर्निरीक्षण गर्ने सशक्त कथाकार भवानी भिक्षु वि.सं. १९९३ सालको शारदा पत्रिकामा आलोचक र आलोचना निबन्ध लिएर देखापरेका हुन् । यसपछि प्रकाशनका दृष्टिले उनको पहिलो कथा ॅमानव' (शारदा वर्ष ४, अङ्क ६-७, वि.सं. १९९५) हो ।[घघ] ॅगुनकेशरी' (२०१७) ॅमैयाँसाहेव' (२०१७) ॅआवर्त' (२०२४) र ॅअवान्तर' (२०३४), भिक्षुका प्रकाशित कथासङ्ग्रहहरू हुन् । यहाँ भिक्षुका यिनै आख्यानात्मक कृतिहरूको विश्लेषण गरिएको छ :

ॅगुनकेशरी' (कथासङ्ग्रह २०१७) भवानी भिक्षुको प्रथम आख्यानात्मक कृति हो । यस सङ्ग्रहमा वि.सं. १९९३ सालदेखि २००५ सालसम्म रचना गरिएका कथाहरू सङ्ग्रहीत छन् । नेपाल एकेडेमीबाट प्रकाशित १४० पृष्ठको यस कथासङ्ग्रहमा ॅगुनकेशरी' (१९९६), ॅरमा' (१९९९), ॅव्यर्थता' (१९९७), ॅस्वामी' (१९९८), ॅतपस्या' (१९९७), ॅमानव' (१९९५) ॅरक्सीवाज' (१९९७) ॅशैतानको शैतानी' (२०००) ॅउधारो सम्मान' (२०००), ॅसाहूको सम्पत्ति' ( १९९९), ॅमालिकको छोरो' (१९९९) र ॅत्यो फेरि फर्कला' (१९९७) गरी जम्मा बाह्र कथाहरू सङ्कलित छन् ।

भवानी भिक्षुको प्रथम कथा ॅमानव' (१९९५) ले शैक्षिक एवं पारिवारिक आर्थिक प्रष्ठभूमिमा जागिरे जीवन र साहित्यिक सञ्चेतनाका सन्दर्भमा सत्यभावको दुःखान्त मनोमर्म व्यक्त गरेको छ । उनको दोस्रो कथा त्यही सात दिन (१९६६) ले विपन्न पारिवारिक आर्थिक पृष्ठभूमिमा समकालीन सामन्ती अभिजात्यमा भोगविलास प्रक्रियाअन्तर्गत शरीर बैंस र नारीत्व बेचिएकी एक युवतीका सात दिनका आस्वाद र व्यथाको दुःखान्तीय मनोमर्मको चित्रण गरेको छ । उनका वि.सं. १९९७ सालका चार कथा मध्ये ॅत्यो फेरि फर्कला ?' ले मधेस काठमाडौं यात्राका बीचका बासका सन्दर्भमा एक नवयौवना नारीका मनोगत प्रेम,

---

[३३] **दयाराम श्रेष्ठ, नेपाली कथा भाग-४** (काठमाडौं साझा प्रकाशन २०५७), पृष्ठ ७३ ।

राग, दीर्घ प्रतीक्षा र व्यर्थताका अनुभूतिहरूलाई देखाएको छ ।[घढ] ‘रक्सीबाज’ मा दुर्व्यसनीको टड्कारो चित्र उतार्दै नरनारी सम्बन्धको नयाँ आयामतर्फ रुचि बढाइएको छ । ‘तपस्याँ म बैधन्यबोधको समस्या प्रदर्शित छ । ‘व्यर्थता’ र ‘स्वामी’ कथाले विवाहित नारीहरूका दाम्पत्य क्लेश र अन्य पुरुषप्रतिको आकर्षण-विकर्षण जस्ता कुरालाई आफ्नो विषयवस्तु बनाएका छन । काम संभोगका विकृति र वाध्यतासँग सम्बन्धित कथाका रूपमा ‘प्रेमको एउटा कथा’ उभिएको छ । पारिवारिक गरिबीले गर्दा अभिजात्य भोगविलासको साधन हुन पुगेकी युवतीका कामसंभोगको आस्वाद तथा व्यथासँग सम्बन्धित कथा ‘त्यही सात दिन’ हो ।[घछ] यसरी यस कथासङ्ग्रहमा सामाजिक सन्दर्भ वा परिवेश मण्डल उल्लेख्य रूपमा रहेर पनि प्रायः मनोग्रन्धि/मनोविकारलाई प्राथमिकता दिने काम भवानी भिक्षुले गरेका छन् ।

‘मैयाँसाहेब’ (२०१७) कथासङ्ग्रह भिक्षुको दोस्रो प्रकाशित कृति हो । यस कृतिको प्रकाशन नेपाल एकेडेमी काठमाडौंले गरेको हो । १३२ पृष्ठमा आवद्ध यस कथासङ्ग्रहमा २००५ सालदेखि यता रचना गरिएका कथाहरू सङ्कलित छन् । ‘मैयाँसाहेब’ (२०१३) ‘टाइपिष्ट’ (२०१५) ‘अब म त्यस पसलमा सिगरेट किन्दिन’ (२०१३), ‘स्वतन्त्रताको सिंहासन’ (२०११) ‘हारजीत’ (२०१५) ‘गङ्गा’ (२००६), ‘सैनिक’ (२००७) ‘वन्दना’ (२०१३) ‘एउटा समस्या’ (२०१५) ‘माधुरी नानी’ (२०१७) र ‘माउजङ बाबुसाहेबको कोट’ (२०१७) गरी जम्मा एघारवटा कथाहरू यस कथासङ्ग्रहमा रहेका छन् ।

‘मैयाँसाहेब’ कथासङ्ग्रहमा सङ्कलित विभिन्न कथाहरूमध्ये कालक्रमका आधारमा सबभन्दा पहिलो रचना ‘गङ्गा’ हो । यस कथाले एउटी निसन्तान विधवा महिलाका सम्पूर्ण चाहनाहरू सामाजिक, आर्थिक, सांस्कृतिक विसङ्गति र विकृतिका कारण पूरा हुन नपाएको कुरालाई देखाउन खोजेको छ । एकतन्त्री राणाशासनको अन्तिम प्रहर र प्रजातन्त्रको आगमन (२००७) का अन्तरालको कालखण्डका परिप्रेक्ष्यमा भएको सामाजिक, आर्थिक धार्मिक एवम् सांस्कृतिक मूल्यमान्यताको पतनलाई यस ‘गङ्गा’ कथाले निकै राम्रोसँग देखाएको छ । माधुरी नानी कथामा क्रान्तिपछि भग्न दरबारको नग्न रूप देखाइएको छ । ‘बाबुसाहेबको कोट’ मा आफ्नो कोट मक्किएर जीर्ण शीर्ण भइसक्दा पनि नयाँ नै सम्भिने राणा बाबुसाहेबको व्यथापूर्ण कथा छ । एकजना अङ्ग्रेजीको सानो भ्रगडाबाट नै कोट च्यातिएको

[३४] **वासुदेव त्रिपाठी “भवानी भिक्षुको समष्टि कथायात्रा एक रेखांकन” उन्नयन,** पूर्ववत्, पृष्ठ ९-१० ।

[३५] **वासुदेव त्रिपाठी पूर्ववत्,** पृष्ठ ११ ।

कुरा देखाउँदै तत्कालीन अवस्थामा राणाशासनको सिङ्गो इतिहासकै अस्तित्व हराउन लागेको कुरा यस कथामा व्यक्त भएको छ । ‘वन्दना’ कथा दलगत राजनैतिक व्यवस्था र त्यस सरकारले गरेका अत्याचारप्रति व्यंग्य प्रहार गर्ने कथा हो । ‘एउटा समस्या’ कथा रतिरागकै सन्दर्भमा लेखिएको कथा हो तर पनि अरूभन्दा भिन्नै किसिमबाट पात्रका असामान्य मनस्थितिको चित्रण यस कथाले गरेको छ ।[३६] ‘टाइपिष्ट’ कथाले सामाजिक तथा राजनैतिक परिवर्तनपछि निम्नवर्गीय नारीहरूमा आएको जागरण र उनीहरूको पतन तथा ह्रास हुन लागेको स्थितिलाई देखाएको छ । नारी मनोविज्ञानका संवेगलाई छोएर त्यसका विविध रूपको उद्घाटन टाइपिष्ट कथाले गरेको छ । ‘हारजीत’ कथा पश्चिम तराईको तौलिहवा क्षेत्रको जीवनशैली मर्यादा र प्रतिष्ठालाई स्थापना गर्ने मूल लक्ष्य राखी उभिने कट्टरपन्थी व्यक्तिहरूको मनोवैज्ञानिक हारजीतको प्रश्न खडा गरिएको छ र सामाजिकताका माध्यमबाट मानव मूल्यलाई देखाइएको छ । ‘सैनिक’ कथाले जड सैनिकको विकृतिग्रस्त मनस्थितिको चित्रण गरेको छ । ‘अब म त्यस पसलमा सिग्रेट’ किन्दिन कथाले मुख्य रूपमा वेश्यावृत्तिलाई सामाजिक आयाममा राखेर हेरेको छ । स्वतन्त्रताको सिंहासन राजनैतिक व्यङ्ग्यात्मक प्रतीक कथा हो । यस कथामा प्रतीकात्मक पात्र र सूक्ष्म घटना सन्दर्भलाई जति मनोवैज्ञानिक राग प्रदान गरे तापनि क्रान्तिकालीन आदर्श क्रान्ति उत्तरकालमा अनेक नेता कार्यकर्ताहरूका कमीकमजोरी कारण राजनैतिक र आर्थिक अवस्था विग्रदै गएको सङ्केत गरिएको छ । मैयाँसाहेब कथाले राजनैतिक परिवर्तनसँगै राणा परिवारमा देखा पर्दै गएको आर्थिक सङ्कटलाई देखाएको छ ।

यसरी यस ‘मैयाँसाहेब’ कथासङ्ग्रहमा सङ्कलित प्रायः कथाहरूले १०४ वर्षे एकतन्त्री राणाशासनको पतन, परिवर्तनका क्रममा गरिएका जनस्तरीय राजनैतिक सङ्घर्ष, २००७ सालपछि राजनैतिक दलका नेताहरूमा पाइने आदर्श व्यवहार राणा परिवार र तिनका आश्रितहरूमा २००७ सालको राजनैतिक परिवर्तनले ल्याएको सङ्कटकालीन स्थिति र २००७ सालदेखि २०१७ सालको बीचमा देखा पर्ने नेपालको प्रशासन व्यवस्था, ग्रामीण सहरिया कृषि-व्यापार, अर्थतन्त्र ढाँचा, क्षेत्र एवं नारी जागरणका सन्दर्भलाई देखाएका छन् ।

‘आवर्त’ (कथासङ्ग्रह २०२४) भवानी भिक्षुको तेस्रो प्रकाशित कथासङ्ग्रह हो । वि.सं. २०३२ सालमा दोस्रो संस्करणका रूपमा प्रकाशित ‘आवर्त’ कथासङ्ग्रहमा आठवटा कथा र

[३६] **रामचन्द्र गौतम, ‘भिक्षुको सुन्दर कथा फूलबारीमा डुल्दा’ उन्नयन,** पूर्ववत्, पृष्ठ ९७ ।

अन्त्यमा शुभद्रा बज्यै (लघु उपन्यास) सङ्ग्रृहीत छन् । यसमा ॅसावित्रीको बाखो' (२०१८ आश्विन), ॅकूवा' (२०२० जेठ) ॅमीना' (२०२० चैत) ॅबाबूसाहेबचा' (२०२१ फागुन) ॅमिस्त्री' (२०२२ असोज) ॅरानी साहेब' (२०२३ भदौ) ॅबन्दोबस्त' (२०२३ तिर) र ॅमेरो सानू साथी' (फूलपाती २०२३) रहेका छन् । प्रस्तुत कथासङ्ग्रहका रचनाहरू २०१८ देखि २०२३ को बीचमा रचिएका छन् ।

ॅआवर्त' कथासङ्ग्रहमा सङ्ग्रहीत पहिलो कथा ॅसावित्रीको बाखो' हो । यस कथामा कथाकारले घरेलु कामकाज गर्ने उद्देश्यले एउटा मालिकको घरमा राखिएकी नोकर्नी सावित्रीमा रहेका मनोव्यवहार र भावनाको कथात्मक रूप प्रस्तुत गरेका छन् । प्रथम पुरुष दृष्टिविन्दुमा ॅम' पात्रद्वारा कथन गरिएको यस ॅसावित्रीको बाखो' कथाको आरम्भ अंशमा आफ्नो कथालेखनलाई यर्थाथ प्रमाण गर्ने एक चुनौति कथा लेखक घरमालिक पुरुष ॅम' पात्र समक्ष हो । उनका एक मित्रको आगमन र उनीसँगको कुराकानीको क्रमले स्वास्नीविहीन घरमालिक पुरुष ॅम' पात्रको प्रेम/मोह ममता सम्बन्धी कथालेखनका मिथ्यापन देखाई खिल्ली उडाएको छ । यो ॅसावित्रीको बाखो' कथा मूलतः नारीवाल्सल्यको र सहसंबद्ध अन्तवर्ती सूक्ष्म पक्षका रूपमा भने नारीको नरप्रतिको दमित राग एवं क्रोधोद्वेगको अन्तव्यञ्जना पनि हो ।

ॅकुवा' कथाले मूलतः नेपालको पश्चिमी तराईका ग्रामीण क्षेत्रमा बढ्दै गएको सहरीकरण र विकासका क्रममा स्थानीय ग्रामीण सांस्कृतिक मूल्यमान्यता हराउँदै जान लागेको कुरा व्यक्त गरेको छ । भौतिक सुखसुविधाका चेतना विकास हुँदै जाने क्रममा कुवा (इनार) सम्बन्धी संस्कारलाई आधुनिक नल (कल) धाराको आविष्कारले च्यात्दै गएको त्यसैगरी पुरानो आँप-बगैचाको संस्कारलाई काठे मिलको स्थापना क्रमले विच्छिन्न तुल्याउँदै लगिरहेको सन्दर्भ यहाँ मुखरित भएको छ । ॅमीना' कथामा काठमाडौं सहरभित्र स्थापना भएका साना-ठूला होटल तथा क्लबहरूमा चल्ने खानपान एवम् नर-नारीका मुक्त सम्पर्कलाई देखाइएको छ । यसबाट पाश्चात्य उपभोगवादी आमोद-प्रमोद र मुक्त सम्पर्कतर्फ काठमाडौंका नरनारी उन्मुख भएको र यसले स्थायी परम्परित मूल्यलाई अस्वीकार गर्दै अस्थायी पुरुष साथीको चयन गर्ने प्रवृत्ति बढ्दै गएको कुरा व्यक्त भएको छ । यसरी गैर राजनैतिक रूपमा नव काठमाडौंका संभ्रान्तवर्गीय क्लब बार र रात्रि जीवनका

आर्थिक सांस्कृतिक परिसीमा एवम् सम्बन्धका परिप्रेक्ष्यमा युगसङ्क्रमणलाई आफ्नो मुख्य विषयवस्तु चयन गर्ने ‘मीना’ कथाले सामाजिक वैशिष्ट्यलाई अरू विस्तार गरेको छ ।

‘बाबुसाहेबचा’ कथामा राणा परिवारका आधारभूत आर्थिक ओरालीका युगीन सन्दर्भलाई देखाइएको छ । प्रतिष्ठाचेतले गर्दा आफ्नो घर र मधेसका जग्गा बेच्न नमान्ने र कसैले दिएको भीख नलिने तर रोयल होटेलसम्म चहारी अरूले दयावश फ्याकेका वा भुलेका नगद जिन्सी वस्तु अप्रत्यक्ष रूपमा सङ्ग्रह गरी आत्मसन्तुष्टि लिने प्रवृत्ति राणाहरूमा रहेको छ भन्ने कुरा यस कथामा देखाइएको छ । ‘मिस्त्री’ कथामा काठमाडौंमा थालिएको वैयक्तिक यातायात साधनको विस्तार उच्च तथा मध्यम वर्गका मानिसमा बढ्दै गएको मोटरसाइकल तर्फको आकर्षण, मिस्त्री पेशाको बढ्दो चाप र किस्ताबन्दी विक्रीका आर्थिक सन्दर्भलाई मुख्य विषयवस्तु बनाइएको छ । ‘रानीसाहेब’ कथामा राणा परिवार दिनानुदिन आर्थिक सङ्कटग्रस्त हुँदै गएको तर अझै पनि उनीहरूका संभ्रान्तवर्गीय सुख सुविधाप्रति आकर्षित रहेको देखाइएको छ । यसका लागि रानीसाहेबजस्ता विपन्न वर्गका आमाहरू आफ्ना बैसालु छोरीहरूको इज्जत बेच्नसमेत पछि नपर्ने कुरा यस कथामा अभिव्यक्त भएको छ । ‘बन्दोबस्त’ कथा भवानी भिक्षुको आवर्त कथासङ्ग्रहमा संकलित युगीन सामाजिक सन्दर्भलाई समेट्ने गैर राजनैतिक कथा हो । २०१९ सालको नयाँ मुलुकी ऐनको छुवाछुत र जातिभेद विरुद्धको आधारभूत कानुनी प्रावधानको पूर्वापर सन्दर्भ सङ्केत पनि केही मात्रामा यस कथामा पाइन्छ । पूर्वी पहाडका गरिब ब्राह्मण बाबुकी एकदमै रूपवती छोरी पिरतीमायाले काठमाडौं सहरमा सिंहदरबारमा एक कारिन्दा परिवारका घरमा ग्रार्हस्थ कामकाज गर्ने नोकर्नीका रूपमा प्रवेश गरेको र त्यहाँ उसको श्रमको चरम शोषण भएको देखाइएको छ । ‘मेरो सानू साथी कथामा’ वात्सल्य प्रेम र बालमनोविज्ञानलाई मुख्य रूपमा देखाइएको छ । रेलयात्राकालमा नवदम्पत्तिबाट पर्याप्त ध्यान नपाएको हुनाले नै कथाको ‘म’ पात्र ऊ (पराई) सँग खेल्न, जिस्किन र रमाउन पुगेको छ । अन्त्यमा त्यस पराईसँग छुट्टिनुपर्दा ‘म’ पात्रले विरहका तीब्र अन्तर्वेदना पोखेको छ । दाम्पत्य नवपुस्तामा आफ्ना निद्रासुख र दाम्पत्य वार्तालापका क्रममा आफ्ना शिशुप्रति पर्याप्त ध्यान नपुग्न थालेको युगीन दाम्पत्य वात्सल्य सन्दर्भको केही छनक पनि यस कथामा पाइन्छ ।

भिक्षुको कथाकारितामा सहज संवेद्यता, सरल स्वच्छ निर्मलता, सुकोमल स्नेहजन्य अनुरागशीलता एवं प्रभावोत्पादकता पाइन्छ । उनका कथामा आएका नारीपात्रहरू सधैं दुर्बल

आत्मा भएका देखिन्छन् । कथाकारले ती नारी पात्रलाई रतिरागको सीमाभन्दा माथि उठाउने प्रयत्न गरेका छैनन् । उनले तिनलाई आफ्नो अस्मिताका निम्ति विद्रोह गर्ने हिम्मत दिन सकेका छैनन् । नारीलाई भयभीत, त्रसित, कम्पित, विक्षोभ एवं आर्तमय हाहाकारद्वारा ग्रसित अवस्थितिका चक्रमा कोचेर परम्पराग्रस्त दुर्दशापूर्ण परिस्थितिको सामना गराउँदै घातप्रतिघात व्यथावेदना पीडा एवं सम्वेदनाका शिकार बन्ने अवस्थातिर धकेलिदिएका छन् ।

साहित्यकार भवानी भिक्षुले कथा विधापछि पाएको दोस्रो ठूलो सफलता भनेको उपन्यास विधा हो । निकै लामो समयसम्म साहित्य सिर्जना गरेपछि औपन्यासिक विधामा प्रवेश गरेका भिक्षुका लघु उपन्यासदेखि बृहत् आकारको महागाथात्मक उपन्यास प्रकाशित भएका छन् । भिक्षुका जम्मा चार उपन्यासहरू प्रकाशित छन् । ‘सुभद्रा बज्यै’ (२०१९) उनको पहिलो लघु उपन्यास हो । यसको लेखन प्रकाशनपछि निकै लामो समयको मिहिनेतका रूपमा ‘आगत’ (२०३३) देखापर्‍यो । आगतको प्रकाशनकै लगत्तै उनको ‘पाइप नं. २’ (२०३४) लघु उपन्यास प्रकाशित भयो । यिनको अन्तिम उपन्यास ‘सुन्तली’ चाहिँ गरिमा पत्रिका (२०४०) ले धारावाहिक रूपमा प्रकाशन गरेको हो । यसरी लेखिएका यी सबै औपन्यासिक कृतिहरूको नेपाली साहित्यमा आ-आफ्नै किसिमको मूल्य रहेको छ र यहाँ तिनै औपन्यासिक कृतिको सङ्क्षिप्त विश्लेषण गरिएको छ ।

‘आगत’ उपन्यास वि.सं. २०३२ सालमा साझा प्रकाशनद्वारा प्रकाशित उपन्यास हो । आगत बृहत् आकारको महागाथात्मक उपन्यास हो । यसको आयामले नेपाली उपन्यासको क्षेत्रमा एउटा नयाँ विषयवस्तु अर्थात् मानवीय जीवनका उदात्त र मानवताका राम्रो परिचय प्रस्तुत गरेको छ । यथार्थमात्र जीवन नभएर मानवीय उदात्तता र गरिमामय आदर्शबाट समेत जीवन डोरिएको हुन्छ भन्ने सत्यलाई ‘आगतले’ देखाएको छ ।[घठ] आगत नवीन युगको सङ्केत हो र वर्तमानको अन्त्यको स्थिति हो । राणाकालीन युग र त्यस युगले सिर्जेका विसङ्गति, विकृति र अप्ठ्यारोको अन्त्य र मुक्तिको आगमनको सङ्केत नै ‘आगतको’ सार्थकता हो । राणाशासकहरूको मनोमानी जीवन र धन थुपार्ने प्रवृत्ति तथा त्यस सँगसँगै तिनको पतनको राजनीति र त्यस राजनैतिक इतिहासका चित्रलाई उपन्यासमा समेटिएको

[३७] **रमेश भट्टराई, 'उपन्यासकार भवानी भिक्षु र उनको आगत उपन्यास' उन्नयन,** पूर्ववत्, पृ. १५२ ।

छ । त्यस्तै पश्चिम नेपालको तराईको जमिन्दारी प्रथा र जमिन्दारी पतनका माध्यमबाट जमिन्दारी परिवारको पारिवारिक आदर्शको कथालाई उपन्यासको मूलकथा बनाइएको छ ।[38]

'आगत' सामाजिक जीवनसँग सम्बद्ध उपन्यास हो । मान्छे यथार्थ मात्र हुँदैन, उसले भोग्ने जीवन आदर्श पनि हुन्छ । सामाजिक जीवनको यथार्थतालाई गरिबी र जटिलताले मात्र मापन गर्न सकिँदैन । मान्छेले भव्यता र उदात्ततालाई पनि प्राप्त गर्छ र जीवन भोग्ने क्रममा उसले आदर्श र गरिमामय जीवन पनि प्राप्त गर्छ । आगतले यही आदर्शलाई प्रस्तुत गरेको छ र यही आदर्श नै 'आगत' को यथार्थ हो ।[39]

मानवीय उच्चता, आदर्श र औचित्यलाई टिपेर त्यसभित्र कारुणिकता भर्न सक्नु र सामाजिक जीवनसँग सम्बद्ध बनाएर त्यस युगको चालचलन, रीतिरिवाज, राजनीति तथा इतिहासको सजीव चित्र उतार्नुमा कथावस्तु केन्द्रित छ ।[40]

चरित्रचित्रणका दृष्टिले भिक्षुले एक दुई चरित्रबाहेक सबै चरित्रलाई मानवताकै सर्वोपरितामा हिँडाएका छन् । यसमा उमेश हरि, कनक, विष्णुहरि, लक्ष्मी, कान्छी मालिक्नी, सम्झना आदि मुख्य भूमिकामा आएका पात्रहरू छन् । सम्पूर्ण 'आगत' मानवता र आदर्शको सन्देश हो भने यही सन्देशलाई प्राप्त गर्ने लक्ष्यसँग जोडिएर पात्रहरू आएका छन् ।

'आगत' नेपाली समाजको सामाजिक यथार्थ र त्यस यथार्थभन्दा परको आदर्शीकृत समाजको सामाजिक महत्ताको अभिव्यक्ति हो । कुलीन मर्यादा, आदर्श उच्चता र निष्ठा यसको मूलभूत पक्ष हो र त्यसैसँग जोडिएर यसमा नेपालको इतिहास र राजनीतिक जागरणको चेतना सल्बलाएको छ । सम्भ्रान्त समाजको कुलीन इतिवृत्तका परिधिमा यसमा विद्रोहजन्य चेतना पनि प्रकट भएको छ ।[41] आदर्शको एउटा नयाँ पाटो उघारिदिएको आगत नेपाली उपन्यासको नवीन उपलब्धि हो ।

'पाइप नं. २' उपन्यास मनोवैज्ञानिक उपन्यास हो । यसमा मानिसलाई मानिसकै रूपमा हेरिनुपर्छ / व्यक्तिले असत् काम गर्छ तर असत् कार्य गरे पनि त्यसलाई मानवीय

---

३८ **ऐजन**, पृ. १५२ ।

३९ **ऐजन**, पृ. १५४ ।

४० **ऐजन**, पृ. १५७ ।

४१ **ऐजन**, पृ. १६४ ।

संवेदनाको रूपमा हेर्नुपर्छ भन्ने कुरा व्यक्त गर्दै सतीत्वमात्र नारीत्व होइन, ठूल्याइमात्र पुरुषत्व होइन झण्डै परम्परागत सोचाइभित्र स्त्रीलाई हेरिएको पाइन्छ ।

'पाइप नं. २' को विषयवस्तु सामाजिक हो । नेली नामक सुशिक्षित तरुणी महिला कलेजकी अध्यापिका हुन्छे । घरमा ५/६ सन्तान, बाबु आमा भएकी नेली बाबुको भत्ताले मात्र निर्वाह हुने नदेखेर पढाउने नोकरीमा लागेकी हो । ऊ विद्रोहिणी भएकाले बिहे गर्न चाहन्न, छुवाछुतको विरोध गर्ने, नारी स्वतन्त्रताको वकालत गर्ने नेली आफ्नो चाहनाअनुरूप लोग्ने (युवक भोला) पाएर पनि बिहे गर्दिन । उसको दाजु (काकाको छोरा) ले उससँग सानैमा यौन सम्बन्ध राखिसकेको हुन्छ । यसपछि उसको असङ्ख्य व्यक्तिसँग यौन व्यापार चलिसकेको हुन्छ । यस अपराधबाट ऊ मुक्त हुन चाहन्छे ।[ढद] लोग्ने नचाहने तर पुरुषजातिका मान्छे चाहने नेली पुरुषका बारेमा भन्छे - माया गरोस्, मलाई मानोस् अति सुन्दर होस्, धनी होस्, शिक्षित होस् अरू कुनै स्त्रीलाई नहेरोस् तर सबै स्त्री उसलाई देख्दा लोभिउन् । त्यति मात्र होइन उसको चाहनाको लोग्नेले अनैतिक काम, व्यभिचार जे गरेपनि वास्ता नगरोस् ।[ढघ]

प्रस्तुत उपन्यासले छोराछोरी जन्माएर पाल्न नसक्नुलाई तीतो मानेको छ, व्यङ्ग्य गरेको छ, अभिशाप ठहराएको छ र माया, प्रेम, बिहे घरबार जस्ता कुरामा छलफल गरेको छ । नेली बिहेका विपक्षमा देखा पर्छे । 'पाइप नं. २' यौनराजनीतिमा आधारित कथा हो । यसमा मुख्यतः युवती नामक पात्र किन र कसरी देहव्यापारमा संलग्न भएकी छ भन्ने देखाएर यौनराजनीतिलाई प्रष्ट पारिएको छ । युवती वेश्यावृत्तिमा संलग्न हुने र संलग्न भईरहने विवशताका मूलमा एउटा कारण पारिवारिक विपन्नता पनि हो भन्ने प्रसङ्गले कथालाई आर्थिक राजनीतिसँग जोडेको छ । युवती जस्तो देहव्यापार गर्ने नारीको सङ्ज्ञा र कोटि व्यभिचारिणी हुने तथ्यले यसमा सामाजिक राजनीतिक र सांस्कृतिक सन्दर्भलाई देखाएको छ ।[ढढ]

नारी रोदन, नारी ईर्ष्याको स्वाभाविक प्रस्तुतीकरण गर्दै उपन्यासले नारी कमँइ गर्ने वासना पूर्ति गर्ने, काम पट्याउने सबै साधन भएको वर्तमान परिप्रेक्ष्यको यथार्थ स्वीकार

---

[४२] **खेम कोइराला, 'उपन्यासकार भिक्षुको पाइप नं. २ एक दृष्टि', उन्नयन, पूर्ववत्, पृ. ३१९ ।**

[४३] **ऐजन, पृ. ३१९ ।**

[४४] **मोहनराज शर्मा 'पाइपमा पात्र बुनोटः समकालीन समालोचना', उन्नयन, पूर्ववत्, पृ. २४२ ।**

गर्छ । बाध्यताले गर्दा देहव्यापारमा लागेकी एउटी नारीको करुण प्रस्तुति एवं उसको मानसिकता र अहम्को निर्देशन उपन्यासले गरेको छ । यौवनलाई सृष्टिको मूल मान्ने भिक्षुको सिद्धान्त फायडीय आधारमा भएकाले र नेलीको माध्यमबाट नारीको चरित्र स्पष्ट्याइएको, खास पापकर्ममा लागेकी एक नारीलाई उसको दुष्कृत्यप्रति पश्चाताप गराउँदै समाजलाई सुपथमा लगाउने प्रयास गरिएको यो उपन्यासमा शारीरिक भोक, मानसिक उद्वेलन र मनोविश्लेषणात्मकता छ ।

### ५.२.६ भोजराज घिमिरे

'किन होला' शीर्षकको कविता प्रकाशित भएपछि त्यसको लगभग ४०/४१ वर्षपछि वि.सं. २०५८ सालमा कवि भोजराज घिमिरे एउटा सानो विरह काव्य लिएर देखा पर्छन् । त्यही विरह काव्यको नाम 'शारदा' (विरह पुष्प) हो । यस विरह काव्यमा कविले आफ्नी पत्नीको विगोगमा तड्पिरहेको आफ्नो आत्मालाई शान्ति दिनको लागि भावनाका लहर बगाएका छन् । आकारमा अत्यन्तै सानो उनको यो लघुतम कृति जीवनको उत्तरार्धमा प्रकाशित भएबाट उनी एक कविका रूपमा परिचित हुन पुगेका छन् ।

कवि घिमिरेले यस लघुकाव्यको पहिलो पेजको प्रस्तावनामा 'छातीभरि मायाको छाया' बोकेर वियोगले विरहातुर भएको बेला आत्माशान्तिको लागि यो काव्य लेखेको हुँ भनेका छन् । "लेखन शैलीमा कुनै तात्विक छैन भावनाको लहरमा बगेको एउटा संस्मरण मात्र हो" भन्ने कविको एउटा मार्मिक श्लोक यस्तो छः

> तिम्रो अभावमा सम्पूर्ण सुखभोग व्यर्थ छ मलाई
> संसारलाई छोड्यो उसैमा बसि, रोएर हाँस्नु छ
> अवस्था तिम्रो के कस्तो होला सुख दुःख कस्तो छ
> जानेर पनि जानिन्न केही बुझेर बुझिन्न ।

यस श्लोकमा कविले आफ्नी पत्नीको वियोगका घडीमा सम्पूर्ण सुखभोगका साधनहरू निरर्थक रहेको भित्री मन धुरुधुरु रुँदारुँदै पनि बाहिर भने हाँसेर बस्नुपरेको कुरा अभिव्यक्त गर्नाका साथै आफूबाट एक्लिन पुगेकी पत्नीको बारेमा जति बुझ्न खोजे पनि

केही कुरा बुझ्न नसकेको विचार व्यक्त गरेका छन् । यसैगरी उनले यो संसारको रिक्तता र तिक्तताबारे आफ्नो अभिव्यक्ति लोकलयमा यसरी पोखेका छन् :

क्षण-क्षण तिम्रो सम्झना बिर्सेर बिर्सिन्न
बिर्सन खोजौं मनको भेल उर्लेर रोकिन्न
के यस्तो संसार बनायौ प्रभु तितो र टर्रो छ
दुःखको विश्राम गर्ने ठाउँ खोज्दछु भेटिन्न ।

काव्यमा छिटफुट परिष्कारको आवश्यकता भएको कुरा नकार्न नमिले पनि कविले अभिव्यक्ति शैली र भावको गहिराइ उत्कृष्ट छ भन्ने कुरा यिनका माथिका पङ्क्तिले छर्लङ्ग पारेकै छन् । हलेदोलाई कोट्याइरहनु पर्दैन । कवि घिमिरेले अन्त्यमा यसरी आफ्नो तीन विश्राममा लघुकाव्यको बिट यसरी मारेका छन् :

ह्दय पग्ली बगेको फूल कोरे नि पुष्प यो
शान्तिको आशा राखेर आज प्रस्तुत पुष्प यो
संसार तिम्रो के टऋयाउ प्रभो विरह पुष्प यो

अशक्तताले हात बस्त लागेका बेला पुनः कवितामा हात बसाल्न पुगेका कवि घिमिरेले पत्नीको स्मृति र आफ्नो प्रतिभा देखाएका छन् । जीवनमा यिनले अरू जे जति गरे त्यसको कुनै लेखाजोखा छैन तर उनको यस लघुतम कृतिले उनको मूल्याङ्कन भएको छ, उनलाई कवि बनँएको छ । यही नै उनको साहित्यिक मूल्य हो ।

### ५.२.७ रुद्र ज्ञवाली

कथाकार ज्ञवाली सामाजिक कथाकार हुन् । सामाजिक जीवनका विविध घटनाहरूलाई अत्यन्त मीठो र सरल ढङ्गबाट चित्रण गरी कलात्मक प्रस्तुति गर्नु ज्ञवालीको मुख्य आख्यानगत विशेषता हो । आफू बाँचेको युग र समाजको यथार्थ धरातलमा उभिएर त्यसभित्रका अन्तनिर्हित वास्तविकतालाई खनी खोस्री छानेर पात्रको भूमिकालाई उद्घाटन गर्न सक्नु कथाकार ज्ञवालीको मुख्य वैशिष्ट्य हो । यिनै कथाप्रवृत्तिका आधारमा कथाकार ज्ञवालीको प्रकाशित कथासङ्ग्रह 'निर्वासन'लाई पहिल्याउन सकिन्छ । 'निर्वासन' कथाकार ज्ञवालीको २०५८ सालमा प्रकाशित कथासङ्ग्रह हो । यस कथामा उनका १२ वटा कथाहरू

सङ्कलन गरिएका छन् र यी कथाहरू विभिन्न समयका पत्रपत्रिकामा प्रकाशित समेत भैसकेका छन् । यसअन्तर्गत ‘विडम्बना’, ‘निर्वासन’, ‘अनुतरित प्रश्न’, ‘हिमदूत’, ‘सहरभित्र’, ‘दिग्भ्रम लालपूजा’, ‘घुरहु चौधरी बौलाये’, ‘अन्तिम भेट’, ‘दृष्टिदोष’, ‘सम्बन्ध’, ‘पुनरावेदन’ कथाहरू रहेका छन् ।

कथाकार ज्ञवालीका कथासङ्ग्रहभित्रका धेरै कथाहरूले विभिन्न कोणबाट जीवनलाई बुझ्ने प्रयास गरेका छन् र सुन्दर ढङ्गले जीवनलाई परिभाषित समेत गरेका छन् । कथासङ्ग्रहभित्रको पहिलो कथा विडम्बनामा पुरुषप्रधान समाजमा नारीले भोग्नु परेका मानसिक प्रताडनालाई पोखिएको छ र आफै परिस्थितिको सिर्जना गर्ने र त्यस परिस्थितिको जालोमा बेरिएपछि पछुतो मान्ने स्वभावलाई कल्पना र भूपेन्द्रका माध्यमबाट देखाउन खोजिएको छ । सहरमा सभ्रान्त परिवारकी केटीसँग विवाह गर्ने धुनमा बाबुआमाले ठिक्क पारेकी केटीलाई लत्याउने भूपेन्द्र पछि सबैतिरबाट असफल भएपछि आजीवन विवाह नगरी बस्छ तर त्यही लत्याइले लाहुरेसँग विवाह भई सुखी जीवन बिताए पनि कल्पनाको जीवन समाजका अगाडि कसैले लत्याएकी केटीकै रूपमा रहिरहन्छ । जसले उसलाई जीवनभर मानसिक तनाव सिर्जना गरिदिन्छ । एक भेटमा भूपेन्द्रले गल्ती सच्याउन खोजे पनि विवाह नगरी भए पनि पश्चाताप गरेपनि कल्पनाको मानसिक पीडा हलुङ्गो हुन सक्दैन । यही हाम्रो समाजको यथार्थलाई ‘निर्वासन’ कथाले देखाएको छ । उनको ‘निवार्सन’ कथामा नेपालको समसामयिक घटनावृत्तिलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । माओवादी प्रभावित क्षेत्रमा द्वन्द्वका कारण अटल बहादुरले आफ्नो भाइ, आमा सबै गुमाएको छ र सिङ्गो गाउँ मसानघाटमा परिणत भएको छ । यो आज आम नेपालीले भोग्नुपरेको तीतो यथार्थ हो । युद्धमा परी अनाहकमा ज्यान गुमाउन विवश नेपालीहरूको हृदयविदारक तस्वीरलाई शब्दमा उतार्ने गहन प्रयास यस कथामा गरिएको छ । साथै जीवनमा बाँच्न पाउनुपर्छ भन्ने जिजीविषाको खोजी यस कथामा गरिएको छ । ‘सम्बन्ध’ कथामा आधुनिकताको नाममा पैसा र फेसनका पछाडि हुरुक्क भएर श्रीमतीलाई देह व्यापारमा संलग्न गराउन खोज्ने मर्यादा नाघ्न नचाहने श्रीमतीलाई घरबाट निकाल्ने तथा फेसनवाज श्रीमती ल्याउने श्रीमान् र पछि त्यही श्रीमतीबाट परित्यक्त श्रीमान्को हरिगतिलाई देखाइएको छ । यस कथाले श्रीमान् श्रीमती बीचको भावनात्मक सम्बन्ध नभएसम्म परिवार सुखी हुन सक्दैन भन्ने सन्देश दिएको छ ।

कथाकार ज्ञवालीले 'हिमदूत' कथामा हिमालकी छोरी दावाको निश्चल र प्राकृतिक पनको चित्रण गरिएको छ र सहरिया यान्त्रिक परिवेशको धज्जी उडाइएको छ । दावाको सौन्दर्य कालिदासको नजरमा पर्दो हो त 'हिमदूत' काव्य पनि जन्मन सक्ने र लियोनार्दोको दृष्टिमा परेको भए मोनालिसा जन्मन सक्ने कुराको सङ्केत गरिएको छ । कथाकारले 'घुरहु चौधरी बौलायो' कथामा नेपालको तराई क्षेत्रमा सिधासादा थारू समुदायमाथि भैरहेको शोषण र कतिपय सन्दर्भमा थारूहरू आफै नै पछाडि पर्दै गइरहेको कुरालाई सङ्केत गरेका छन् । ठेकेदारको मासु र रक्सीमा बिकेर जीवनलाई तहसनहस बनाउने घुरहुले आफू ठगिएको थाहा पाएपछि विद्रोह गर्दा सबैबाट बौलाहा को सङ्ज्ञा पाएको तथ्यलाई यस कथामा अघि सारिएको छ । पुनरावेदन कथाले आधुनिकताको अन्ध नक्कल घातक हुन्छ र त्यसले व्यक्तिजीवन तथा समाजलाई विकृत बनाउछ भन्ने कुरालाई देखाएको छ । कर्तव्य र मर्यादालाई बन्धन र शोषण सम्झने स्वच्छन्तालाई रुचाउने नारीले लोग्नेसँग गरेको सम्बन्ध विच्छेदले कर्तव्य र मर्यादालाई शिरोधार्य गरेका श्रीमान्लाई पुगेको आघात र उनको ह्दयमा निभेको स्नेहका ज्योतिलाई उतारिएको छ । 'अन्तिम भेट' मा प्रजातन्त्र प्राप्तिका लागि सर्वस्व गुमाएका व्यक्तिहरूले पाएको अपमान र घृणालाई चित्रण गरिएको छ । प्रजातन्त्रलाई धूर्त र कपटीहरूको निर्लज्ज खेल र रछ्यानको जुठोभन्दा दुर्गन्धित फोहर बनाएकाहरूप्रति यस कथामा तीब्र आक्रोश पोखिएको छ । 'सहरभित्र' कथामा कथाकारले सहरमा जीवनको कुनै मुख्य नभएको सज्जन र अपराधी बीच कुनै भिन्नता नरहेको र प्रशासनिक अकर्मण्यता हावी रहेको तथ्यलाई उद्घाटन गरेका छन् । 'दिग्भ्रम' कथाले नेपालमा बढ्दै गएको छिटो धनी हुने प्रवृत्तिले राजनीतिमा विकृति देखापरेको र देशमा भ्रष्टचारीहरूको वर्चस्व रहन गएको कुरालाई विषय बनाई नेपालको यथार्थ परिवेशलाई उद्घाटन गरेको छ । 'दृष्टिदोष' मा यथार्थभन्दा कल्पना मीठो हुन्छ भन्ने कुरालाई देखाइएको छ तर यथार्थबाट अलग रहेर मीठो कल्पनालाई प्राप्त गर्न नसकिने कुरालाई देखाइएको छ । दुब्ली, साजसज्जा विहीन सुन्तली लाहुरेनी यथार्थ हो । लाहुरेको निम्ति भट्टीमा काम गर्ने साजसज्जाले युक्त फूलमाया कल्पना हो । केही समय सुन्तलीलाई छाडेर फूलमायालाई लिन गएको लाहुरेले उसलाई आफ्नो बनाउन सक्दैन र पुनः उही सुन्तलीलाई माया गर्छ । यही सत्यतालाई परिभाषित गरेको छ यस कथाले । 'लालपुर्जा' कथामा सुकुम्वासीहरू प्रति सरकारी निकाय प्रहरी र प्रशासनबाट गरिने अमानवीय व्यवहारको पर्दाफास गरिएको छ । ५ धुर जग्गा पाएको ३५ वर्ष हुँदाहुँदै पनि स्याउले घरमा हात्ती लगाइएको छ, आगो लगाइएको छ र ती असङ्ख्य

सर्वहारालाई जेलनेलको कठोर यातना दिइएको छ । यही कटुसत्य लालपुर्जा कथाको विषयवस्तु बनेको छ । कथाकार रुद्र ज्ञवालीको ‘निर्वासन’ कथासङ्ग्रहको अन्तिम कथामा चेलीबेटी बेचविखनको ज्वलन्त समस्यालाई मूल विषय बनाइएको छ । मौरी त्यस्ता चेलीबेटीको प्रतिनिधि पात्र बनेकी छ यस कथामा । पैसाले मानिसलाई पशु बनाउँछ । पैसाका लागि मान्छेले मान्छेलाई बेच्दो रहेछ भन्ने सामाजिक विडम्बनालाई यस कथाले देखाएको छ ।

यसप्रकार कथाकार रुद्र ज्ञवानलीका कथाहरूमा समसामयिक नेपाली समाजका विविध समस्याहरूलाई मार्मिक र ह्दयस्पर्शी तरिकाबाट प्रस्तुत गरिएको छ । सरल भाषाशैली र यथार्थलेखनले सुकोमल भाव सञ्चार गर्न सफल ज्ञवाली यस क्षेत्रका आख्यान विधाका एक सशक्त प्रतिभा बन्न सफल भएका छन् ।

### ५.२.८ लाटो साथी

लाटो साथी नेपाली साहित्यका चर्चित व्यक्तित्व हुन् । साहित्यका विविध विधामा उनको क्रम चलेको पाइन्छ । ‘कपिलवस्तु’ खण्डकाव्य रत्नपुस्तक भण्डारबाट २०२४ सालमा प्रकाशित भएको हो । गौतमबुद्धको जीवनचरित्रलाई लिएर लेखिएको यस खण्डकाव्य सन्तान नहुँदा चिन्तित बनेका शुद्धोदनको मानसिकताको वर्णन देखि लिएर गौतमबुद्धको गृहत्याग र पुनरागमन अनि शुद्धोदनको सन्यासश्रम ग्रहणमा गएर टुङ्गिएको छ । २६ शीर्षकका १३० पद्यमा पूर्ण यो खण्डकाव्यले गौतमबुद्धको समग्र जीवनलाई समेटेको छ । गौतमबुद्धलाई केन्द्रीय चरित्रका रूपमा प्रस्तुत गरी उनकै जीवनगाथालाई प्रस्तुत गरिएको यस काव्यमा केही असम्बद्ध घटनाक्रमहरूलाई प्रस्तुत गरिए पनि मूलतः यसलाई ऐतिहासिक खण्डकाव्य मान्न सकिन्छ । गौतमबुद्ध, शुद्धोदन, महामाया, यशोधरा यस काव्यका पात्रका रूपमा आएका छन् ।

गौतम बुद्धकालीन कपिलवस्तुको परिवेशलाई यसमा लिइएको छ । कपिलवस्तुको सेरोफेरो, सिद्धार्थ जन्मेको लुम्बिनी महामायाको माइत देवदह यस काव्यमा स्थानगत परिवेशका रूपमा आएका छन् । यसमा नेपाली भूगोल, राष्ट्रिय संस्कृति, चालचलनको वर्णन

पाइन्छ । शुद्धोदनको राज्यस्थिति, सिद्धार्थको बाल्यकाल, यौवनावस्थाका कार्यशैली विवाह, पुत्रप्राप्ति, गृहत्याग, बुद्धत्वप्राप्ति र ज्ञान प्रचार, गृह आगमन र शुद्धोदनको सन्यास ग्रहण सम्मको कालिक परिवेशलाई यसमा समेटिएको छ । तत्कालीन राजपरिवार र धार्मिक संस्कार, कृषिमय जीवन पद्धति, राजाप्रजाबीचको आपसी प्रेम र संस्कृतिको झलक प्रस्तुत गरिएको छ ।[४५]

यस काव्यमा संस्कृतनिष्ठ शब्दको प्रयोगमा आधिक्य पाएकाले यसको भाषाशैली कठिन बन्न पुगेको छ । यसमा विषम मात्रिक छन्दको प्रयोग गरिएको छ । यसमा कपिलवस्तुको सुरम्य प्राकृतिक वातावरणको चित्रण गरिएको छ :

शस्य श्यामला लहलह हरियो भूशथ्यमा पवन सदा
लडी बडी गर्थ्यो, हाँस्थ्यो, खेल्थ्यो प्रकृति बालिका साथ अहा ।[४६]

यस काव्यमा अनुप्रासिक आयोजनामा कविले कुशलता देखाएका छन् । रूपक, उपमा, स्वभावोक्ति आदि अलङ्कारको प्रयोग भेटिन्छ :

सीता शैया औं सुदक्षिणा झैं मपनि अब
अनुमत अनुगमना हुन पाऊँ ।[४७]

यस काव्यमा कविले रमाइलो र सुख क्षणभङ्गुर हो र ज्ञानप्राप्ति नै जीवनको उत्तम कर्म हो अनि स्थायी सुख हो भन्ने कुरा व्यक्त गरेका छन् । कर्मअनुसार व्यक्तिको भविष्य बन्छ । व्यक्ति स्वयम् नै उसको भविष्यनिर्माता हो । आफ्नो भविष्यलाई उज्ज्वल बनाउन प्रयास गर्नु जरुरी हुन्छ भन्ने कर्मयोगी चिन्तन यसरी व्यक्त गरेका छन्-

आफू भाग्य स्वयं निर्माता, जीव हुन्छ उसकै कर्म ।[४८]

---

[४५] **ऐजन**, पृ. ७८

[४६] **लाटो साथी**, **कपिलवस्तु**, काठमाण्डौः रत्नपुस्तक भण्डार २०२४, पृ. ६ ।

[४७] **ऐजन**, पृ. ५७ ।

[४८] **ऐजन**, पृ. ७१ ।

गौतम बुद्धको जीवन चरित्र प्रस्तुत गर्नु, नेपाललाई संस्कृति सम्पन्न राष्ट्रका रूपमा प्रस्तुत गर्नु र पञ्चशीलको सिद्धान्तको पालनाबाट चरित्रमा सुधार ल्याउनुपर्छ भन्ने उद्देश्य यस काव्यमा दिइएको छ ।

'ढाक्रे' खण्डकाव्य वि.सं. २०२४ सालमा साझा प्रकाशनबाट प्रकाशित भएको हो । नेपालको पहाडी क्षेत्रका 'ढाक्रे' दाजुभाइको चालचलन र गतिविधि देखेर यसको रचना गरेको कुरामा कविकै स्वीकारोक्ति पाइन्छ ।[ढढ]

प्रस्तुतकाव्य नेपालको पहाडी ग्रामीण पृष्ठभूमिमा रचित सामाजिक खण्डकाव्य हो । यसमा मुख्यत या पश्चिम नेपालको अर्घाखाँची र गुल्मी जिल्लाको ग्राम्य जीवनशैलीलाई चित्रण गरिएको छ ।[छण] यस काव्यलाई 'जाँदा' र 'घरफर्कदा' दुई खण्डमा विभाजन गरी ११३ पद्यमा संरचित गरिएको छ । यो काव्य आख्यानीकृत खण्डकाव्य हो । यहाँ कविले पश्चिम नेपालमा अवस्थित अर्घाखाँचीको ठाडा गाउँबाट पत्थरकोटसम्म नूनतेल लिन जाने ढाक्रेहरूको जीवन चर्यालाई मुख्यकथानकका रूपमा लिएका छन् । यसमा प्रस्तुत भएको गरिब तथा अशिक्षित 'ढाक्रे' समुदायमा प्रशस्त मानवीय भावना पाइन्छ । कृषि कर्म मुख्य व्यवसाय भएको यस काव्यको 'ढाक्रे' वर्ग समाजमा हेपिएको पात्रका रूपमा प्रस्तुत भएको छ । ग्रामीण समाजमा गरिने धार्मिक, सांस्कृतिक क्रियाकलाप, सरसल्लाह र सहयोग जस्ता सामाजिक कार्यव्यापार यसमा देखाइएको छ ।

यसमा नेपाली समाजमा रहेका निम्नवर्गीय व्यक्तिहरूलाई पात्रका रूपमा उभ्याइएको छ । यसमा प्रस्तुत गरिएका पात्रहरू थिचिएका, मिचिएका तर आफू चाहिँ थिचोमिचो गर्न नचाहने, अशिक्षित तर शिक्षा दिलाउन नचाहने, अविकसित तर विकास चाहने, गरिब तर हृदयका धनी छन् । ढाक्रे साहिंलो, फुटुङ्गी र ढाक्रे समूह यसमा पात्रका रूपमा आएका छन् ।

यसमा कविले तत्कालीन सरकारी कर्मचारीहरू र ठूला भनाउँदाहरूको भष्ट्राचारी व्यवहारलाई उदाङ्गो पारेका छन् । समाजमा ठूला ठालूहरूले गरिबलाई थिचोमिचो गर्ने र

---

[४९] **लाटो साथी, भूमिका, ढाक्रे,** काठमाडौं सा.प्र. २०२४, पृ. १२ ।

[५०] **टंक निरौला, पूर्ववत,** पृ. ९० ।

उनीहरू माथि हैकम चलाउने परम्परा विद्यमान छ । यसलाई कविले ढाक्रे समूहका माध्यमबाट प्रष्ट पारेका छन्:

> कतिको खेत मिचियो, कतिको बारी मिचियो
> उज्रिए छाना बनेन बाटो गरिब हामी मरियो ।[५१]

नेपालको ग्रामीण जिल्ला गुल्मी र अर्घाखाँचीलाई स्थानगत परिवेश बनाएका यस काव्यमा वि.सं. २०१७ साल पछिको पञ्चायती शासन व्यवस्थालाई कालिक परिवेश बनाइएको छ । प्रथम विश्वयुद्धमा मानव समुदायले भोग्नुपरेको अनिकाल र जनधनको अतिलाई पनि यस काव्यले सङ्केत गरेको छ ।[५२]

यस काव्यमा तद्भव, तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएपनि झर्राशब्द तथा भाषिकाको प्रभाव पनि भेटिन्छ । यसको भाषाशैली सरल किसिमको देखिन्छ । लोकलयमा रचिएको यो काव्यमा आनुप्रासिक योजना मिलाएर गेयात्मक बताइएको छ । कविले नेपाली धर्तीको प्राकृतिक वातावरणलाई सुन्दर तरिकाले सजाएका छन् । नेपालकै पाखा पखेरा, डाडाँ-काँडा, छहरा-छाँगा, लेकबेसी, बतास पानी तथा साँझ बिहानको प्रकृतिलाई प्रस्तुत गरिएको छ ।

यसमा शब्दालङ्कारका साथै उपमा, रूपक, उत्प्रेक्षा, स्वभावोक्ति अलङ्कारको प्रयोग गरिएको छ ।

> सुराल दौरा लाएका
> सेलाको लय गाएका ।[५३]
> पातको सिटि हालेको चुरट धुँवा फालेका
> ढाक्रेको लस्कर रेल पो हो कि, एकनास खुट्टा चालेको ।[५४]

ग्रामीण जीवनशैलीमा बाँचेका 'ढाक्रे'को जीवनबाट प्रभावित भएर लेखिएको यस काव्यका माध्यमबाट कविले नेपाली राष्ट्रियता, 'ढाक्रे'को जीवनशैलीका उद्घाटन तथा

---

[५१] **लाटो साथी, ढाक्रे,** पूर्ववत् पृ. २२ ।

[५२] **टङ्क निरौला,** पूर्ववत्, पृ. ९९ ।

[५३] **लाटो साथी, ढाक्रे,** पूर्ववत्, पृ. १२ ।

[५४] **ऐजन,** पृ. १९ ।

अन्यायको चिरफार गरेका छन् । कविले एकातिर समाजमा विद्यमान शोषक वर्गका प्रवृत्तिहरू प्रति कलात्मक व्यङ्ग्य गरेका छन् भने अर्कातिर ठाडो रिस पनि पोखेका छन् । तत्कालीन मन्त्रीहरूलाई नेपाली भन्ने मान्छे नै अभागी हो भनी व्यङ्ग्य गरिएको छ भने बोडिङ्गका राष्ट्रियता हराएका शिक्षकलाई ठिमाहा भनिएको छ ।

'हामी भित्रका म' उपन्यास वि.सं. २०३६ साल वैशाखमा साझा प्रकाशनबाट प्रकाशित भएको हो । मानिसमा रहेका आन्तरिक र बाह्य चरित्रहरू फरक-फरक हुन्छन् । साथै उसका अनेक इच्छाहरू हुन्छन् । ती अभिलाषाहरूको प्राप्तिका निम्ति मानिस विभिन्न किसिमका कामहरू गर्छ । अभिलाषा पूरा हुन नपाउँदा मान्छे भित्रको मान्छेले कसरी विद्रोह गर्न चाहन्छ र विद्रोह गर्न नसक्दा समाजसँग मिलेर बस्न बाध्य हुन्छ भन्ने सन्दर्भ यस उपन्यासमा व्यक्त भएको छ ।[छछ]

यस उपन्यासमा प्रतिभा, अनुराग, रामप्रसाद, पार्वती प्रमुख पात्रका रूपमा आएका छन् भने लोहनी, हेरम्बराज शर्मा, प्रतिभाकी आमा, रामप्रसादको बाबु, रामप्रसादको सानीमा, पार्वतीकी सासू, पूजारी, पण्डित, विनिता, नीलिमा, प्रियम्बदा आदि गौण पात्रका रूपमा आएका छन् । यस उपन्यासका चरित्रहरू ग्रामीण र सहरिया जीवनसँग सम्बद्ध रहेका छन् । यहाँ गाउँ र सहरको व्यक्ति जीवन र समूह जीवनको प्रतिनिधित्व हुने गरी चरित्र चयन गरिएको छ । यस उपन्यासका पात्रहरूले देश, काल, वातावरणअनुसार कार्य गरेका छन् । पतिको नपुंसकताका कारणले प्रतिभाले पतिबाट यौनजन्य सन्तुष्टि प्राप्त गर्न सक्तिन । त्यसैबाट सृजित उद्वेग र आवेगलाई शमन गर्न उसले सोहीअनुरूपको स्वाभाविक व्यवहार प्रदर्शन गरेकी छ भने बालविधवा नोकर्नी पार्वतीको कार्यशैली पनि उस्तै खाले छ । उसले सफल प्रेमिकाको भूमिका पनि पूरा गरेकी छ । त्यस्तै ओखलढुङ्गाबाट काठमाडौं आएको रामप्रसादले अनेक हण्डर खाँदै आइ.ए. सम्मको अध्ययन गरेको छ । मातृस्नेहबाट बञ्चित अनुराग आई. ए. असफल हुनु, परपीडक र स्वपीडक बन्नु, हिप्पी र हिप्पीनीसँग लाग्नु र उसले कसैबाट पनि माया नपाएको अवस्थामा नोकर्नी पार्वतीको मायालु

[५५] **टङ्क निरौला, पूर्ववत्, पृ. १०७ ।**

व्यवहारलाई स्वीकार गरी श्रीमती बनाउनुले उसको चारित्रिक छवि स्वाभाविक बन्न पुगेको छ ।[छट]

यस उपन्यासका प्रत्येक घटना, कथा, उपकथाहरू एक-एक चारित्रिक विशेषतालाई प्रस्तुत गर्ने शृङ्खला बनेका छन् । उपन्यासकारले जीवनका यथार्थ अनुभवलाई विभिन्न चरित्रहरूका माध्यमबाट प्रस्तुत गर्न खोजेका छन् । त्यसैले यस उपन्यासका चरित्रहरू बढी जीवन्त हुन पुगेका छन् ।

यस उपन्यासले मूलतः सहरी क्षेत्रलाई आफ्नो परिवेश बनाएको छ । प्रथम पुरुष शैलीमा लेखिएको यस उपन्यासका पात्रहरूले आ-आफ्नो कथा आफै प्रस्तुत गरेका छन् । यस उपन्यासको भाषाशैली अति सरल, सहज र अनुप्रासमय बनेको छ ।

जीवनको निस्सारता र अर्थहीनताका बीचमा अस्तित्वप्राप्तिका लागि बाँच्नुपर्ने वाध्यतालाई उपन्यासमा देखाइएको छ । जीवनको विसङ्गति बोधपछि पनि अस्तित्वका लागि मान्छे बाँचेको हुन्छ भन्ने कुरा उपन्यासले देखाएको छ । यौनजन्य आवेगलाई शमन गर्न उच्च अहम्युक्त व्यक्तिहरू कस्तो व्यवहार गर्छन् भन्ने सन्दर्भलाई पनि उपन्यासले प्रष्ट पारेको छ । त्यस्तै पैसा कमाउने उद्देश्यले च्याउ उम्रेजस्तै यत्रतत्र खोलिएका बोर्डिङ स्कूल र छात्रावासमा बसेका छात्रहरूमाथि गरिने कठोर व्यवहारलाई पनि उदाङ्गो पार्ने काम उपन्यासले गरेको छ ।

विद्यार्थी जीवनदेखि नै साहित्य सिर्जनामा रुचि लिएका आत्रेयले २०१५ सालदेखि रचना प्रकाशित गर्न थालेका छन् । उनले दुई दर्जनभन्दा बढी फुटकर कविता तीन वटा खण्डकाव्यात्मक कृति, एक उपन्यास प्रकाशित गरेका छन् । यसका साथै उनले निबन्ध, समीक्षा, भाषा र खोजमूलक ग्रन्थहरू समेत प्रकाशित गरेका छन् । संस्कृत भाषाका ज्ञाता आत्रेयले नेपालीका साथै संस्कृत भाषामा पनि काव्य उपन्यास लेखेर आफ्नो साहित्यिक प्रतिभाको परिचय दिएका छन् ।

### ५.२.९ वासुदेव जमरकट्टेल

[५६] ऐजन, पृ. १२० ।

वासुदेव जमर कट्टेल युवा पुस्ताका चर्चित कवि हुन् । सरल, सहज प्रकृतिका कवि बासु जमरकट्टेलद्वारा लेखिएको ॅचन्द्रमामा राज गर्नुपर्छ' भन्ने कवितासङ्ग्रह ॅमायाका फूलहरू' पछिको अर्को महत्त्वपूर्ण कृति हो । वि.सं. २०६३ मा पार्वती देवी जमरकट्टेलद्वारा प्रकाशित यस सङ्ग्रहमा ४५ वटा कविताहरू समेटिएका छन् । यस कवितासङ्ग्रहभित्र ॅसलाम जनताका छोरा', ॅमेरो दृष्टिमा समानता', ॅमेरो घरको जग हल्लेको छ', ॅनानी हो', ॅकविता लेख्न थाल', ॅहामी धुरी नचढौं', ॅआफैं उठौं आफ्नो माटोका लागि', ॅसावधान त्रिचन्द्रका गङ्गालाल', ॅढेवरी मुनिको दिनचर्या', ॅचन्द्रमामा राज गर्नुपर्छ', ॅबाटो प्रष्ट भएको छ', ॅअन्यौलको क्षण', ॅतिम्रो खेतमा कसैको भैसी चर्दैन', ॅप्रतिस्पर्धा', ॅसावधान', ॅअर्को पटक ८८४८', ॅअन्तिम युद्ध', ॅगिद्धहरू बढ्दैछन्', ॅअर्कै साक्षी इतिहासका', ॅआज शुभ सारत हो', ॅगाउँको माया कसैले पालेको छ', ॅहामीलाई स्वतन्त्रता देऊ', ॅबलिदान', ॅप्रजातन्त्र जिन्दावाद गणेशमान जिन्दावाद', ॅमहानायक', ॅअनुरोध', ॅगारत फर्काउन जुटेका छौं', ॅलामो किसान भेटिन सक्छ', ॅसमाली दिनेको', ॅमुसाको खाल खोज्ने दिन नआउन', ॅमरुभूमिको यात्रा पछिको मरुयान', ॅसोच्नुपऱ्यो बुजुकहरूले', ॅआँशु पोख्नु पर्ने भएको छ', ॅमेरो छोरो पागल भएको छ', ॅभगाउन सके जंगवबहादुरको नाती', ॅबुढो ट्राफिक होऊ', ॅयो गीतको मौसम हो', ॅस्वास्नी बलात्कृत हुँदैछे', ॅकमसेकम थुनेर त देखाऊ', ॅम नामर्द छोरो', ॅदोधार नहुनु छोरा', ॅयसैको लागि त रचिएको थिएन दास ढुङ्गा', ॅसगरमाथा सर्वोच्च शिखर होइन', ॅप्रजातन्त्र जिन्दावाद लोकतन्त्र जिन्दावाद', ॅउमेश थापाले रक्तबीज रोपी सक्यो', ॅऊ पनि स्वयं बारुद भएर पड्कने छ' शीर्षकहरू समेटिएका छन् ।

वासुको पारिलो कवितासङ्ग्रह ॅमायाका फूलहरू'मा माया, प्रेम, प्रकृति, सौन्दर्य, सामाजिक जीवनका दुःख, सुखलाई विषयवस्तु बनाएर लेखिएको थियो । चन्द्रमामा राज गर्नुपर्छ कवितासङ्ग्रहमा निम्न विषयवस्तुको प्रयोग गरिएको छ । सामाजिक, राजनैतिक, विषयवस्तु अनि गाउँका पीडाहरू देशका खातिर त्याग, बलिदान र समर्पण गर्ने सहिदप्रति हुङ्कार गरिएको छ । भाग्यको भरमा हाली मुहाली गर्न पल्केकाहरूलाई धरतीबाट मेटाइदिएर नयाँ इतिहास रच्न कविले आव्हान् गरेका छन् । देशको सम्पूर्ण संरचना राष्ट्र बचाउने शंखनादमा हल्लेको छ । वस्तुमाथि वाम छैन, चराहरू विराथ हुन्, मेचीकाली विवादमा छ, अरूणका माछा तर्सन थालेका छन् । माटोमा पसिनाको गन्ध र रङ मेटिन थालेकोले कतै स्वार्थी हातहरू त पतित भनेर कवि किसानहरूबाट कस्न चाहन्छन् ।

जापानदेखि जर्मन थर्काउने विश्वयुद्धका महानायक वीर गोर्खाली नै भएका इतिहासले प्राप्ति गरेको छ । कविले यही गौरवशाली इतिहासलाई चन्द्रमामा राज गर्नुपर्छ भन्ने कवितामा प्रस्तुत गरेका  छन् । कारगिल हाम्रै बलमा थलिएको छ, अफगान अनि बगदादमा हामी नै छौ, प्यालेष्टाएनीको सीमा नै हाम्रो पाइला हो । आँट्यो भने संसार थाम्न सक्ने वीर आफ्नै आँगनमा अर्काले रजाइ गरेको देख्दादेख्दै किन गोडा कसाएको छ भनेर आश्चर्यमा परेका छन् । कविले एक्काइसौं शताब्दी पूजा गर्न नभएर चन्द्रमामा राज गर्नुपर्छ भनेर नेपालीहरूलाई आव्हान् गरेका छन् । कविले गाउँको पीडालाई कवितामा यसरी व्यक्त गरेका छन्: “यतिबेला, गाउँमा साँझबत्ती बल्नु पर्ने होइन र ? अपसोच गाउँ बीच बाटोमा छोडिएको छ, बेबारिसे बनेको छ गाउँ ।” तर कवि हतास भने छैनन किनभने सिङ्गो देश ब्युँझेर परेलीबाट नदी टक्टकाइरहेको थिचिएमा प्राणहरू जुर्मुराइरहेको, क्रूद्ध आँखाहरूको ज्योतिले देखाइ निस्तेज हुँदै गएको समय, पुग्ने विन्दुभन्दा पार गरेको बाटो नजिक भएको तथ्यलाई कविले प्रष्ट पारेका छन् । देवताले रैतीबाट मुक्ति खोजेको सन्दर्भमा वीर सहिद गङ्गालाल, दशरथ, धर्मभक्तका सपना साकार पार्न प्रण गरेका नेपालीहरूले जंगबहादुरको नातीलाई फाल्न सफल भएको तथ्यलाई कवितामा व्यक्त गरिएको छ । देशमा २०६३ को जनआन्दोलन उर्लिरहेको तर दरबार फाल्न नसकेको समयका कविताहरू रहेका यस सङ्ग्रहमा यस्तै भावना, कल्पना, कामना संकल्पहरू मुखरित भएका छन् ।

यस सङ्ग्रहका सम्पूर्ण कविताहरू गद्य कवितात्मक मुक्त लयमा रचना गरिएका छन् । कवितामा बिम्बप्रतीकको प्रयोग देखिन्छ । कतिपय कवितामा व्यञ्जनात्मक प्रस्तुति पाइन्छ । यसले कविको इच्छित भावलाई पुष्टि गर्न सहयोग पुगेको छ भने गद्य कविताले व्यञ्जनात्मक, कलात्मक अभिव्यक्तिको सिर्जना गरेको छ । यद्यपि यस कवितासङ्ग्रहको भाषाशैली सरल नै रहेको छ ।

‘मायाका फूल’हरू कवितासङ्ग्रह बासु जमरकट्टेलद्वारा लेखिएको र वि.सं. २०६२ मा ऋषिराम/पार्वती जमरकट्टेलद्वारा प्रकाशित कवितासङ्ग्रह हो । यसभित्र छोटा-छोटा ५५ वटा कविताहरू सङ्कलित छन् । ‘म पिउन आउँछु तिम्रो साथ’, ‘सोभायमान दुई थुङ्गा सयपत्री’, ‘बदलामा मनै दिन्छु’, ‘मायाले पेट भरी बनाऊ’, ‘तिम्रो लागि जिउन मर्न तयार छु’, ‘जिन्दगी सपनीमा बित्दैछ’, ‘सन्दर्भ प्रेम दिवसको’, ‘तिम्रो प्रतिक्षा खुसी औ जित’, ‘समर्पण’, ‘निर्धक्क बोल्नु पर्छ’, ‘शुभकामना नयाँ वर्षको’, ‘कविजी मेरो गाउँको कविता

लेख्नुहोस्', 'गाउँको जिन्दगी', 'खुसीसँग बास माग्यो साँझले', 'आमा हुनको स्वतन्त्रता', 'शरदको आभास', 'साइत कुसाइत के भनु?' 'जिन्दगी र दुःखसुख, के छ ?', 'तिमी भित्र', 'सलाम झरेका पात', 'परिभाषा', 'कुन फूल सजाउँ', 'धेरै बाँच यस्तै नै', 'तिम्रो चाड', 'नया मिल्ने मन', 'औसीको रात देख्नु नपोरोस्', 'माया गर्नु पर्ने हुन्छ तिमीले', 'आँखाले माया गर मलाई', 'मुटु नै पठाउन तयार छु' शीर्षकका कविताहरू यस सङ्ग्रहभित्र सङ्ग्रहीत छन् ।

यस सङ्ग्रहका कविताहरू लेखकले भनेझै ५५ थुँगाका कोमल फूलहरू नै हुन् । यस सङ्ग्रहमा रिस, राग, द्वेष, आक्रोश, आग्रह, पूर्वाग्रह नभई मायाका कुराहरू छन् । जीवनमा अनुभव गरिएका, उकाली ओराली, माया प्रेम, दुःख, सुख, हर्षात्मक यथार्थ प्रकट गरिएको छ । बर्षौदेखि प्रेमिकालाई ह्दयमा लिएर हिँड्दै गरेका कवि प्रेमिकाको स्पर्शरूपी सिरानीमा निदाउन चाहन्छन् । प्रेमिकालाई मन दिन चाहने कविले एक सुन्दर घर बसाल्ने चाहना राख्दछन् । मायालु निकृष्ट नै भए पनि कवि आफ्नो मनमा आसन जमाउन आग्रह गर्छन् । कवि प्रेमिकाका सुखका लागि आफूलाई गुमाउन पनि तयार छन् कवि । कविले सुखी र प्रेममय जीवन सपनीमा बितेको र विपनीमा जीवन विषस्त रहेको वर्णन कवितामा गरेका छन् । कविले प्रेमिकाका प्रतीक्षामा जीवन तड्पीतड्पी बिताएको कुरालाई कवितामा यसरी व्यक्त गरेका छन् - 'मेरो आँखाबाट बलिन्द्र धारा आँसु झरेको कसैले भनेन, तिम्रो प्रतीक्षामा मैले सारा दिन तड्पीतड्पी बिताएको' यसरी कवितामा प्रेमीप्रेमिकाको माया पाउन नसकेर अधोरै पीडा अनुभव गरेको कुराई यस सङ्ग्रहका कविताले कथ्य बनाएको देखिन्छ । यस सङ्ग्रहका कविताहरूमा म र तिमीको आफ्नोपनबाट प्रेमका विविध पक्षलाई उद्घाटन गरिएको छ । सानै कविले अनुभव गरेका दुःख सुखलाई कवितात्मक विषयवस्तु बनाइएको देखिन्छ । आफ्नो मनमा उर्लिएका प्रेमका अनुभूतिलाई प्राकृतिक विम्ब र प्रतीकका माध्यमबाट सशक्त बनाएका छन् । यसबाट प्रकृतिको चित्रणप्रतिको मोह पनि कवितामा देखिन्छ । खहरेको क्रान्तिकारी गति, चैत्रको खडेरीमा पनि उर्ली रहोस्, खहरेका चिप्ला ढुंगा, नदीको भार र असार जस्ता पङ्क्तिमा प्रकृतिको उपस्थापनबाट कविका स्मृतिका अनुभूतिहरूलाई प्रकट गरिएको छ । धरोहर भत्किएको जीवनको आरोहण केलाई भन्ने आदि गन्तव्यविनाको यात्रा सगरमाथाभन्दा माथि पुगे पनि कसरी विजय मान्ने भन्ने प्रसङ्गबाट कविको जीवनप्रतिको निराशा प्रकट भएको देखिन्छ । कविले यस सङ्ग्रहमा मूलतः यस्तै जीवनमा अनुभव गरिएका तीता मीठा क्षणहरूलाई विषयवस्तु बनाएका छन् । कतै

प्रेमिकासँगको दिलमा मिलनमा सुख अनुभव गरेका छन् कतै विछोडमा पीडाको अनुभव गरेका छन् । कतै माया पाउन नसकेको व्यथा प्रस्तुत गरेका छन् । भने कतै आफूलाई समाप्त गरेर प्रेमिकालाई माया दिन चाहेको कल्पना गरेका छन् । आफूले चाहेको जीवन, माया प्रँप्त गर्न नसकेमा जीवनप्रति नै निराशा, दुःख लागेको भाव व्यक्त गरेका छन् ।

गद्य कवितात्मक मुक्त लयमा लेखिएका यस कवितासङ्ग्रहका कविताहरू सरल, सरस रहेका छन् । ग्रामीण समाजमा प्रयोग हुने शब्दको प्रयोग देखिन्छ । तद्भव शब्दको बाहुल्य देखिन्छ । विम्बप्रतीकको प्रयोग गरिएको अनुप्रास र अलङ्कारले कवितालाई निकै गेयात्मक बनाएको छ ।

### ५.२.१० हरिराज शर्मा

हरिराज शर्मा कपिलवस्तुको साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका व्यक्ति हुन् । उनको ‘कल्पना’ खण्डकाव्य २०५२ मा प्रकाशित खण्डकाव्य हो । अनुष्टुप् छन्दमा लगभग ६७८ पद्य र पाँच वटा सर्गमा विभक्त गरी लेखिएको कल्पना खण्डकाव्य केवल कपिलवस्तु जिल्लाका लागि मात्र होइन सिङ्गो नेपाली साहित्यका लागि एउटा नयाँ उपहार बनेर आएको छ । नेपाली भाषा, नेपाली संस्कृति र नेपालप्रतिको माया दर्शाइ सर्वतोमुखी प्रगतिको चिन्तन यस खण्डकाव्यमा पाइन्छ । प्रजातान्त्रिक संस्कारको विकास गरी मुलुकलाई समृद्ध बनाउने सु-कल्पना व्यक्त गरी लेखिएको यो खण्डकाव्य ‘कल्पना’ नायिका प्रधान काव्य पनि हो ।

यस खण्डकाव्यको पहिलो सर्गमा निम्नवर्गीय क्षेत्री परिवारमा जन्मिएकी कल्पना र सधै वीरबहादुरको भलो चिनाउने साहुको उच्च वर्गीय परिवारमा जन्मिएको विवेकको अध्ययनको सन्दर्भ विवेक र कल्पना दुवैमा उच्च र अमर प्रेमको आँकुरा पलाएको विवेक डाक्टरी पढ्न कलकत्ता गएको कल्पना पढीलेखी नारी उत्थानमा लाग्ने विचार गरेकी तर दुर्भाग्यवस फूपूको कुचक्रमा परी बम्बईमा बेचिनु परेको कारुणिकतालाई समेटिएको छ । दोस्रो सर्गमा कल्पनाले आफू बेचिएको थाहा पाई भाग्न सफल हुनु, विकासले सहायता गर्नु, नारी सुरक्षा समितिमा बसी कार्य गरेकी र फर्किएपछि काठमाडौंमा गई अध्ययन तथा नारी सेवामा लागेको घटना सम्मका कुराहरूलाई समाविष्ट गरिएको छ । विवेक डाक्टर बनी समाजसेवा गर्न थालेको तथा कल्पनाले पनि काठमाडौंमा समाजसेवाका क्षेत्रमा प्रसिद्धि

कमाउँदै भएको सन्दर्भ तेस्रो सर्गभित्र रहेको छ । चौथो सर्गमा पुग्दा त्यही प्रसिद्धिले कल्पना समाजकल्याण मन्त्रीसम्म बनी ठूलो योगदान पुऱ्याएकी र विवेकसँग दाम्पत्य जीवनमा बाँधिएको कुरालाई देखाइएको छ । यस खण्डकाव्यको पाँचौं तथा अन्तिम सर्गमा कल्पनाले देश विकासको कल्पनालाई साकार बनाएको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्मा ठूलो सम्मान पाएको सन्दर्भसँगै खण्डकाव्य समाप्ति गरिएको छ ।

खण्डकाव्यकार हरिराज शर्माले 'कल्पना' खण्डकाव्यमा झिनो कथावस्तु रहेको छ । कथावस्तु झिनो भएपनि यसको उद्देश्य पक्ष सशक्त र सबल रहेको छ । हो साँच्चै आज नेपाली धरतीको लागि कल्पना जस्तै असल सन्तानहरू चाहिएको छ । जात, धर्म र राजनैतिक सङ्कीर्ण भन्दा माथि उठेर नेपाललाई समृद्धशाली बनाउनु हामी सबैको कर्तव्य हो । देश बन्ने र बनाउने कुरा पहिले भावनामा आउनु पर्छ । स्वच्छ चिन्तन, पवित्र भावना र उदार हृदय नै सच्चा कविता हो । सही कल्पना सही विवेकले जन्माउँछ र सही कल्पना र सही विवेकले देशमा विकासको मूल फुटाउँछ । यही शाश्वत र देशभक्तिपूर्ण भावनालाई कल्पना, विवेक र विकासका माध्यमबाट खण्डकाव्यकारले देखाउन खोजेका छन् । एउटा निरिह र गरिब नारी पनि आत्मबल भएमा बम्बईका कालकोठरीबाट मुक्त हुन सक्छे, प्रजातन्त्रको निम्ति जेलनेल सहन सक्छे र आफ्नो व्यक्तिगत स्वार्थलाई त्यागेर समाज र राष्ट्रको निम्ति अमूल्य योगदान दिन सक्छे भन्ने कुरालाई खण्डकाव्यकारले यस खण्डकाव्यकी प्रमुख नायिका कल्पनाका माध्यमबाट देखाउन खोजेका छन् । मानिसको लागि प्रेम चाहिन्छ, सद्भाव र सहयोग चाहिन्छ शिर उचो बनाई उभिन धरती चाहिन्छ । यी सबै कुराको प्राप्तिको निम्ति जतिसुकै कठोरतम सङ्घर्ष गर्नु परेपनि पछाडि पर्नु हुँदैन अनि मात्र लक्ष्यमा पुग्न सकिन्छ भन्ने कुरालाई सटिक ढङ्गबाट खण्डकाव्यमा देखाइएको छ । केही बढी तत्सम शब्दको प्रयोग, ग्यारेज, फिल्म, एम.पी. यु.एन.ओ. आदि जस्ता अङ्ग्रेजी शब्दको प्रयोग गरिए पनि सबै पाठकले बुझ्ने किसिमकै सरल सहस शब्दहरूको प्रयोगले यस काव्यलाई मनोहर बनाएको छ ।

हरिराज शर्मा र उनको 'ज्योत्सना' खण्डकाव्य कपिलवस्तु जिल्लाको साहित्यिक फाँटमा जाज्वल्यमान ताराका रूपमा परिचित हरिराज शर्माको कल्पना पछिको दोस्रो खण्डकाव्य 'ज्योत्स्ना' हो । यो खण्डकाव्य वि.सं. २०५८ सालमा प्रकाशन भएको हो । यस खण्डकाव्यमा पहिलो, दोस्रो र तेस्रो गरी जम्मा तीन खण्ड रहेका छन् । पहिलो खण्डमा

१६८ श्लोक, दोस्रो खण्डमा १८२ श्लोक र तेस्रो खण्डमा १५७ श्लोक गरी जम्मा ५०७ श्लोकमा आवद्ध यो खण्डकाव्य कल्पना खण्डकाव्य जस्तै अनुष्टुप् छन्दमा लेखिएको छ र यो खण्डकाव्य चन्द्र र ज्योत्स्नाको दु:खान्त प्रेम र कथामा आधारित छ ।

कल्पना खण्डकाव्यको पहिलो खण्डमा काशी वनारस पढ्न बसेका चन्द्र गर्मी विदाको समयमा आफ्नो मामाघर जाने क्रममा रिडी बजारमा एउटी अधबैंशे ज्योत्स्ना भण्डारी नामक युवतीसँगको अनायास भेट पछि ज्योत्स्नाको रूप लावन्यबाट चन्द्र अत्यन्त मोहित भएका छन् । त्यसैगरी देशको समसामयिक परिस्थिति, स्वार्थको सत्तासमीकरणको खेल, पार्टीका नेताहरू सत्ता र शक्तिका लागि मात्र लुछाचुडी गरेका कारण देशको राजनीतिक अवस्था अस्थिर बन्न पुगेको कारण जनतामा देखिएको नैराश्यता जस्ता विषयमा चन्द्रबाट व्यक्त गरिएका विचारबाट ज्योत्स्ना प्रभावित भएकी छन् । यत्तिकैमा यी दुवैका बीचमा माया प्रेम बस्छ । कालीगण्डकी र ऋषिकेशवलाई साक्षी गवाही राखी दुवै प्रेममा आबद्ध भई चन्द्र र ज्योत्स्ना दुवै जना वनारस पढ्न जाने भनी वाचा राख्छन् र सुरुमा ज्योत्स्नाले जति अनुनय विनय गर्दा पनि वनारस पढ्न पढाउन मञ्जुर नहुने उनका बाबुआमा अन्ततः ज्योत्स्नाको आग्रह र तार्किक कुराबाट बनारस पढ्न पठाउन तत्पर हुन्छन् ।

१८२ श्लोकमा आबद्ध यस खण्डकाव्यको दोस्रो खण्डमा चन्द्र र ज्योत्स्ना दुवै वि.एच.यू. मा पढ्न थालेको, यसक्रममा यी दुईका बीचमा प्रणय सम्बन्ध गाढा हुँदै गएको, अकस्मात् ज्योत्स्ना घर आउनु परेको, घरमा बुवा आमाले ज्योत्स्नाको विवाहको लागि उनीसँग प्रस्ताव राखेको तर ज्योत्स्ना यो कुरालाई परीक्षापछि विचार गर्ने कुरा जनाएर बनारस फर्किएको कुरा देखाइएको छ । परीक्षासमाप्ति हुनासाथ आमा विरामी भएको कारण चन्द्र घर आएको समयमा ज्योत्स्ना आफूलाई एक्लो भएको महसुस गरी घरमा आउँछिन् । चन्द्र वनारस फर्किएको धेरै दिन वितिसक्दा पनि ज्योत्स्ना घरबाट नआएपछि ज्योत्स्नालाई भेट्न तम्घास गएको दिन ज्योत्स्नाको विवाह हुन लागेको देख्दा उनी बेहोस हुन्छन् भने विवाहका दिन ज्योत्स्नालाई भित्र्याउने क्रममा आरती निभेपछि उनलाई अलच्छिनीको आरोपमा घरबाट निकालिएको कारण उनले आत्महत्या गरेपछि चन्द्र ज्योत्स्नाको वियोगमा विलाप गरेको कुरा देखाइएको छ भने तेस्रो खण्डमा ज्योत्स्नाको वियोगमा विक्षिप्त भई

खण्डकाव्य नायक चन्द्रको मृत्यु भएको देखाई दुःखान्तमा पुऱ्याएर खण्डकाव्य टुङ्ग्याइएको छ ।

ॅअभिव्यक्ति एवम् परिवेश' कवितासङ्ग्रह कवि हरिराज शर्माको एक चर्चित कवितासङ्ग्रह हो । यो कृतिको प्रथम प्रकाशन वि.सं. २०६३ फागुन पूर्णिमाका दिन भएको हो । यस कृतिका प्रकाशक प्राची शर्मा हुन् । ॅअभिव्यक्ति एवं परिवेश' हरिराज शर्माको एक अत्यन्त चर्चित कवितासङ्ग्रहको रूपमा रहेको छ । यो कृतिमा कवि शर्माले समसामयिक नेपाली परिवेशमा देखापरेका सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक र युद्ध र आतङ्कका बहुल पक्षबाट विस्तृत विकृति र विसङ्गतिको लयात्मक चित्रण गरेर सुन्दर कविताहरू प्रकाशित गर्ने जमर्को गरेका छन् ।

कवि हरिराज शर्माद्वारा लिखित कवितासङ्ग्रह अभिव्यक्ति एवं परिवेश (२०६३) मा सङ्ग्रहबद्ध कविताहरू सङ्ख्यात्मक रूपमा ९५ शीर्षकमा लेखिएका छन् । ती कविताहरू निम्नानुसार छन् : ॅअभिव्यक्ति एवं परिवेश', ॅअभिव्यक्ति', ॅपरिवेश', ॅक्रोध', ॅबाध्यता', ॅमोह भङ्गभो', ॅअभिनय', ॅईश्वरप्रति', ॅअतितसँग बाझिएको वर्तमान' आदि ।

यी माथि उल्लिखित कविताहरूले समसामयिक यथार्थताको चित्रण गर्नुका साथै सामाजिक विकृति विसङ्गतिको विरोध गरेका छन् ।

ॅअभिव्यक्ति एवम्' ॅपरिवेश' कवितासङ्ग्रहमा सङ्ग्रहीत सबै कविताहरू समसामयिक विषयवस्तुलाई टिपेर लेखिएका छन् । कवि हरिराज शर्माले विशेषगरी समाजमा विद्यमान सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक, प्रशासनिक, व्यवहारिक क्षेत्रमा देखापरेका विविधताहरूलाई समेटेर कविता लेखेको पाइन्छ । यसको साथै मानवीय जीवन भोगाइका यथार्थता, अनुभव र अनुभूतिका आरोह अवरोहको चित्रण पनि जीवन्त रूपमा प्रस्तुत गर्ने जमर्को पनि गरेको पाइन्छ ।

समग्रमा भन्ने हो भने अभिव्यक्ति एवं परिवेश कवितासङ्ग्रहमा सङ्कलित सबै कवितात्मक रचनाहरू गद्य मुक्त लय र शास्त्रीय लय (अनुष्टुप् छन्द) मा रचना गरेको पाइन्छ । ॅअभिव्यक्ति', ॅपरिवेश', ॅक्रोध', ॅवाध्यता', ॅमोह भङ्गभो', ॅआज नेपाल के भयो ?' ॅआफ्ना कुराहरू पूर्व', ॅराष्ट्र निर्माण सिर्जना व्यर्थ जीवन', ॅमेरो भाग्य', ॅअब रोएर हुन्छ

के', 'कोपिलाहरू प्रति', 'छोरी बुहारी', 'परिवार निर्दयी', 'निष्ठुरी तिमी', 'कुर्सी', 'प्रेम, वचन पूरा गरौं यहाँ पुरुष र नारी', 'आशा गर्छु प्रतिक्षण', 'बाबु तिमी कहाँ गयौं', 'मेरो मासु कर्म र शान्ति समावेदना', 'वातावरण संरक्षण', 'अन्त्यमा' आदि कविता अनुष्टुप् छन्दमा लेखिएको पाइन्छ भने अन्य कविताहरू मुक्तलयका साथसाथै लोकगीति लयमा लेखिएको पाइन्छ ।

'प्रस्तुत अभिव्यक्ति एवम् परिवेश' (२०६३) कवितासङ्ग्रहमा रहेका कविताको भाषाशैली सरल र सहज रहेको पाइन्छ । अवधी, भोजपुरी र हिन्दी भाषाको प्रभावमा रहेर कविता पनि लेखिएको छ । जस्तै - अब हम सब पढव्यय सभय नेपाली होई आदि । जेहोस् यस सङ्ग्रहमा रहेका कविताहरूले सरल सहज भाषाशैली मार्फत् विद्यमान समाजमा रहेका विकृति विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । नवीन विम्ब र प्रतीकहरूको प्रयोगबाट पनि कविताहरू मुक्त हुन सकेका छैनन् । जसले गर्दा कवितामा आधुनिकताको मीठो आभास पाउन सकिन्छ ।

'अरूणोदय' बाल कवितासङ्ग्रह कवि हरिराज शर्माका एक चर्चित बाल साहित्यिक कृति हो । यो कृतिको प्रथम प्रकाशन वि.सं. २०६३ सालको रामनवमी तिथिका दिन भएको हो । होराइजन अफसेट प्रेस तौलिहवाबाट प्रतीक शर्मा र प्रणव शर्माको प्रकाशकत्वमा प्रकाशित कृति अरूणोदयमा बाल मनोरञ्जन दिने ५० ओटा गीतिमूलक कविताहरू रहेका छन् ।

कपिलवस्तु जिल्लाका उदयीमान कवि हरिराज शर्माले 'अरूणोदय' (२०६३) कवितासङ्ग्रहमा निम्नलिखित बालकविताहरू सङ्ग्रहबद्ध गरेका छन् : मह र मौरी, मुगु, हुन्न भन्न हुन्न, एक हाम्रो नेपाल, रिस, माया, सफा र सुन्दर, कति राम्रो पोखरा, कति मीठो पानी, उठ उठ बाबु आदि ।

'अरूणोदय' बालकवितासङ्ग्रहमा उल्लिखित कविता शीर्षकहरू खासगरी बाल पाठकहरूप्रति लक्षित देखिन्छन् । तर सङ्ग्रहमा सङ्ग्रहीत कतिपय कविताले प्रौढ पाठकको अपेक्षा नगरेका होइनन् । जस्तैः 'बुबा भारी भयो' वन्दना, हामी एक । जे हो, सङ्ग्रहबद्ध यी

बालकविताहरूको मुख्य अभीष्ट बाल मनोरञ्जन र अनुशासनको नैतिक पाठ सिकाउन रहेको देखिन्छ ।

अरूणोदय (२०६३) बालकवितासङ्ग्रहमा सङ्ग्रहीत कविताहरूको विषयगत आधार मुख्यतः समसामयिक जीवन भोगाइका अनुभव र अनुभूतिमा केन्द्रित रहेको देखिन्छ । सङ्ग्रहमा रहेका ‘मुगु’ ‘कति राम्रो पोखरा’, ‘माया गर्छौं नेपाल’, ‘कति प्यारो चन्द्रमा’ जस्ता कविताहरूमा प्रकृतिको सुन्दर चित्रण गर्दै देशभक्तिको आव्हान् गरिएको छ भने ‘तिहार’, ‘आहा दसैं आयो’ जस्ता कवितामा संस्कृतिक रमझम र बाल उत्साहका रमणीय अनुभवलाई बडो कलात्मक शैलीमा चित्रण गरिएको छ । यी बाहेक अन्य कविताहरू समसामयिक जीवनका व्यावहारिक माया ममता, अनुशासन र आदर्श बानी व्यवहार निर्माण गर्ने शिक्षामूलक विषयवस्तुमा केन्द्रित रहेर बाल बोध्य भाषाशैलीमा कविता लेखिएको पाइन्छ ।

अरूणोदय (२०६३) कवितासङ्ग्रहमा आबद्ध सम्पूर्ण कविता लोकगीति छन्दमा लेखिएका छन् । बालबालिकाको गेयात्मक स्तरलाई हेर्दा कवि हरिराज शर्माले लय संयोजन गर्न सफल देखिन्छन् । तर कतिपय कवितामा लय भङ्ग नभएको छ भन्न सकिँदैन । जे होस् समष्टिमा बाल कविताको लयविधान स्तरीय नै छ ।

‘अरूणोदय’ (२०६३) कवितासङ्ग्रहमा सङ्कलित कविताको भाषा सरल, सहज र सुबोध्य नै छ । विशेष गरी ५-१४ बर्ष सम्मका बालबालिकाको भाषिक सक्षमताको स्तरलाई केन्द्रमा राखेर कवितात्मक शब्द/शब्दावलीको संयोजन गरिएको पाइन्छ भने शैलीगत सन्दर्भबाट विश्लेषण गर्ने हो भने सहज र सरल नै छ । कविता पढेपछि बालबालिका हातको थपडी मार्दै मजाले गीतिलयमा गाउँदै कविता वाचन गर्न सक्छन् । अत्यन्त सुकोमल पद पदावली र शैलीगत माधुर्यको योग यस सङ्ग्रहका कवितामा पाउन सकिन्छ ।

### ५.२.११ होमराज आचार्य

होमराज आचार्य अमेरिकामा बसेर पनि नेपाली साहित्यको सिर्जनामा निरन्तर लागी परेका व्यक्ति हुन् । कपिलवस्तु जिल्लाका एक प्रतिभाशाली कवि होमराज आचार्यद्वारा लिखित कविता ‘जीवित कङ्काल’ (२०५६) हो । यस कवितासङ्ग्रहको प्रथम प्रकाशन २०५६

असार महिनामा भएको पाइन्छ । उन्नयन प्रकाशन काठमाडौंबाट प्रकाशित यस कवितासङ्ग्रहको आयाम आमुखिका बाहेक ७४ पृष्ठसम्म विस्तारित भएको पाइन्छ । वर्तमान मानव जीवनका जटिलता र सूक्ष्म आदिम यथार्थतालाई विषयवस्तु बनाएर प्रयोगवादी धारामा लेखिएका कविताहरूको सङ्ग्रह ‘जीवित कङ्काल’ हो ।

नवीन विम्ब नबीन प्रतीक र नवीन भाषाशैलीको प्रयोग गरी लेखिएका जीवित कङ्काल कवितासङ्ग्रहका कविताहरू निम्नलिखित छन् : ‘शताब्दी आँसुको साँझभित्र’, ‘जीवनको अस्तित्व’, ‘ज्ञानभित्रको हिलेमाटो’, ‘झिंगाहरूका बीचमा’, ‘नयाँ उपनिवेशका कोठीहरूबाट’, ‘पल्लो घरबाट चियाएका अन्तदृष्टि’, ‘छचल्किएको अस्तित्वमा उभिएर’, ‘अनिर्णित यात्राको सूत्रकथा’, ‘एउटा पानो हराएको खबरल’, ‘अनन्त’ यात्रा आदि ।

यी उल्लिखित कविताहरू सिङ्गो मानव जीवनका विसङ्गगति र अस्तित्वका सूक्ष्मतम पक्षहरूलाई चित्रण गर्न सक्ने खालका रहेका छन् । नितान्त प्रायोगिक धारा/शैलीलाई अवलम्बन गरेर लेखिएका यी कविताहरू बौद्धिक मस्तिष्कका खुराकको रूपमा देखा पर्छन् । सर्वसाधारण पाठकको लागि हाडे ओखर नै सावित हुन्छन् ।

सङ्कलित कविताहरूको विषयवस्तुः नेपाली कविताको इतिहासमा समसामयिक युगका चर्चित कवि होमराज आचार्यको चर्चित कवितासङ्ग्रह जीवित कङ्कालका कविताको मुख्य विषयवस्तु जीवन नै हो । जीवनको अस्तित्व र विसङ्गतिका ओस्याइला र क्षणभङ्गुर पक्षलाई बडो बौद्धिक र तार्किक ढङ्गमा कवितात्मक चित्रण गर्ने जमर्को कवि आचार्यको रहेको छ । जीवनका उज्याला पक्षलाई भन्दा ज्यादै जीवनका विसङ्गत र विकृति क्षण विशेषका सूक्ष्म सत्यलाई प्रस्तुत गर्नु कविको काव्य प्रयोजन रहेको देखिन्छ ।

कवि होमराज आचार्यका ‘जीवित कङ्काल’ भित्रका सम्पूर्ण कविताहरूको विहगावलोकन गर्दा कविताको विषयवस्तु देशजमा मात्र सीमित नभएर अन्तर्राष्ट्रिय परिवेशको दायरालाई ओगट्न सफल छन् । कविताहरूमा पूर्वीय तथा पाश्चात्य आद्यविम्बको साथसाथै आधुनिक प्रविधिले भित्र्याएका विविध नवीनताहरूलाई विम्बात्मक र प्रतीकात्मक रूपमा प्रयोग गरी आजको मानिसका जटिल र खोक्रो यथार्थतालाई आलोचनात्मक व्यङ्ग्य क्षेपण गरेको पाइन्छ । “फ्रान्सेली प्रतीकवादी कवि स्टेफन मलार्मेका कवितामा झै कवि आचार्यका कविताहरूमा अनुभवातीत प्रतीकको प्रयोग पाइन्छ

।”[छठ] जेहोस् कवि होमराज आचार्यले बहुसांस्कृतिक बहुभाषिक, बहुजातीय, सामूहिक चेतन, अवचेतनबाट उत्पन्न हुने मानसिक पक्षहरू र फ्रायडीय चिन्तन, डार्विन, मार्क्स आदिका विचार/दर्शनका रङ्ग र छापलाई पचाएर जटिल जीवनको गम्भीर चित्रण गर्न सफल छन् ।

'जीवित कङ्काल' (२०५६) भित्र रहेका सबै कविताहरूको लय/छन्द विधान मुक्तलयमा संरचित रहेको पाइन्छ । यद्यपि यी कविताहरूमा आन्तरिक लयचेतना भरिपूर्ण देखिन्छ । तर कतिपय रचनाहरूमा प्रयोगवादी लय संरचनामा काव्य विन्यास गर्ने सूक्ष्म सङ्केत देखिन्छ ।

जीवित कङ्काल कवितासङ्ग्रहमा रहेका कविताको भाषाशैली परम्परागत शैलीभन्दा फरक छ । परम्परागत शैलीभन्दा नितान्त फरक अर्को शैलीको आविष्कार यी कविताहरूमा रहेछ ।[छड] यिनका कवितामा प्रयुक्त भाषा दुरुह रहेको पाइन्छ । नयाँ विम्ब, नयाँ प्रतीक, नयाँ संरचना, नयाँ विषयवस्तु र नयाँ अभिव्यक्तिको संयोजनले गर्दा कविता सर्वसाधारण पाठकका लागि दुर्वोध्य छन् । यसको साथै प्रयोगवादी धाराका साथसाथै उत्तर आधुनिकतावादी प्रभावबाट पनि यी कविताहरू अनुप्राणित भएको पाइन्छ । विज्ञानको आधुनिक प्रभावको साथसाथै मानव सभ्यताको आदिम मनोवैज्ञानिक र प्रकृतवादी साहित्यिक चिन्तनले सिञ्चित कविताहरूको उत्कृष्ट कृति हो जीवित कङ्काल । निष्कर्षमा भन्दा अभागार्त लेखन शैलीको प्रयोग यस सङ्ग्रहका कवितामा रहेको पाइन्छ ।

'आलुवारीमा देवता' कवितासङ्ग्रह नेपाली कविताको इतिहासमा समसामयिक युगका चर्चित कवि होमराज आचार्यद्वारा लेखिएको हो । यस कृतिको प्रथम प्रकाशन २०६० वैशाखमा भएको हो । कालचक्र नेपाल प्रकाशनबाट प्रकाशित 'आलुवारीमा देवता' कवितासङ्ग्रहमा कवि होमराज आचार्यले विद्यमान सामाजिक, राजनीतिक, आर्थिक, वैयक्तिक प्रशासनिक प्राविधिक र आधुनिक क्षेत्रमा देखापरेका विकृति विसङ्गतिको व्यङ्ग्यात्मक चित्रण गरेका छन् ।

---

[५७] **नेत्र एटम, भूमिका, जीवित कङ्काल, होमराज आचार्य, काठमाडौंः उन्नयन प्रकाशन, २०५६ ।**

[५८] **ईश्वर बल्लभ, भूमिका, जीवित कङ्काल, ऐजन ।**

समसामयिक परिवेशका विविध यथार्थताहरूलाई विषयवस्तु बनाएर लेखिएका कविताहरूको सङ्ग्रह 'आलुवारीका देवता' का कविताहरू यसप्रकार छन् : 'अन्त्यमा त्यो..... आयो', 'सिमलको रुख', 'पारिवारिक मन्दिर', 'संस्कृतिको जन्म', 'भित्ताको गैंडा', 'शक्तिको भ्रममा बाँचेका देवता', 'देवता आलुवारीमा पसेपछि', 'भूमिका बदलिएपछि', 'अमलम सूत्रबाट', भित्र पसेर हेर्दा आदि ।

यी माथि लेखिएका कविताहरूमा मानिसका जीवन भोगाइका वास्तविकताहरूलाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गरिएको पाइन्छ ।

'आलुवारीमा देवता' (२०६०) कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको मुख्य विषयवस्तु वर्तमान जीवनका जटिलताको चित्रण, आजको अत्याधुनिक परिवेशले जकडिएका मानिसको यान्त्रिकता, उसको मानसिक अन्तर्द्वन्द्व, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक विकृति, विसङ्गतिको साथसाथै मानिसले मानिसप्रति गर्ने अविश्वास धोका, बेइमानी, गिर्दो मानवीयता र सांस्कृतिक ह्रास आदि तथा जीवनविषयक विषयवस्तुहरूको समायोजन गरेर लेखिएका कविताको उत्कृष्ट सङ्ग्रह 'आलुवारीमा देवता' हो ।

यस कवितासङ्ग्रहका कवितामा नयाँ प्रतीकात्मक व्यवस्था र विम्बात्मक चित्रण गर्न कवि होमराज सफल देखिन्छन् । मानवमानव बीचको सङ्घर्ष/युद्ध, आतङ्क सामाजिक/राजनीतिक अस्थिरता जस्ता विषयहरूलाई पनि बडो कलात्मक प्रतीकहरूको प्रयोग गरेर कविता लेखिएको छ ।

'आलुबारीमा देवता' कवितासङ्ग्रहका कविताको लयविधान मुक्त रहेको पाइन्छ । कतिपय कवितामा वार्णिक छन्दको आभास भएपनि ठाउँठाउँमा लयभङ्ग भएकाले मुक्तलयमा नै यस सङ्ग्रहका कविताहरू संरचित छन् ।

कवि होमराज आचार्यको कवितासङ्ग्रह आलुवारीमा देवता (२०६०) को भाषाशैली उनकै जीवित कङ्काल (२०५६) को तुलनामा बढी सम्प्रेष्य र सहज देखिन्छ । साधारणतया यो कवितासङ्ग्रहका कविताको भाषाशैली पनि प्रयोगवादी चिन्तन अनुकूल हुने देखिन्छ । अर्थात् जटिल भाषाशैली/विम्ब प्रतीकको कलात्मक/सुन्दर विन्यास 'आलुबारीमा देवता'

कवितासङ्ग्रहका कविताहरूमा रहेको पाइन्छ । विभिन्न प्राक्सन्दर्भ र नवीन विम्ब प्रतीकहरूलाई समेट्ने खालका भाषा प्रयुक्त भएको छ ।

उपन्यासकार होमराज आचार्यको उत्तर किशोरावस्थाको औपन्यासिक सिर्जनाको उपज हो ‘निर्दोष कैदी (२०५४) ।’ यस उपन्यासमा होमराजको औपन्यासिक आख्यान कलाको परिपाक हुन सकेको छैन । यद्यपि यस रचनामा पञ्चायतकालीन सामाजिक, राजनीतिक परिवेशको चित्रण गर्दै समाजमा पञ्चायतकालीन शासकहरूको आडमा ग्रामीण समाजका सर्वसाधारण नारी तथा व्यक्तिहरूमाथि गरिने शोषण, अन्याय, अत्याचार दमनको प्रष्ट शब्दचित्र उतार्न खोजिएको छ । यस कृतिको सङ्क्षिप्त विश्लेषण औपन्यासिक तत्वको आधारमा निम्नानुसार गरिएको छ ।

उपन्यासका मुख्य पात्रहरू सुभद्रा र भीमको क्याम्पसमा अध्ययन गर्ने क्रममा भएको प्रेमबाट सुरु भएको यस उपन्यासमा सँगै क्याम्पसमा अध्ययन गर्ने अर्को साथी धर्मदत्त जो पञ्चायतकालीन अञ्चलाधीश तथा मन्त्री कर्णवीरसिंहको छोरो हो । उसले क्याम्पसको स्ववियु निर्वाचनमा क्याम्पस प्रमुखको सहयोग र विभिन्न प्रकारको धाँधली र दवाबमा चुनाव जित्छ । यसै क्रममा उसले भीम र सुभ्रदाको प्रेममा गिद्धेदृष्टि लगाउँछ । बाबुआमाविहीन दाइभाउजूको सहयोगमा क्याम्पस पढेकी अत्यन्त सुन्दरी युवती सुभद्रालाई भोग गर्ने सपना धर्मदत्तले देख्छ । यसको लागि उसले सुभद्राकी साथी चन्द्रको सहयोग लिई सुभद्रालाई भीमसित छुट्याउने, सुभद्रालाई नशालु पदार्थ खुवाएर यौन प्यास मेट्ने नीच कार्य गर्दछ । भीमलाई आफ्नो स्ववियुको कार्यभार हस्तान्तरण गरेर भीम र सुभद्राको प्रेममा भाजो हाल्ने धर्मदत्तले नशाको सहयोगबाट सुभद्रालाई लुट्ने कार्य गर्छ । यो कुरा भीम र सुभद्राका दाजुभाउजूले थाहा पाई प्रहरी कार्यालयमा उजुरी गर्दा प्रहरी इन्स्पेक्टरले अपराधी धर्मदत्तमाथि कार्वाही गर्न सक्दैन बरु मन्त्री कर्णवीरको दबाबमा दाजुभाउजूलाई मृत्युको सिकार बनाउँछ ।

केही दिन पछि सुभद्रा नशाबाट व्युँझिएपछि घरमा आफ्ना दाजुभाउजूलाई नपाउँदा ऊ ज्यादै दुःखी बन्छे । प्रहरी, कर्णवीर र धर्मदत्तबाट सिङ्गो घरपरिवार तहसनहस भएपछि ऊ विक्षिप्त भएर बनारस जान्छे जहाँ उसको प्रेमी भीम पढ्न गएको हुन्छ । ऊसित भेट गरेपछि सुभद्रामा एक किसिमको प्रतिशोधको भावना उत्पन्न हुन्छ । जसको परिणामस्वरूप सुभद्राले एउटा रेष्टुरेन्ट खोल्ने विचार गर्छे । उसले सहरमा रेष्टुरेन्ट खोली प्रेमाको नाममा

रेष्टुरेन्टकी मालिक बन्छे । त्यसपछि उक्त प्रहरी इन्स्पेक्टरलाई र धर्मदत्तलाई कुटनीतिपूर्ण तरिकाले हत्या गर्छे । त्यसको परिणामस्वरूप कर्णवीरद्वारा एउटा निर्दोष कैदीको रूपमा शिवे/शिवबहादुर थापालाई अभियुक्त बनाइन्छ । त्यसैगरी सुभ्रदाले आफूलाई नशासेवन गराउने चन्द्राका दुईजनालाई पनि मार्छे । अन्त्यमा आफ्ना सबै पूर्व दुश्मनलाई मारेपछि आफ्ना गाउँमा शिक्षाको चेतना फैलाउने, निर्दोष कैदीलाई वकिल बनेको उसको प्रेमी भीमको सहयोगबाट छुटाउने कार्य गर्दछे । अन्त्यमा भीम र सुभद्राको पवित्र प्रेम साकार भएको र निर्दोष कैदी मुक्त गरेको मिलन र आदर्शमा उपन्यासको कथानक अन्त्य हुन्छ । यस मुख्य कथानकमा एक उपकथाको रूपमा श्याम र माधुरी बीचको प्रेम देखाइएको पनि छ । यद्यपि त्यसमा पनि अजय भन्ने व्यक्तिले माधुरीलाई हत्या गरी श्यामको प्रेममा बाधा पुऱ्याएको कुरा पनि उल्लेख छ । अन्ततः श्यामको विजयको सहयोगबाट दुष्ट अजयको बदला लिएको कुरा पनि प्रस्तुत गरिएको छ । यसरी यस उपन्यासको मुख्य कथानक वा घटनाक्रम अन्त्य भएको पाइन्छ ।

यस निर्दोष कैदी उपन्यासको पात्रविधानलाई हेर्दा सुभद्रा र भीमवन्त मुख्य पात्रको भूमिकामा आएका छन् भने धर्मदत्त, कर्णवीरसिंह, चन्द्रा, अजय र प्रहरी इन्स्पेक्टर उपन्यासको खलनायकीय/प्रतिकूल पात्रको रूपमा प्रस्तुत भएका छन् । त्यस्तै सुभद्राका दाजुभाउजू, श्याम, माधुरी, शिवबहादुर थापा, शिबबहादुर श्रीमती र उसका छोराछोरी गाउँलेहरू रजनी आदि पात्र पात्राहरू गौण/सहायक पात्रहरूको रूपमा प्रस्तुत भएका छन् ।

सुभद्रा नै यस उपन्यासकी खास नायिका पात्र हो उसकै मुख्य भूमिका वा केन्द्रीयतामा सिङ्गो उपन्यास अनुबन्धित भएको छ । सुभद्राले नै समाजका सर्पको रूपमा रहेका फटाहा, सामन्त धर्मदत्त, कर्णवीर, अजय र चन्द्रा जस्ता व्यक्तिहरूलाई भौतिक सफाया गर्दछे र समाजमा स्वतन्त्रता र शान्तिको बीजारोपण गराउछे । यसरी सुभद्रा आफ्ना दुश्मनको अन्त्य गरी प्रेमी भीमवन्तसँग विवाह गर्दछे भने भीमवन्तले पनि आफ्नो अध्ययन कार्य सकेर रजनीसँग प्रेम गर्न खोजे पनि अन्तिममा सुभद्राको चिठी प्राप्त गरेपछि सुभद्रासँगको प्रेमलाई साकार तुल्याउँछ र समाजसेवी व्यक्तिको रूपमा प्रस्तुत हुन्छ त्यसैले यी दुई पात्रहरू आदि यस उपन्यासका खलपात्रहरू हुन् । किनकि यिनीहरूले सुभद्राको र उसको परिवार बिगार्ने दुष्ट कार्य गरेका छन् । त्यस्तै अजयले श्यामको परिवार तहसनहस

पारेको छ। फलस्वरूप यी पात्रहरूले कहिल्यै असल समाज र व्यक्ति निर्माणको क्षेत्रमा राम्रो काम नगरेकाले प्रतिकूल पात्रहरू हुन्। अन्य पात्रहरूको खासै महत्त्वपूर्ण भूमिका देखिँदैन।

निर्दोष कैदी उपन्यासको औपन्यासिक परिवेश खासगरी समयको दृष्टिले हेर्ने हो भने वि.सं. २०४० को दशकको नेपाली समाजको परिवेश देखिन्छ भने भौगोलिक परिवेश हेर्ने हो भने काठमाडौं मुख्य सहरबाट वरपरको ग्रामीण क्षेत्रको सङ्केत गरिएको छ। साथै क्याम्पस जीवन, वनारस, कीर्तिपुर, काठमाडौं, चितवन, पोखरा आदिको पनि चित्रण गरिएको छ। पात्रको अवस्थागत परिवेश हेर्ने हो भने सुभद्रालाई टुहुरी र असहाय अवस्थामा देखाइएको छ भने धर्मदत्त कर्णवीरसिंह आदि सत्ताको आडमा शोषण दमन गर्ने फटाहाको रूपमा प्रस्तुत गरिएको छ। जेहोस् यस उपन्यासको परिवेश २०४० को दशकको नेपाली समाजको अवस्थालाई प्रस्तुत गर्न खोजेको पाइन्छ।

उपन्यास निर्दोष कैदी (२०५४) को भाषाशैली सरल, सहज नै छ। तर उपन्यासमा प्रयोग गर्नुपर्ने भाषिक कलात्मक आख्यानात्मक शृङ्खलाको विन्यासमा अभाव खट्किएको महसुस हुन्छ। कथाको घटनाक्रम विकसित हुने क्रममा जे भन्नु पर्ने हो। त्यो कुरालाई ठाडो रूपमा प्रस्तुत गरिएको छ। आख्यानात्मक कौतुहलता र सुन्दर भाषाशैलीको प्रयोग भएको पाइँदैन। व्यञ्जनात्मकताको अभाव छ वाच्यार्थको प्रधानताले भरिएको उपन्यास निर्दोष कैदी हो। पर्वती भाषिकाको प्रयोग र फितलो वाक्यगठनले उपन्यासलाई ठाउँठाउँमा खल्लो तुल्याएको पाइन्छ।

निर्दोष कैदी (२०५४) उपन्यासको मुख्य उद्देश्य नेपालको पञ्चायतकालीन सर्वसाधारण मानिसहरूप्रति समाजका ठूलाबडा भनाउँदा फटाहा र शोषक, प्रहरी र सरकारमा जिम्मेवारपूर्ण पदमा रहेका व्यक्तिहरूको ज्यादतीलाई प्रस्तुत गर्नु नै हो भने अर्को तर्फ त्यस्ता फटाहा शोषकको विरुद्धमा सङ्घर्ष गर्नुपर्छ भन्ने सन्देश दिनु रहेको छ। अन्याय र अत्याचारको विरुद्धमा सुभद्राले जस्तै कठोर प्रतिबद्धता लिएर अगाडि बढ्ने हो भने समाजका ब्वाँसाहरूलाई समाप्त गरेर सुन्दर र आदर्श समाजको निर्माण गर्न सकिन्छ भन्ने प्रष्ट दृष्टान्तको रूपमा यो उपन्यास प्रस्तुत भएको छ। अर्कोतिर किशोरावस्थाको रोमान्चपूर्ण प्रेमको आरोह र अवरोहलाई प्रस्तुत गर्नु पनि यस उपन्यासको मुख्य प्रयोजन हो।

आख्यानकारले आख्यान प्रस्तुत गर्नका लागि रोजेको स्थानलाई दृष्टिविन्दु भनिन्छ । यस उपन्यासमा तृतीय पुरुष अर्थात् बाह्य पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । किनकि यसमा सुभद्रा, भीमवन्त आदि पात्रहरूको माध्यमबाट उपन्यासकारले आफ्नो औपन्यासिक आख्यानलाई प्रस्तुत गरेका छन् ।

## ५.३. निष्कर्ष

कपिलवस्तु जिल्लाको साहित्यको विकासमा विभिन्न साहित्यिक सङ्घसंस्था पत्रपत्रिका तथा साहित्यिक स्रष्टाहरूको अमूल्य योगदान रहेको छ । यस जिल्लाको साहित्यिक विकासमा कपिलवस्तु जिल्लामा जन्मेका, अन्य जिल्लाबाट बसाइँसराइ गरी स्थायी रूपमा बसोबास गरेका तथा विभिन्न उद्देश्यले यस जिल्लामा अस्थायी रूपमा बसोबास गरेका साहित्यिक स्रष्टाहरूको योगदान महत्त्वपूर्ण रहेको छ । यस जिल्लाका प्रतिभाहरूले कविता, खण्डकाव्य, कथा, उपन्यास, निबन्ध, समालोचना आदि विविध विधामा कलम चलाएका छन् । अन्य विधाका तुलनामा आख्यान र काव्यले उत्कर्षता पाएको देखिन्छ । नवोदित प्रतिभाहरूको योगदान पनि यस जिल्लाको साहित्यिक विकासमा अविस्मरणीय नै छ ।

# छैटौं परिच्छेद

## उपसंहार (निष्कर्ष तथा मूल्याङ्कन)

लुम्बिनी अञ्चलअन्तर्गत पर्ने तराईका तीन जिल्ला मध्येको एक जिल्ला कपिलवस्तु हो । साङ्ख्य दर्शनका प्रणेता कपिलमुनिको तपोवन तथा गौतम बुद्धका पिता शाक्यवंशीय राजा शुद्धोदनको राजधानीका रूपमा परिचित कपिलवस्तु जिल्ला सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

भौगोलिक तथा प्राकृतिक अवस्थिति र रोगव्याधिका कारणले पहाडी मूलका मानिसहरूको बसोबास धेरै पछि मात्र भएकाले यहाँको लोकसाहित्यमा अवधी, भोजपुरी लोकसाहित्य रहेको देखिन्छ । पछि अर्घाखाँची, गुल्मी, बाग्लुङ, स्याङ्जा आदि जिल्लाबाट मानिसहरूको बसाइँसराइँ गरी यस जिल्लामा स्थायी रूपमा बसोबास गर्न थालेपछि नेपाली लोकसाहित्य पनि फस्टाउन थालेको देखिन्छ । यस जिल्लामा थारू, बनिया, यादव, मुसलमान, ब्राह्मण, क्षेत्री, वैश्य आदि जातिको बसोबास रहेको छ । पूर्वपश्चिम महेन्द्र राजमार्गको निर्माण पछि यस जिल्लाको विकास अगाडि बढेको देखिन्छ ।

भारतीय सीमानासँग जोडिएको यस जिल्लाको मुख्य व्यापारिक केन्द्र कृष्णनगर हो । यस जिल्लामा अहिले आएर औद्योगिक विकास मध्यमस्तर कै देखिन्छ ।

यस जिल्लाको शैक्षिक तथा साहित्यिक गतिविधि निकै पछि मात्र सुरु भएको हो । यस जिल्लाको सबैभन्दा पुरानो शैक्षिक संस्था श्रीराम पुस्तकालय (वि.सं. १९७२) सालमा स्थानीय शिवालयमा सञ्चालन गरिएको संस्कृत पाठशालाबाट यस जिल्लामा औपचारिक शिक्षाको सुरुवात भएको हो । यस जिल्लामा एम्स सांस्कृतिक समूह, कपिलवस्तु सांस्कृतिक समूह, कर्मचारी मिलनकेन्द्र, कपिलवस्तु साहित्यिक समाज, वाणगङ्गा साहित्यिक प्रतिष्ठान, सिर्जनशील साहित्य समाज, कपिलवस्तु साहित्यिक परिषद्जस्ता साहित्यिक-सांस्कृतिक सङ्घसंस्थाहरूको स्थापनाले यहाँको साहित्यिक गतिविधि फस्टाउँदै गएको पाइन्छ । त्यस्तै गरी कपिलवस्तु रूपरेखा, कपिलवस्तु, गौतम, सिद्धार्थ, प्रज्ञा, बालजगत्, साहित्यसुधा, शान्तिदूत, गाँस, बुद्धनगरी, बुद्धभूमि, कर्मभूमि, सिद्धार्थ सन्देशजस्ता पत्रपत्रिकाले विभिन्न लेख रचनाहरू प्रकाशित गरेर साहित्यिक विकासमा दरिलो योगदान पुऱ्याएका छन् ।

कपिलवस्तु जिल्लाको साहित्यिक कृतिको प्रकाशनको आरम्भ २०१७ सालदेखि भएपनि १९९३ सालमा भवानी भिक्षुको ॅआलोचक र आलोचना' (निबन्ध, शारदा), ॅवियोगरात्रि' (कविता, शारदा), १९९५ मा ॅमानव' (कथा, शारदा), भोलानाथ शर्माको २००४ सालमा ॅकेटाकेटीको खेल' (कविता, युगवाणी) आदि प्रकाशित भएका छन् । वि.सं. २०१७ सालमा भवानी भिक्षुका छाया (२०१७), प्रकाश (२०१७) परिष्कार (२०१७) गरी तीनवटा कविता सङ्ग्रह, गुनकेशरी (२०१७) र मैयाँसाहेब (२०१७) गरी दुईवटा कथासङ्ग्रह प्रकाशित भएका छन् । यहीबाट कृति प्रकाशनको लहर सुरु भएको हो ।

त्यसपछि लाटो साथीका ढाक्रे (खण्डकाव्य २०२४) कपिलवस्तु (खण्डकाव्य २०२७), देवीप्रसाद पौडेलको ॅम र मेरो कहानी' (कविता सङ्ग्रह २०६२), भवानी भिक्षुकै ॅसुभद्रा बज्यै' (उपन्यास २०१९), ॅआवर्त' (कथा सङ्ग्रह २०२४) ॅपर्दा पछाडि' (एकाङ्की २०३०) आगत ( उपन्यास २०३३) आदि देखिन्छन् ।

यसरी यस जिल्लाको साहित्यिक कृतिको प्रकाशनको आरम्भमै समग्र नेपाली साहित्य मै शीर्ष स्थान राख्ने र मदन पुरस्कार प्राप्त गर्ने उत्कृष्ट कृतिहरू प्रकाशित भएका छन् । पछिल्लो समयमा आएर हरिराज शर्मा, होमराज आचार्य, भोजराज घिमिरे, खिमानन्द पोखरेल नारायणप्रसाद पोखरेल, ठाकुरप्रसाद पोखरेल, रुद्र ज्ञवाली जस्ता प्रतिभाहरुले कृति प्रकाशन गरेर कपिलवस्तुको साहित्यको विकासलाई थप उचाइ प्रदान गरेका छन् ।

२०३६ सालको जनमत सङ्ग्रहमा प्रजातन्त्रवादी पराजित भएपछि लेखकहरूमा परेको प्रभावले कपिलवस्तुलाई पनि प्रभाव पारेको छ । जसबाट साहित्यिक कृतिको रचना सिर्जनामा केही शिथिलता आएको पाइन्छ । २०४६ को प्रजातन्त्रको पुनस्थापना पछि केही साहित्यिक जागरण आएको पाइन्छ । यसपछि स्थापित तथा नवोदित स्रष्टाहरूले फुटकर रचना तथा कृति प्रकाशन गरेर साहित्यिक विकासलाई तीव्र गतिमा अगाडि बढाएको पाइन्छ । २०४६ पछिको राजनैतिक अस्थिरताले जन्माएका विकृति, मानवीय मूल्यको ह्रास, वेरोजगारी, भ्रष्टाचार, गरिबी, आर्थिक, सामाजिक र राजनैतिक विसङ्गति र विकृतिलाई आफ्ना रचनाको मुख्य विषय बनाएको पाइन्छ । राष्ट्रिय स्तरमा ख्यातिप्राप्त स्रष्टाहरू भवानी भिक्षु र लाटो साथीका रचनामा यौन मनोविज्ञानलाई समेत देखाइएको पाइन्छ ।

यस जिल्लाको साहित्यिक विकासको कविता यात्रामा कलम चलाउने कवि तथा तिनका कविता कृतिहरूमा भवानी भिक्षु र उनका 'छायाँ' (२०१७), 'प्रकाश' (२०१७), 'परिष्कार' (२०१७) कवितासङ्ग्रहहरू, लाटो साथीका 'ढाक्रे' (खण्डकाव्य २०२४), 'कपिलवस्तु' (खण्डकाव्य २०२७) 'नयाँ मेघदूत' (खण्डकाव्य २०३९) देवीप्रसाद पौडेलको 'म र मेरो कहानी' (कवितासङ्ग्रह २०३२), 'आँसुको दह' (काव्य २०४३), नित्यानन्द पाण्डेको 'मर्मपुराण' (काव्य २०३५), हरिराज शर्माको 'कल्पना' (२०५२), 'ज्योत्सना' (२०५८) खण्डकाव्य, भोजराज घिमिरेको 'विरहपुष्प' (२०५८ शोककाव्य), होमराज आचार्यको 'जीवित कङ्काल' (कविता सङग्रह २०५६) आदि देखा परेका छन् । कपिलवस्तुको कविता यात्रामा फुटकर कवितादेखि मझौला रूपको खण्डकाव्य सम्मको रचना गरिएको पाइन्छ । यी कवि प्रतिभाहरूको कृतिको प्रतिपाद्य विषय नेपाली समाजको विसङ्गति, विकृति, वर्तमान विश्वपरिस्थिति, खस्कँदो मानवीय सभ्यताका साथै वैयक्तिक आत्मानुभूति हो ।

कपिलवस्तु जिल्लाले गद्य यात्रामा निकै उत्कर्ष प्राप्त गरेको छ । गद्यतर्फ कलम चलाउने प्रतिभा तथा तिनका कृतिहरूमा भवानी भिक्षुका 'गनुकेशरी' (२०१७), 'मैयाँसाहेब' (२०१७) कथासङ्ग्रह, 'आगत' (२०३३), 'पाइप नं. २' (२०३४) उपन्यास आदि लाटोसाथीको 'हामी भित्रको म' (उपन्यास २०३६) निर्मल वि.क. को 'आँधीमा फुलेका फूलहरू' (उपन्यास २०४९), होमराज आचार्यको 'निर्दोष कैदी' (उपन्यास २०५२) ठाकुरप्रसाद पोखरेलको 'सुकुलगुण्डो' -हास्यव्यङ्ग्य निबन्ध) रुद्र ज्ञवालीको 'निर्वासन' (कथा सङग्रह २०५८) आदि देखा परेका छन् । गद्य तर्फ आख्यान विधा कपिलवस्तु जिल्लामा निकै फस्टाएको देखिन्छ । त्यस्तै गरी गद्य लेखन तर्फ नाटक, निबन्ध, समालोचना, खोजग्रन्थ आदिको रचना र प्रकाशन पनि भएको पाइन्छ ।

यसप्रकार कपिलवस्तु जिल्लाबाट नेपाली साहित्यका विविध विधामा कृतिहरू प्रकाशित भएका छन् । यस जिल्लाको मूल उपलब्धिका रूपमा कथा, उपन्यास र कविता देखा परेको छन्भने त्यसपछि समालोचना, नाटक र निबन्ध आदिमा पनि उल्लेख्य प्राप्ति भएको छ । यस जिल्लाका उत्कृष्ट साहित्यकारहरूमा भवानी भिक्षु, विष्णुराज आत्रेय, लाटो साथी, होमराज आचार्य, हरिराज शर्मा, पुण्यप्रसाद अर्याल पर्दछन् । यिनीहरू कपिलवस्तुको साहित्य सिर्जनाको अग्रपङ्क्तिमा देखिएका छन् ।

'नेपाली साहित्यमा कपिलवस्तु जिल्लाको योगदान' शीर्षकअन्तर्गत रहेर खोज अनुसन्धान गर्दा प्राप्त भएका सामग्री र सूचनाहरूका आधारमा पत्रपत्रिका, सङ्घसंस्था र साहित्यकारहरूका साहित्यिक योगदानको चर्चा गर्दै यो शोधपत्र तयार गरिएको छ । यो शोधपत्र तयार गर्ने क्रममा उत्पन्न समस्याहरूलाई ध्यानमा राख्दै भविष्यमा शोध गर्न चाहने व्यक्ति वा संस्थाहरूलाई सजिलो होस् भनेर यहाँ सम्भावित शोध शीर्षकहरू उल्लेख गरिएको छ ।

१. कपिलवस्तुका आख्यानकारहरू ।

२. कपिलवस्तुका प्रतिनिधि कवि र काव्यकृतिको अध्ययन ।

३. कपिलवस्तुका साहित्यिक सङ्घसंस्थाको योगदान ।

# सन्दर्भग्रन्थसूची

**क) पुस्तकसूची**

१. अवस्थी महादेव, **नेपाली कथा भाग -२,** काठमाडौं : साझा प्रकाशन, २०५५ ।

२. कुँवर उत्तम, **स्रष्टा र साहित्य**, चौ.स., काठमाडौं : साझा प्रकाशन, २०५० ।

३. गिरी जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन,** काठमाडौं, एकता प्रकाशन, २०५७ ।

४. थापा धर्मराज र सुवेदी हंसपुरे, **नेपाली साहित्यको विवेचना,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

५. पंगेनी भगेश्वर, **पश्चिम नेपालमा प्रजातान्त्रिक आन्दोलन २००७,** कपिलवस्तु : शोभादेवी भोलानाथ ट्रष्ट, २०३३ ।

६. बराल ऋषिराज र घिमिरे कृष्णप्रसाद (सम्पा.), **नेपाली कथा भाग -३,** दो.सं., काठमाडौं : साझा प्रकाशन, २०५७ ।

७. भट्टराई घटराज (सम्पा.), **नेपाली साहित्यकार परिचयकोश,** काठमाडौं : नेशनल रिसर्च एसोसियट्स, २०५१ ।

८. भण्डारी पारसमणि र अन्य, **नेपाली गद्य र नाटक,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६४ ।

९. **मेचीदेखि महाकाली भाग -३,** काठमाडौं: नेपाली सरकार सञ्चार मन्त्रालय, २०३१ ।

१०. श्रेष्ठ दयाराम र शर्मा मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** काठमाडौं : साझा प्रकाशन, २०४९ ।

११. श्रेष्ठ दयाराम (सम्पा.), **नेपाली कथा भाग -४,** काठमाडौं : साझा प्रकाशन, २०५७ ।

**ख) पत्रिकासूची**

१. **उन्नयन** (भिक्षु विशेषाङ्क), अङ्क १०, साउन - असोज, २०४९ ।

२. **कपिलवस्तु** (त्रैमासिक), वर्ष ४, अङ्क ४, २०३३ ।

३. **कुञ्जिनी,** वर्ष ५, अङ्क ३, २०५४ ।

४. **निग्लिहवा महोत्सव** (स्मारिका), कपिलवस्तु : कपिन्स नेपाल, २०६२ ।

५. **शान्तिदूत,** वर्ष ३, अङ्क १, २०५७ ।

६. **हाम्रो पुरुषार्थ,** वर्ष ९, अङ्क २, २०३९ ।

**ग) शोधपत्रसूची**

१. निरौला टङ्क, **विष्णुराज आत्रेयको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., कीर्तिपुर २०५२ ।